# नेपालमा महिलाहरूको स्थिति

## एक सारांश अनुवाद



महिला तथा विकास केन्द्र

डिल्लीबजार

काठमाडौं

१९८७

# नेपालमा महिलाहरूको स्थिति

एक सारांश अनुवाद

**महिला तथा विकास केन्द्र**

डिल्लीबजार
काठमाडौं

१९८७

प्रकाशक :

महिला तथा विकास केन्द्र
वाट्टुले घर, पोष्ट वक्स ३६३७
डिल्ली बजार
काठमाण्डौ

प्रथम संस्करण : १००० प्रति
फाल्गुन, २०४३

मुद्रक

सेक्रेटरियल सपोर्ट सर्भिसेज प्रा. लि.
पोष्ट वक्स १२१७, छाउनी
काठमाण्डौ

विषय सूची


पृष्ठ

(क) भूमिका क

(ग) प्राक्कथन ग

(घ) धन्यबाद ज्ञापन घ

१. महिलाहरूको कानूनी मर्यादामा परम्परा र परिवर्तन १

२. महिलाहरूसित सम्बन्धित संस्थाहरू १२

३. नेपाली महिलाहरूको सांखिक चित्रण ३३

४. विकासमा महिलाहरूको एकिकरण ४४

५. सिर्सिया गाउँका मैथिली महिलाहरू ५७

६. थवाङ्गका खाम मगर महिलाहरू ६६

७. शुक्रवारे गाउँका थारु महिलाहरू ८०

८. वर गाउँका महिलाहरू ९३

९. बुलुका नेवार महिलाहरू १०४

१०. वकुन्डोलका पर्वतीय महिलाहरू १२०

११. नेपालका ग्रामीण महिलाहरू : आठ गाउँहरूको समिष्टिगत विश्लेषण १३२

१२. जेल मित्रका महिलाहरूको घटना अध्ययन : १४९

# भूमिका

सर्वाङ्गीण राष्ट्रिय विकासमा महिलाहरूको अपरिहार्य भूमिका रहेको तथ्य विगत साढे तीन दशकको विकासोन्मुख मुलुकहरूको इतिहास र अनुभवले पुष्ट्याईं सकेको छ । यसै सन्दर्भमा संयुक्त राष्ट्र संघले सन् १९७५ लाई अन्तरराष्ट्रिय महिला वर्षको रूपमा विशेष रूपमा मनाउने घोषणा गरेर विश्व भरीका महिलाहरूको स्थिति समीक्षा गरी आ-आफ्नो देश र क्षेत्र सुहाउँदो वाञ्छित परिवर्तनका लागि प्रयास गर्न प्रोत्साहित गराएको छ ।

नेपालमा पनि अन्तर्राष्ट्रिय महिला वर्षलाई विशेष महत्वका साथ मनाउने सन्दर्भमा नेपाली महिलाहरूको स्थिति सम्बन्धी अध्ययन र तत्सम्बन्धी वस्तुगत तथ्य मा आधारित तथ्यांकको अभाव ठूलो खटिकिने विषयको रूपमा अनुभव भयो। फलस्वरूप नेपाली महिलाहरूको स्थिति र स्थान सम्बन्धी वृहत अध्ययन आयोजना संचालन भयो र त्यसकै फलस्वरूप नेपाली महिलाको आर्थिक, सामाजिक, कानूनी तथा विविध स्थितिलाई वस्तुगत तथ्यको आधारमा विवेचना गरी तत्सम्बन्धी प्रकाशन कार्य संपन्न गरियो । गाउँ नै गाउँले भरीएको देश भएको नाताले नेपाली महिलाको अध्ययन गर्दा ग्रामीण नेपाली महिलाको स्थिति र स्थान बारे अध्ययन गरिनु आवश्यक मात्र होइन अनिवार्य पनि थियो। त्यसैले विभिन्न भौगोलिक क्षेत्र र जातिका नेपाली महिलाहरूको छनोट प्रणालीका आधारमा केस स्टडीको रूपमा अध्ययन गरी तथ्यांक संकलन कार्य गरिए। यसरी गरिएका अध्ययनहरूको प्रतिवेदन अंग्रेजी भाषामा प्रकाशित गरिएका थिए र यसबाट सहायता प्रदान गर्ने मुलुक सितको सम्झौताको आवश्यकता पूर्ति पनि भयो। तर नेपालका जनतालाई यी अध्ययनहरू बाट देखिएका नतिजाहरू बारे जानकारी दिला-उन नेपाली भाषामा यी प्रतिवेदनहरूको रूपान्तर एउटा ठूलो अभावको रूपमा खटकी रहेको थियो । आज त्यही अभाव सारांशको रूपमा मात्र भए पनि पूर्ति हुन लागेको तथ्य सबैका लागि हर्ष र सन्तोषको विषय बन्न पुग्नु स्वाभाविक हुन गएको छ ।

देशले अंगीकार गरेको विगत छैठौं योजना अवधि देखि राष्ट्रिय आवधिक योजनामा महिलाहरूको सहभागिता विकास कार्यमा बढाई लैजानु पर्ने खाँचोलाई महशूस गरी यस्लाई राष्ट्रिय नीतिको रूपमा समावेश गर्ने थालियो । नेपालको योजनाबद्ध विकास प्रयासको ईतिहासमा यो सानो महत्वको विषय थिएन । अहिले कार्यान्वयनमा रहेको सातौं योजनामा पनि सर्वाङ्गीण राष्ट्रिय विकासको प्रयासमा महिलाको सहभागिता तथा महिला विकासको पक्षलाई एकीकृत गराई लानु पर्ने खाँचोलाई राष्ट्रिय निति को रूपमा स्विकारिएको छ । यस पृष्ठ भूमिमा " नेपाली महिलाहरूको साँखिक चित्रण " " विकासमा महिलाहरूको एकीकरण " महिलाहरूको कानूनी मर्यादामा परम्परा र परिवर्तन " तथा " नेपालका ग्रमीण महिलाहरूको स्थिति विश्लेषण " जस्ताकुराहरू अत्यन्त उपयोगी हुने स्पष्ट छ । यी तथ्य सम्बन्ध अन्य विषयहरूमा व्यापक जानकारी हुन सकेमा के नीति निर्णयकर्ता, के राजनैतिक व्यक्ति के समाज सेवी र के सर्वसाधारण

सबैका लागि उपयोगी हुने स्पष्ट छ । अफ बौद्धिक क्षेत्रलाई यी र सम्बन्धीत विषयमा अरु थप अनुसन्धान, अध्ययन, समीक्षा र चिन्तन मननका लागि यस्ले कुनै कुरा ल्याउन समेत सघाउने स्पष्ट छ ।

महिला र विकास सम्बन्धी गैर सरकारी अनुसन्धान तथा सल्लाहकार संस्थाले रूपान्तर गरी नेपालीमा सारांश तैयार गर्ने कार्यमा देखाएको अभिरुची उत्साहप्रद छ । हाल साले मात्र स्थापना भएको यस संस्थाले महिला र विकासको क्षेत्रमा पु-याउन सक्ने योगदान अति महत्वको हुन सक्ने कुरालाई यहाँ बिर्सन सकिँदैन ।

अन्तमा नेपाली महिलाहरूको स्थिति र स्थान सम्बन्धी अध्ययन कार्यमा संलग्न सबैलाई तथा नेपालीमा सारांश रूपान्तर गर्ने कार्यका संलग्न केन्द्रलाई धन्यवाद दिँदै नेपालमा महिला विकासको पक्षलाई कुरामा होइन काममा अगाडी बढाइ लान सबैले आ-आफ्नो पक्षबाट अरु थप प्रयास गर्नु पर्ने आजको समयको आवश्यकतालाई महशुसगर्न सक्यौं भने यी अध्ययनहरूको सही उद्देश्य प्राप्ती तर्फ योगदान पुगेको ठहर्ने छ ।

सधन्यवाद

(मोहन मान सैंजू)
उपाध्यक्ष

राष्ट्रिय योजना आयोग
आश्विन, २०४३

## प्राक्कथन

नेपालको बारेमा लेखिएका धेरै जस्तो पुस्तक तथा प्रतिवेदनहरु अंग्रेजी भाषामा नै लेखिएका छन् ती मध्ये पनि कतिपय विदेशीहरुद्वारा लेखिएको हुंदा अंग्रेजी भाषामा नै लेखिनु स्वाभाविकै हो । साहित्य र कानूनलाई छोडेर हेर्ने हो भने अधिकांश अंग्रेजी भाषामा नै लेखिएका छन् । यसरी अंग्रेजी भाषामा लेखिनुको कारण हुन सक्छ एक त शिक्षाको माध्यम सबै तहमा नेपाली भाषाको पाठ्यपुस्तक उपलब्ध नहुनु साथै कतिपय प्राविधिक विषयमा नेपाली भाषाको कोषमानै शब्दावलीको अभाव हुनु । यस्तो सन्दर्भमा महिला सम्बन्धी रचनाहरु पनि प्राय: अंग्रेजी भाषामा नै लेखिनु कुनै आश्चर्य लाग्नु पनि छैन । तर नेपाल जस्तो अल्प शाक्षरता र त्यसमा पनि महिलाहरुको शाक्षरता नगन्य भएको अवस्थामा अंग्रेजी भाषामा लेखिएका पुस्तक तथा प्रतिवेदनहरु " कोवालाई बेल पाक्यो हर्ष न विस्मात " जस्तो भयो तसर्थ करको लागि लेखिएकाहुन् भन्ने प्रश्न उठ्न सक्तछ । यसको सजिलो उत्तर कि त सो सम्बन्धी अनुसन्धानका लागि विदेशी सहयोग प्राप्त हुनु र विदेशीको लागि बुझाउनु पर्ने हुनाले अंग्रेजी भाषामा लेखिनु पर्ने अर्थात विद्वानहरुको नेपाली भाषामा लेख्ने परिपाटी नहुनु वा नेपाली भाषाको ज्ञान कम हुनु आदि ।

उपरोक्त परिप्रेक्षमा हेर्दा अनुवाद गर्ने काम निकै कठिनको विषय छ । अरुले लेखेको वा अनुवाद गरेका विषयमा आफ्नो समीक्षा तुरुन्त गर्ने बानी धेरै जसो नेपालीको नभएको पनि होइन तर जब प्रकाशनको रुपमा ल्याउनु पर्ने भएमा घैलो टाउको लुकाउने पनि गर्दछन् । यस प्रकाशनमा यथा सम्भव लेखकहरुका विचारहरु जस्ताको तस्तै प्रस्तुत गर्ने प्रयास गरिएको छ तर सारांश भएको हुंदा केही छुटपुट हुन वा तल माथि पर्न पनि सक्छ । हाम्रो विचारमा त्यस्तो भए जस्तो लाग्दैन तापनि कसैले त्यस्तो कमजोरी कुनै देखाई दिएमा हामी अनुगृहित हुने छौं । यो प्रकाशन खास गरी त्रिभुवन विश्व विद्यालय, आर्थिक विकास तथा प्रकाशन केन्द्रद्वारा प्रकाशित Status of Women in Nepal नामक प्रतिवेदन तथा Integrated Development System को Women in Prison बाट सारांश अनुवाद गरिएका छन् । प्रतिवेदनहरु केही वर्ष पुराना भएका हुंदा उल्लेखित तथ्यांकहरु पनि पुरानै छन् । तसर्थ पाठकहरुलाई केही असजोलो पर्नु स्वाभाविकै हो । हाम्रो कार्यक्षेत्र प्रतिवेदनहरुको सारांश अनुवाद मात्र गर्ने भएको तर तथ्यांकहरु समावेश गरी तन्दुरुस्त गर्ने भने होइन । सारांशहरु मध्ये बोना प्रधानको " महिलाहरुसंग सम्बन्धित संस्थाहरु " मा भने हालसम्म भएका परिवर्तनहरु समावेश गरिएका छन् ।

प्रस्तुत सारांश प्रकाशनमा निहित विचारहरु लेखकहरुका नै हुन र कतिपय दृष्टिकोण फरक लागेता पनि लेखकहरुका दृष्टिकोण नै यथावत राखी प्रस्तुत गरिएको छ र यसमा अनुवादक तथा सम्पादकको विचार र मन्तव्य प्रतिविम्बित छैनन् । लेखकहरु तथा पाठक वर्गले आफ्नो राय वा समीक्षा महिला तथा विकाश केन्द्रलाई पठाइ सहयोग गर्नु हुन समेत अनुरोध छ ।

२०४३।६।१३

पद्म नाथ तिवारी

## धन्यवाद

महिला तथा विकाश केन्द्रको उद्देश्यहरु मध्ये महिला सम्बन्धी लेख तथा प्रतिवेदनहरु केन्द्रीय तथा जिल्ला स्तरमा समेत पुग्ने गरी प्रचार प्रसार गराउने र खास गरी विकेन्द्रीकरण योजनाको कार्यान्वयनको बेला जिल्ला स्तरमा महिला सम्बन्धी विशेष कार्यक्रमहरु समावेश गराई महिलाहरुलाई विकाशको क्रममा एकीकरण गराउन सहयोग पु-याउने हो । यसै सिलसिलामा केन्द्रले यू. एस. आई. डी. को आर्थिक सहयोगमा त्रि. वि. आर्थिक विकाश तथा प्रशासन केन्द्र द्वारा तयार पारिएको Status of Women in Nepal, Vol. I & II बाट सारांश अनुवाद गरी यो प्रकाशन गरिएको छ । यसले योजनाविद तथा महिलाहरुको विकाशमा रुची राख्ने सबैलाई आवश्यक सामग्रीको काम गर्नेछ भन्ने केन्द्रले आशा गरेको छ । खास गरी शिक्षित नेपाली महिलाहरुलाई महिलाको बारेमा के कस्ता समस्याहरु छन् र तिनको निराकरणको लागि के के कार्यक्रमहरु संचालन भएका छन् सो बारे यस प्रकाशनले सहयोग पु-याउने छ भन्ने यस केन्द्रले ठानेको छ ।

यस प्रकाशनका लागि भूमिका लेखी दिनु भएकोमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मोहन मान सैंजूलाई यस केन्द्रले हार्दिक धन्यवाद ज्ञापन गर्न आफ्नो कर्तव्य ठान्दछ । त्यस्तै सारांश अनुवाद गर्ने कठिन कार्य र अनुवाद को सम्पादन समयमानै गरी प्रकाशनको लागि सहयोग-गरेकोमा श्री पद्मनाथ तिवारी विशेष धन्यवादको पात्र हुनु हुन्छ । प्रतिवेदनका केहि अंशको सारांश अनुवाद गरी सहयोग गरी दिनु भएका सर्व श्री प्रेम बहादुर श्रेष्ठ, गोविन्द प्रसाद रेग्मी, विष्णु देवी मानन्धर तथा सावित्री थापालाई यस केन्द्रले हार्दिक कृतज्ञता अर्पण गर्नुका साथ धन्यवाद ज्ञापन गर्दछ । साथै अनुवाद प्रारम्भ कालदेखि नै प्रशासनिक तथा प्रशासन सम्बन्धी फंफटपूर्ण भूमिका वहन गरी समयमा नै प्रकाशन गराउन सहयोग गर्नु भएको यस केन्द्रका कार्यक्रम निर्देशक श्रीमती मीरा अर्यालाई यस केन्द्रले हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

अन्त्यमा यू.एस.आई.डी. नेपालले अनुवाद गरी प्रकाशन गर्न आर्थिकसहयोग उपलब्ध गराई दिएकोमा यस केन्द्रले आभार व्यक्त गर्दछ ।

मिति :- २०४३।६।१०

महिला तथा विकाश केन्द्र
काठमाडौं

## महिलाहरूको कानूनी मर्यादामा परम्परा र परिवर्तन: सारांश +

### भूमिका

मुलुकी ऐन र नेपाली महिलाहरूको अधिकारीक कानूनी स्थिति निर्धारित गर्ने नियमहरूमा आधुनिक र परम्परागत दुवै खालका विचारधाराहरू मिसिएको पाइन्छ । यी दुवै विचारधाराहरू अलग अलग मान्यतावाट प्रेरित भएको र स्वास्नी मानिसहरूलाई भिन्दा भिन्दै परिप्रेक्षावाट हेर्ने हुनाले कानूनको अभिप्राय सधैं एकैनासको छैन । यस दृष्टिले हेर्दा नेपाली कानून नेपाली समाजकै प्रतिविम्व हो । मानव शास्त्रले के देखाएको छ भने सबै समाजहरूमा केही परस्पर विरोधी सिद्धान्तहरू हुन्छन् र सर्वत्र मानव समाजको अन्तर क्रियाको आंशिक फलस्वरूप केही हद सम्म अस्पष्टता र अस्थिरता रहि रहन्छ ।

सबै समाजहरूमा (खास गरेर पुरूष प्रधान) नाता पर्ने समुहहरूलाई जोड्ने माध्यम को भूमिका स्वास्नी मानिसहरूले नै खेल्ने भएकोले उनीहरू यस्तो परस्पर वाभिने धेरै विचारहरूको केन्द्र विन्दु वन्न जान्छन् । यस तथ्यको उदाहरणको लागि माथिल्लो जातको हिन्दु समाज लिन सकिन्छ, जहाँ स्वास्नी मानिसहरूलाई एकैसाथ माथिल्लो स्थिति र तल्लो स्थितिमा राखिएको हुन्छ । स्वास्नी मानिसहरूलाई स्वास्नी र बुहारीको तल्लो स्थितिमा राख्दछ भने तिनै स्वास्नी मानिसहरूलाई छोरी, वहिनी र आमाको रूपमा माया ममता तथा गहिरो श्रद्धाको केन्द्र विन्दु मान्ने वलियो भावना पनि उत्तिकै विद्यमान छ । त्यसकारण हिन्दु संस्कृतिले स्वास्नी मानिसहरूलाई लोग्ने मान्छेहरू भन्दा तल्लो स्तरको ठान्ने कुरामा कुनै सन्देह नभएता पनि हिन्दु समाजमा स्वास्नी मानिसहरूको समष्टिगत स्थितिको प्रश्न वास्तवमा निकै जटिल छ । हिन्दु संस्कृतिमा स्वास्नी मानिस वारे विद्यमान अन्तर विरोधाभाष र अस्पष्टतालाई नस्वीकारे सम्म यी परस्पर वाभिने दृष्टिकोणहरू सम्पूर्ण हिन्दु संस्कृतिको गतिशिलता सित सम्वन्धित छन् भन्ने कुरा बुझ्न नखोजिए सम्म हिन्दु समाजमा स्वास्नी मानिसको वास्तविक स्थिति बुझ्न खोज्नु निरर्थक हुन्छ ।

परम्परागत गोखा कानून र पहिलो मुलुकी ऐनको विपरित आधुनिक नेपाली कानूनको स्पष्ट अभिप्राय के छ भने राष्ट्रिय एकता र सामाजिक न्याय दुवैको निम्ति सबै नेपाली नागरिकहरूलाई उनीहरूको जातीय पृष्टभूमि र धार्मिक सम्वन्ध जे सुकै भए पनि एउटै ऐन लागु गर्नु पर्दछ । २०२० सालको नयाँ मुलुकी ऐनले नेपाल भरि पहिले लागु भएका स्थानीय रीतिथिति मान्यताहरू अझ पनि लागु हुन्छन् तर ती संविधान वा मुलुकी ऐन का सिद्धान्तसँग वाभ्भिन गएमा वदर हुन्छ । हालको मुलुकी ऐन स्पष्टैसित हिन्दु स्वरूपको रहेता पनि यो पवित्र धर्मशास्त्रवाट निस्केको नभै आधुनिक व्यवस्थापनको प्रकृयावाट आएको हो भन्ने स्पष्ट थाहा हुन्छ ।

---

\+ लिन विनेटद्वारा लिखित "Tradition and change in the legal status of women" The Status of Women in Nepal, Vol I, Part 2, CEDA, 1979, वाट प्रेम वहादुर श्रेष्ठले सारांश अनुवाद गर्नु भएको ।

कानूनले समाजको सर्वसम्मतिको मूर्तरुप बन्ने भूमिकालाई पूरै छोड्न सक्दैन, विद्यमान सामाजिक ढाँचा र मान्यतालाई छोडेर धेरै टाढा गएमा कानूनको प्रभावकारिता गुम्न जान्छ । अहिलेको नेपाली कानूनमा समाजलाई बदल्ने प्रकृयामा न्यायपालिकाले अफ बढी सक्रिय भाग लिने तर्फको प्रवाह फालिकन्छ । नेपालले कानूनलाई विभिन्नजात जातिका परम्परालाई चूपचाप कानूनी मान्यता दिने वा सनातन हिन्दु रीतिस्थितिलाई कायम राख्ने साधन मात्र नठानेर कानूनलाई समाजमा परिवर्तन ल्याउने साधन भनी मानेको कुराबाट स्वास्नी मानिसहरुको कानूनी स्थितिमा सब भन्दा महत्वपूर्ण प्रभाव परेको छ । तर यी समानतावादी मान्यताहरु नेपाल भरि सर्वेतिर उचित मानिएको छैन । शहरी क्षेत्रका पढे लेखेका प्रबुद्ध वर्ग मध्ये पनि कतिले स्वास्नी मानिस र लोग्ने मानिसलाई समानता प्रदान गर्ने कदमहरु उनीहरुको सांस्कृतिक र धार्मिक मान्यताहरुलाई नै खतरा हुने भनी ठान्दछन् ।

कानूनको औपचारिक रुप र कानून सम्बन्धी गम्भीर लेखहरु हेर्दा कानूनमा यस्तो किसिमको विरोधाभाष ख्याल नगरिएको जस्तो लाग्दछ । तर कानून विदहरुले भने अन्तरविरोधबाट कानून मुक्त छैन भन्दछन् । अरु सबै मुलुकहरुको कानून जस्तै नेपालको कानून पनि नत एकै नासको छ न तर्कपूर्ण नै छ । विभिन्न सामाजिक, आर्थिक र शैक्षिक पृष्ठ भूमि भएका धेरै मानिसहरुको विभिन्न आदर्श र मान्यताहरुलाई समेटेर परस्पर समन्वय गर्ने प्रयास प्रचलित कानूनमा फालिकन्छ । नेपाली कानूनले १७ औं शताब्दी देखि आफ्नो मान्यता र विचार पद्धतिमा अलिकति पनि परिवर्तन नभएका सुदूर पर्वत र उपत्यकाहरुका अशिक्षित मानिसहरुलाई समेत बोध गराउनुको साथै परम्परागत धार्मिक मान्यताहरु र आधुनिक समानतावादी मान्यतालाई समयोजन गराउन खोज्ने विकास उन्मुख शहरी क्षेत्र हरुका शिक्षित समाजको आवश्यकतालाई पनि पूर्ति गर्नु पर्ने अभिभारा अति कठिन छ ।

नेपालको संविधानमा स्वास्नी मानिसहरुको स्थान

नेपालको कानून भन्नाले संविधान, मुलुकी ऐन र विधायिकाले बखत बखतमा बनाएका ऐन र नियमहरु पर्दछन् । नेपालको संविधानमा त्यस्ता मूल सिद्धान्तहरु छन् जसमा मुलुकी ऐन र अरु सहायक ऐनहरु आधारित छन् । संविधानले परम्परागत राम्रासिंग गरेकोले यो संविधान प्रगतिशिल र वास्तवमा समानताको विचारलाई मान्यता दिने मूल कानून हो । " समानताको हक " बारेको धारा १० को दफा २ र ३ मा यसो भनिएको छ - (२) सामान्य कानूनको प्रयोग मै कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिंग, जात वा ति मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन । (३) सरकारी सेवा वा अरु कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिंगको आधारमा भेदभाव हुने छैन । लिंगको आधारमा भेदभाव गर्न पाइन्न भनिएतापनि संविधान मै बराबर काम गरेकोमा बराबर ज्याला दिने सिद्धान्त किटान साथ नभएकोले सुशीला सिंहको भनाइमा " यो व्याख्या विवाद मुक्त छैन र कुनै निहुं थापेर स्वास्नी मानिस लाई उनी काम गरेकोमा पनि कम ज्याला दिन सकिने बाटो बाँको नै छ ।"

संविधानले स्वास्नी मानिसहरूलाई समान राजनैतिक अधिकार दिएको छ । लोग्ने मान्छे सरह स्वास्नी मान्छेले पनि २१ वर्ष नाघेपछि मतदान गर्न पाउँछन् र निर्वाचित हुने कुनै पनि पदमा उम्मेदवार बन्न स्वास्नी मानिसलाई कुनै रोक छैन । यसको साथै संविधानले स्वास्नी मान्छेहरूलाई राजनीतिमा भाग लिन लगाउन विशेष मौका दिनु पर्ने वर्गका मानिसहरू भनी धारा ६७ क द्वारा नेपाल महिला संगठनको गठन गर्ने व्यवस्था गरेको छ । अन्तर्राष्ट्रिय महिला वर्षमा सबै तहका राजनैतिक बनोटमा स्वास्नी मानिसहरूको सहभागिता बढाउन अरू बढी प्रयत्न गरियो । संविधानमा (धारा ३०, ३१ र ३२) व्यवस्था गरिए अनुसार गाउँ, शहर र जिल्ला तहका सभाहरू र पंचायतहरूको सदस्यता वा निर्वाचन गर्ने तरिकाको व्याख्या गरिएको विभिन्न ऐनहरूमा संशोधन गरियो । निर्वाचनबाट आएका सदस्यहरूमा कुनै स्वास्नी मानिस नभएमा तत्कालिन गाउँ फर्क राष्ट्रिय अभियानले प्रत्येक गाउँ पंचायत, नगर पंचायत वा जिल्ला पंचायतमा एकजना स्वास्नी मानिस मनोनित गर्नु पर्ने गरी सबै ऐनहरूमा एउटा दफा थपियो तर दुर्भाग्य वश सम्वत् २०३४ मा गाउँ पंचायत ऐन, नगर पंचायत ऐन र जिल्ला पंचायत ऐनलाई संशोधन गर्ने अध्यादेशहरू जारी भए । यी अध्यादेशहरूले सदस्य मनोनित गर्ने दफाहरू खारेज गरेर पंचायतका प्रत्येक निकायमा कम्तीमा एक जना स्वास्नी मान्छे हुने पर्ने बाध्यता पनि हटाई दियो ।

संविधानले स्वास्नी मानिसलाई मौलिक कानूनी अधिकार दिने व्यवस्था गरे पनि उनीहरूले पूरा कानूनी अधिकार उपयोग गर्न सकेका छैनन् । धारा १० को उप-धारा २ लाई नियालेर हेर्दा लोग्ने मानिस र स्वास्नी मानिसको समानता त कानूनको प्रयोगमा मात्र पक्का गरिएको छ । धेरै किसिमको अपराधहरू बापत अपराधीलाई उसको जात र लिंग हेरी फरक फरक सजाय दिने पुरानो मुलुकी ऐनको व्यवस्था भन्दा यो पनि महत्वपूर्ण प्रगति हो । उदाहरणको लागि अंगूर बाबा जोशीको के भनाई अनुसार " स्वास्नी मानिसलाई कमजोर मानिने हुनाले उनले कुनै अपराध गरेमा लोग्ने मान्छेलाई दिइने अपराधको आधा मात्र सजाय दिइन्थ्यो । " धारा १० ले कानूनको यस प्रकारको असमानतालाई किटान साथ मनाही गरेको छ । तर कानूनको रूपको बारेमा भने यो चूप छ र नेपाली कानूनो विद्वानहरूले देखाए अनुसार कानून लोग्ने मान्छे र स्वास्नी मान्छेको समानतामा सधैं आधारित छैन ।

" धर्म सम्बन्धी हकबारे संविधानको धारा १४ ले पनि लिंग समानता र धार्मिक अधिकार बीच सम्भावित विरोधाभाष देखाएकोले स्वास्नी मानिसहरूको कानूनी स्थिति लाई अझ अस्पष्ट गरि दिएको छ । जस्तै प्रत्येक व्यक्तिले परम्पराको मर्यादा राखि सनातन देखि चलि आएको आफ्नो धर्मको अवलम्बन र आफ्नो धार्मिक कार्य गर्न पाउने छ । " उल्लेखित सनातन धर्मका केही परम्पराहरू स्वास्नी मान्छेको स्वतन्त्रतालाई बन्देज लगाउने सामाजिक ढाँचा र सांस्कृतिक मान्यतासित जोडिएको हुनाले यो धाराले धार्मिक स्वतन्त्रताको मौलिक अधिकारको संरक्षण गर्नुको साथै स्वास्नी मान्छेको अधिकारलाई

नचाहेर पनि सीमित पार्न सक्दछ । यो समस्या जातीय भेदभावको समस्या जस्तै छ, जुन संविधानले कि्टानी साथ मनाही गरेता पनि कसै कसैले जायज धार्मिक परम्परा भनेर दावी गर्न सक्छन् ।

यो अनुसार दृष्टिकोण नेपालको संविधान र मुलुकी ऐनका भागहरुमा प्रतिविम्वित भएको छ । अनिश्चितताको अर्को क्षेत्र धारा १७ को दफा ३ मा छ र त्यसले वालक वा स्वास्नी मानिसको हितको संरक्षण गर्न मौलिक हकहरुको प्रयोगलाई नियन्त्रित गर्न पाउने गरेको छ । यस्ता स्वास्नी मानिसहरुको हानी हुने कुरा मनाही गर्न प्रगतिशिल कानूनहरुको समर्थनमा साँच्चैनै धारा १७ (२) को सहारा लिन सकिन्छ, तर दुर्भाग्यवस यो धारा निकै दोधारेछ ।

तसर्थ संविधानमा स्वास्नी मानिसहरुको कानूनी स्थितिको कुरामा दोधार उद्देश्य भएको पाउँछौं । सक्रिय न्याय विभागको मद्दत पाएमा प्रगतिशिल विचारका कानून निर्माताहरुको हातवाट संविधानले स्वास्नी मानिसहरुको कानूनी स्थितिमा निकै सुधार गर्न अहिले भन्दा वलियो आधार दिन सक्छ । तर संविधानको धारा १७ (२) दोधारो भएकोले स्वास्नी मानिसहरुको संरक्षण गर्न अति उत्साह लिएर वास्तवमा उनीहरुको हकलाई नै सीमित पार्ने ऐनहरु वनाउने वाटो पनि रहेको छ ।

नेपाल जस्तो आधुनिकता तिर अघि वढ्न खोज्ने देशले आफ्नो नागरिकहरुको परम्परागत सांस्कृतिक र धार्मिक परम्परालाई यथावत राखेर वढी समानता र मान्यता कुन ढाँचामा कसरी अंगाल्ने हो यो गम्भीरको प्रश्न छ ?

## मुलुकी ऐनमा स्वास्नी मानिसको स्थिति

### सार्वजनिक क्षेत्र

संविधानका सिद्धान्तहरुलाई कानूनको रुपमा ठोस मूर्त रुप दिने हालको मुलुकी ऐन र अरु ऐन तथा अध्यादेशहरु केलाउँदा सामान्य रुपले व्यापारिक कारोवारहरु र औद्योगिक विकास सम्वन्धका सार्वजनिक क्षेत्रका ऐन निर्माण आधुनिक समानतावादो दृष्टिकोणलाई साकार रुप दिन सव भन्दा वढी सफल भएको छ । यस क्षेत्रमा कानूनले हालसाले मात्र हात हाल्न थालेकोले यतातिर परम्परागत सामाजिक ढाँचाले नियन्त्रण गरिएको छैन र पारिवारिक कानूनको क्षेत्रमा भन्दा स्वास्नी मानिसहरुको अवस्था सुधार्नमा वढी आँटिला कदमहरु लिन सकिएको छ । उदाहरणार्थ :" कारखाना मजदूरहरुको हकमा - लोग्ने मान्छे र स्वास्नी मान्छे दुवैलाई वरावर काम गरेकोमा वरावर ज्याला दिइनेछ ।" नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूर सम्वन्धी ऐन, २०१६ मा कारखानामा काम गर्ने मजदूर स्वास्नी मानिसहरुको लागि अवस्था सुधार्ने उद्देश्यले केयौं व्यवस्थाहरु गरिएको छ । दफा १४ ले जनाना र मर्दानाहरुका लागि अलग अलग र परस्पर नदेखिने गरी पाइखाना र पिसाव घरका व्यवस्था हुनु पर्ने गरिएको छ । दफा

२७ मा स्पष्ट मानिएको छ " बिहान ६ बजे देखि साँझ ६ बजे सम्म बाहेक कुनै जनाना लाई कुनै पनि कारखानामा काम लगाउन हुँदैन । त्यस्तै प्रसुति अवस्थामा स्वास्नी मानिस मजदूरहरूको सुविस्ता बारे र त्यस्ताका बच्चाहरूको राम्रो हेरचाह र स्याहार गर्ने बारे पनि दफा ३० र ३४ मा उल्लेख भएको छ । तर यो सबै व्यवस्था मिलाउन निकै खर्च भएकोले कारखानाका मालिकहरूले स्वास्नी मानिसहरूलाई काम दिन मान्दैनन् । कारखानामा काम गर्ने स्वास्नी मानिसहरूको सुविधा दिन बनेका यी ऐनहरूले नचाहेर पनि ती महिला मजदूरहरूलाई नोक्सान पार्न पुग्दछ र यो ऐनहरूले नेपाली महिला मजदूरहरूको बहुसंख्यक असंगठित क्षेत्र (खेती) मा ज्यामी भएर काम गर्ने स्वास्नी मानिस हरूलाई अझ केही असर पर्दैन ।

## वर्तमान नेपाली कानूनमा स्त्री धन वा स्वास्नी मानिसको एक्लौटी सम्पत्ति

मुलुकी ऐनको भाग ३ महल १४ को दफा ४ र ५ मा यस प्रकार छन् :

(४) स्वास्नी मानिसलाई माइती मावली पट्टिका नातेदार इष्टमित्रहरूले दिएको चल, अचल र त्यसबाट बढे बढाएको सम्पत्ति दाइजो ठहर्छ । लोग्ने वा लोग्ने पट्टिका अंशियारले सबै अंशियारहरूको मन्जुरीको लिखत गरी दिएको र लोग्ने पट्टिका अरू नातेदार वा इष्टमित्रले दिएको चल अचल र त्यसबाट बढे बढाएको सम्पत्ति पेवा ठहर्छ ।

(५) स्वास्नी मानिसले आफ्नो दाइजो पेवा आफ्नो खुशी गर्न पाउँछन्, उन मरेपछि यसले खाउ भनी (यस्ता सम्पत्तिको) लिखत गरी दिएको रहेछ भने लिखत बमोजिम हुन्छ । त्यस्तो लिखत रहेन छ भने उसको सँगै बसेका छोरा भए त्यस्ता छोराले त्यस्तो छोरा नभए भिन्न बसेका छोराले, त्यस्ता छोरा नभए लोग्नेले (लोग्ने नभए कन्या छोरीले कन्या छोरी नभए विवाह भएकी छोरीले) उन नभए छोराको छोराले,छोराको छोरा नभए छोरीको छोराले र उन पनि नभए हकवालाले (लोग्नेको हकवालाले) पाउँछ ।

यसमा दुई कुरा स्पष्ट छ : (१) दाइजो र पेवा भन्नाले स्पष्ट संग अचल सम्पत्ति पनि पर्न सक्छ । (२) यस्तो सम्पत्ति स्वास्नी मानिसको क्रमतिर सर्दैन । छोरीले भन्दा अगाडि छोरा र लोग्नेले सम्पत्ति पाउने हक पाउँछ । साथै सम्पत्तिको अपुतालो पाउने हकको क्रममा स्वास्नी मानिसको माइती तर्फको नातेदार नभइ लोग्नेका हकवालाले पाउने कुरा छ । स्वास्नी मानिसहरूलाई अनुकूल पर्ने अर्को पनि कुरा छ जुनअनुसार नेपाली कानूनमा स्वास्नी मानिसले आफ्नो दाइजो पेवामा पाए जस्तै एकदम पूरा हक आफूले आर्जेको सम्पत्तिमा पनि पाउँछन् । स्वास्नी मानिसले यस्तो प्रकारका सबै सम्पत्तिलाई आफु खुश बेच बिखन दान बकस दिन र आफूले चाहेको व्यक्तिलाई शेषपछिको बकसपत्र लेखि दिन पाउँछन् ।

तैपनि, २०३१ सालको प्रमाण ऐनमा स्वास्नी मानिसहरूको आफ्नो दाइजो पेवा र आफूले आर्जन गरेको सम्पत्तिमा सच्चा नियन्त्रण र स्वामित्वमा बन्देज राख्ने दफाहरू छन् । प्रमाण ऐनको दफा ६ (क) अनुसार अन्यथा प्रमाणित नभए सम्म जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति एक्लौटि हकको सम्पत्ति नभई सगोलको सम्पत्ति हो भनि अदालतले अनुमान गर्नु पर्दछ । यस प्रकारको कुनै स्वास्नी मानिसको आफ्नो नाममा दर्ता भएको सम्पत्ति दाइजो वा पेवा हो भनी प्रमाणित गर्ने कागजहरू छैनन् वा त्यस सम्पत्ति उनले (कुनै जागीरबाट वा दाइजो पेवाको पैसाको लगानीबाट) आफैले कमाएको हो भनी प्रमाणित गर्न सकिनन् भने यस्तो सम्पत्तिलाई सगोलको सम्पत्ति मानिने छ र त्यसमा सबै अंशियारहरूको दाबी लाग्दछ । यसरी, त्यस स्वास्नी मानिस ठूलो सगोलको संयुक्त परिवारमा बसेकी छन् भने तिनको नाममा रहेको सम्पत्तिमा तिनको नाममा रहेको सम्पत्तिमा तिनको र तिनका लोग्नेको साथै लोग्नेका अंशियारहरू (लोग्नेका बाबु, आमा र दाजु भाइहरू) सबैले हक दावी गर्न सक्छन् । अनि हामी के देख्छौं भने स्वास्नीले सगोलको सम्पत्तिमा आफ्नो लोग्नेको भागको अंशमा मात्र हक दावी गर्न सक्ने तर तिनको नाममा रहेको सम्पत्तिमा भने लोग्नेका सबै अंशियारहरूको दावी पुग्न सक्ने रहेछ ।

पक्कै पनि यस्तो कानूनी व्यवस्थाहरू राख्नाको उद्देश्य अंशियारहरूले आ-आफ्नो कमाई गोप्य रूपले आ-आफ्नो स्वास्नीको नाममा सारेर अंशियारहरूलाई दिन नपर्ने गर्ने कामलाई रोकेर संयुक्त परिवार प्रथालाई बलियो पार्नु हो । पेवा दिंदा सबै अंशियारहरूको मन्जुरी लिखित साथ दिनु पर्ने भएता पनि त्यसमा अर्को एउटा उम्कने कानूनी कमजोरी भएको देखिन्छ । त्यो के भने लोग्नेले दिएको एक प्रकारको 'गोप्य' पेवालाई स्वास्नी मानिसले दाइजो सम्पत्ति (आफ्नो माइतीबाट पाएको) भनी दावी गर्ने, कानूनको माथि उल्लेखित व्यवस्थाले संयुक्त परिवार व्यवस्थालाई बलियो पार्ने जतिकै राम्रो उद्देश्य लिएको भएता पनि, प्रमाण ऐनले पक्का प्रमाण चाहिने व्यवस्था गरेकोले इच्छा नगरे पनि स्वास्नी मानिसको सम्पत्ति अधिकारमा बन्देज राख्न पुग्ने कुरा स्पष्ट छ, किन भने धेरै कम स्वास्नी मानिस लेखपढ गर्न जान्दछन् । स्वास्नी मानिसहरूले आफैले कमाएको भनी प्रमाण दिन सक्नेहरू संगठित क्षेत्रमा काम गर्ने स्वास्नी मानिसहरू मात्र छन् । त्यसमाथि पनि दाइजो दिएका चीजहरूको कानूनी लिखत बनाएर दिने परम्परा बसिसकेको छैन । पक्कै पनि नेपाल भरि धेरै नै स्वास्नी मानिसहरूमा दाइजो सम्पत्ति आफ्नै नाउंमा दर्ता भइ सकेकोले पक्का र सुरक्षित भई सक्यो भनी ठान्ने गलत धारणा छ ।

## मुलुकी ऐन बमोजिम पुर्ख्यौली सम्पत्तिमा स्वास्नी मानिसको अधिकार

२०३२ सालमा भएको मुलुकी ऐनको छैठौं संशोधनको नयां व्यवस्था अनुसार 'अब विवाह भएको कम्तीमा पन्ध्र वर्ष र उमेर कम्तीमा पैंतिस पुगी सकेको भए स्वास्नीले लोग्नेसित अंश लिई भिन्न बस्न पाउंछे ।' सासु ससुरा भै वा लोग्नेले मात्र खान लाउन

नदिइ घरबाट निकाला गरेको वा बराबर कुटपिट गरी दु:ख दिने गरेको वा लोग्नेले अरू स्वास्नी ल्याए वा राखेकोमा " त्यस्ती स्वास्नीले छोराले झैं लोग्नेबाट अंश छुट्याई लिन पाउने व्यवस्था छ ।

यहाँ एउटा समस्या के छ भने तो कानूनमा छिटानो साथ खोलेको अवस्था त लोग्ने चाहिं सगोलबाट भिन्न भइ सकेर आफ्नो परिवारको प्रमुख भइ सकेको अवस्था हो । लोग्ने चाहिं निजको बाबु र दाजुभाइहरूसित सगोलमै बसेको रहेछ भने त्यसको स्वास्नीले माथि उल्लेखित लोग्ने स्वास्नी महलको ४ नं.अनुसार आफ्नो अंश दावी गर्न पाउने हो कि " खाने लाउने " खर्च मात्र भराइ पाउने हो भन्ने कुरा उठ्छ । ऐनको दफाको शब्द हेर्दा त खान लाउन दिनु पर्ने हो कि जस्तो पनि देखिन्छ । सगोलमै छँदा लोग्ने मरिसकेको र छोरा नहुने विधवाको लागि त परिस्थिति झन खराब हुन्छ । यस्ती स्वास्नी मानिस ३० वर्षको उमेर नपुगे सम्म पुख्र्यौली सम्पत्तिमा पूरा हकको अंशियार नबन्ने जस्तो देखिन्छ । छोरा नभएकी तरुणी विधवाले पुरानो मिताक्षर नियम अनुसार पाउने झैं खालो " खान लाउन " खर्च सम्म लिएर सन्तुष्ट रहनु पर्दछ ।

## दोलाजी

सब भन्दा पुरानो शास्त्रीय हिन्दु कानूनमा छोरा नहुने छोरी मात्र हुने मानिसले कि त धर्मपुत्र लिन पथ्र्यो, कि त आफ्नो पुख्र्यौली सम्पत्ति हकवालालाई अर्थात दाजुभाइ र भतिजाहरूलाई अपुताली दिन पथ्र्यो यसबाट सम्पत्ति बाबुको कूल भित्रै मात्र रहने कुरा पक्का हुन्थ्यो, तर आधुनिक नेपाली कानून अनुसार यस्तो छोरा नहुने मानिसले छोरीलाई दोलाजी राख्न हुन्छ र उसको पुख्र्यौली सम्पत्ति भाइहरूलाई नगई अपुताली दोलाजी छोरीलाई जान्छ ।

त्यस्ता दोलाजो हुने छोरीले विहा गरेपछि उनको लोग्नेले स्वास्नीले बाबुबाट पाएको सम्पत्तिमा दावी गर्न पाउँदैन भनी कानूनमा स्पष्ट लेखिएको छ । अपुताली दोलाजीको छोराले वा छोरीले पाउँछ । दोलाजीको छोरा छोरी छैन र पैतालिस वर्ष नाघेपछि लिखत गरि दिए भन्ने मात्र लोग्नेले पाउँछ । त्यसरी कागज गरि दिएन भने तिनको शेषपछि अपुताली दोलाजी राख्ने पछिका हकवालाले अर्थात बाबु कुल भित्रै मात्र अपुताली पर्ने कहा प्रथा अनुसारका नियम बमोजिम अपुताली पाउनेले नै पाउँछ ।

## वर्तमान नेपाली कानूनमा विवाह र सम्बन्ध विच्छेदको धारणा

२०२० सालको मुलुकी ऐनले धार्मिक विधि सम्पन्न गरेर गरेको विहा (व्याहते विहा) र कुनै समारोह नगरी घरमा स्वास्नी " ल्याएर " वा स्वास्नी राखेको विहा (ल्याइते विहा) को बीचको पहिले रहेका फरकलाई अब हटाइ दियो ।

मुलुकी ऐनले " विवाह " को कुनै परिभाषा दिएको छैन र कुन कुन किसिमको रीति चलनको विवाहलाई मान्यता दिने भनेर पनि कहिं लेखेको छैन । तैपनि २०२८ सालको विवाह दर्ता ऐनको दफा ११ र दफा १२ ले " धर्म, जाति वा कुलको रीति स्थिति परम्परा वा चलन व्यवहार अनुसार भएको विवाह वा वैवाहिक सम्बन्ध यो ऐनको विपरित नहुने भएमा सबै विवाहहरूलाई (त्यस्ता विवाह दर्ता गरे पनि नगरे पनि) किटानी साथ वैध भनी मानेका छन् । यसको मतलब हालको मुलुकी ऐन अनुसार कुनै पनि प्रकारले बिहे गरे पनि वा यौन सम्बन्धको सबुत हुने बित्तिकै विवाह भएको ठहर्दछ ।

तर विवाह दर्ता भने केही शर्तहरू पूरा हुनु पर्छ । तैपनि विवाह वैध बन्नको लागि दर्ता गर्नु पर्छ भन्ने छैन र कानूनले तोकेको हद उमेर मुनि गरिएको विवाह वा बहु-विवाह गर्न पाइन्न भनी मनाही गरेको कानूनको वर्खिलाप गरेको विवाह बापत सजायं गरिएता पनि विवाहलाई भने वैध भनेर मान्यता दिएके छ । एकै कूल भित्रको नजीकको नाता परेमा, दुवैको मन्जुरी लिई गरेको होइन रहेछ भने वा दुलहा वा दुलही एक जनाको शारीरिक मानसिक स्वास्थ्य ठीक रहेनछ भने कानूनले जनाएको किसिमको त्रुटी भएमा र त्यो कुरा अर्को पक्षलाई पहिले थाहा नदिएको र विवाह पछि मात्र थाहा हुन जांदा अर्को पक्षले त्यस्तो विवाह मन्जुर नगरेमा विवाह बदर हुन्छ ।

छैठौं संशोधनले विशेष अवस्थाहरूमा लोग्नेको अंश लिई छुट्टिन पाउने हक स्वास्नीलाई दिइएको छ । (मुलुकी ऐन भाग ३ महल १३, १० क ले) तर यसरी अंश लिई छुट्टै बसेको स्वास्नी मानिसले वा विधवाले अर्को विवाह गरेमा वा कुनै यौन सम्बन्ध राखेमा आफूले लिएको अंशमा हक छोड्नु पर्छ । यस प्रकार तिनीसित प्रशस्त दाइजो वा आफूले कमाएको सम्पत्ति हुने निकै असाधारण अवस्थामा बाहेक विवाहित स्वास्नी मानिसको सुरक्षा भन्नु नै आफ्नो लोग्नेको सतहमा रहनु सित सम्बन्धित छ ।

## केटाकेटी पाल्ने र त्यसको खर्च भर्ने

सम्बन्ध विच्छेद र भिन्न बस्ने समस्यासित सम्बन्धितअर्को विषय केटाकेटीलाई पाल्ने र त्यसको खर्च भर्ने कुरा हो । मुलुकी ऐनको छैठौं संशोधनले आमालाई केटाकेटी पाल्ने सम्बन्धमा महत्वपूर्ण नयां अधिकारहरू दिएको छ ।

" लोग्ने स्वास्नी " को महल (भाग ३, महल १२) को ३ नं.मा गरिएको व्यवस्था यस प्रकार छ :

(१) पांच वर्ष मुनिका नाबालिगलाई पाल्ने कुरा, आफूले पाल्ने नपाल्ने निर्णय आमाले गर्न पाउंछ । आमाले आफैले पाल्न चाहेमा आमाले र निजले पाल्न नचाहेमा बाबुले पाल्नु पर्छ ।

(२) पाँच वर्ष माथिको नावालिग (अर्थात १६ वर्ष नपुगेको) सन्तानलाई त्यस बच्चाको वावुसित सम्वन्ध विच्छेद गरि सकेपछि आमा चाहिँ अर्कोसित विहे गरेको वा पोइल गएको छैन भने आमाले आफुले पाल्ने वा नपाल्ने निर्णय गर्न पाउँछिन् । आमाले पाल्न नचाहेमा वा आमा पोइल गएको अवस्थामा वावुले पाल्नु पर्दछ ।

(३) माथिका दुइवटा दफाहरूमा जे सुकै लेखिएको भएता पनि आमा वावु दुवैको मन्जुरीले त्यस्तो नावालिगलाई आमा वावु मध्ये कुनै वा अरु कसैले पालो गरी पाल्न पाउँछ ।

(४) आमा वावु मध्ये जोसुकैले पाले पनि नपाले पनि आमा वा वावुले वीच वीचमा भेटघाट गर्ने अधिकार पाउँछन् । त्यस्तो अधिकार पोइल जाने आमाले पनि पाउँछन् ।

यस प्रकार विभिन्न प्रकारका विवाह र सम्वन्ध विच्छेदका प्रथालाई मान्यता दिने नेपाली कानूनको लचीलो परम्परा अहिलेको मुलुकी ऐनमा पनि छ ।

## वर्तमान नेपाली कानूनमा वहु-विवाह, जारी र सम्वन्ध विच्छेद

जात र कर्मकाण्डको शुद्धता सम्वन्धी यस्ता नियमहरू अहिलेको नेपाली कानूनले मान्दैन । २०२० सालको मुलुकी ऐनले जातको आधारमा वनाइएका पहिलेका सवै कानूनहरू लाई पूरै खारेज गरि सकेको छ । वहु विवाह, सम्वन्ध विच्छेद र जारी सम्वन्धी अहिलेका कानूनहरूको उद्देश्य विवाह संस्थालाई संरक्षण गर्ने मात्र हो, जाति प्रथालाई संरक्षण गर्ने होइन तैपनि स्वास्नी मानिसहरूको यौन जीवनको शुद्धताको आवश्यकता र उनीहरूको लोग्नेको कूल - क्रम कायम राख्न सन्तान जन्माई दिने कामको महत्वमा जोड दिने कट्टर पन्थी हिन्दु धर्मका धेरैजसो परम्परागत धारणाहरू अर्फ पनि मुलुकी ऐनमा पाइन्छ । वहु विवाह गर्नेलाई सजाय दिइन्छ तर त्यस्तो विवाह भने वदर हुँदैन । लोग्ने मानिस लाई कुनै कुनै अवस्थामा स्वास्नी जिउँदै छँदै अर्को विवाह गर्ने छुट कानूनले दिएको छ तर स्वास्नी मानिसलाई त्यस्तो छुट छैन । खाली समानताको मात्र नाममा स्वास्नी मानिसले पनि दोश्रो विवाह गर्न पाउनु पर्छ भन्न हामी चाहँदैनौं तर लोग्नेले दोश्रो विवाह गर्न पाउने अवस्थाहरू फन् लोग्ने त्यस्तै अवस्थामा परेमा कम से कम स्वास्नीले सम्वन्ध विच्छेद गर्न वा अंश छुट्याई लिई भिन्न वस्न पाउनु पर्दछ ।

अहिले स्वास्नी मानिसले सम्वन्ध विच्छेद गरेमा लोग्नेको सम्पत्तिमा आफ्नो अधिकार गुमाउँछे; छैठौं संशोधनले सम्वन्ध विच्छेद भएकी स्वास्नी मानिसलाई (तिनको आफ्नो दोषले सम्वन्ध विच्छेद भएकोमा वाहेक) पाँच वर्ष सम्म वा अर्को विवाह नगरे सम्म पहिलेको लोग्नेले माना चामल भर्न पर्ने व्यवस्था गरेको छ तर सम्वन्ध विच्छेद भएका स्वास्नी मानिसको लागि यसरी खान लाउन खर्च भराई लिनु निकै गाह्रो छ । त्यसमा

पनि यो रकम तिनले पहिलेको विवाह – सम्बन्ध विच्छेद नगरी बसेको भए पाउने अंश भाग भन्दा धेरै कम छ ।

(५) नावालिग सन्तानलाई आमाले पाल्दा बाबुले त्यस नावालिगलाई पाल्ने खर्च (अर्थात खान, लाउन, शिक्षा र औषधी उपचारको समेत मनासिब खर्च) दिनु पर्छ ।

गर्भपात सम्बन्धी कानून

" ज्यान सम्बन्धी " को महल (भाग ४, महल १०) मा यस्तो व्यवस्था गरिएको छ :

२८ नं. उपकारको लागि केही गर्दा गर्भ तुहिन गएकोमा बाहेक कसैले गर्भ तुहाए, तुहाउन लगाए वा तुहाउनका लागि मद्दत गरे बात लाग्छ।

२६ नं. केही रीस इवीले गर्भवती स्वास्नी मानिसलाई केही कुरा गर्दा गर्भ तुहिन गयो भने गर्भ तुहाउने मनसायले गरेको रहेन छ भने पनि बात लाग्छ ।

३१. नं. जसको गर्भ तुहिएको छ सो स्वास्नी मानिसको मन्जुरी विना गर्भ तुहाउने लाई ६ महिना सम्मको गर्भ भए दुई वर्ष र ६ महिना देखि माथिको भए तीन वर्ष कैद गर्नु पर्दछ । त्यस्तो स्वास्नी मानिसको मन्जुरी भएकोमा सो स्वास्नी मानिस र तुहाउने समेतलाई ६ महिना सम्मको गर्भ भए एक वर्ष र सो भन्दा माथिको भए डेढ वर्ष कैद गर्नु पर्दछ । सो काम गर्न लाउँदा पनि तुहेन जिउँदै जन्म्यो भने लेखिएको सजायको आधा सजाय गर्नु पर्दछ ।

३२. नं. यस महलको २६ नम्बर बमोजिमको कसूर स्वास्नी मानिस गर्भवती छ भन्ने कुरा थाहा पाएर ६ महिना सम्मको गर्भ तुहिएकोमा तीन महिना, ६ महिना नाघेको गर्भ तुहिएमा ६ महिना कैद गर्नु पर्दछ । गर्भवती छ भन्ने कुरा नजानी गरेको रहेछ भने ६ महिना सम्मको गर्भ भए पच्चीस रुपैया र ६ महिना नाघेको गर्भ भए पचास रुपैयां जरीवाना गर्नु पर्छ ।

३३. नं. कसुरदार आफ्नै मुख साबित भई त्यसबाट उठेको मुद्दामा बाहेक गर्भ तुहायो भन्ने कुरामा सो तुहाएको तीन महिना भित्र नालिस नदिए लाग्नसक्दैन ।

निष्कर्ष र सुझाव

सम्बीधान र नेपाली कानूनमा स्वास्नी मानिसहरूको स्थान बारेको चर्चाबाट निम्नानुसारका मुख्य निष्कर्षहरू पाइन्छ :

(१) ३५ वर्षको उमेर पुगेपछि पनि विवाह नगरेकी छोरीले आमा-बाबुको सम्पत्तिमा छोरा सरह अंश पाउँछन् ।

(२) विहे भइसकेकी छोरीले अपुतालो पाउने क्रममा पहिले भन्दा सुधार भएको छ ।

(३) स्वास्नी मानिसहरूले पुरुर्यौली सम्पत्तिको आफ्नो भागको अंश आफु खुशी गर्न पाउने कुराको बन्देज कम गरिएको ।

(४) सम्बन्ध विच्छेद गरेकी स्वास्नी मानिसले पहिलेको लोग्नेबाट पाँच वर्ष सम्म खाने लाउने खर्च भराउन पाउने ।

(५) विवाह गर्ने उमेर बढाएर १६ वर्ष भएको ।

(६) सम्बन्ध विच्छेद गरेकी वा अंश लिई भिन्न बसेकी स्वास्नी मानिसले आफ्नो नाबालिग केटाकेटी पाल्ने अधिकार पाउने ।

सार्वजनिक क्षेत्रमा स्वास्नी मानिसहरूको स्थिति सुधार्ने कारखानाका मजदूरहरू सम्बन्धी कानूनहरू प्रमुख छन् । तर यो कानूनहरूको कार्यान्वयन पक्ष अझ कमजोर छ । स्वास्नी मानिसहरूको लागि पारिवारिक मामिलाका कानूनहरू जस्तै सम्पत्ति, अंश, अपुतालो, विवाह, सम्बन्ध विच्छेद, केटाकेटी पाल्ने आदि बढी महत्वपूर्ण हुन्छन् । शिक्षाको अभावले गर्दा बहुसंख्यक स्वास्नी मानिसहरूले आफ्नो कानूनी अधिकार नै बुझेका छैनन् । स्वास्नी मानिसहरूलाई सुविधा दिन संरक्षणात्मक कानूनहरूको सक्रिय कार्यान्वयन गर्नु पर्दछ र उनीहरूलाई रोजगारी दिने कम्पनी वा संस्थाहरूलाई करको सुविधा वा विदेशी मुद्रा सटही सुविधा दिने जस्तो सरकारी नीति लागु गर्नु पर्दछ । खासगरी निम्न अनुसारको माध्यमबाट उनीहरूको कानूनी पक्ष बलियो हुन सक्दछ ।

(१) विभिन्न क्षेत्रहरूमा महिलाहरूको लागि कानूनी साक्षरता कार्यक्रम संचालन गरी उनीहरूलाई सचेत गराउने ।

(२) नेपाल महिला संगठनद्वारा संचालित न्यायिक सेवा परियोजनालाई विस्तृत पार्ने ।

(३) मुलुकी ऐन र रीति - स्थितिको प्रचलनको बीचमा अन्तसम्बन्धको अध्ययन गर्ने सामाजिक कानूनी विशेषज्ञहरूको टोली बनाउने ।

(४) पारिवारिक मामला सम्बन्धी अदालतहरूको स्थापना गर्ने ।

## महिलाहरू सित सम्वन्धित संस्थाहरू +

परिचय

वि.सं. २०३३।३४ मन्दा अगाडि सम्म महिलाहरूको लागि संचालन भएको कार्यक्रम हरू केवल उनीहरूको कल्याणको लागि मात्र संचालित थिए । आर्थिक उत्पादनमा महिला हरूले महत्वपूर्ण भूमिका खेल्छन् र राष्ट्को विकासमा उनीहरूको देन महत्वपूर्ण छ भन्ने तथ्य त्यो समयमा भएको थियो ।

महिलाहरूका निमित्त नेपालमा के कस्ता सरकारी तथा गैर सरकारी संस्थाहरू छन् र ती संस्थाहरूले महिलाहरूलाई कस्तो खालको सहयोग गर्दै आएका छन् भन्ने विषयमा यस अध्ययनमा जम्मा आठ संस्थाहरूको सन्दर्भमा छलफल गरिएको छ । यी सबै संस्थाहरूको उद्देश्य राष्ट्रिय विकास कार्यक्रममा महिलाहरूलाई सहभागी गराउन हो । प्रत्येक संस्थाहरू को विश्लेषण गर्दा निम्न विषयहरू मात्र समावेश गरिएको छ :

(१) ऐतिहासिक पृष्ठभूमि

(२) उद्देश्यहरू

(३) आन्तरिक वनोट

(४) कार्यक्रमहरू

(५) आधारका श्रोतहरू

साथै यी संस्थाहरू कहाँ सम्म सफल भए, यिनीहरूको उद्देश्य र कार्यक्रमहरू एक अर्कासित मेल खान्छन् कि खाँदैनन् आदिको समेत संक्षेपमा उल्लेख गरिएको छ ।

---

\+ विना प्रधानद्वारा लिखित "Institutions Concerning Women in Nepal" Vol I, Part 3, CEDA, 1979. वाट प्रेम वहादुर श्रेष्ठले सारांश अनुवाद गर्नु भएको ।

## नेपाल महिला संगठन

### ऐतिहासिक पृष्ठभूमि

वि.सं.१९७० मन्दा अगाडि महिलाहरूको कुनै पनि संगठनहरू नहुनुका साथै महिलाहरूको सहभागिता पनि निकै कम थियो । कुनै कुनै महिलाहरू मात्र केही सक्रिय भएको देखिन्थ्यो । नेपाल महिला संगठनको स्थापना वि.सं.१९९८ मा भएता पनि त्यो समयको सामाजिक तथा राजनैतिक व्यवस्थामा परिवर्तन ल्याउन वि.सं.१९७० देखि नै केही महिलाहरूले सक्रिय भाग लिएका थिए ।

### राणाकाल १९७० - २००६

वि.सं.१९७४ - १९७५ मा सवै मन्दा पहिलो महिला संगठन " महिला समिति " को नाममा सिराहाको चन्द्रगंजमा स्थापना भएको थियो । यो समितिको मुख्य उद्देश्य महिलाहरूको सामाजिक र राजनैतिक अवस्थामा परिवर्तन ल्याउनु थियो र समितिमा ३० देखि ४० सदस्यहरू भएको अनुमान गर्न सकिन्छ । यो समितिले महिलाहरूलाई रोजगारी दिलाउनको लागि लुगा वुन्ने हाते तान उद्योगलाईवढी उत्साहित ग-यो । तर मुख्य संस्थापक दोव्या कोइराला देश निकाला भएपछि यो समितिको सवै क्रियाकलाप वन्द भयो ।

वि.सं.२००४ मा श्री टंक प्रसाद आचार्य कि धर्मपत्नी रेवन्त कुमारी आचार्यको अध्यक्षतामा आदर्श महिला संघको स्थापना भयो । यसको मुख्य कार्यालय जय नगरमा नेपाली कांग्रेस पार्टीको कार्यालयमा नै थियो । यो संस्थाको मुख्य उद्देश्य नेपाली नारीमा सामाजिक र राजनैतिक जागरण ल्याएर वाल विवाह प्रथा र वाल विधुवा प्रथा नेपाली समाजवाट हटाउनु थियो । यस संस्थाले प्रजा परिषद्का सदस्यहरूको लागि निकै ठूलो भूमिका खेलेको थियो । त्यस समय श्री टंक प्रसाद आचार्य र अरु कांग्रेसी नेताहरू जेलमा भएकोले यो संस्था आफ्नो उद्देश्य मन्दा त्यस समयको शासन विरुद्ध कांग्रेसको भूमिगत गतिविधिमा नै संलग्न रह्यो ।

त्यस्तै समय तिर मंगला देवीको अध्यक्षतामा " नेपाल महिला संघ " को नामवाट अर्को संस्थाको स्थापना भयो । यसको उद्देश्य नेपालमा नारी जातिलाई वालिग मताधिकारको हक दिलाउनु थियो । वि.सं.२०१६ मा नेपाली कांग्रेसको राजनैतिक गतिविधिमा आफुलाई पनि संलग्न राखेको अभियोगमा " नेपाल महिला संघ " का केही महिलाहरू जेलमा वन्दी वनाईए । यसै समयमा नारी वर्गको राजनैतिक संघर्षमा सहानुभूति राखेर " नारी जागृती " नामको अर्को संस्था विराटनगरमा स्थापना भयो । यो संस्थाले आफ्नो गतिविधि खास गरेर वालिकाहरूको शिक्षामा केन्द्रित ग-यो । पछि यहि संस्था आदर्श वालिका विद्यालयमा परिणत भयो ।

पंचायत व्यवस्था भन्दा अघि वि.सं.२०१७

सम्वत् २००७ मा राणा सरकारको एक तन्त्रीय शासन समाप्त भएपछि नारी वर्गमा सामाजिक तथा राजनैतिक चेतना जागृत गराउन पहिलेको अनुपातमा धेरै संख्यामा महिला सम्बन्धी संस्थाहरूको स्थापना भयो । यसका संस्थापकहरू कसैको राजनैतिक नेताहरू सित नाता थियो त कसै कसैको उनीहरू सित राजनैतिक सम्बन्ध थियो । यी कारणहरूले गर्दा नेपाल महिला संगठनका प्रमुख नेतृत्व वर्गमा सैद्धान्तिक र व्यक्तिगत फाटो देखा प-यो । फलस्वरूप एक अलग्गै " अखिल महिला संगठन " को स्थापना भयो र यसको नेतृत्व पुण्य प्रभा देवी ढुंगानाले गर्नु भयो । यहि समयमा महिला विद्यालयको पनि स्थापना भयो र पहिलो पल्ट महिलाहरू प्रहरीमा भर्ना भए ।

वि.सं.२०११ मा स्व.श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवको राज्य कालमा ११३ जना सदस्यहरू भएको सल्लाहकार समिति गठन भयो र यसमा पहिलो पल्ट महिला, किसान, व्यापारी, श्रमिक वर्ग र बुद्धिजीवीहरूले प्रतिनिधित्व गरेका थिए ।

वि.सं.२०११ मा नै स्व.श्री ५ अधिराजकुमारी प्रीन्सेप शाहको अध्यक्षतामा " महिला स्वयंसेवक सेवा " को स्थापना भयो । यसको मुख्य उद्देश्य सामाजिक सेवा गर्नु थियो ।

वि.सं.२०१४ - १५ तिर यी सब विभिन्न संगठनहरू मिली " संयुक्त नेपाली नारी समिति " को स्थापना भयो । यो समितिमा पनि कांग्रेस पक्ष र कम्युनिष्ट पक्षका सदस्य हरूमा मत भिन्नताको कारणले गर्दा यो समिति एक वर्ष भन्दा बढी टीक्न सकेन ।

पंचायति व्यवस्था शुरू भएपछिको अवधि २०१८ - २०३२

वि.सं.२०१७ मा स्व.श्री ५ महेन्द्र वीर विक्रम शाहबाट पंचायती व्यवस्थाको सुत्रपात गरिबक्से पछि सबै महिला संगठनहरूलाई मिलाएर " अखिल नेपाल महिला संगठनको" स्थापना गरिबक्स्यो । जुन " नेपाल महिला संगठन को नामले प्रख्यात भयो । यसलाई वर्गीय संगठनको रूपमा कानूनी मान्यता दिइयो र यसको संगठन र संचालन पंचायत व्यवस्था के अनुरूप भयो । यसको कार्यकारीणी अध्यक्षाको पदमा श्रीमती विमला मास्के निर्वाचित हुनु भयो । महिला संगठनलाई कानूनी मान्यता दिएता पनि यो संगठनले महिलाहरूको कल्याणको लागि कार्यक्रमहरू संचालन गर्दथ्यो ।

नेपाल महिला संगठन पंचायती व्यवस्था जस्तै संगठित थियो जस अनुसार ७५ जिल्लामा प्राथमिक संगठन १००० र कूल ६०,००० सदस्यहरू थिए । संगठनको बनोट ४ तहको थियो । पहिलो गाउँ स्तरको संगठन, दोश्रो जिल्ला स्तरको संगठन, तेश्रो अंचल स्तरिय संगठन र चौथो राष्ट्रिय स्तरको संगठन ।

## पुनर्गठन वि.सं. २०३३

वि.सं. २०३३ मा वर्गीय संगठन ऐन अन्तरगत नेपाल महिला संगठनको पुनर्गठन गरियो, यस अनुसार नेपाल महिला संगठन "गाउं फर्क" राष्ट्रिय अभियानको निगरानी मा एक वर्गीय संगठनको रुपमा संचालन भयो । जसका उद्देश्यहरु निम्नानुसार थिए :

(१) विभिन्न वर्गीय संगठनहरुमा राष्ट्र प्रतिको कर्तव्य र जिम्मेवारी बारे चेतना जगाई राष्ट्रको विकासमा सुसंगठित तरिकाले शक्तिको परिचालन गराउने ।

(२) स्थानिय पंचायतहरुले तर्जुमा गरिएका कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि जनशक्ति परिचालन गर्ने ।

(३) निर्दलीय प्रजातान्त्रिक पंचायत व्यवस्था र वर्गीय संगठनको सहयोगात्मक सिद्धान्त हरुको सुदृढिकरण कायमा प्रत्येक वर्गलाई प्रयत्नशील वनाउने ।

(४) कार्यक्रमहरु बारे प्रत्येक वर्गीय संगठनको अरु संगठनहरु सितको सामुहिक शक्तिको समन्वय तथा सुदृढिकरण गराउने ।

(५) प्रत्येक वर्गीय संगठनको चौतर्फि विकासको लागि कार्यरत हुने ।

गाउंमा प्राथमिक कार्यकारि समिति र जिल्लामा जिल्ला कार्यकारिणी समिति कार्यरत भए । उक्त पुनर्गठनले गर्दा स्थानिय पंचायत स्तरमा कम्तीमा एक महिला प्रतिनिधि हुनु पर्ने अनिवार्य गरियो । यस पुनर्गठनको राष्ट्रिय स्तरको नेतृत्वको ओहदाहरु हटाएर वर्गीय संगठन केन्द्रीय सल्लाहकार समितिमा ४ विकास क्षेत्रबाट ४ जना जिल्ला स्तरीय सक्रिय कार्यकर्ताहरुले प्रतिनिधित्व गर्ने व्यवस्था भयो ।

प्रत्येक जिल्लामा एउटा जिल्ला स्तरीय कार्यकारिणी समितिको गठन भयो । जसमा ६ जना सदस्यहरु अनिवार्य रुपले रहे । ती सदस्यहरुले ६ प्राथमिक कार्यकारिणी समितिको प्रतिनिधित्व गरे । यसका अध्यक्षहरु "गाउं फर्क" राष्ट्रिय अभियानद्वारा जिल्ला पंचायतका सदस्यहरु मध्य छानिए । नेपाल महिला संगठनले ४ क्षेत्रमा कार्यक्रम वनाई संचालन गर्ने थाल्यो । जुन कार्यक्रमहरु यस प्रकार छन् :

(१) साक्षरता

(२) कानूनी सल्लाह र सेवा

(३) शिप विकास र

(४) परिवार नियोजन

## वर्तमान स्थिति

वि.सं.२०३६ मा "गाउं फर्क" राष्ट्रिय अभियान खारेज भएपछि नेपाल महिला संगठन एक स्वतन्त्र वर्गीय संगठनको रुपमा खडा भयो । नेपाल महिला संगठन नेपालको कूल जनसंख्याको लगभग आधा भागको प्रतिनिधित्व गर्ने एउटै मात्र संवैधानिक सामाजिक - राजनैतिक संगठन हो । यसको स्वरूप प्रारम्भिक, जिल्ला, अन्चल र केन्द्र गरी चार तह मिलेर वनेको छ । प्रत्येक तहमा एक कार्यकारिणी समिति र एक परिषदको व्यवस्था गरिएको छ । सवै भन्दा तल्लो गाउं पंचायत वा नगर पंचायत छ । ५० भन्दा वढी महिला हरु सदस्य भएपछि मात्र गाउं वा नगर प्रारम्भिक परिषद वन्दछ । गाउं वा नगरको कार्यकारिणी समितिको लागि परिषदको सदस्यहरुले सभापति, उप-सभापति, सचिव, सह-सचिव र कोषाध्यक्ष पांचजना पदाधिकारीका साथै चारजना सदस्यहरु गरी जम्मा नौ जनाको निर्वाचन गर्दछन् । यी नौ जनाको समूहवाट जिल्ला परिषद वन्दछ । यस परिषद्वाट पांच जना पदाधिकारी र जिल्लाका प्रत्येक इलाकावाट एक एक सदस्य पर्ने गरी जम्मा नौ जनाको जिल्ला कार्यकारिणी समितिको निर्वाचन हुन्छ । अन्चल भित्रका सवै जिल्लाका कार्यकारिणी समितिका पदाधिकारी र सदस्यहरु मिलेर अन्चल परिषद्को गठन हुन्छ । यसै परिषदद्वारा पांच जना पदाधिकारीहरु र प्रत्येक जिल्लाको प्रतिनिधित्व हुने गरी एक एक सदस्यको निर्वाचन गरी अन्चल कार्यकारिणी समितिको गठन हुन्छ । अन्चल कार्यकारिणी समितिका पदाधिकारी र सदस्यहरु मिली केन्द्रीय परिषद वन्दछ । यसै परिषदद्वारा पांच जना पदाधिकारीहरुका साथै प्रत्येक अंचलको प्रतिनिधित्व हुने गरी एक एक जना सदस्यहरु निर्वाचित भई केन्द्रीय कार्यकारिणी समितिको गठन हुन्छ ।

नेपाल महिला संगठनको कार्यक्रमहरु संचालन गर्ने एउटा कोष छ जसको आयश्रोत सदस्य शुल्क, श्री ५ को सरकारको अनुदान, चन्दा, वैदेशिक सहयोग र अन्य आयहरु हुन् ।

## कार्यक्रम

(१) राजनैतिक कार्यक्रम

महिलाहरुमा राजनैतिक चेतना जगाएर सक्षम तथा इमान्दार महिलाहरु को समूह तयार पार्ने प्रवचन, छलफल र विचार विमर्श गर्नाका निम्ति पांचै वटा विकास क्षेत्रका साथै विभिन्न निकायहरुमा अधिवेशन, गोष्ठी, शिविर, सभा आदिको आयोजना गर्दछ । महिलाहरुलाई भेला गरेर समाजमा विद्यमान कुरीति अन्धविश्वास, स्वास्थ्य, शिक्षा तथा जनसंख्या वारे वोध गराउंछ ।

देशका विभिन्न व्यवसायमा संलग्न महिलाहरूको हक हितको सुरक्षा गर्नाका निम्ति तथा व्यवसायगत समस्याको पहिचान र तिनको निराकरणको उपाय बारे क्षेत्रीय स्तरमा व्यावसायिक महिला गोष्ठी गर्दै जाने नीति यस संगठनले लिएको छ । संगठनको दैनिक प्रशासन तथा आर्थिक प्रशासन आदिको बोध गराउन सबै तहका सभापति सचिवहरू तथा कोषाध्यक्षहरूलाई तालिम दिइन्छ । सदस्यताको वृद्धि गर्ने अभियान पनि चालु छ । अन्तरराष्ट्रिय महिला संगठन तथा ख्याति प्राप्त महिलाहरू सित पनि सम्बन्ध बढाउने कार्य पनि गर्दछ ।

(२) आर्थिक कार्यक्रम

महिलाहरूको आर्थिक स्थिति सुधार्ने आर्थिक उत्पादकत्वमा संलग्न हुन सक्ने खालको सीप विकास र तालीमको प्रबन्ध छ । महिला आर्थिक कार्यक्रमको तर्जुमा राष्ट्रिय अर्थतन्त्रलाई नै टेवा दिने खालको छन् । यी कार्यक्रमहरू यस प्रकारमा छन् :

(१) महिला बहुउद्देशीय कार्यक्रम हाल यो कार्यक्रम पोखरा, काठमाडौं, धनकुटा र सुर्खेतमा संचालन भएको छ । यसलाई दोपायलमा एक केन्द्रको स्थापना गरी संचालन गर्ने कार्यक्रम छ ।

(२) महिला सीप विकास कार्यक्रम २०३० साल देखि काठमाडौंमा संचालन हुँदै आएको छ । महिला संगठनले त्यस आयोजना अन्तर्गत देशको विभिन्न भागमा पुगी महिला वर्गमा विद्यमान परम्परागत सीपको खोजी गरी त्यसको परिमार्जन तथा उत्पादनका लागि बजारको व्यवस्था समेत गर्ने कार्यक्रम बनाएको छ । त्यस संगठनले घरेलु उद्योग विभाग, घरेलु उद्योग विकास समिति र पंचायत तथा स्थानीय विकास मन्त्रालयको सहयोग समेत जुटाई घरेलु उद्योग सम्बन्धी तालीमहरूको आयोजना गर्नेछ । नेपाल महिला संगठनले महिला विकास आयोजनाको संचालन गर्दै आएको छ ।

(३) आय वृद्धि कार्यक्रमको पनि व्यवस्था गरिएको छ यसका लागि (क) व्यक्तिगत ऋण र (ख) समूहगत ऋणको समेत व्यवस्था भएको छ । यी ऋणहरू बैंकबाट उपलब्ध गराई गैर कृषि शीप मूलक उत्पादनशील उद्योग तर्फ महिलाहरूलाई आकर्षण गराइने व्यवस्था भएको छ । यो कार्यक्रम परीक्षणको रूपमा छ र सफल भएमा सबै जिल्लामा विस्तार गरिने छ ।

(४) महिला कृषक सहभागिता कार्यक्रम अन्तर्गत महिला कृषि सहायक तालीम अगुवा कृषक तालिम, ग्रामीण क्षेत्रमा पशु स्वास्थ्य सम्बन्धी कार्यक्रम जस्ता कार्यक्रमहरूको तर्जुमा गरेको छ ।

(३) सामाजिक कार्यक्रम

महिलाहरूलाई मेला गराई समाजमा विद्यमान कुरीति र अन्धविश्वासको निर्मूल गरेर स्वच्छ नैतिक र आदर्श समाजको सिर्जना बारे बोध गराउने कार्यक्रम आयोजना गर्दछ । न्यायिक सेवा पनि प्रदान गर्दै आएको छ । पिछडिएका महिलाहरूको सामाजिक तथा आर्थिक उत्थान गर्न विभिन्न कार्यक्रमको तर्जुमा गरी सीप विकास र वैकल्पिक रोजगारी एवं साक्षरताका कार्यक्रमहरू संचालन गर्न अठोट गरिएको छ । सामाजिक कल्याण मन्त्रालयको सहयोगमा महिलाहरूको पुनर्वास गराउने कार्यक्रम छ ।

नेपाल महिला संगठनले शिक्षा मन्त्रालय संगको संयुक्त तत्वावधानमा देशव्यापी रूपमा रत्न साक्षरता कार्यक्रम र प्रौढ शिक्षा कार्यक्रम संचालन गर्दै आएको छ । राष्ट्रिय जनसंख्या आयोगको सहयोगमा हरेक जिल्लामा महिला जनसंख्या शिक्षा कार्यक्रम पनि संचालन गर्ने प्रवन्ध गरेको छ । नेपाल महिला संगठनले स्वास्थ्य मन्त्रालय, नेपाल परिवार नियोजन संघ, विश्व स्वास्थ्य संघ, यूनिसेफ, वाल संगठन, अन्तर्राष्ट्रिय प्यारेण्टहुड जस्ता विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थाहरूको सहयोगमा महिला स्वास्थ्य कार्यक्रम संचालन गर्ने भएको छ । यस भित्र वाल स्वास्थ्य तथा शिशु स्याहार, महिला स्वास्थ्य र परिवार नियोजन पर्दछन् ।

अरू विभिन्न किसिमका कार्यक्रमहरू निम्न प्रकारका छन् : पिछडिएको गरीव, नि:सहाय र समाजवाट वहिस्कृत महिलाहरूको उद्धार गर्न अन्चल र जिल्ला स्तरमा महिला कल्याण कोषका स्थापना गर्ने उद्देश्य राखेको छ । पहिले काठमाडौंमा र त्यो पुरा भएपछि अरू पाँचै विकास क्षेत्रमा महिला आवास गृहको निर्माण गर्ने उद्देश्य राखेको छ । जेहेन्दार महिलाहरूलाई स्वदेश तथा विदेशमा अध्ययन गर्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय निकायहरूको सहयोगमा महिला छात्रवृत्तिको तर्जुमा गरिने छ । महिला समुदायका समस्या र हितसंग सम्वन्धित विभिन्न विषयमा अध्ययन अनुसन्धान कार्य गरिने छ ।

महिला प्रशिक्षण केन्द्र

वि.सं. २०१२ मा यू.एस.ए.आइ.डी.को सहयोगमा महिला प्रशिक्षण कार्यक्रमहरू शुरू भए । शुरूमा १ वर्ष प्रशिक्षण कार्यक्रम केवल सामुदायिक विकास कार्यक्रम र गृहविज्ञान सिप सम्वन्धित थियो । यो तालिम जावलाखेलको प्रशिक्षण केन्द्रमा संचालन हुन्थ्यो । तालिमपछि महिलाहरूले सामुदायिक सेवामा सरीक भै गाउं घरमा काम गर्न जानु पर्दथ्यो ।

वि.सं.२०१८ मा पंचायत व्यवस्थाको सुत्रपात भएपछि यो कार्यक्रम विस्तृत पारियो र गृह पंचायत मन्त्रालय अन्तर्गत राष्ट्रव्यापी प्रशिक्षण कार्यक्रममा परिणत गरियो । यसको नाम महिला प्रशिक्षण तथा विस्तार केन्द्र रह्यो । प्रशिक्षण कार्यक्रममा पंचायत व्यवस्था मातृ शिशु कल्याण र परिवार नियोजनका विषयहरू समावेश गरिए । काठमाडौं स्थित उक्त केन्द्रमा आई तालिम लिन नसक्ने ग्रामीण महिलाहरूको लागि एक महिला घुम्ती प्रशिक्षण कार्यक्रम पनि संचालन गरियो । अन्तरराष्ट्रिय नारी वर्षमा सुर्खेत, धनकुटा र पोखरामा एक एक वटा प्रशिक्षण केन्द्रहरू पनि खोलिए । अहिले यसलाई महिला प्रशिक्षण केन्द्र भनिन्छ र यो पंचायत तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत पर्दछ ।

यस केन्द्रले तीन महिनाको स्वयंसेवक प्रशिक्षण कार्यक्रम संचालन गर्दछ, यसमा महिलाहरूलाई आय उपार्जन वृद्धि विषयमा तालिम दिइन्छ र महिला विकास शाखाका कार्यकर्ताहरूलाई पनि यो तालिम दिइन्छ । प्रशिक्षकहरूको लागि ७ देखि १५ दिन सम्मको कार्यशाला गोष्ठी संचालन गरिन्छ ।

अहिले सम्म जम्मा ४४७ महिला कार्यकर्ताहरूले यो केन्द्रवाट तालिम पाइसके जसमध्ये ११६ ले आय उपार्जन वृद्धिमा १२६ ले पिछडिएका स्वयंसेवकहरूले र १९७ ले गाउँमा गएर तालिम दिने प्रशिक्षकहरूको तालिम प्राप्त गरे । ५२५ जना महिला संगठनका कर्मचारीहरू र ५१२ स्वयंसेवकहरूले पनि तालिम प्राप्त गरी सके ।

महिला प्रशिक्षण केन्द्र पंचायत तथा स्थानिय विकास मन्त्रालयको अंग भएकोले पंचायत विकास समिति र प्रशिक्षण शाखा अन्तरगत यसको संचालन हुन्छ । पंचायत विकास समितिमा अध्यक्ष पंचायत तथा स्थानीय विकास मन्त्री, पंचायत तथा स्थानीय विकास सचिव सदस्य सचिवमा र अरू ५ जना सदस्यहरू हुन्छन् । यो समितिले सवै प्रशिक्षण कार्यक्रम नीति निर्धारण र वजेट विभाजन गर्ने कामको अलावा दिइने तालिमको शैक्षिक पाठ्यक्रम प्रत्येक जिल्लाको लागि प्रशिक्षार्थी संख्या वारेमा निर्णय गर्छ । यसै समितिको नीति निर्णय अनुसार महिला प्रशिक्षण केन्द्रले आफ्नो वार्षिक कार्यक्रम तथा आम्दानी खर्च तर्जुमा गरी प्रशिक्षण शाखा मार्फत पंचायत विकास समितिमा पेश गर्दछ । उक्त समिति वाट पारित भएपछि खर्च गर्ने रकम राष्ट्रिय योजना आयोगमा पेश गरिन्छ ।

शुरू शुरूमा यो महिला प्रशिक्षण केन्द्रको आर्थिक स्रोत यू.एस.ए.आइ.डी.र आइ.सी.एफ.थिए भने हाल यसको सम्पूर्ण खर्च श्री ५ को सरकारवाट व्यहोरिएको छ । यसरी यो केन्द्रले श्री ५ को सरकारको अभिन्न अंग भै काम गर्दै आएको छ ।

हाले महिला प्रशिक्षण केन्द्रवाट दिइने तालिम एकैनासको हुने हुनाले महिला तथा पंचायत प्रशिक्षण केन्द्रको अध्ययन गर्ने एउटा कार्यदल खडा गरियो । यो कार्यदलले महिला प्रशिक्षण केन्द्र तथा पंचायत प्रशिक्षण केन्द्रले कस्तो खालको तालिम दिने भन्ने विषयमा अध्ययन गरेर प्रतिवेदन तीन महिनामा पेश गरेको छ । यो प्रतिवेदन अनुसार अहिले सम्म

पंचायत प्रशिक्षण केन्द्र तथा महिला प्रशिक्षण केन्द्रले केवल सीप विकास सम्बन्धी तथा अरू तालिम दिंदै आएको छ तर अहिले सम्मको राजनैतिक सम्बन्धी तालिम दिएको छैन । हाम्रो जस्तो ९० प्रतिशत जनता गाउँमा बस्ने देशमा राजनैतिक तथा स्थानीय विकास सम्बन्धी तालिमको निकै आवश्यकता छ । त्यसैले यी प्रशिक्षण केन्द्रहरूले आवश्यकता अनुसार कत्ति राजनैतिक सम्बन्धी तालिम तथा कत्ति स्थानीय विकास सम्बन्धी तालिम दिनु आवश्यक देखिन्छ । हाल महिला प्रशिक्षण केन्द्रले साविककै तालिम दिन्छ तर भविष्यमा गएर यसले पनि ग्रामीण जनताहरूको आवश्यकता अनुसार तालिमको आयोजना गर्नु पर्नेछ ।

## महिला वर्गलाई शिक्षाको समान अवसर

विकासको लागि आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यले वि.सं. २०२८ मा नयाँ शिक्षा योजना लागु गरियो । यो नयाँ योजनाले महिला वर्गलाई पनि शिक्षा प्राप्त गर्न समान अवसर दिनु पर्छ भन्ने कुरामा जोड दिएको छ । नयाँ शिक्षा योजना लागु गरेपछि नेपाललाई पनि यू.एन ( UN ) ले यूनेस्कोको ( UNESCO ) परिक्षणात्मक कार्यक्रममा सहभागि हुन अनुरोध गर बमोजिम वि.सं. २०२९ मा महिलाको लागि शिक्षामा समान अवसर नामक आयोजना बारे एक आठ वर्षिय अवधिको लागि सम्झौतामा हस्ताक्षर भयो यो संझौताको उद्देश्य निम्न छन् :

(१) शिक्षामा छात्राहरूलाई समान अवसर प्रदान गरेर विकट तथा दुर्गम क्षेत्रबाट महिला शिक्षिकाहरू तयार पार्ने ।

(२) प्राथमिक शिक्षा कार्यक्रमहरूको कार्यान्वयनलाई विकेन्द्रिकरण गरेर सुदृढ गर्न सघाउने ।

(३) केटाकेटीहरूलाई अवसर प्रदान गर्ने तथा अरू विकासका गतिविधिहरू सित शिक्षा लाई एकिकृत गर्ने ।

यो आयोजना अन्तर्गत " क " स्तर र " ख " स्तरका प्राथमिक शिक्षकलाई प्रशिक्षण दिइएको थियो र वि.सं. २०३० देखि पदोन्नति गर्ने कार्यक्रम पनि संचालन गरिएको थियो । यो " क " स्तरको प्रशिक्षण एस.एल.सी. पास भएका महिलाहरूलाई दिइएको थियो। एक वर्षको प्रशिक्षणपछि तीनीजहरूलाई शिक्षण पेशा लिन अथवा आफ्नो उच्च शिक्षा हासिल गर्न अवसर प्रदान गरियो तर दुर्गम र विकट इलाकाहरूबाट योग्य महिला उम्मेदवारहरूको अभावले गर्दा वि.सं. २०३२ - ३३ मा यो तालिम बन्द गरियो । त्यस्तै " ख " स्तरको तालिम आठौं कक्षा उत्तीर्ण भएका महिलाहरूलाई दिइन्छ, तर तालिम अवधि १० महिनाको हुन्छ । गाउं घरमा कक्षा ८ पास गरेका छात्राहरू पाउन मुश्किल भएको हुनाले सन् १९७३ मा पोखरामा परिक्षात्मक तवरमा आठ कक्षा पास हुन

बाँकी भएका मनाग र उत्तर गोर्खाबाट १० जना छात्राहरूको लागि यो पदोन्नती पाठ्यक्रम लागु गरियो । आठ कक्षाको पढाई पुरा भएपछि यिनीहरूलाई 'ख' स्तरको प्रशिक्षण मा सामेल गराइयो । त्यस पछि यो पदोन्नती कार्यक्रम पोखरा क्याम्पसमा यथावत चालु गर्दै वि.सं.२०३१ मा धनकुटा क्याम्पसमा र वि.सं.२०३३ मा नेपालगंजमा चालु गरियो । यो कार्यक्रम अन्तरगत दुर्गम क्षेत्रका कमसेकम ५ कक्षा पास गरेका बालिकाहरूलाई जिल्ला सदर मुकाम नजिकको स्कूलहरूमा भर्ना गराइन्छ र आठौं कक्षा पास गरेपछि उनीहरूलाई 'ख' स्तरको प्रशिक्षणमा सामेल गरिन्छ ।

शिक्षक तालिमलाई बढी प्रोत्साहन दिन प्राथमिक स्कूलमा पढ्ने महिला विद्यार्थी हरूलाई प्रोत्साहन दिन विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको छ । उनीहरूलाई सितैमा किताबहरू वितरण गरेको र महिना महिनामा शैक्षिक भत्ता पनि दिइएको छ ।

यस बाहेक काभ्रे जिल्लामा १८ वटा केन्द्रहरूमा चेली बेटीको कक्षाको पनि आयोजना गरेको छ । यो कक्षामा १ - ३ कक्षा पढ्दै छाड्ने छात्राहरूलाई कक्षा संचालन गरिन्छ र उनीहरूलाई प्राथमिक विद्यालयमा भर्ना हुन विभिन्न किसिमका प्रोत्साहन दिइन्छ। अहिले सम्म काभ्रे जिल्लाको १२ वटा केन्द्रबाट धेरैजसो छात्राहरू प्राथमिक विद्यालयमा भर्ना भएका छन् ।

विशेष कार्यक्रम

यो आयोजना अन्तर्गत केही छुट्टै विशेष कार्यक्रमहरू संचालन भएका छन् :

(१) तयारी पाठ्यक्रम :- प्रशिक्षार्थीहरूको शैक्षिक पृष्ठभूमि बलियो पार्न वि.सं. २०३० - ३१ मा 'ख' स्तरको प्राथमिक शिक्षण प्रशिक्षण कार्यक्रमको लागि छानिएका ६५ जना केटीहरूको लागि सात हप्ते तयारी कक्षा संचालन गरिएको थियो । यसमा नेपाली, हिसाब, सामाजिक विज्ञान बारे अध्यापन कार्य गराइयो र प्रशिक्षार्थीहरूले युनिसेफ (UNICEF) बाट भ्रमण भत्ता पाएका थिए ।

(२) प्रौढ साक्षर बारे प्रशिक्षण :- शिक्षा मन्त्रालयको सहयोगबाट यस बारे २ हप्ते प्रशिक्षण कार्यक्रम संचालन गरिएको थियो । उनीहरूलाई पोखराको महिला हरूको छात्राबासमा राखिएको थियो र तलब बाहेक पाकेट खर्च बापत केही रकम पनि दिइएको थियो ।

(३) छात्राबासमा बस्ने केटीहरूलाई आय उपार्जन वृद्धिको कार्यक्रममा पनि संलग्न गराइएको छ । जस्तै सामुदायिक विकास कार्यक्रम जसको अन्तरगत कुखुरा पालन, करेसाबारी आदि पर्दछन् ।

यो आयोजनाको एउटा नीति निर्धारण समिति छ जसमा शिक्षा सचिव अध्यक्षको रुपमा र आयोजनाको सचिव संयोजकको रुपमा छन् । यो समितिमा योजना महाशाखा र प्रशासन महाशाखाका सह–सचिव र शिक्षक प्रशिक्षण महाशाखाको उप–सचिव सदस्य हुन्छन् ।

यस आयोजनाको सल्लाहकार युनेस्को ( UNESCO ) र यूनिसेफ ( UNICEF ) वाट आएका छन् । त्रिभुवन विश्व विद्यालय सित सम्पर्क राख्नको लागि एउटा संयोजक महाशाखाको स्थापना भएको छ ।

यो आयोजना श्री ५ को सरकार र यूनिसेफ ( UNICEF ) को संयुक्त आयोजना मा भएको हुँदा यसको सफल संचालनको लागि आवश्यक कर्मचारी श्री ५ को सरकारवाट र मुख्य आर्थिक सहयोग यूनिसेफवाट प्राप्त भएको छ ।

## महिला विकास शाखा

देशको विकास महिलाहरूको सहभागिता विना असंभव हुने हुनाले महिलाहरूलाई वढी से वढी देशको विकासमा संलग्न गराउने छैठौं योजनाको उद्देश्य अनुरुप वि.सं.२०३८ सालमा पंचायत तथा स्थानिय विकास मन्त्रालयको तालिम अनुसन्धान तथा मूल्यांकन माहाशाखा अन्तर्गत महिला विकास शाखाको स्थापना भयो ।

महिला विकास शाखाको मुख्य उद्देश्य ग्रामीण महिलाहरूमा भइरहेको क्षमतामा वृद्धि गरी उनीहरूको जिवीकोपार्जन तथा आयलाई वृद्धि गर्ने हो । यसको लागि महिला विकास शाखाले ग्रामीण स्तरमा विभिन्न किसिमको तालिम संचालन गर्नुका साथ महिलाहरू सित सम्वन्धित आयोजना तथा स्रोतको संरक्षण गरी महिलाहरूलाई विकास कार्यक्रममा संलग्न गर्नेछ । महिलाहरूको आवश्यकता माथि विभिन्न मन्त्रालयहरू तथा इकाईहरू सित छलफल गरेर उनीहरूको कार्यक्रम र अरु कार्यक्रमहरू सित संयोजन गर्ने, नीति तथा कार्यक्रम हरूको तर्जुमा गर्ने, विभिन्न आयोजनाहरूको सुपरिवेक्षण गर्ने, मूल्यांकन गर्ने ग्रामीण महिलाहरूको आवश्यकता अनुरुप तालिम संचालन गर्ने र विभिन्न महिला कार्यक्रमहरूको जानकारी राख्ने अर्को उद्देश्य छ । यी उद्देश्यहरूको पूर्तिको लागि विभिन्न किसिमका नीतिहरू अपनाई ग्रामीण महिलाहरूको आवश्यकता अनुरूप कार्यक्रमहरू बनाई अरु मन्त्रालयको कार्यक्रमहरू सित संलग्न गर्ने काम महिला विकास शाखाले गर्दछ । निरिक्षण, सुपरिवेक्षण र मूल्यांकन गर्दछ । अल्पकालिन तथा दीर्घकालीन तालिमको आयोजना गर्ने र सरकारी तथा गैरसरकारी इकाईहरू सित सम्वन्ध राख्ने कार्य पनि यहि शाखाले गर्दछ ।

महिला विकास शाखाको जम्मा चार कार्य छन् : जस्तै योजना तर्जुमा गर्ने, कार्यक्रम संचालन गर्ने, परियोजनाको मूल्यांकन गर्ने र श्रम, वचत तथा ग्रामीण प्राविधिमा अनुसन्धान गर्ने । ग्रामीण महिलाहरूका उत्पादन ऋण व्यवस्था कार्यक्रम द्वारा महिला विकास शाखाले

महिला विकासको लागि महिला कार्यकर्ता जिल्ला प्रशासन कार्यालय अन्तर्गत नियुक्त गरेको छ । यी कार्यकर्ताहरूले महिलाहरूलाई विकास कार्यक्रमहरूमा सहभागी हुन उत्प्रेरित तथा सहयोग गर्दछन् ।

महिला विकास शाखाबाट संचालित सबै भन्दा ठूलो परियोजना ग्रामीण महिलाहरूको लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम हो । यो कार्यक्रम संयुक्त राष्ट्र बाल कोष ( UNICEF) को आर्थिक सहयोग तथा नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक तथा वाणिज्य बैंकहरूको सहयोगमा संचालन गरिएको छ । यो कार्यक्रम नेपाल अधिराज्यका ७५ जिल्लामा संचालन गरिने छ । अहिले सम्म लगभग २४ जिल्लामा संचालन गरियो । यो कार्यक्रमलाई बढी प्रभावकारी बनाउन महिला विकास अधिकृतको आवश्यकता हुने भएकोले, विभिन्न जिल्लाहरूमा महिला विकास अधिकृतहरूको नियुक्ति भएको छ । यी महिला अधिकृतहरूले ग्रामीण महिला कार्यकर्ताहरूलाई प्रशिक्षण दिन्छन् । त्यसपछि महिला कार्यकर्ताहरूले आयोजनाको सबै काम गर्दछन् र महिला अधिकृतहरूले सुपरिवेक्षण मात्र गर्दछन् ।

विश्व खाद्य कृषि संगठन ( FAO) को आर्थिक सहयोगमा झापा जिल्लामा ग्रामीण महिलाहरूको लागि जुटमा आधारित अर्थोपार्जन कृयाकलापमा श्रम-बचत कार्यक्रम संचालन भइ ग्रामीण महिलाको सहकारी संस्था स्थापित भएर संचालित भएको छ । ग्रामीण महिलाहरूलाई चाहिने विभिन्न परियोजनाहरूलाई सहयोग गर्ने विश्व खाद्य कृषि संगठन ( FAO) सित कुरा कानी भएको छ ।

अन्तरराष्ट्रिय श्रम संगठन ( ILO ) र महिला विकास शाखाको संयुक्त आयोजनामा काभ्रेपलान्चोकमा महिला घरमुलीहरूको आय आर्जन वृद्धि गर्ने परियोजना शुरू भै सकेको छ । त्यस्तै अन्तरराष्ट्रिय महिला दशकको संदर्भमा इस्क्याप ( ESCAP) को सहयोगमा बाँके जिल्लामा तरकारी खेती र चट्नी आयोजना, ललितपुरमा हाजियरो र सिन्धुली जिल्लामा बाख्रा पालन सीप तालिम आयोजना संचालित छन् ।

महिला विकास शाखाबाट संचालित कार्यक्रमहरूमा परिवार नियोजन सम्बन्धी इकाईलाई बढाउँदै लैजाने संदर्भमा परिवार नियोजन अन्तरराष्ट्रिय सहयोग ( FPIA ) ले सहायता गर्दै आएको छ । वार्तालाप विषयमा कार्यशाला गोष्ठी, अल्लो, जुट तथा अण्डीको रेसा र चोउरीको प्रयोग सम्बन्धमा अनुसन्धान कार्य सम्पन्न भएको छ ।

पंचायत तथा स्थानीय विकास मन्त्रालयद्वारा संचालित विभिन्न एकीकृत ग्रामीण विकास कार्यक्रमहरूमा महिला विकास कार्यक्रमहरू संलग्न गराउने कार्य हुँदैछ ।

यसको नीति तथा उद्देश्यहरू विस्तृत भएता पनि तिनलाई कार्यान्वयन गर्ने यो शाखालाई धेरै अप्ठ्यारो पर्ने जस्तो देखिन्छ । महिला तालिमको संदर्भमा यो शाखाले ज्यादै महत्वपूर्ण भूमिका खेलेको छ, तर अर्को महाशाखाको अन्तर्गत रहनाले हरेक कार्यक्रमहरू

स्वतन्त्र रूपले संचालन गर्न सक्को छैन । तालिम कार्यक्रमहरु संचालन गर्न यसले अरुको स्वीकृति लिनु पर्ने देखिन्छ । महिला विकास शाखाले महिलाहरुको कार्यक्रमहरु अरु मन्त्रालय तथा इकाईहरु सित संलग्न गर्ने भन्ने जुन यसको उद्देश्य छ त्यो पूर्ण रूपले हुन सक्को जस्तो लाग्दैन । महिला विकास शाखा र महिला प्रशिक्षण केन्द्रमा पनि वढी समन्वयको आवश्यक्ता छ ।

पंचायत तथा स्थानीय विकास मन्त्रालय तथा अरु सम्वन्धित निकायमा रहेका महिलाहरुलाई ल्याएर एउटा टेवा दिने तालिम कार्यक्रम संचालन गरिएमा महिला विकास शाखाको उद्देश्य पनि पूर्ति हुने र पछि गएर तालिम कार्यक्रम पनि वढी प्रभावकारी हुने आशा लिन सकिन्छ ।

## नारी सेवा समन्वय समिति

सवै सामाजिक संस्थाहरुको कार्यक्रममा सिलसिला मिलाएर समन्वय कायम राख्ने उद्देश्यले वि.सं.२०३४ मा श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको अध्यक्षतामा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषदको स्थापना भयो । स्थापना भएका सवै सामाजिक संघ संस्थाहरुलाई उनीहरुको क्रियाकलापको आधारमा ६ श्रेणीमा विभाजीत गरियो र प्रत्येक श्रेणीको लागि एउटा छुट्टै समन्वय समितिको स्थापना भयो ।

नारी सेवा समन्वय समिति यिनै ६ समिति मध्ये एक समिति हो । यसको मुख्य क्रियाकलाप महिला संघ संस्थाहरुमा समन्वय कायम राख्नु हो । नारी सेवा समन्वय समितिमा अध्यक्ष लगायत जम्मा १३ जना सदस्यहरु हुन्छन् । यो समितिमा अध्यक्ष लगायत ७ जना व्यक्तिगत स्तरमा मनोनित हुन्छन् र अरु ६ जना नारी सेवा समन्वय समिति अन्तर्गत पर्ने संघ संस्थाहरु जसमा महिला विकास क्रियाकलापहरु भैरहेका छन् त्यसका प्रतिनिधिहरु हुन्छन् ।

नारी सेवा समन्वय समितिले आफ्नो अन्तर्गत रहेका विभिन्न सामाजिक संघ संस्थाहरुको क्रियाकलापको मूल्यांकन, समितिको नीति, योजना र कार्यक्रम गर्नुको साथै ती संघ संस्थाहरुको आम्दानी खर्च लगायत सवै वित्तिय कुरामा सुपरिवेक्षण गर्दछ । यो समितिले सवै महिला सम्वन्धी संघ संस्थाहरुको योजना र कार्यक्रम वारे तथ्यांकहरु संकलन गरी त्यसको आधारमा लघु तथा दीर्धकालिन योजना र कार्यक्रमहरु तयार गर्दछ ।

यो समितिको कार्यक्रमहरु पनि महिला प्रशिक्षण केन्द्रको जस्ता छन् :- सिलाई, बुनाई, कटाई, स्वास्थ र सफाई,परिवार नियोजन, कुखुरा पालन र करेसा वारी ।

यो समितिको कार्यक्रम निम्न प्रकार छन् :

(१) शैक्षिक भत्ता :- स्कूलमा पढ्ने बालिकाहरूलाई उनीहरूको पारिवारिक स्थिति आदिको आधारमा शैक्षिक भत्ता दिइन्छ । अहिले सम्म यो भत्ता २२ जना बालिकाहरूलाई दिइयो ।

(२) शिप विशेष साक्षरता कार्यक्रम :- यो कार्यक्रम इलाम, नेपालगंज र मकवानपुरमा चलाइएको छ ।

(३) यो समितिले आय उपार्जन वृद्धि कार्यक्रमहरू चलाउँदै आएको छ ।

(४) गैर सरकारी संस्थाहरूले सहयोग गरेमा उनीहरूलाई सहयोग पु-याउँछ ।

(५) यो समितिको अरू कार्यक्रमहरूमा साक्षरताको कार्यक्रम पनि राखिएको छ । साक्षर भएपछि महिलाहरूलाई आय उपार्जन वृद्धि कार्यक्रम तिर लगाइन्छ ।

यो समितिको आफ्नो कार्यक्रम बाहेक यू.एन.एफ.पि.ए ( UNFPA ) को परीयोजना पनि छ जस्तै :-

(१) विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूको कार्यक्रमको अनुगमन गर्नको लागि एक कार्यशाला गोष्ठीको आयोजना भएको थियो । काठमाडौंमा सरकारी तथा गैर सरकारी संस्थाहरूको नीतिको बारेमा एक २ दिने कार्यशाला गोष्ठीको आयोजना भएको थियो ।

(२) समन्वय तथा आदान प्रदानको कार्यशाला गोष्ठी काठमाडौंमा संचालन गरीने, काठमाडौंमा सम्पन्न भै सकेको र विराटनगरमा संचालन गर्ने भएको छ ।

(३) महिलाहरूको अध्ययन सम्बन्धी कुराहरू संकलन गर्ने भनेकोमा यो कार्य सम्पन्न भै सक्यो ।

(४) महिला विकास सम्बन्धी त्रैमासिक पत्रिकाको प्रकाशन ।

(५) नेपालगंज र पोखरामा परियोजना बनावट तथा व्यवस्थापन सम्बन्धी क्षेत्रीय स्तरको प्रशिक्षण समाप्त भएको छ ।

(६) ६ वटा जिल्लाहरूमा कस्तो किसिमको घरेलु उद्योग स्थापना गर्न संभव होला भन्ने विषयमा अध्ययन गर्न साझा विकास विभागलाई सहयोग गर्ने ।

(७) सरकारी तथा गैर सरकारी संस्थाहरूको महिला विकास सम्बन्धी कार्यक्रमहरूलाई टेवा दिने तथा समन्वय समिति अन्तर्गत रहेका गैर सरकारी संस्थाहरूको क्रियाकलाप लाई मनीटर गर्ने ।

(८) सीप भएका महिलाहरूले के कारणले गर्दा आफ्नो सीप भन्दा कम आय लुगा उद्योगमा पाउंछन् भन्ने विषयमा अध्ययन गर्ने ।

अहिले सम्म नारी सेवा समन्वय समितिमा ६ वटा गैर सरकारी संस्थाहरू सदस्य भएका छन् ।

नारी सेवा समन्वय समितिलाई विभिन्न अन्तरराष्ट्रिय संघ संस्थाहरूले सहयोग गर्दै आएका छन् ।

## आमा मिलन केन्द्र

नेपाल रेडक्रस सोसाइटी की अध्यक्ष स्वर्गीय श्री ५ अधिराजकुमारी प्रिन्सेप शाहको एस्क्याप ( ESCAP ) को घुम्ती प्रशिक्षण कार्यक्रम विशेषज्ञहरू संग भेट हुंदा भएको छलफलको फलस्वरूप महिला र केटाकेटीहरूको एकीकृत कल्याणकारी योजनाको रूपमा आमा मिलन केन्द्र स्थापना भयो । यो केन्द्रको समुदघाटन अन्तरराष्ट्रिय नारी वर्ष वि.सं.२०३२ मा श्री ५ बडा महारानी सरकारका बाहुलीबाट सुसम्पन्न भयो ।

सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद अन्तरगत नारी सेवा समन्वय समितिको अधिनमा संचालित आमा मिलन केन्द्र एक स्वसासित स्वतन्त्र संस्था हो । अहिले सम्म यसका ३४ शाखाहरू १० जिल्लाहरूमा खोलिएका छन् । धेरै जसो शाखाहरूले १ वा २ वटा परियोजनाहरू संचालन गर्दै आएका छन् । यसका क्रियाकलापहरू परिवार नियोजन परियोजना, आय आर्जन परियोजना नारीको लागि साक्षरता एवं अर्थोपार्जन क्रियाकलाप आदिमा विभाजित छन् ।

## परिवार नियोजन परियोजना

यो परियोजनालाई परिवार नियोजन अन्तरराष्ट्रिय सहयोगले ( FPIA )आर्थिक सहयोग दिंदै आएको छ। यो परियोजना २०३६ साल देखि शुरु भएको हो र आमा मिलन केन्द्रमा आधारित परिवार नियोजन परियोजना ललितपुर, भक्तपुर, कास्की र दाङ्ग गरी जम्मा ४ वटा जिल्लामा संचालन भएको छ । हरेक जिल्लाहरूमा १ जिल्ला वितरण केन्द्र र ५ वटा शाखाहरू छन् । ४ जिल्लाहरूमा गरेर जम्मा १२४ जना महिला कार्यकर्ताहरू छन्, उनीहरू परिवार नियोजन परियोजनाका साधनहरू गाउंका घर दैलोमा पु-याउंछन् र स्थानिय बन्ध्याकरण कार्यक्रममा समेत सघाउ पु-याउंछन् । हाल चलीरहेको कार्यक्रमको लक्ष २६६८ नयां ग्राहक, ७३०० पुराना ग्राहकहरूलाई अस्थायि साधन उपलब्ध गराउने तथा १६०० देखि २००० ग्राहकलाई स्थायि बन्ध्याकरण गराउने तर्फ उत्प्रेरणा गराउने लक्ष रहेकोमा ४५७४ पिल्स, २७६८ कण्डमको सेवा पु-याएको छ र आषाढ मसान्त सम्ममा लक्ष अनुसार प्रगति हुने आशा राखिएको छ ।

वि.सं.२०४२।४३ मा कास्की जिल्लाको पोखरा नगरमा तैयारी पोशाक परियोजना शुरु भएको छ । यसलाई परिवार नियोजन अन्तरराष्ट्रिय सहयोग ( FPIA ) ले आर्थिक सहयोग गर्दै आएको छ । यो परियोजनाले ४००० थान मन्दा वढी तैयारी पोशाक उत्पादन गरी सकेको छ । भविष्यमा यो परियोजनालाई परिवार नियोजन परियोजनाले टेवा दिनेछ ।

आय आर्जन परियोजना

यो परियोजनाको मुख्य उद्देश्य महिलाहरुको आर्थिक उन्नती गर्नु हो । यसले विभिन्न ठाउँमा विभिन्न किसिमका आय आर्जन गर्ने १५ कार्यक्रमहरु संचालन गर्दै आएको छ । यो परियोजनामा जम्मा २०० मन्दा वढी महिलाहरुले रोजगारी पाएका छन् ।

निकट भविष्यमा संचालन हुने परियोजना निम्न प्रकार छन् : जस्तै सुन्तलाको रस उत्पादनको लागि यू.एन.डि.पी.( UNDP ) तरकारी सुकाउनको लागि इस्क्याप ( ESCAP ) ले र अरु सबै परियोजनाहरुको लागि यू.एस.सि.( USC ) क्यानडाले आर्थिक सहयोग प्रदान गरेका छन् । उलन गार्मेन्ट प्रोजेक्ट र प्रदर्शन तथा विक्री कक्ष संचालन गर्नको लागि साप ( SAP ) वाट आर्थिक अनुदान प्राप्त भएको छ ।

नारीको लागि साक्षरता एवं अर्थोपार्जन कार्यक्रम

यो परियोजना २०४२।४३ देखि ललितपुर, भोजपुर र विराटनगरमा संचालन हुँदै आएको छ । प्रथम चरणमा ३०० देखि ३६० महिलाहरुलाई साक्षर बनाउने र २ वटा शिशु स्याहार केन्द्र खोल्ने अनि अन्तमा आय आर्जन कार्यक्रममा महिलाहरुलाई अग्रसर गराउने भएको छ । हाल ७० जना महिलाहरुलाई साक्षर गराई सकेको र शिशु स्याहार सम्बन्धी प्रारम्भिक रुप पनि लिई सकेको छ ।

## व्यावसायिक महिला क्लव

अन्तरराष्ट्रिय व्यावसायिक महिला संगठनवाट प्रेरित भएर ७।८ जना महिलाहरु मिलेर वि.सं.२०३१ सालमा एउटा अस्थायि समिति स्थापना गरे र व्यावसायिक महिला क्लवको शुरुवात भयो ।

तर यो क्लवको विधान सरकारी नियम अनुसार २०३४ सालमा मात्र दर्ता भयो । शुरुमा कार्य संचालन गर्नको लागि ४ जना सदस्यहरुको एक तदर्थ समिति थियो । अहिले यो क्लवमा जम्मा ११ जना कार्यकारि सदस्यहरु ६ जना सह सदस्यहरु (विदेशी कार्यरत महिला) र ४०० जना साधारण सदस्यहरु छन् । यसका शाखाहरु हाल तीन जिल्लाहरुमा छन् । (मकवानपुर जिल्लाको हेटौंडामा, मोरंग जिल्लाको विराटनगर र कास्की जिल्लाको पोखरामा)

यस क्लवको तत्वावधानमा अधिराज्यको चार वटा औद्योगिक क्षेत्रमा दीवा शिशु स्याहार केन्द्रको स्थापना भएको छ (पाटन औद्योगिक क्षेत्र, बालाजु औद्योगिक क्षेत्र, हेटौंडा औद्योगिक क्षेत्र र पोखरा औद्योगिक क्षेत्र) यी दीवा शिशु स्याहार केन्द्रमा २ हप्ताको एक पटक शिशुहरूको आमाहरूलाई मातृ शिशु शिक्षाको कक्षा संचालन गरिन्छ । विभिन्न विशेषज्ञहरूले परिवार नियोजन जनसंख्या, खाद्य पोषण, शिशु तथा आमाको स्वास्थ्य बारे शिक्षा दिन्छन् ।

वि.सं.२०४० साल मंसिर १० गते जनसंख्या आयोगको १ वर्षको आर्थिक अनुदानमा यो क्लवले महिला रोजगारी सेवा संचालन ग-यो । हाल सम्म यो केन्द्रले १६ जना महिलाहरू लाई विभिन्न गैर सरकारी संस्थाहरूमा रोजगारी दिलाउन सफल भएको छ ।

वि.सं.२०४२ सालमा विभिन्न कार्यक्रमहरू संचालन गर्न ४ वटा उप समितिको गठन भयो ती हुन् :- (१) कार्यक्रम योजना उप समिति (२) प्रचार प्रसार उप समिति (३) अनुसन्धान मूल्यांकन उप समिति (४) अर्थ संकलन उप समिति ।

यि कार्यक्रमहरू बाहेक व्यावसायिक महिला क्लवले विभिन्न किसिमको कार्यशाला गोष्ठी र प्रत्येक महिनामा क्लवको सबै सदस्यहरूको भेटघाटको कार्यक्रमको आयोजना गर्दछ ।

यू.एस.ए.आई.डी. ( USAID ) को सहयोगमा निकट भविष्यमा सेक्रेटरियल तालिम तथा कार्यालय व्यवस्थापन कार्यक्रमको संचालन हुने व्यवस्था छ । यो तालिम ५ महिनाको हुनेछ ।

व्यावसायिक महिला क्लवको मुख्य कार्यालय गण वहालमा छ र यसमा एक जना प्रशासक, एक जना वडा लेखापाल, एक जना कार्यक्रम संयोजक, एक जना टाइपिष्ट र २ जना पीउनहरू गरी जम्मा ६ जना कर्मचारीहरू कार्यरत छन् ।

## महिला तथा विकास केन्द्र

महिला तथा विकास केन्द्रको स्थापना पेशेदार महिलाहरूको समुहद्वारा २०४० सालमा स्थापना भएको हो । नेपाली महिलाहरूलाई पुरूष सरह नेपाली समाजको विकासमा अग्रसर गराउने उद्देश्यले यो केन्द्रको स्थापना भएको हो । हालका बाधाहरूलाई हटाइ महिलाहरूलाई सुहाउने वातावरण सृजना गर्न सहयोग पु-याएर देशको विकास कार्यमा महिलाहरूलाई अग्रसर गराउन यो केन्द्र सक्रिय रहने छ ।

उद्देश्य

- महिलासंग सम्वन्धित विषयहरूको अध्ययन तथा अनुसन्धान गरेर प्रतिवेदन तयार पार्ने ।
- महिलाको विकासका लागि अध्ययन गर्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय सहयोग जुटाउने ।
- महिला सम्वन्धी सूचनाहरू एकिकृत गरेर त्यसलाई प्रचार गर्ने ।
- महिला विकासका संस्था वा व्यक्तिलाई सहयोग गर्नु तथा योजना तर्जुमा गर्न सहयोग पु-याउनु ।
- महिला सम्वन्धी शिक्षा कार्यक्रमको आदान प्रदानलाई वढावा दिने ।
- आधुनिक क्रियाकलापमा लागेका महिलाहरूलाई सेवा प्रदान गरेर सहयोग गर्ने ।
- केन्द्रको मुख्य उद्देश्यलाई कार्यरत गर्ने शैक्षिक तथा प्रशिक्षण कार्यक्रमहरूको विकास गर्ने ।

शुरूको २ वर्ष केन्द्रको संचालन यसको ६-७ जना कार्यकारिणी सदस्यहरूको आर्थिक सहयोगवाट भयो । हाल पनि धेरै परियोजनाहरू नआएका हुनाले आर्थिक स्थिति सुदृढ हुन सकेको छैन ।

हाल सम्म यस केन्द्रले निम्न प्रकारका अनुसन्धान कार्य गरेको छ :

(१) महिला र विकास सम्वन्धी सूचनाहरूको संकलन तथा प्रचार - यसमा महिलाहरूको मुख्य क्रियाकलाप तथा उनीहरू सम्वन्धी कार्यक्रमहरूको अंग्रेजीवाट नेपालीमा सारांश अनुवाद ।

(२) विभिन्न माध्यमहरूमा महिला विकास, शिक्षा तथा व्यापारिक संघहरूले महिलाहरूलाई विभिन्न माध्यमहरूमा कसरी प्रयोग गरेका छन् ।

(३) साना किसान विकास परियोजनाको महिला विकास परियोजनाहरूको मूल्यांकन ।

(४) कृषि आधुनिकरणमा महिलाहरूको काम तथा पारिवारिक ढाँचा - कपास खेतीको संदर्भमा महिलाहरूलाई विकासले के कतिको असर पा-यो भन्ने संदर्भमा क्षेत्रिय आधारमा अध्ययन ।

निष्कर्ष र सुझावहरू

ने.म.सं, म.प्र.के, आमा मिलन केन्द्र र नारी सेवा समन्वय परिषद् यी चारैवटा संस्थाको नेतृत्व मुख्यतया माथिल्लो माध्यम वर्गीय परिवारहरूबाट हुने गरेको देखिन्छ । वास्तवमा वि.सं.२००७ को लगतै पछि उनै केही महिलाहरूले नै आलो पालो गरी आजसम्म यी विभिन्न संस्थाहरूको नेतृत्व सम्हालेका छन् । यसो हेर्दा नेतृत्व वर्गको संख्या अनुसारनै संस्थाहरूको संख्या देखा पर्दछ । संघहरूको उद्देश्य राम्रो भएता पनि धेरै तहका वनोट, आंशिक समय काम गर्ने र यथास्थितिमा विश्वास राख्ने नेतृत्व स्थायी आर्थिक स्रोतको अभाव र उस्तै किसिमका कार्यक्रमहरूले गर्दा क्षमता अनुसारको अपेक्षित लक्ष्य हासिल गर्न सकिएको छैन । ने.प.सं. र म.प्र.के.जस्ता संस्थाहरूमा अन्तिम निर्णय गर्ने तहका व्यक्तिहरूको ती संस्थाहरू संग सोझो सम्वन्ध नभएकाले यी संस्थाहरूको लक्षित समूहसंग यी व्यक्तिहरूको सिधा सम्पर्क हुँदैन । फलस्वरूप ग्रामीण आवश्यकता र चाहना बारे राम्रो ज्ञान हुँदैन न आवश्यकता अनुसार समय र नेतृत्व दिन सक्छन् ।

यी संस्थाहरूको वनोट पनि सुधारवादी जागरिलो नेतृत्वको विकास गर्ने खालको छैन । उदाहरणार्थ वर्गीय संगठनको रूपमा ने.म.सं.ले गाउं फर्क विघटन हुनु भन्दा अगाडि यस संग निकटतम सहयोग गरी यसैको सुपरिवेक्षणमा काम गर्नु परेको थियो । गाउं फर्कले सशक्त नेतृत्वको विकासलाई सीमित राखेको थियो । त्यस्तै म.प्र.के.का कर्मचारीहरूले त उच्च तहवाट पारित प्रशिक्षण कार्यक्रमहरू मात्र संचालन गर्दछन् । यी संघ संस्थाहरूमा अधिकार र निर्देशन माथिवाट तल संचार हुने माध्यम छ । तर तलवाट माथि पुऱ्याइने व्यवस्था छैन । फलस्वरूप कार्य संचालनमा अनावश्यक ढिला सुस्ति हुन जान्छ ।

विभिन्न संस्थाहरूले संचालन गरेका कार्यक्रमहरूलाई निम्न विषयहरूमा विभाजित गर्न सकिन्छ । (१) पोषण (२) परिवार नियोजन (३) मातृ शिशु स्वास्थ्य (४) शिप विकास (शिलाई, वुनाई, हातले वुन्ने, कार्पेट वुन्ने, घरेलु हस्तकला) (५) करेसा वारी, र (६) साक्षरता ।

यी सबै कार्यक्रमहरूले नारी वर्गलाई सफल गृहिणी वनाउन मात्र सघाउंछ र ६० प्रतिशत भन्दा वढी ग्रामीण महिलाहरू कृषिमा कार्यरत भएको परिपेक्षमा यी कार्यक्रम हरूले नेपाली नारीलाई आर्थिक दृष्टिले आत्म निर्भर वनाउने संघहरूको अन्तिम लक्ष प्राप्ति मा विशेष योगदान दिने जस्तो देखिंदैन । उसमा पनि धेरैजसो कार्यक्रम श्री ५ को सरकार को नीति र कार्यक्रमहरूको संचालन मात्र हुन यी कार्यक्रमहरू अवश्य उपयोगी र महत्वपूर्ण छन् तापनि महिला वर्गको आवश्यकता र समस्या केलाएर ती पूर्ति गर्ने खालका छैनन् ।

सुफावहरू

उपरोक्त संस्थाहरूको विश्लेषणात्मक अध्ययनवाट यहि स्पष्ट हुन्छ कि हाल विद्यमान संस्थागत वनोट कायमै राखेर पनि केही नयाँ कदमहरूद्वारा ती संस्थाहरूको कार्य संचालनमा सुधार ल्याई लक्ष्य प्राप्तिमा वढी संतोषजनक सफलता हासिल गर्न सकिन्छ । जसको लागि निम्न कदमहरू चाल्न उचित देखिन्छ । स्थानीय सामुदायिक कार्यक्लापमा महिलावर्गको सहभागितालाई प्रोत्साहित गर्नु पर्छ । कुनै सामाजिक अथवा व्यवसायिक संस्थालाई गाउँ, जिल्ला अथवा राष्ट्रिय स्तरमा कार्य संचालन गर्न लगाउनु पर्छ र एक पटक कुनै संस्था अंचलाधीश कार्यालयमा दर्ता भै सकेपछि यसको स्थापनाको लागि नारी सेवा समन्वय परिषद्‌को सिफारिश लिई रहन नपरोस् । हाम्रो जस्तो पुरुष प्रभुत्व भएको समाजमा निश्चित लक्ष्य समूहहरूको स्थापनामा नारी वर्गको सहभागीतालाई विभिन्न अड्चनद्वारा निरूत्साहित गरिन्छ । त्यसैले सुश्री आचार्यले ठिकै भन्नु भएको छ कि महिला वर्ग समेत सम्मिलित गराई भूमिहीन मजदूरहरू, साना किसानहरू जस्ता लक्षित समूहहरूको स्थापनालाई प्रोत्साहित गरेर टेवा दिई विकास गराइनु पर्छ। तलैवाट उठेका यस्ता समूहहरू द्वारा मात्र विकासमा सहभागी हुने निश्चित मौका प्राप्त हुन्छ ।

निर्णय गर्ने तहमा कार्यान्वयन पक्षको लागि जवाफदेही हुने व्यक्तिहरूको पुरा प्रतिनिधित्व भएको छैन । त्यसैले योजना तथा कार्यक्रमहरू वढी व्यवहारिक र ग्रामीण अवस्थामा मूलक वनाउन कार्यान्वयन तहवाट वढी प्रतिनिधित्व गराउने व्यवस्था गरेर निर्णय गर्ने तह र कार्यान्वयन गर्ने तह विचको फासला  कम गर्न सकिन्छ ।

सवैजसो महिला संगठनहरूमा अधिकार केन्द्रीत छ । संगठनहरू सुचारु रूपले संचालन हुन अधिकारको विकेन्द्रीकरण हुनु पर्छ ।

अर्को संगठनात्मक समस्या हो जिम्मेवारीको भावनाको कमी यथासम्भव कुनै पनि योजना कार्यान्वयनको जिम्मेवारी एकै निकायमा रहनु पर्छ । धेरै संगठनहरूको कार्यक्रमहरू उस्तै उस्तै किसिमको र शहरमुलक छन् र ग्रामीण अवस्था र आवश्यक्तासंग सम्वन्धित हुँदैन । यी समस्याहरू समाधान गर्न तलका कदमहरू उठाउन सकिन्छ ।

प्रत्येक संस्थाले आफ्नो लक्ष्य र उद्देश्य किटान साथ निश्चित परिमाणमा व्याख्या गर्नु पर्छ । महिलालाई आत्म निर्भर गर्ने भनेर सामान्य व्याख्या मात्र नगरि कै कुन कार्यक्रमद्वारा कहाँ कति सम्म स्वावलम्वी गर्ने हो निश्चित गरेर सोही वमोजिमको कार्यक्रम वनाउनु पर्छ । यो अनुसार भयो भएन नारी सेवा समन्वय परिषद्‌ले सुपरिवेक्षण गर्नु पर्छ ।

महिला वर्गलाई स्वावलम्वि वनाउन विभिन्न विषयहरूमा तालिम प्रशिक्षण मात्र दिएर पुग्दैन । बुनाई सिलाई जाने पछि उनीहरूलाई कच्चा पदार्थको उपलब्धता, उत्पादनको वजारको व्यवस्था जस्ता कुराको पनि वन्दोवस्त गरिनु आवश्यक छ । कृषिमा नारी वर्गको

दैन पुरुष मन्दा कमछैन, त्यसैले कृषि बारे नारी वर्गलाई पनि उचिकै तालिम दिइनु पर्छ जुन कि आजसम्म उपेक्षित छ । कृषिको नयाँ नयाँ तरिका र ज्ञान बारे नारी वर्गलाई आवश्यक प्रशिक्षणद्वारा सुसज्जित पार्नु अति आवश्यक छ ।

आर्थिक श्रोतको कमि पूरा गर्न यी संस्थाहरूले विभिन्न कार्यक्रमबाट आफ्नै स्थायी आर्थिक श्रोतको व्यवस्था गर्न सक्नु पर्छ। अनि स्थानीय पंचायतहरूसित राम्रो सम्बन्ध स्थापित गरेर ती पंचायत निकायहरूबाट पनि यथा योग्य सहयोग प्राप्त गर्न सक्षम हुनु पर्छ । आखीर ती संस्थाहरू सबै प्रतिस्पर्धामा हैन परि-पूरकको रूपमा कार्य गर्दै जानु पर्छ ।

पंचायत तथा स्थानीय विकास मन्त्रालयको महिला विकाश शाखाद्वारा गरिएका कार्यहरूलाई सरकारी स्तरमा देखाइएको चासोको रूपमा लिन सकिन्छ । यस माध्यमबाट स्थानीय विकाश कार्यमा महिलाहरूको सहभागिता बढाउन सकिने ठूलो सम्भावना देखिन्छ ।



महिला प्रौढ शिक्षा कार्यक्रम

## नेपाली महिलाहरूको सांखिक चित्रण:एक सारांश

## सामान्य जनसंख्या सम्बन्धी विशेषता

नेपालको जनसंख्या २०२८ सालमा १ करोड १५ लाख ६० हजार थियो । त्यस पछिको दशकमा जनसंख्याको वृद्धिदर करीब २.२ प्रतिशत अनुमान गरिएको थियो, जस अनुसार २०३३ सालमा नेपालको जनसंख्या १ करोड ३० लाख पुगेको अनुमान छ । २०२८ सालमा सरदर जनघनत्व प्रति वर्ग किलोमिटर ८१ व्यक्ति थियो । सब मन्दा बढी जनघनत्व भौगोलिक क्षेत्र अनुसार तराई क्षेत्रमा देखिन्छ भने उत्पादन योग्य भूमि अनुसार मध्य पहाडी क्षेत्रमा देखिन्छ ।

२०२८ सालको जनगणना अनुसार नेपालमा महिलाहरूको मध्य ( Medium ) उमेर पुरूषहरूको मन्दा केही बढी थियो । यसो हुनुको मुख्य कारण स्वास्थ्य सुविधाको राम्रो व्यवस्थावाट जीवन अवधि वढ्न गएर नभै यहांको शिशु मृत्यु दर निकै बढी भएको र कुल जनसंख्यामा वालक-वालिकाको अनुपात कम भएको हुनाले हो ।

२०२८ सालमा कुल पुरूष संख्याको ४०.६१ प्रतिशत पुरूष १५ वर्ष मन्दा कम उमेरका थिए भने कूल महिला संख्याको ३६.६८ प्रतिशत महिला १५ वर्ष मन्दा कम उमेरका थिए । त्यस्तै गरी कूल पुरूष संख्याको ५.३५ प्रतिशत पुरूष र कुल महिला संख्याको ५.८८ प्रतिशत महिला ५६ वर्ष मन्दा माथिका थिए ।

लिंगको अनुपात अनुसार जनसंख्याको वनोटलाई हेर्ने हो भने २०२८ सालमा कुल जनसंख्याको ४६.३ प्रतिशत महिला थिए । २०३२ सालमा यो अनुपात अझै वढेर प्रति १०० महिला वरावर १०३.२० पुरूष हुन गएको अनुमान गरिएको छ । साथै सोही वर्षको सर्वेक्षण अनुसार महिला शिशुहरूको मृत्यु दर पुरूष शिशुको मन्दा कम थियो जबकि २०३३ सालको सर्वेक्षणले महिला शिशुको मृत्युदर नै बढी थियो भन्ने देखाउँछ । २०३३ सालको नेपाल प्रजनन सर्वेक्षण प्रतिवेदनले विवाहित महिलाहरूको कुल प्रजनन् दर प्रति महिला ६.१ बच्चा देखाएको छ । नेपाली महिलाहरू ३४ वर्षको उमेर पुग्दा ४.२ बच्चा जन्माइ सकेका हुन्छन् । प्रति हजार जीवित जन्ममा १५२ शिशुको मृत्युदर सम्पूर्ण एशिया क्षेत्रमा नै निकै वढी हो ।

---

मीना आचार्यद्वारा लिखित तथा पदम नाथ तिवारीद्वारा अनुवादित नेपाली महिलाहरूको सांखिक चित्रण: एक समालोचनात्मक समीक्षा, नेपालमा महिलाहरूको मर्यादा स्तर-पृष्ठभूमि प्रतिवेदन, खण्ड १, भाग १,सेडावाट गोविन्द प्रसाद रेग्मीले सारांश गर्नु भएको ।

नेपाल प्रजनन् सर्वेक्षण प्रतिवेदन अनुसार ३.४ प्रतिशत विवाहित महिलाहरूले मात्र कुनै एक परिवार नियोजनको साधन अपनाएका छन् जबकि ६५.६ प्रतिशतले कुनै पनि साधन नअपनाएको देखिन्छ । बढी विकशित क्षेत्रहरूमा गरिएको सामाजिक परिधि सर्वेक्षण अनुसार १३ प्रतिशत बाहुनी र नेवार्नी महिलाहरूले परिवार नियोजनका अस्थायी साधन प्रयोग गरेका थिए भने मुसलमान्नी र थरूनी महिला मध्ये कसैले कहिल्यै पनि त्यस्तो साधन प्रयोग गरेको देखिन्दैन ।

समष्टिगत रूपमा हेर्दा नेपाल विकासको पूर्व चरणमा भएको देश हो र यहाँको जनसंख्याको प्रमुख लक्षणहरूमा बढो प्रजनन दर, बढी मृत्यु दर, छोटो अनुमानित आयु र बढी युवक संख्या पर्दछन् ।

## सामाजिक विशेषताहरू

नेपाली महिलाहरूको महत्वपूर्ण विशेषताहरू मध्ये सानो उमेरमा विवाह हुनु, बढी प्रजनन् दर हुनु र परिवारमा धेरै सदस्य हुनु हुन् । साधारणतया नेपाली महिलाहरूको सानो उमेरमा नै विवाह हुन्छ र तीस वर्ष पुग्दा नपुग्दै २.३ बच्चाहरूको आमा भै सकेका हुन्छन् । नेपाली परिवारको औसत सदस्य संख्या २०१८ सालमा ५.३ व्यक्ति थियो र २०२८ सालमा ५.५३ व्यक्ति थियो । २०२८ सालमा विवाह गर्ने औसत उमेर नेपाली महिलाहरूको १६.८ र पुरूषहरूको २०.६ वर्ष थियो । यी औसत उमेरहरू भारत र फिलिपिन्सका महिला र पुरूषको औसत उमेर भन्दा निकै नै कम छ ।

२०२८ सालको जनगणना अनुसार ६२ प्रतिशत महिलाहरू र ६६.८६ प्रतिशत पुरूषहरू २०-२४ वर्षको उमेर भित्र विवाहित भै सकेका हुन्छन् । सानो उमेरमा विवाह गर्ने प्रथा क्रमशः घट्दै गएको देखिन्छ । २०१८ र २०२८ सालको जनगणना तथ्यांकलाई तुलनात्मक दृष्टिले हेर्दा ६ देखि १६ वर्षको उमेरमा विवाह गर्ने पुरूष र महिलाको संख्या घटेको देखिन्छ । ६ देखि १० वर्षका महिला मध्ये विवाहित महिलाको प्रतिशत ५.३३ बाट घटेर २.३५ प्रतिशत भएको देखिन्छ । कम उमेरमा विवाह हुने महिलाको अनुपात पहाडो र काठमाडौं उपत्यकामा भन्दा तराई क्षेत्रमा बढी र बाल विवाहको घटना चाहि पहाडी र तराई क्षेत्रमा भन्दा काठमाडौं उपत्यकामा बढी देखिनु आश्चर्य लाग्दो छ ।

हिन्दू संस्कृति अनुसार उच्च जातिका नेपाली महिलाहरू माथि जो बाल विवाह, बढी प्रजनन दर, बढी मृत्यु दर र कम आयुबाट प्रभावित छन्, विधवा भएको खण्डमा आफ्नो पतिको कुलको पवित्रता कायम राख्नका लागि अर्को विवाह नगरी बस्नु पर्ने प्रतिबन्ध पनि छ । हिन्दू संस्कृतिमा पुनर्विवाह कठिन छ र त्यस्तो कार्यलाई निम्नस्तर

को मानिन्छ । महिला संख्याको करिव १.११ प्रतिशत महिला २४ वर्षको उमेर भित्र विधवा हुन्छन् । ४० देखि ४४ वर्षका महिला मध्ये १२.१० प्रतिशत महिला विधवा भएको देखिन्छ । क्षेत्रिय दृष्टिवाट काठमाडौं उपत्यकामा र तराई क्षेत्रमा विधवा दर केही वढी छ, जवकि पारपाचुके गर्ने दर सवमन्दा वढी हिमाली क्षेत्रमा र त्यसपछि काठमाडौंमा छ । तराई क्षेत्रका महिलाहरुमा पारपाचुके गर्ने दर सव मन्दा कम अर्थात ०.१४ प्रतिशत छ । काठमाडौं र तराई क्षेत्रका महिला मध्ये माथिल्लो उमेरमा वढी विधवा दर देखिनु सायद हिमाली र पहाडी क्षेत्रमा विधवा भै सकेपछि पनि विवाह गर्ने चलन वढी भएर हुन सक्छ ।

शिक्षा क्षेत्रमा पनि पुरुष र महिला साक्षरता दर वीच ठूलो अन्तर छ । २०२८ सालको जनगणना अनुसार १० वर्ष र सो मन्दा माथिका पुरुष संख्याको २४.७२ प्रतिशत पुरुषहरु साक्षर थिए भने सोही उमेर समूहका महिला मध्ये केवल ३.६६ प्रतिशत महिलाले लेखपढ गर्न सक्ने देखिएको छ ।

तालिका नं. १

साक्षरता दर

(१० वर्ष र सो मन्दा माथिका संख्याको प्रतिशतमा)

| | २००८।११ | २०१८ ++ | | | २०२८ ++ | | | २०३२ + |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | शहरी | ग्रामीण | कूल | शहरी | ग्रामीण | कूल | |
| पुरुष | ८.३ | ५७.१० | १४.६२ | १६.३६ | ६१.५७ | २२.६४ | २४.७२ | ३३.२ |
| महिला | ०.७ | १६.२८ | १.१४ | १.७६ | २६.४१ | २.७१ | ३.६६ | ५.२ |
| समष्टिगत रुपमा | ४.० | ३६.७३ | ७.६८ | ८.६२ | ४५.८५ | १२.६१ | १४.३२ | १६.२ |

स्रोत : राष्ट्रिय जनगणना, २००८।११

\+ + स्तरीकरण नगरेको

\+ राष्ट्रिय शिक्षा समितिको अनुमान, २०३४

गत दुई दशक (२००६।११ - २०२८) मा पुरूषहरूको साक्षरता दर ८.३ प्रतिशत वाट २४.७२ प्रतिशत पुगेको छ । सोही अवधिमा महिलाहरूको साक्षरता दर ०.७ प्रतिशत वाट ३.६६ प्रतिशत भएको छ । सम्वत् २००६।११ मा महिलाहरूको साक्षरता प्रतिशत अति कम भएकोले साक्षरता वृद्धि दर वढी देखिएको हो । महिलाहरूको साक्षरता वृद्धि दर वढी भए तापनि साक्षर महिलाको प्रतिशत ३.६६ मात्र पुगेको छ, जुन पुरूषको तुलनामा अति कम छ । राष्ट्रिय शिक्षा समितिको अनुमान अनुसार २०३२ सालमा महिलाको साक्षरता दर ५.२ प्रतिशत र पुरूषहरूको ३३.२ प्रतिशत थियो ।

लिंग अनुसारको साक्षरता दरको भिन्नता घट्दै गएको छ । तापनि साक्षर पुरूष संख्या र साक्षर महिला संख्या बीचको फरक अफै प्रशस्त छ । महिलाहरू औपचारिक शिक्षामा अफै धेरै पछाडी छन् । पाँच वर्ष र माथिका महिलाहरू मध्ये न्यूनतम प्राथमिक तहको शिक्षा पुरा गरेका महिलाको प्रतिशत २००७ सालमा ०.०४ थियो भने उक्त प्रतिशत वढेर २०१८ सालमा ०.६१ पुगेको देखिन्छ । उक्त प्रतिशत २०१८-२०२८ को दशकमा भने निकै कम मात्रामा वृद्धि भएर २०२८ मा जम्मा ०.६५ प्रतिशत पुगेको छ । पुरूषहरू तर्फ भने साक्षरता वृद्धि उल्लेखनीय रूपले भएको छ । प्राथमिक तहको शिक्षा पुरा गरेका पुरूषहरूको प्रतिशत २००७ सालमा ०.५२ भएकोमा २०१८ सालमा ३.८१ र २०२८ सालमा ५.४८ भयो । पुरूष महिला दुवै थरीको निरक्षर संख्या सम्वत् २००६।११ देखि २०२८ सम्म घटेको थियो तर २०१८ र २०२८ को अवधिमा निरक्षरको संख्या वास्तवमा वढ्यो ।

एकातर्फ उच्चतहको शिक्षा प्राप्त गरेकाहरूको संख्या ज्यादै कम छ भने अर्को तर्फ छात्राहरूको भर्ना दर पनि त्यत्ति वढेको छैन । प्राथमिक र माध्यमिक तहमा भएको कूलभर्ना मध्ये २०२२ सालमा छात्राहरूको प्रतिशत १४.२ र २०२३ सालमा १६.४ थियो । यसरी छात्राहरूको भर्ना संख्या प्रति दुई वर्षमा एक प्रतिशतका दरले वढेको देखिन्छ ।

## राजनैतिक अभिव्यक्ति

गाइलेका अनुसार महिलाको राजनैतिक अभिव्यक्ति भन्नाले समुदायको निर्णयहरू मा सहभागी हुने मताधिकार प्रयोग गर्ने, पुरूषहरू सरहने सम्पत्तिको स्वामित्व राख्ने अथवा सार्वजनिक अड्डाहरूमा जागिरे हुन सक्ने अधिकारलाई जनाउँछ । यसका अतिरिक्त गाइलेले अरू दुई वटा सूचकहरू सुफाव गरेका छन्, जस अनुसार अधिकांश महिलाहरूले पुरूष हरूको तुलनामा अन्याय परेको कुराहरू अथवा असन्तुष्टहरू स्पष्ट रूपले दर्शाएका छन् छैनन् कुराहरूको समेत मूल्यांकन हुनु पर्दछ ।

यदि राजनैतिक अभिव्यक्तिलाई चुनावमा सहभागी भएर शासन व्यवस्था चलाउने र सरकारी आह्वदामा रहनुलाई मान्ने हो भने नेपाली महिलाहरूको राजनैतिक सहभागिता अति कम देखिन्छ ।

महिलाहरूले चुनावमा कत्तिको भाग लिन्छन् भन्ने बारेका तथ्यांकहरूको अभावमा ग्रामीण तहमा उनीहरूको राजनैतिक सहभागिता विषयमा लेख्न अति कठिन छ । देशको सर्वोच्च विधायीका राष्ट्रिय पंचायतको कूल १३५ सदस्यहरू मध्ये तीन सदस्यहरू मात्र महिला थिए । २०३८ सालमा सम्पन्न निर्वाचन परिणामले, गाउं र नगर पंचायतहरूका २२,३६५ सदस्यहरू मध्ये केवल २००५ अर्थात ६ प्रतिशत महिला सदस्य भएको दर्शाउंछ । जिल्ला पंचायतका ५७५ सदस्यहरू मध्ये ४१ अर्थात ७ प्रतिशत मात्र महिला छन् ।

महिलाहरूको राजनैतिक ज्ञानको अवस्था बुझ्ने क्रममा उनीहरूलाई श्री ५ महाराजाधिराज सरकार बाहेक अरू कुनै ५ राष्ट्रिय व्यक्तित्वको नाउं भन्न लगाइएको थियो। करिब १.५ प्रतिशतले एक जवान सम्म नेतृत्व दिने व्यक्तिको नाउं बताउन सके र ४ जना महिलाले मात्र एक जना भन्दा बढी राष्ट्रिय व्यक्तित्वको नाउं भन्न सके । एक जनाको नाउं भन्न सक्ने महिलाहरू मध्ये १२ जनाले मात्र ती व्यक्तिहरूको कामको विवरण समेत दिन सके । यसरी सामाजिक परिधि सर्वेक्षणले नेपाली ग्रामीण महिलामा राजनैतिक चेतना अति नै कम भएको देखाउंछ ।

## आर्थिक विशेषताहरू

### आर्थिक गतिविधिको दर

उपलब्ध श्रम शक्तिको करीब आधा हिस्सा महिला क्षेत्रबाट प्राप्त हुन्छ । यति ठूलो जनशक्तिको राम्रो परिचालन हुन नसक्नु राम्रो कुरा होइन । २०२८ सालमा आर्थिक दृष्टले सकृय कूल ४६ लाख जनसंख्या मध्ये २६ प्रतिशत महिला थिए । तालिका नं.२ बाट यो स्पष्ट हुन्छ ।

तालिका नं.६

लिंग अनुसार आर्थिक दृष्टिले सक्रिय जनसंख्या

(हजारमा)

| | २००६।११ | | २०१८ | | २०२८ | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| पुरुष | २,४६० | ५६.२ | २,५६४ | ५६.५ | ३,४३४ | ७०.८ |
| महिला | १,६३६ | ४०.८ | १,७४३ | ४०.५ | १,४१८ | २६.२ |
| कूल | ४,१५३ | १००.० | ४,३०७ | १००.० | ४,८५२ | १००.० |

स्रोत : राष्ट्रिय जनगणना, २००६।११, २०१८ र २०२८

श्रम शक्तिमा महिलाहरुको सहभागिता दर २००६।११ सालमा ५२.६ प्रतिशत थियो, जुन घटेर २०२८ सालमा ३५.१ प्रतिशत भयो । तर त्यो दर २०१८ सालमा भने ५६.४ प्रतिशत थियो । यसो हुनुमा जनगणनामा अपनाइएको श्रम शक्तिको परिभाषाको संकिर्णताले गर्दा हो ।

नेपाली अर्थ व्यवस्था तुलनात्मक दृष्टिले निकै पिछडिएको र पहाडी तथा हिमाली क्षेत्रको कठोर अवस्थाले गर्दा आफ्नो परिवारको जीविका धान्नका लागि पनि घरका सबै सदस्यले अत्यधिक परिश्रम गर्नु पर्दछ । पुरुषहरु नगदी आम्दानीका लागि अन्यत्र जान्छन् भने महिलाले घरको कृषि व्यवसाय चलाउँदछन् । २०२८ सालमा महिलाहरु को गतिविधि दर पहाडी क्षेत्रमा ३६ देखि ५८ प्रतिशत थियो भने तराईमा सो दर ६ देखि २२ प्रतिशत सम्म थियो ।

तराईका महिला भन्दा पहाडी महिलाहरु निर्धक्क र स्वतन्त्र रुपले कार्यरत हुन्छन् । यसो हुनुको कारण पहाडी घरहरुमा धेरै जसो पुरुषहरु अनुपस्थित हुने हुनाले होला ।

निर्वाहक अर्थ तन्त्रमा ( Subsistance Economy ) बहुसंख्यक जनताको मुख्य आर्थिक गतिविधि नै घरायसी खपत (Use Value ) का वस्तु उत्पादन गर्ने हो ।

सकृय जनशक्तिमा घरायसी खपतका वस्तु उत्पादन गर्ने व्यक्तिहरू समावेश नभएको श्रमशक्ति सम्बन्धी तथ्यांकले योजना तर्जुमा गर्ने कार्यमा सघाउ पु-याउंदैन । आधुनिक औद्योगिक अर्थ व्यवस्थामा घरायसी खपतका वस्तुको उत्पादनवाट आर्थिक आवश्यकताको सानो भागमात्र प्रत्यक्ष रूपले पूर्ति गरिएको हुन्छ । नेपालमा भने अर्थ तन्त्रको करीव ४० प्रतिशत भाग अफै मौद्रिकरण ( Monetized) भएको छैन । यी अवस्थाहरूमा घरायसी प्रयोगका वस्तु उत्पादन गर्ने काममा व्यस्त रहेका जनसंख्यालाई सकृय श्रम शक्तिमा समावेश नगरिनु अति नै धोखा पूर्ण हुन्छ ।

औद्योगिक र पेशागत वर्गीकरण

आर्थिक दृष्टिले सकृय जनसंख्याको सानो अंश मात्र गैह्र कृषि क्षेत्रमा संलग्नछ । यसमा पनि पुरूष र महिला वीच रोजगारीको परिपाटी उल्लेखनिय किसिमले फरक छ । सकृय महिलाको ९८ प्रतिशत भन्दा वढी कृषिमा आधारित छन् । गैर कृषि क्षेत्रमा संलग्न हुनेहरू मध्य अधिकांश निजी र सामुदायिक सेवामा कार्यरत छन् । व्यापार र वस्तु पैदा गर्ने ( Manufacturing ) क्षेत्रवाट सकृय जनसंख्याको करीव १ प्रतिशतलाई रोजगारी मिल्छ । महिलाहरूलाई रोजगार दिने सन्दर्भमा अन्य क्षेत्रको भूमिका नगण्य छ । आर्थिक दृष्टिले सकृय व्यक्तिहरू मध्ये गैह्र कृषि क्षेत्रमा रोजगार पाएका महिलाहरूको प्रतिशत २००९।११ सालमा ३.७५ भएकोमा सो घटेर २०२८ सालमा १.८३ भयो र सोही किसिमले निर्माण क्षेत्रमा पनि घटेको पाइन्छ । यसरी तीव्ररूपले घट्न गएको कारण २०२८ सालमा अपनाइएको परिभाषा वढी अनुदार भएको हुनाले हुन सक्तछ ।

औद्योगिक क्षेत्रमा रोजगारी गर्ने महिलाहरूको संख्यामा भएको ह्रास अफ वढी टड्कारो छ । २००९।११ सालको जनगणनामा औद्योगिक कामदारहरू मध्ये ३४ प्रतिशत महिला थिए भने २०२८ सालमा सो १३ प्रतिशत मात्र भयो । १४ लाख महिलाहरू कृषि क्षेत्रमा र २६ हजार महिला गैह्र कृषि क्षेत्रमा संलग्न छन् । तालिका नं.३ ले यस वारे प्रकाश पार्दछ ।

तालिका न.३

मुख्य मुख्य व्यवसाय अनुसार श्रमिकहरूको संख्या (हजारमा)

| | | | |
|---|---|---|---|
| कृषि | २००६।११ | २०१८ | २०२८ |
| पुरूष | २,२६१ | २,३५१ | ३,१८७ |
| महिला | १,६२९ | १,६८८ | १,३९२ |
| कूल | ३,८९० | ४,०३९ | ४,५७९ |
| गैह्र कृषि | | | |
| पुरूष | १९९ | १९० | २४७ |
| महिला | ६४ | ४३ | २६ |
| कूल | २६३ | २३३ | २७३ |

कृषि श्रम शक्तिमा ३०.४० प्रतिशत महिलाहरू छन् भने गैह्र कृषि क्षेत्रको खाली ६.५२ प्रतिशत कामदारहरू मात्र महिला छन् । अन्य क्षेत्रका कामदारहरूको तुलनामा कृषि क्षेत्रमा काम गर्ने व्यक्तिहरूको मर्यादा स्तर कम हुने सन्दर्भमा विचार गर्दा महिला हरूको यस्तो धेरै संख्या कृषि क्षेत्रमा केन्द्रित भएको तथ्यले पुरूष श्रमिकको तुलनामा महिला श्रमिकहरूको आर्थिक स्तर कम छ ।

पेशागत रूपमा हेर्दा महिलाहरू कृषिमा वाली खेती र माछा मार्ने तथा गैह्र कृषिमा खासगरी ज्यामी र विक्री वा सेवा प्रदान गर्ने कामदारको समूहमा पर्दछन् । केही महिलाहरूले व्यवसायिक र प्राविधिक पद पनि ओगटेका छन् तर यी क्षेत्रमा उनीहरू को भूमिका अति कम छ । २०२८ सालको जनगणनावाट निकै कम महिला मात्र प्रशासनिक पदमा वहाली भएको देखिएको छ । २०२८ सम्ममा नीति तर्जुमा गर्ने स्तरमा कुनै पनि महिला थिएनन् र हाल सम्म पनि यस दिशा तर्फ खास उल्लेखनीय परिवर्तन भएको देखिन्दन । सरकारी सेवामा रहेका महिलाहरूको प्रतिशत २०३५ आषाढमा २.६२ मात्र थियो । त्यसमा पनि सामान्य प्रशासनको नीति निर्धारण गर्ने माथिल्लो स्तरमा कुनै

पनि महिला कर्मचारी थिएनन् । प्राविधिक समूहमा खाली चार वटा महिलाले मात्र प्रथम श्रेणीको पद पाएका थिए ।

सरकारी र अर्ध सरकारी संस्थानहरूमा भने महिलाहरूको सहभागिता केही राम्रो देखिन्छ । यस क्षेत्रमा काम गर्ने महिलाहरू मध्ये बढी महिलाहरू राजपत्रांकित स्तरको तल्लो तहमा र राजपत्र अनंकित स्तरको माथिल्लो तहमा केन्द्रित छन् । यस्ता जागिरे महिलाहरू मध्ये धेरै जसो मध्यम वर्गका शहर वासी छन् ।

धेरै तलब पाउने र गौरबशाली पदहरू प्राय: सानो प्रतिशत मात्र महिलाले ओगटेका छन् । २०२८ सालमा कूल डाक्टर संख्याको १७ र नर्स लगायत अरू बाँकी चिकित्सा व्यवसायी संख्याको २८ प्रतिशत महिला थिए । यस्तै गरी थोक विक्रेताको ८.८६ प्रतिशत, खुद्रा विक्रेताको १२ प्रतिशत, कृषि व्यवस्थापक संख्याको ४.४ प्रतिशत र कृषक एवं शिकारीको ३१ प्रतिशत महिला थिए । उप-प्राध्यापक र प्राध्यापकको सामूहिक वर्गीकरण अनुसार ती पदहरूको १५.६६ प्रतिशत पदहरूमा महिलाहरू रहेको देखिए तापनि कुनै पनि प्राध्यापक पदमा महिलाहरू नभएको तथ्य स्पष्ट भएको छ । २०३४ मा देशका कूल वैज्ञानिक तथा प्राविधिक जनशक्तिको करिब ८ प्रतिशत महिला भएको तथ्यांक उपलब्ध छ ।

महिलाहरूको सहभागिता चिकित्सा क्षेत्रमा सबभन्दा बढी छ (२१.७८ प्रतिशत) प्राकृतिक विज्ञान क्षेत्रमा कूल जनशक्तिको १६.३३ प्रतिशत महिलाहरूले प्रतिनिधित्व गर्दछन्। महिलाहरूको अनुपात इन्जिनियरिङ० (०.६५ प्रतिशत) र कृषि विज्ञान (१.८४ प्रतिशत) क्षेत्रमा सबभन्दा कम छ । देशमा एउटा महिला पनि पशु चिकित्सक अथवा शिल्प शास्त्री (Techonologists) छैनन् ।

## रोजगारीको स्तर र काम गर्ने अवस्था

अपर्याप्त तथ्यांकको कारणले काम गर्ने अवस्था, रोजगारी, औद्योगिक क्षेत्र भित्र को पारिश्रमिक र महिला कामदारहरूको संख्या आदि बारे चित्रण गर्न कठिन छ । २०२८ सालको राष्ट्रिय जनगणना अनुसार नेपालको कूल सकृय पुरूष संख्याको ०.४५ प्रतिशतले अरूलाई काम लगाउने थिए भने कूल सकृय महिला संख्याको ०.२१ प्रतिशत मात्र रोजगारी दिने वर्गीकरणमा पर्दथे । पुरूषहरू भन्दा बढी महिलाहरू निजी काम गर्ने र काम सघाउने वर्गीकरणमा केन्द्रित भएको देखिन्छ ।

उमेर समूह अनुसारको रोजगारी तथ्यांकहरूले धेरै जसो काम सघाउने पुरूषहरू २० वर्ष भन्दा कम उमेरका भएको देखाउँछ । उमेर बढ्दै गएपछि पुरूषहरू आम्दानी हुने रोजगारीमा लाग्दछन् र क्रमश: बढी आम्दानी हुने रोजगारी हासिल गर्दछन् । २०२८ सालमा माथिल्लो उमेर समूहका आर्थिक दृष्टिले सकृय पुरूषहरू मध्ये एक भन्दा पनि कम प्रतिशत मात्र काम सघाउने वर्गमा पर्दथे ।

पुरूषहरूको तुलनामा महिलाहरूको लागि कम रोजगारीका अवसर प्राप्त हुनु महिला श्रम शक्तिको निम्न शैक्षिक स्तरले पनि हुन सक्छ । २०२८ सालको जनगणना अनुसार महिला श्रम शक्तिको ९८.९६ प्रतिशतले कुनै पनि विद्यालयमा पढेका थिएनन् भने पुरूष श्रम शक्तिको ९१.९१ प्रतिशतले मात्र विद्यालयमा पढेका थिएनन् । महिला श्रमशक्तिको १.०४ प्रतिशत शिक्षित महिला मध्ये ०.६४ प्रतिशतले प्राथमिक विद्यालय र ०.३२ प्रतिशतले माध्यमिक विद्यालय पुरा गरेका थिए । यसरी माध्यमिक विद्यालय भन्दा माथिको शिक्षा पाएको महिला श्रम शक्तिको प्रतिशत ०.०८ मात्र थियो ।

नेपालमा आर्थिक दृष्टिले सकृय महिला संख्याको ६७ प्रतिशत विवाहित र ८ प्रतिशत विधवा वा सम्वन्ध विच्छेद भएको देखिएको छ । क्षेत्रीय दृष्टिकोणले हेर्दा नेपालमा आर्थिक दृष्टिले सकृय महिला जनसंख्या मध्ये विवाहित महिलाहरूको सबभन्दा धेरै प्रतिशत तराई क्षेत्रमा देखिन्छ । काठमाडौं उपत्यकामा कामदार महिलाहरू मध्य विवाहित महिलाको प्रतिशत सबभन्दा धेरै देखिन्छ ।

कामदार महिलाहरू मध्ये धेरै प्रतिशत विवाहित हुनु उच्च जातिका हिन्दू समूहमा सम्वन्ध विच्छेदको सामाजिक अस्वीकृति र परिवारको जीविका चलाउन महिलाहरूले धेरै काम गर्नु पर्ने आवश्यकताको परिणाम हो । नेपालको श्रम शक्तिमा अधिकांश विवाहित महिलाहरू भएवाट नेपाली अर्थ व्यवस्थामा पारिवारिक उत्पादनको भूमिका तुलनात्मक दृष्टिले ज्यादै महत्वपूर्ण भएको र अधिकांश महिलाहरूले घरायसी कामका साथै आर्थिक कार्य समेत गर्ने कुरा स्पष्ट हुन्छ । अर्को तर्फ, नेपालको पहाडी क्षेत्रको तुलनामा तराई क्षेत्रको श्रम शक्तिमा विवाहित महिलाहरूको प्रतिशत धेरै हुनु तराईका हिन्दूहरूमा सानै उमेरमा विवाह गर्ने प्रथा यद्यपि मौजूद भएको सूचक हो । सारांशमा निम्न निष्कर्ष देखिन्छ :

(क) महिलाहरू कम आम्दानी हुने पेशामा केन्द्रित छन् ।

(ख) उनीहरूले कृषि क्षेत्रमा गरेको योगदानलाई राष्ट्रिय उत्पादनमा समावेश गरिएको छैन ।

(ग) रोजगारीको अवसर पुरूषहरूको लागि भन्दा महिलाहरूको लागि झन कम छ र

(घ) आर्थिक दृष्टिले सकृय महिला जनसंख्यामा विवाहित महिलाहरूको प्रतिशत अन्य विकशित वा विकाशोन्मुख देशहरूमा भन्दा वढी छ ।

निष्कर्ष

राष्ट्रिय अर्थ व्यवस्थामा महिलाहरूको योगदानलाई सीमित रूपमा मात्र स्वीकार गरिएको छ र उनीहरू मध्ये वहुसंख्यकलाई श्रम शक्तिको तथ्यांकमा समावेश गरिएको छैन । वहुसंख्यक नेपाली महिलाहरू घरायसी कार्यमा व्यस्त रहने परिपेक्षमा महिलाहरूको कम प्रतिशत देखिनु महिलाहरूको सहभागिता सम्वन्धी तथ्यांक अवास्तविक भएकोले हो ।

निर्वाहक परिवारका महिलाहरू पुरुषहरू सरहनै सक्रिय हुन्छन् । अत: निर्वाहक परिवारमा सहभागी हुने सबैको आर्थिक गतिविधिहरू अफ सही रूपले प्रतिविम्वित गर्ने खालका नयाँ सांख्यकिय मापदण्डहरूको विकास गर्नु पर्ने आवश्यकता छ । तसर्थ २०३८ सालको जनगणनामा महिलाहरूलाई तीन समूहमा वर्गीकरण गर्नु वास्तविक हुन्छ ।

(१) विक्रीका लागि विक्री योग्य वस्तुहरू उत्पादन गर्ने,

(२) निर्वाहक गतिविधि अर्थात घरायसी आवश्यकताको पूर्तिका लागि मात्र वस्तु उत्पादन गर्ने , र

(३) घरायसी काम मात्र गर्ने ।

धेरैजसो महिलाहरू यी तीनै वा पछिल्ला दुई कार्य क्लापमा लागेका हुन्छन् । अत: यस किसिमवाट तथ्यांक संकलन गरिएमा महिला श्रम शक्तिको वास्तविकता प्राप्त हुन सक्ने थियो ।

महिलाहरूको आर्थिक पक्ष मात्र नभै राजनैतिक पक्ष र कतिपय सामाजिक पक्ष वारे संकलित तथ्यांक अपर्याप्त छन् । तसर्थ महिलाहरूको जीवनका सबै पक्षहरू वारे विस्तृत तथ्यांक संकलन र विश्लेषण र अध्ययनको नितान्त आवश्यकता छ । महिलाहरूको वहुमुखी भूमिकाको वास्तविक अध्ययन र नीतिहरूमा आवश्यक संशोधन नगरे सम्म विकासको गति तीव्र हुन सक्तैन ।

# विकाशमा महिलाहरूको एकिकरण: सारांश +

## १. भूमिका

लिंग अनुसारको भेद नयाँ विषय नभै अनन्त काल देखि नै चलि आएको हो। तर वढ्दो विकाश प्रकृयावाट पुरुषाहरूले नै वढी फाइदा उठाएका र महिलाहरू भने वन्चित भएका छन् भन्ने शंका नै नयाँ विषय देखिन्छ। यसै सन्दर्भमा नेपाली महिलाहरूको सहभागिता कुन हदसम्म राष्ट्रिय योजना र कार्यक्रममा प्रतिविम्वित छ? विकाशका प्रयासहरूवाट लिंग अनुसार कस्तो प्रभाव परेको छ? महिलाहरूको प्रचलित सामाजिक र आर्थिक विशेषतावाट भविष्यका योजना र कार्यक्रममा के कस्तो असर पर्ला? यी प्रश्नहरूको उत्तर खोज्नु नै अध्ययनको प्रमुख उद्देश्य भएको छ। नेपालका विगत योजनाहरूमा पुरुष र महिला वर्गलाई छुट्टा छुट्टै लक्षित समूहको रूपमा स्पष्ट गरिएको छैन। महिला सम्वन्धी विश्लेषण योजना र प्रतिवेदनहरूवाट प्राप्त अप्रत्यक्ष रूपका तथ्य अनुसार केलाइएका छन्।

गत दशक (सम्वत् २०१३ देखि २०३५ सम्म) का योजनाहरूले यातायात जस्ता पूर्वाधारहरूलाई पहिलो प्राथमिकता दीई ठूलो लगानी भयो जुन आधारहरू कृषि र खाद्यान्न उत्पादन वढाउनमा निक्कै महत्वपूर्ण छन्। तर केही समय पछि कृषि उत्पादनमा जोड दिन थालिएता पनि वान्छित मात्रामा उपलब्धी हासिल हुन सकेन। यस अवस्थाले गर्दा खाद्य उत्पादन, प्रविधी, वसाई सराई र रोजगारी, शिक्षा, स्वास्थ्य तथा परिवार नियोजन जस्ता विषयहरूमा विभिन्न प्रकारको प्रभाव पर्न गएको छ। लगानीमा वृहद्रूपले वृद्धि हुँदै गए पनि कूल गार्हस्थ उत्पादन भने खाली ३ प्रतिशतले मात्र वढेको देखिन्छ तर सोही अवधिमा जनसंख्या वृद्धि दर २ प्रतिशत भन्दा केही वढी भएको हुंदा खुद उत्पादन एक प्रतिशत भन्दा कम दरले मात्र वृद्धि भयो। अर्थ तन्त्रको मन्दताले गर्दा जनसंख्याको पेशागत अवसर रोकियो जसले गर्दा कृषिको भार घट्नुको वदला कूल जनसंख्याको हिसावमा वढ्यो।

## २. कृषि र खाद्य उत्पादन

सम्वत् २०१३ देखि २०३५ सम्मको दशकमा पूर्वाधार विकाश प्रकृया नै योजनाहरूको लक्ष्य भएको सन्दर्भलाई ग्रामीण क्षेत्रका महिलाहरूको समस्या वारे केलाउँदा श्रोतको परिचालन र महिलाहरूको आवश्यकता वारेमा निम्न लिखित असंगतिहरू पाइन्छ:

---

+ पुष्कर राज रिजालद्वारा लिखित "Integration of Women in Development the Case of Nepal", The status of Women in Nepal. Vol I. Part 5. CEDA. वाट पदम नाथ तिवारीले सारांश अनुवाद गर्रै भएको।

(क) पूर्वाधार आयोजनालाई जोड दिएको हुनाले सामाजिक क्षेत्रलाई कम प्राथमिकता दिनु पर्‍यो जसले गर्दा महिलाहरू संलग्न रहन सक्ने स्वास्थ्य शिक्षा र सामान्य कल्याण जस्ता विषय अपेक्षित रहे ।

(ख) महिलाहरू संलग्न रहेको ग्रामीण अर्थ तन्त्रको आन्तरिक आवश्यकताहरू लाई वेवास्ता गरिएको शहरी क्षेत्रमुखी आवश्यकतासंग वढी सम्वन्धित रहने कार्यक्रम भए सम्म ग्रामीण महिलाको सहभागिता र स्तर कुनै अवस्थामा वढ्न सक्दैन ।

(ग) निर्माण कार्यमा रोजगारी गर्ने पुरूषहरू धेरै टाढा जाने हुंदा महिलाहरूले नै सम्पूर्ण काम गरेर घरको निर्वाह गर्नु परेको ।

(घ) वैदेशिक सहायतासाथ विदेशी प्रविधि आयो, सल्लाहकारहरू आए र उनीहरूको कामको परिपाटी आयो । स्वदेशमा दक्ष जनशक्ति नहुंदा आयात गर्नु पर्‍यो । प्राविधिक तालिम र रोजगारी पनि पुरूष प्रधान हुन गै महिलाहरू वन्चित रहे ।

उपरोक्त असंगतिहरू देखा परेता पनि पूर्वाधारहरू प्राथमिकता दिनु पर्ने आर्थिक वाध्यता थियो जसको माध्यमवाट मात्र पछि महिलाहरूको सहभागिता वढाउन सकिन्छ ।

ग्रामीण विकाश कार्यक्रमहरूको सिमित प्रभाव पर्नुमा धेरै कारणहरू छन् । ती हुन् अनुसन्धानशाला र प्रदर्शनशालाहरूको कमी, थोरै कर्मचारी, आवश्यक मात्रामा साधनको अभाव, संस्थागत प्रकृयामा लगानी, मलको आयात र मूल्य वृद्धिको भार जस्ता विषयले कृषि क्षेत्रमा संधै जसो वाधा परेका छन् ।

कृषि प्रसार कार्यक्रम सन्चालन भएता पनि सेवाको स्तर निकै कमसल थियो । फिल्डमा काम गर्ने कार्यकर्ताहरूलाई कृषिको भूमिका त्यति थाहा थिएन, योग्यता र शिक्षाको कमि थियो । स्थानिय अवस्था अनुसारको प्रविधी र तालिमको अभाव थियो । प्रसारकर्ता भन्दा किसानहरू नै प्रविधिको कमजोरी वुझ्न सक्तथे । यस्ता कमजोरीका साथ साथै कृषि प्रसार कार्यक्रमले ठूलो कृषि क्षेत्रमा भएका धेर समस्याहरूको सन्दर्भमा कुनै प्रत्यक्ष प्रभाव पार्न सकेन । साथै यी कार्यक्रम हरू सिमित क्षेत्रमा विस्तृत गरी लागु गरेको भए पनि तराईका सुविधायुक्त क्षेत्रमा जहां महिलाहरूको गतिविधि सिमित छ त्यहां नै केन्द्रित हुने थियो होला । कृषि क्षेत्रको समस्याको प्रकृति र परिधिको सन्दर्भमा हेर्दा हाम्रा योजनाकारहरूले गरेको लगानीका प्रयासहरूले विकाश र सामाजिक परिवर्तनमा अति नै नगन्य प्रत्यक्ष प्रभाव पार्न थिए ।

कृषि प्रशारकहरू प्राय: पुरूषाहरू नै भएका हुनाले महिला किसानसंग वम सम्पर्क हुनु सामाजिक अडचन पर्दछ । यसमा पनि पुरूष प्रधान प्रवृत्तिले अझ वढी नकारात्मक वनाएको छ । यो समस्या प्रशासकीय किसिमले पनि समाधान गर्न सकिन्छ र महिला कृषि प्रसार कार्यकर्ता हुनु पनि निर्विवाद छ । त्यस्तै उत्पादनको विक्री वितरण वारेमा संस्थागत सुधार भएका छन् तर ती संस्थाहरूले वचत क्षेत्र वाट निर्यात वा न्यून क्षेत्रहरूमा सुपथ मोलमा खाद्यान्न उपलव्ध गराउने गर्दछन् । राष्ट्रिय र अन्तर्राष्ट्रिय माग अनुसार खाद्यान्न विक्री हुनाले स्थानीय महिलाहरूको योजनामा कमी हुन गएको छ । तसर्थ त्यस्ता संस्थाले (खाद्य संस्थान, सहकारी, साझा आदि) महिलाहरूलाई उत्पादन कर्ता र उपभोक्ताको रूपमा सहयोग गर्नु पर्दछ ।

छैठों योजना देखि कृषि क्षेत्रलाई सर्वोच्च प्राथमिकता दिई निम्न आय वर्गलाई लाभ पु-याउने नीति राखिएको र सामाजिक क्षेत्रलाई दोश्रो प्राथमिकता दिएको हुंदा महिला वर्गको हितमा अवस्था पनि केही सुधार हुन पर्दछ । योजनामा आधारभूत आवश्यकताको पूर्ति गर्ने लक्ष्य राखिएको र सो लक्ष्य सातौं योजनामा समेत समावेश भएकोले निम्न वर्गका जनतालाई लाभ पुग्न सक्छ भन्न सकिन्छ र यस वाट महिलाहरूको योजना तथा आर्थिक स्तरमा समेत सुधार होला भन्ने आशा लिन सकिन्छ । विकेन्द्रीकरण अन्तर्गत सवै जिल्लाहरूले आ-आफ्ना योजनाहरू वनाउन सक्ने हुंदा महिलाहरूको सुविधाको लागि निर्णायक भूमिका लेलन पाउने पहुंच हुनु आवश्यक छ ।

३. वसाई सराई, रोजगारी, प्राविधि र सहभागिता

ऐतिहासिक तथ्य अनुसार पूंजीवाट श्रमको विस्थापित हुंदा सवै प्रथम पुरूष हरूले महिलाहरूलाई विस्थापित गर्दछन्, त्यस पछि पशु शक्तिले, अनि जीव विज्ञान र रसायन विज्ञानले र अन्त्यमा यान्त्रिकरणले श्रमको विस्थापन गर्दछ। गत वर्षका योजनाहरूले श्रम शक्तिमा थप हुंदै गएका श्रमिकको रोजगारीका वारेमा कुनै लक्ष्य तोकेनन् । योजनाहरूमा श्रम-प्रधान प्राविधि अपनाउने नीति राखिएको थियो तर विदेशी दाता संस्थाहरूले आयोजनाहरूमा आफ्नै सुविधा अनुसारको प्रविध अपनाए। तसर्थ विदेशी सहायतामा भर पर्नु पर्ने आयोजनाहरूले गर्दा प्रविधि सम्वन्धी नीति लागु गर्न सम्भव भएन । योजनावाट रोजगारीका अवसरहरू अपेक्षित मात्रामा वढ्न सकेनन् र यसको नियन्त्रण गर्ने नकारात्मक उपाय मात्र पर्याप्त हुंदैन । वरू श्रमको खर्च घटाई श्रमको माग वढाउने सकारात्मक नीति अपनाएर रोजगारीका अवसरहरू वढाउन सकिन्छ । २०२८ सालको तथ्यांकहरू हेर्दा कूल सक्रिय पुरूषाहरू मध्ये ४.३२ प्रतिशत र महिलाहरू मध्ये ५.६६ प्रतिशत वरोजगार देखिन्छन् । यो मात्रा वढेर गएको हुन सक्छ । वढ्दो श्रम शक्तिको तुलनामा रोजगारीका अवसर नवढ्नु नै अर्थ तन्त्रको गतिहिन सूचक हो ।

कठिन पहाडी क्षेत्रवाट तराई क्षेत्रमा रोजगारीका लागि मानिसहरू वसाई सर्दछन् । यस्तो वसाई सर्दा प्राय: पुरुषहरू नै अगुवा हुन्छन् । नयाँ यातायात र मलेरियाको उन्मुलनले गर्दा वसाई सराईको गती निक्कै वढ्न गै जंगल अतिक्रमण समेत भयो । फलस्वरूप पुनर्वास जस्ता संस्थाहरू मार्फत तराईमा वसोवास गराउन थालियो । तर गरीवहरूको वसोवास गराई वसाई सराईको समस्या केही हद सम्म समाधान हुनुको वदला धनी वर्ग पनि वसाई सरी वितरण गरिएका जग्गाहरूको कानूनको रीत पु-याई धनीहरूले हात लगाए अनि धेरै कृषक हरू भूमिहित भै फेरी जवरजस्ती वन फडानी गरी वसोवास गरेकाले शान्ति सुरक्षा कायम गर्न पनि कठिनाई भयो, वन श्रोत पनि घट्दै गई नयाँ समस्या वन्न पुग्यो ।

वढी प्रजनन् दरले गर्दा नेपालमा महिलाहरूको श्रम शक्तिको सहभागितामा निक्कै वाधा पु-याएको छ । यसले गर्दा भौगोलिक आवत-जावतमा समेत वाधा पर्ने हुँदा रोजगारीको लागि अन्यत्र जान पनि महिलाहरू असमर्थ छन् । तसर्थ महिलाहरूको स्तर वृद्धि गर्न प्रजनन् दर घटाउने नीतिलाई कम प्राथमिकता दिन मिल्दैन । प्रजनन् दर घटाउने शिशु मृत्यु दर घटाउने, महिलाको स्तर वढाउने र आयको विवरण गर्ने जस्ता विषयहरूमा विकाशका लागि दीर्घकालिन नीति र कौशलता अपनाउनु पर्दछ।

श्रमको परिचालन गरी आवश्यक क्षेत्रमा लैजाने र श्रमको कमी भएका क्षेत्रमा पूर्ति गर्ने । गाउँ वा जिल्ला पंचायतले यस्तो प्रकृयालाई सहयोग पु-याउन सक्छन् । यो उपाय खास गरी रोजगारी नपाएका वा जग्गाहिन किसानका लागि उपयुक्त हुन्छ । महिलाका सम्वन्धमा भने सामाजिक धारणाले वाधा पु-याउने छ । त्यस्तै ग्रामीण निर्माण कार्यक्रम संचालन गरी रोजगारी वढाउन सकिन्छ ।

नेपाल जस्तो अधिकांश आफ्नै रोजगारी गर्ने कृषि क्षेत्र भएकोमा रोजगारी का अवसरहरू वढाउन योजनाविदहरूले एकीकृत लगानी योजना र प्रविधिमा विशेष ध्यान दिनु पर्दछ । परिपूरक योजनाहरूको छनौट गरी संगठित र असंगठित क्षेत्रका बीच आवश्यकता र क्षमताका आधारमा स्थानिय स्तरमा कार्यान्वयन गर्ने । आफै रोजगार वन्ने क्षेत्रमा नै अधिकांश महिला केन्द्रीत छन् । तसर्थ महिलाको आर्थिक र सामाजिक स्तर उठाउन उनीहरूलाई सहयोग पुग्ने प्रकारका योजनाहरू छनौट हुन नितान्त आवश्यक छ ।

## ४. शिक्षा र स्वास्थ्य

सम्वत् २००७ साल पछि शिक्षामा नयाँ जागरण शुरु भयो । सम्वत् २०१० सालमा महिलाहरूको स्कूल भर्ना संख्या कूल मध्ये प्राथमिक तहमा ४.१ प्रतिशत, माध्यमिकमा ६.२ प्रतिशत र उच्च तहमा ४.८ प्रतिशत थियो यो प्रतिशत सम्वत्

२०१९ मा क्रमश: ३७, १६ र १५ प्रतिशत पुग्यो । त्यस्तै साक्षरता तर्फ २०१९ मा कूल साक्षरता ८.६२ प्रतिशत भएकोमा २०२८ मा १४.८२ प्रतिशत भयो । लिंग अनुसार महिलाहरूको साक्षरता २०१९ मा १.७६ भएकोमा सो बढेर ३.६६ प्रतिशत भयो । सम्वत् २०३४ मा महिलाहरूको स्कूल भर्ना क्रमश: प्राथमिकमा २२.०६ प्रतिशत, निम्न माध्यमिकमा १८.४४ प्रतिशत र उच्च माध्यमिकमा १६.५५ प्रतिशत पुग्यो । त्यस्तै उच्च शिक्षा तर्फ चिकित्सा शास्त्र र सामाजिक शास्त्रमा क्रमश: ३४.५ र ३१.८ प्रतिशत महिलाहरु थिए । अरु विषयहरूमा भने पुरूषको तुलनामा १६ प्रतिशत भन्दा कम देखिन्छ ।

सम्वत् २०३२ सालको अन्तर्राष्ट्रिय नारी वर्ष देखि महिला सम्वन्धी छुट्टै " विकाशमा महिला " कार्यक्रमहरू शुरू भए । महिलासंग प्रत्यक्ष र अप्रत्यक्ष रूपले सम्वन्धित संस्थाहरू हुन् : (१) महिला प्रशिक्षण केन्द्र (२) नेपाल महिला संगठन, केन्द्रीय समितिका कार्यक्रम र आयोजनाहरू (३) शैक्षिक परियोजनामा महिलाहरू को सुविधा र समानता (४) नारी सेवा समन्वय समितिका कार्यक्रम (५) सामुदायिक सेवा समन्वय समितिको कार्यक्रमहरू, यो संस्था र तीनका कार्यक्रमहरूले कुनै छुट्टै साधनको परिचालन गर्न सकेका छैनन् । खाली सरकारी श्रोतको रकमान्तर मात्र गराएका छन् । साथै यी कुनै पनि कार्यक्रमहरू लक्षित समूहमा पुग्न सफल छैनन् । यो त खाली जिल्ला पंचायतको अर्ध समर्थन मात्र प्राप्त छ । सर्वेक्षणमा परेका महिला मध्ये ५५ प्रतिशत महिलाहरू महिला प्रशिक्षण केन्द्रले दिएको तालिम मा इच्छा नै राख्तैनन् । भौगोलिक विभाजन अनुसार हेर्दा २०१९ मा शहरी क्षेत्रमा ३६.६५ प्रतिशत महिला साक्षर थिए भने २०२८ मा बढेर ४६.६५ प्रतिशत भयो । त्यस्तै लिंग अनुसार हेर्दा सोही अवधिमा शहरी क्षेत्रमा महिलाहरूको साक्षरता क्रम ७.७२ र २८.०० प्रतिशत थियो । तर ग्रामीण क्षेत्रमा भने सो क्रम १.१४ र २.७ प्रतिशत मात्र थियो । २०१९ सालमा महिलाहरूको साक्षरता दर ग्रामीण क्षेत्र भन्दा शहरी क्षेत्रमा सातगुणा बढी देखिन्छ भने २०२८ मा १० गुणा भन्दा बढी भयो ।

कूल संख्यामा महिलाहरूको साक्षरता र भर्ना कम देखिएता पनि प्रति वर्ष वृद्धि दर भने धेरै नै छ । शहरी क्षेत्रमा महिलाको शिक्षा वृद्धि हुने यो कारण छन् : (१) शिक्षामा सरकारी खर्च बढ्नाले संरक्षकहरूमा कम आर्थिक भार पर्नु, (२) संरक्षकले विधवा र सम्वन्ध विच्छेद भएका व्यक्तिहरूको स्थिति सुधारने भावना हुनु (३) शिक्षित पुरूष र महिला बीचको अन्तर कम गराउने संरक्षकले धारणा राख्नु, (घ) सानै उमेरमा छोरीको विवाह गराई दिनु पर्ने नियम हटाइनु। महिला र पुरूषको अन्तर धेरै छ तापनि प्रचलित योजनाका विधिको कमजोरी भनेर भन्न मिल्दैन । किन भने शुरूको अन्तर नै प्रमुख कारणको रूपमा रहेको छ । अफ पनि संरक्षकहरूले छोरीको शिक्षा प्रति भावना कम राखी विवाह गरी दिए पछि

पुग्ने हुँदा शिक्षालाई आवश्यक तत्व मान्दैनन् । यस्तो अवस्था सरकारी शैक्षिक खर्च वढाई परिवारलाई कम आर्थिक भार पनि गराएको खण्डमा महिलाको शिक्षा अझ वढाउन सकिन्छ । हाल सम्मको शिक्षा प्राप्ती अनुपातमा महिलाहरूले रोजगारीको सिलसिलामा पुरूषहरू सरह आफ्नो स्तर वढाउन सकेका छैनन् । किन भने जातिय भेद र वैवाहिक विचारधाराले पुरूषहरू भन्दा महिलाहरूले कम शिक्षीत हुनु पर्ने सामाजिक वाध्यता वनाएको छ ।

स्वास्थ्य तर्फ पनि २००७ साल पछि क्रमिक सुधार भए । शहरी क्षेत्रमा अस्पतालहरू खुले र कतिपय ग्रामीण क्षेत्रमा स्वास्थ्य चौकीहरू खोलिए । औलो उन्मूलन कार्यक्रम, विफर उन्मूलन जस्ता कार्यक्रमहरू सफलतापूर्वक पूरा भए । जन्म र मृत्यु दर हेर्दा २००६ - २०१८ को अवधिमा प्रति पुरूष ०.०४३२ र प्रति महिला ०.०४०८ जन्मदर थियो भने सोही अवधिमा मृत्यु दर क्रमश: ०.०२८ र ०.०२४८ थियो । त्यस्तै औषत आयु क्रमश: ३५.१५ र ३७.४१ थियो । २०१८ र २०२८ को अवधिमा भने प्रति पुरूष जन्म दर ०.०४२० र प्रति महिला जन्म दर ०.०४०६ थियो त्यस्तै मृत्यु दर क्रमश: ०.०२१३ र ०.०२२६ थियो । औषत आयु वढेर पुरूषको ३७.०४ र महिलाको ३६.६० वर्ष भयो । यी सुधारका अतिरिक्त देशको स्वास्थ्य अवस्था अरू कम आय भएका देशहरूको तुलनामा ज्यादै कम छ । धेरै अस्पतालहरू शहरी क्षेत्रमा केन्द्रीत छन् र अधिकांश ग्रामीण जनतालाई स्वास्थ्य सेवा उपलब्ध छैन । तथ्यांक अनुसार प्रति ३१,५०० जनसंख्यालाई एउटा डाक्टर ०.५४ नर्स, ०.३३ स्वास्थ्य सहायक, १.१० अक्जुलिहैयरी नर्स मिटवाइफ र १.१२ अक्जुलियरी स्वास्थ्य कार्यकर्ता पर्दछन् ।

स्वास्थ्य सुधार गर्ने हेतुले श्री ५ को सरकारले दीर्घकालिन स्वास्थ्य योजना २०३२।३३ मा लागु ग-यो । यो योजनाको मुख्य उद्देश्य ग्रामीण स्वास्थ्य सेवा केन्द्रहरूको विकाश र विस्तार गरी न्यूनतम आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने रहेको छ । अन्य उद्देश्यहरू यस प्रकार छन् : (१) छैठों योजना अवधि भित्र प्रत्येक जिल्लामा १५ शैयाको अस्पताल वनाउने (२) एकीकृत सामुदायिक स्वास्थ्य कार्यक्रममा अरू स्वास्थ्य आयोजनाहरू एकीकरण गर्ने (३) आयुर्वेदको प्रभावकारीता मूल्यांकन गर्ने (४) स्वास्थ्य कार्यकर्तालाई तालिम दिने (५) मिसिनरी अस्पतालाई राष्ट्रिय स्वास्थ्य सेवामा समावेश गराउने, (६) जन सहभागिता वढाउने र अस्पतालको व्यवस्थापन गराउने (७) स्वास्थ्य शिक्षा, पोषण र वातावरण वारे शिक्षा दिने (८) औषधी देशमा नै उत्पादन गर्ने, र (९) स्वास्थ्य केन्द्रहरूमा सेवा वापत पैसा लिने व्यवस्था गर्ने ।

स्वास्थ्य सेवा विस्तार गर्ने दुई प्रमुख अडचन छन् : (१) दक्ष जन शक्ति र (२) श्रोतको अभाव । हालसम्म उपलब्ध गराएको न्यूनतम स्वास्थ्य सेवाको प्याकेज एकीकृत सामुदायिक स्वास्थ्य कार्यक्रममा लक्ष्य राखेको स्तरमा छन । अन्तर संस्थाको समन्वय पनि एउटा कठिन वाधा वन्न पुगेको छ ।

अन्य अध्यात्मिक मर्यादा पुरा गर्ने । यस्ले गर्दा छोराहरू निरुत्साही भएर परिवारको हेरचाह नगर्ने तर छोरीको आफ्नो घर छोडी माइतिको हेरचाह गर्न भने सक्तिनन् ।

(घ) संयुक्त परिवार छुट्टी भिन्न हुने प्रकृया बढ्नेछ र पारिवारिक उद्यममा प्रतिकुल असर पर्नेछ । साथै खेतीको काममा छोरीले ध्यान दिन नसकी माइतिको नै भर पर्ने हुन्छ ।

(ङ०) अंश पाउने भएमा केटाहरूले धेरै सम्पन्न परिवारमा नै विवाह गर्न चाहने हुँदा गरीब परिवारका छोरीहरूको विवाह गर्न नयाँ दायित्व बढ्न जान्छ।

छोरीले ३५ वर्ष पुगेर विवाह नगरी बसेमा छोरा सरह अंश पाउने कानूनी व्यवस्था नै ठूलो आर्थिक महत्वको छ किन भने छोरीले बाबु आमा प्रतिको उत्तर दायित्व र सामाजिक रिति अनुसारको प्रकृया पु-याउनु पर्ने हुँदैन । नेपालमा ६० प्रतिशत पुरूष र ६८ प्रतिशत महिलाहरू ३० वर्ष उमेर नपुग्दै विवाहित हुन्छन् । यस सन्दर्भमा कानूनी व्यवस्था निस्कृय हुन्छ ।

कारखाना र कारखानाका कामदार बारेको कानूनले महिलाको लागि विशेष सुविधा प्रदान गरेको छ । प्रसुति हुँदाको बिदा, विरामी खर्च र ६ वर्ष सम्मका बच्चा भएमा बच्चाको लागि छोडी दिनु पर्ने व्यवस्था छ । नेपालको औद्योगिक अवस्था हेर्दा र श्रमको माग त्यति नभएको सन्दर्भमा सो सुविधा कम मान्न सकिन्न । थोरै ज्याला वा तलब पाउने काममा नै बढी महिलाहरू केन्द्रीत भएका छन् । उपलब्ध श्रम शक्तिलाई चाहिंदो रोजगारी नै उपलब्ध नभएको अवस्थामा समान तलब हुनु पर्छ भन्ने माग निरर्थक हुन्छ । सरकारी क्षेत्रमा पद र जेष्ठताको आधारमा ज्याला वा तलब हुन्छ तसर्थ लिंग अनुसारको भेदको प्रश्न नै छैन । थोरै तलब पाउने काममा महिलाहरू केन्द्रीत हुनु परेको कारण लिंग नभै शैक्षिक र तालिमको स्तरले गर्दा हो ।

परिवारमा लोग्ने स्वास्नीको अधिकार सम्बन्धमा कम्पनीको शेयर होल्डर र म्यानेजरको जस्तो सम्बन्ध छ । लोग्नेको स्वामित्व भएको हुँदा बेचबिखन सम्बन्धी निर्णय लोग्नेले गर्ने भएता पनि सम्पत्तिको उपयोगको बारेमा स्वास्नीले नै निर्णय गर्दछन् । सामाजिक चाडबाडमा विदेशी लेखकहरूले पुरूषहरूलाई नै सर्वाधिक मानेर लेख्दछन् तर नेपाली परम्परामा लोग्ने स्वास्नी दुवैको उत्तिकै जवाफदेही देखिन्छ : जस्तै पुजा गर्दा ।

नेपाल जस्तो निर्वाहक अर्थ तन्त्रमा महिलाको अनुदान धेरै छ तर मौद्रिकरण नहुँदा राष्ट्रिय आयमा प्रतिविम्बित हुँदैन भन्ने आधारमा महिलाको योगदानको कदर भएन र योजनामा महिलाको हित पनि समावेश गरिएको छैन भन्ने नेपाली

महिला संगठनको भनाई छ । तर नेपालको कुल गार्हस्थ उत्पादनको अनुमान संयुक्त राष्ट्रसंघको तरिकाबाट गरिएको छ तापनि धेरै तथ्यांक सम्बन्धी कमजोरी छन् । अनुमान गर्दा उत्पादनबाट लागत खर्च कटाई गर्ने र औषत उत्पादनले कूल बाली लागेको क्षेत्रलाई गुणा गरेर प्रमुख बालीको उत्पादन अनुमान गर्ने हुंदा निर्वाहक क्षेत्रमा महिलाहरूको योगदान प्रति विम्बित छैन भन्न त्यति बेला सम्म सकिन्न जब सम्म सबै उत्पादन प्रकृया नै पुरुषले गरेका हुन र बालीको क्षेत्रफल, कूल उत्पादन र मूल्य सूची नै लिंग सम्बन्धी विषय हुन् । तसर्थ उत्पादनको साँघ नै गलत छ भन्ने प्रमाणित नगरे सम्म ग्राहस्थ उत्पादनमा महिलाको योगदान छैन भन्न मिल्दैन ।

महिलाको सक्रियतालाई तथ्यांकमा न्यून गरिएको छ र रोजगारी संग सम्वन्धित योजना र कार्यक्रमहरूमा महिलाको हित बेवास्ता गरिएको छ भन्ने महिला संगठनको गुनासो प्रति निम्न कारणहरू राख्न सकिन्छ :

(क) जन गणनामा घरको कामलाई समावेश गरिएको छैन जसलाई उत्पादनमूलक छैन भन्न सकिन्न ।

(ख) लाग्ने मान्छेले स्वास्नी मान्छेको सहभागिता बारे तलव तथ्यांक दिन सक्दछन् ।

(ग) मानव अध्ययन ( Anthropological ) प्रतिवेदनहरू जन गणना तथ्यांक संग मेल खांदैनन् र जन गणना तथ्यांक भन्दा कमसल हुन्छन् ।

(घ) दशक - दशकका तथ्यांकहरू पनि एकै नासका छैनन् ।

उपरोक्त कारणहरूको आधारमा गुनासो अपरिपक्क र खास प्रमाणहरू समेत नभएको हुंदा सत्य मान्न सकिन्न । योजना तर्जुमा गर्दा राष्ट्रिय आयको तथ्यांकलाई आधार नपारे जस्तै श्रम शक्तिको तथ्यांक कम उपयोग गरिएको छ । महिलाको सहभागिता बारेका तथ्यांकले यो विशेषता देखाउंदछन् : (१) निःशुल्क प्राथमिक शिक्षा अधिराज्यभर विस्तार गरिएबाट घरमा महिलाहरूको कामको भार बढेको छ (२) ग्रामीण क्षेत्र भन्दा शहरी क्षेत्रमा महिला सहभागिता दर कम छ जुन सम्पन्नताको कारणले हुन्छ (३) २० वर्ष पुगेका विवाहित महिलाहरूको सहभागिता कम हुनु प्रजनन् दर बढी भएको कारणले हो र पुरुषको आम्दानीमा भर पर्नाले पनि हो (४) उच्च आय भएका महिलाहरूको सहभागिता दर अझ कम छ । यी सबै आधारमा नेपाली महिलाहरूले अति आवश्यक नभएसम्म श्रम बजारमा सहभागि हुंदैनन् भन्न सकिन्छ । वास्तवमा विकाश प्रकृयाले पुरुष र महिला कसैलाई विशेष सहुलियत दिएको नभै केही सम्पन्न परिवार (इलाइट्स) लाई फाइदा पु-याएको छ । आय वर्गीकरणको विश्लेषण नगरी लिंगको आधारमा भेद देखाउनु उपयुक्त हुंदैन ।

ग्रामीण दरिद्रताले गर्दा कुपोषण पनि एउटा समस्या वन्न पुगेको छ । ४०.२६ प्रतिशत कृषिमा आधारित जनसंख्या गरीविको रेखामुनी पर्दछन् । पोषण र वाल बच्चाको लागि आमाको दुध खुवाउने जस्ता स्वास्थ्य कार्यक्रम रेडियो र केही संस्थावाट प्रचार प्रसार गराइएको छ । यस सम्वन्धी शिक्षा पंचायत प्रशिक्षण केन्द्र, महिला प्रशिक्षण केन्द्र, स्वास्थ्य मन्त्रालय, कृषि मन्त्रालय, शिक्षा मन्त्रालय वाल संगठन, महिला सेवा समन्वय समिति र खाद्य प्रयोगशालाले दिने गर्दछन् । कुपोषणको कारण (१) अपर्याप्त खाना, (२) प्रोटिनको अभाव, र (३) असन्तुलित भोजन ।

पहाडी क्षेत्रका जनताको क्रमश: शक्ति वढाउन सार्वजनिक निर्माण कार्यहरु गराउने र तराइको वचत खाद्य वस्तु उपलब्ध गराई आपूर्ति गर्न सकिन्छ, असन्तुलित भोजन र दूषित खाने पानीको कारणवाट धेरै रोगहरु वढेका छन् । यस्को वढी असर महिला र बच्चालाई पर्दछ ।

एकीकृत सामुदायिक स्वास्थ्य कार्यक्रम, स्वास्थ्य, पोषण र परिवार नियोजनको माध्यमवाट आमा र शिशुको मृत्यु दर कुपोषण र आमा र बच्चाको रुग्णता हटाउने कार्यक्रम हो । स्वतन्त्रता, स्वास्थ्य र पेशागत समानताको लागि महिलाहरुले थोरै वच्चा पाउनु पर्दछ । परिवार नियोजन र स्वास्थ्य सम्वन्धी विषयमा महिला कार्यकर्ताहरु धेरै प्रभावकारी हुन्छन् त्यसैले तालिम दिंदा महिलाहरु लाई प्राथमिकता दिनु पर्दछ ।

५. <u>निर्णय प्रकृयामा महिलाहरुको सहभागिता</u>

राजनैतिक पक्षमा पनि महिलाहरुलाई सहुलियत दिने प्रयासहरु भए तर ती सहुलियत यथावत रहेनन् । त्यस्तै कानूनी प्रकृयामा पनि निम्न प्रकारका रायहरु प्रकट गर्न सकिन्छ ।

(क) पैतृक सम्पत्तिमा छोरीहरुलाई समान अंश दिएमा खास गरी घर जग्गा अझ टुक्रीन जान्छ र सानो क्षेत्राको कारणले उत्पादन घट्न सक्छ ।

(ख) त्यस्तै छोरीलाई वरावर हिस्सा दिएमा ऋण लिन धितो राख्दा धेरै जनाको स्वामित्वको कारणले कठिन हुन जान्छ र प्रतिकूल प्रभाव उत्पादन मा पर्न सक्दछ ।

(ग) छोराहरु सरह छोरीलाई अंश वण्डा दिएमा न्याय अनुसार छोरीहरुले पनि छोराहरु सरह सामाजिक जवाफदेही वहन गर्नु पर्दछ । वावु आमाको हेरचाह गर्ने, वाउ वाजेको ऋण तिर्ने र वंशको नाम इज्जत वचाई राख्ने र

नेपालमा अहिले सम्म सरकारी योजना मात्र छन् तर असंगठित नीजि क्षेत्रको योजना भने छैन । राष्ट्रिय स्तरमा महिलालाई केही खाली पदमा सहुलियत दिएर महिलाको हित संरक्षण नगरी आर्थिक वृद्धिको सामाजिक न्यायका आधारमा रोजगारी र आम्दानी बढाउने, अन्तर विरोध घटाउने किसिमले विकाश प्रकृयाको सिमा नै तोक्नु पर्दछ । यसका लागि लगानी र उपभोगको योजना गराउनु पर्दछ । महिला संगठनको माग अनुसार सरकारी तहमा केही महिलालाई विशेष सहुलियत दिएर सम्पूर्ण महिलाको हित संरक्षण हुँदैन वरु करबाट प्राप्त राजश्वको उच्चतम उपयोग नहुन सक्छ ।

६. महिलाको भूमिका र मर्यादामा विकाशको प्रभाव

अर्थ तन्त्रको मन्दता, बहुसंख्यक निर्वाहक पेशा, साना र क्षेत्रीएको बसोबास, बढी प्रजनन् दर प्रशस्त पुरुष श्रम, ज्यालादारी रोजगारीलाई हेलत्वको भावना, सम्पत्तिलाई पारिवारिक परिधि भित्र राख्ने चलन र लिंग अनुसारको कार्य भिन्नता जस्ता समस्या र विशेषताले नेपाली समाजको बनोट भएको छ ।

प्रजनन् दर नियन्त्रण कार्यक्रम परिवार नियोजनको माध्यमबाट व्यापक गरिएता पनि ग्रामीण क्षेत्रमा त्यस्तो प्रभाव परेको छैन । मृत्यु दर घट्नुको कारणले पनि जनसंख्या वृद्धि हुन गएको छ । महिलाहरूको लागि शिक्षा विस्तार गरिएको छ र कानूनी प्रकृयामा पनि महिलाको लागि नयाँ परिवर्तनहरू भएका छन् । नेपाली महिला संगठनले ग्रामीण गरीब महिलाको प्रतिनिधित्व मन्दा शहरी क्षेत्रका सम्पन्न र मध्यम वर्गीय समुदायको प्रतिनिधित्व गर्दछन् । समष्टिगत रूपमा हेर्दा विकाशका विभिन्न प्रयासहरूले ग्रामीण महिलाको जीवन स्तरमा त्यस्तो स्पष्ट देखिने प्रभाव पारेको छैन ।

७. निष्कर्ष

नेपाली योजनाहरू लिंगको दृष्टिले निश्पक्ष छन् र महिलाहरूलाई एउटा भिन्दै लक्षित समूह मानिएको छैन । कृषि, उद्योग, व्यापार आदि क्षेत्रमा थाहै नपाएर पनि महिलाहरूको सहभागिता भएको कुरा योजना र कार्यक्रममा प्रतिविम्वित छ । गत योजनाहरूमा पुरुषहरूको कल्याण (सुविधा) मन्दा त्यस्तो धेरै भिन्नता महिलाहरूको पनि छैन । शिक्षामा सरकारी बढ्दो खर्चले दुवै पुरुष र महिलालाई लाभ भएको छ । कूल संख्यामा धेरै फरक देखिएता पनि योजनाहरूमा महिलाहरूको शैक्षिक उपलब्धी पुरुषहरूको मन्दा बढी प्रभावकारी छ । स्वास्थ्य क्षेत्रमा सन्चालित कार्यक्रमले दुवै थरीलाई एकै नास प्रभाव पारेको छ र औषत आयु पनि बढ्न गएको छ । योजना प्रकृयामा महिलाको सामुहिक संलग्नता

गर्न वाधा पर्नुको कारण (क) आर्थिक पुवाधारहरूको लागि लगानी गर्न पर्ने वाध्यता (ख) धेरै भर वैदेशिक सहायतामा पर्नु र (ग) पूंजी लगानी आयोजनाको आर्थिक र प्राविधिक आवश्यकता । आर्थिक – सामाजिक परिवर्तन ल्याउन योजनाहरूले महिलाहरूलाई लक्षित नगरेकोले कम प्रभावकारी भए भन्न सकिन्छ तर विकाशको निम्न तहवाट शुरूवात भएको र कार्यान्वयन पक्षका समस्याले गर्दा कम प्रभावकारी भएका हुन । योजनाहरूको विश्लेषणवाट हाल सम्म धेरै पूंजीगत लगानी आयोजनाहरू भएकोले उत्पादनको र उपभोगको वृद्धि वीचको अन्तरगत विश्लेषण गर्न मिलेन । जसले गर्दा श्रोतको असन्तुलन वाँडफाँट भयो । यद्यपि विकाशमा महिलाहरूलाई एकीकरण गर्न नसकिएका अप्रत्यक्ष परिणाम निम्न वमोजिम छन् ।

(क) महिलाहरूलाई वढी प्रभाव पार्न सक्ने साना सिंचाई योजना, वीउ मलको वितरण र स्वास्थ्य, पोषण र परिवार नियोजन जस्ता विषयलाई जति जोड दिनु पर्थ्यो त्यो हुन सकेन ।

(ख) पुरूष भन्दा महिलाको शैक्षिक स्तर कम भएको परिप्रेक्षमा योजनाको प्राविधिक पक्षमा पुरूषहरू सरह महिलाको सहभागिता हुन सकेन ।

(ग) शुरूको शैक्षिक स्तरको भेद रोजगारीको लागि टाढा सम्म जान नसक्नु वढी प्रजनन् दर महिलाको ज्यालादारीलाई तुच्छ ठान्ने प्रवृत्ति आदिले गर्दा पुरूष सरह रोजगारीमा महिलाको सहभागिता नभै कम हुन गयो । साथै योजनाले पनि रोजगारी वढाउने कमै ध्यान दिए ।

(घ) असंगठित नीजि क्षेत्रमा केन्द्रीत महिलाहरू भएकोले सो क्षेत्रलाई खास ध्यान नदिएकोले पुरूषहरू भन्दा धेरै महिलाहरू विकाश प्रक्रियावाट वाहिरन पऱ्यो ।

(ङ०) रोजगारीका लागि पुरूषहरू अन्यत्र जाने हुनाले घरको र वाहिरको सबै कार्यभार महिला माथि परेकोले ज्यादै धेरै काम गर्नु पर्ने वाध्यता परेको छ ।

छैठौं योजना र यस पछिका नीतिहरूले अति आवश्यक वस्तुको पूर्ति गर्ने जनसहभागिता र विकेन्द्रीकरण जस्ता माध्यमवाट महिलाहरूलाई हुन सक्ने लाभ यस प्रकार छन् :

(क) एकीकृत सामुदायिक स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य, पोषण र परिवार नियोजनको माध्यमवाट मातृ शिशुको मृत्यु दर कुपोषण र स्वस्थ्य रुग्णता हटाउने उद्देश्य रहेको छ । जसले गर्दा महिलाको रोजगारी गर्ने क्षमतामा वृद्धि हुन सक्छ ।

(ख) विकाशको प्राथमिकतामा परिवर्तन भएकोले उद्योग र कृषि क्षेत्रमा महिला श्रम शक्तिको वढी उपयोग मात्र नभै महिलाको तत्कालिन आवश्यकताको निमित्त नयाँ लगानी ढाँचा शुरु हुन सक्छ ।

(ग) अत्यावश्यक वस्तु र सेवाको वृद्धि गर्ने माध्यमबाट जनसंख्याको आवश्यकता पुरा हुनुका साथै महिलाहरूको परम्परागत उत्पादनशिल कार्यमा आधुनिक प्रविधि अपनाउनाले पुराना कमजोरीहरू हट्न सक्छन् । साथै नयाँ विकाश नीतिको समानताले र महिलाको वढ्दो शैक्षिक स्तर वढाउने जोडले गर्दा महिलाको मर्यादा स्तर वढ्न सक्छ । त्यस्तै विकेन्द्रीकरणको माध्यमबाट योजना प्रकृयामा सर्वसाधारण महिला पुरूष दुवैको सहभागिता वढ्ने हुनाले अनुकूल प्रभाव पर्नेछ ।

विभिन्न महिला संगठनहरू र तिनका नेताहरूले उठाएका विवादको उपादेयता वारे अध्ययनका आधारमा निम्न लिखित प्रतिकृया र निष्कर्ष लिन सकिन्छ :

(१) लिंग भेद र घरको अधिकार वारेमा पाश्चात्य विचारधारामा आधारित विवादहरू छन् जस्ले नेपाली समाजमा महिलाको भूमिका र स्थानको गलत प्रतिनिधित्व मात्र नगरी पवित्र संस्कृतिक हिन्दूत्वले लिंगको आधारमा देखाएको सम्वन्धको नै पूर्ण गलत व्याख्या गरिएको छ ।

(२) विकाश आयोजनाहरूमा विशेष महिला हुनु पर्ने माग निरर्थक र अव्यवहारिक छ । आर्थिक श्रोत र कार्यान्वयन संगठनको छितरो अवस्थामा झन वढी भार थप्नु मात्र हो । यस प्रकारका हालका पाइलट परियोजनाहरू समस्याको समाधानको स्तरमा नगन्य छन् ।

(३) राजनैतिक र प्रशासनिक क्षेत्रमा महिलाको लागि विशेष सुविधाको माग गर्नु वदलिंदो राजनैतिक र प्रशासनिक वातावरण जुन अघि वढेको आधुनिकता र योग्यताको आधारमा गरिने नियुक्तिमा महिलाहरूले आफ्नो अधिकार लाई कानूनी मान्यता दिलाउन असफल भएको प्रदर्शन मात्र हो ।

(४) निम्न आय भएका गरीव समूहलाई आर्थिक र सामाजिक जीवनको मूल प्रवाहमा कसरी उकास्ने भन्ने गम्भिर राष्ट्रिय चिन्तनको सन्दर्भमा सर्व सामाजिक राष्ट्रिय परिधिमा महिलाहरूलाई विशेष व्यवस्था मिलाउने विवाद त्यसै दव्नु पर्दछ ।

(५) महिला संगठनहरू सामाजिक जीवनमा वाद-विवाद उठाउने एक श्रोत हुन गएका छन् सही लिंग समानताको गलत व्याख्या गर्ने नियत राखेर सामाजिक समस्याहरूको दोष पुरूषहरू माथि लगाएका छन् जब कि सामाजिक र राजनैतिक क्षेत्रमा महिलाहरूको निश्कृयता प्रति पुरूषहरूको के को गल्ती । महिलाहरूको कम सहभागिता हुनु, कामका लागि उनीहरू को सहभागिताको कम माग हुनु हो । महिला संगठनले हाल सम्म पनि योग्यता पुगेका महिलाहरूको नामावली तयार गर्न सकेको छैन जुन नामावली व्यवस्थापनको माथिल्लो तहमा नियुक्तिका लागि राष्ट्रिय कार्यपालिकालाई पठाउन सकिन्थ्यो ।



मैथिली महिला

## सिर्सिया गाउंका मैथिली महिलाहरू : सारांश +

### परिचय

सिर्सिया गाउं जनकपुर अंचलको जनकपुरधामवाट करीव १८ किलोमिटर टाढा र महेन्द्र राजमार्गको नजिकै पर्ने तारापति सिर्सिया गाउं पंचायतमा पर्दछ । गाउं पंचायतको ५,४२३ जनसंख्या मध्ये उक्त सिर्सिया गाउंमा १,२२८ व्यक्ति वसोवास गर्दछन् । यस अध्ययनले मैथिली जातिको समाजमा नारीहरूको के कस्तो भूमिका छ सो देखाउन प्रयास गरेको छ । यस गाउंको वरपर कृषि विकाश वैंकको एक प्र-शाखा, एक स्वास्थ्य चौकी, एक साझा पसल, एक प्राथमिक विद्यालय समेत छ । यस गाउंमा खासगरी केही धनी मानीएका जग्गावाल यादव र मैरीयरका साथै केही तेली सूरी, हलवाई जातीका व्यक्तिहरूको पनि वसोवास छ । एकातिर जातको भिन्नता पाइन्छ भने अर्कोतिर धनी र गरीव वर्गको पनि यहां उचिकै भेदभाव रहेको पाइन्छ । शिक्षाको क्षेत्रमा यो गाउं त्यती पिछडिएको पाइदैन तर शिक्षित महिलाको संख्या धेरै कम छ । अन्यत्र झैं यस गाउंमा पनि संयुक्त परिवार वढी छ र त्यो खासगरी उच्च र मध्य आय वर्गमा वढी पाइएको छ । धेरैको घर एक तले फुसको छाना भएका छन् भने केही धनी व्यक्तिका ठूला घरमा लाग्ने मानिसहरू प्राय: भेला हुने, गफ गर्ने र खेतीपाती सम्वन्धी निर्णय गर्दछन् । त्यस गाउंको मूख्य खाना भात नै हो तर गरीवहरू नून खोर्सानी र रोटीमा जीवन विताउंदछन् । धेरै केटाकेटीहरू नाङ्गै हिड्छन् आइमाईहरू सुती धोतीले तल देखि माथी सम्म वेरेका हुन्छन् र वच्चा भएका आइमाइहरूले चाड पर्वमा वाहेक अरू वेला चोली लगाउंदैनन् । लोग्ने मानिसहरू भने धोती र कमिज लगाउंदछन् । त्यहांका सवै मानिसहरू सधैं नुहाउंदछन्।। केही धनी व्यक्तिहरू वाहेक धेरै व्यक्तिहरू खालो खुट्टा हिंड्छन् । मैथिली जनताहरू खासगरी राम र सिताको हिन्दू आदर्शताको दर्शनवाट वढी प्रभावित छन् । उक्त गाउंका माथिल्लो स्तरका आइमाइहरू सकभर वाहिरी कार्यमा जांदैनन् र घुम्टोको प्रचलन धेरै छ । विवाह भए पछि मात्र महिलाहरू सम्पत्तीको हकदार मानिन्छन् र पुन: विवाहको प्रचलन त्यहां देखिंदैन । पुरूष प्रधान समाज भएकोले महिलाहरू पुरूष वर्गमा नै आश्रित छन् ।

### सामाजिक वनावट र सांस्कृतिक धारणा

मैथिली समाजमा जातभातले ठूलो भूमिका खेलेको छ । जात, धन, उमेर, लिङ्ग आदिका आधारले मानिसलाई ठूलो सानो शक्तिवान र शक्तिहिन तुल्याएको छ । यसै गरी त्यससमाजमा आमा, दिदी, वैनी, दुलही आदिको मर्यादा पनि तदनुरूप नै रहेको पाइन्छ र विवाह पश्चात नै मान्छिको र खासगरी महोलाहरूको सामाजिक मर्यादा र स्थान कायम रहेको पाइन्छ । त्यंहा वाल विवाहको प्रचलन हट्दै गएको छ र विवाह प्राय: आमा वावु वाट नै व्यवस्था मिलाए अनुसार हुन्छ । यस समाजमा व्राह्मण जाती वाहेक अरूले विधुवाको विवाह र पुनर्विवाह जस्ता कुरालाई केही हद सम्म स्वीकारेको देखिन्छ । यस समाजमा पनि छोरीको भन्दा छोराको वढी महत्व छ र छोरीलाई भारको रूपमा संझिन्छन् । छोरा

---

+ मोना आचार्यद्वारा लिखित "The Maithili Women of Sirsia", The Status of Women in Nepal Vol.II- Part I, CEDA, 1981 वाट सावित्री थापाले सारांश अनुवाद गर्नु भएको ।

नभएमा लाग्ने अर्को विवाह गर्छ भन्ने डर प्राय: सबै महिलालाई हुन्छ । छोरी ६ वर्ष पुग्नासाथ बाबु आमालाई पिर पर्न थाल्दछ र दुलाहाको खोजीमा हुन्छन् । विवाह पछि उनीहरूलाई बाहिर जान र बाहिरीया व्यक्तिहरूसँग हेलमेल गर्न बन्देज लगाइन्छ । सानै देखि छोरीले घरको काम काजमा आमालाई सघाउनु पर्दछ भने छोराले सो गर्नु पर्दैन । ठूलो भएपछि मात्र यात उस्ले बाबुको काममा सहायता गर्नु पर्दछ यात उ पढाइ तिर लाग्छ । शिक्षालाई भन्दा धन र उच्च तहको व्यक्तिलाई बढी प्राथमिकता दिइन्छ । यस गाउँमा पढ्ने केटीहरूको संख्या नगन्य छ । केटीहरूलाई पढाउनु पर्दछ भन्ने भावना यहाँका मानिस हरूमा पाइँदैन । केटीहरू सानै देखि घरको काम काजमा लाग्नु पर्ने हुनाले उनीहरूले पढ्ने मौका पाउँदैनन् । पढे लेखेका केटीहरूको विवाहको लागि पनि धेरै लेखे पढेको व्यक्ति चाहिने र त्यस्को लागि धेरै खर्च लाग्ने हुनाले छोरीलाई पढाउन नचाहने बाबु आमा पनि यस गाउँमा छन् । छोरीहरूलाई पढाएर के फाइदा ? उनीहरूले खेत र गाई वस्तुको काम गरे भने त्यसबाट केही आम्दानी त हुन्छ भन्ने भावना पनि तीव्र रूपमा पाइन्छ । केही धनी परिवारका पढे लेखेका केटाहरूले पढेकै केटी चाहने हुँदा केही धनी परिवारले अहिले आएर छोरीहरू पढाउन थालेका छन् ।

मैथिली समाजमा केटाकेटीहरूको विवाह सानै उमेरमा हुन्छ । विवाहको प्रथा जात र धनी गरीबको स्थिति अनुसार फरक भएता पनि मुख्य प्रथा प्राय: उस्तै हुन्छ । केटीको विवाह सकभर उनको रजस्वला भन्दा पहिले नै गरिन्छ र विवाह पछि केटीहरू बच्चा नपाउन्जेल बढी पर्दा भित्र रहन्छन् । छोरी विवाह गर्दा दिनु पर्ने तिलकले गर्दा नै मैथिली समाजमा छोरीहरूलाई परिवारको भार सम्फिइन्छ । शिक्षा र धनको हैसियत अनुसार तिलक लिने र दिने प्रचलन छ । सानो उमेरको केटालाई धेरै तिलक दिनु नपर्ने हुँदा प्राय: धनी वर्गका बाबु आमाहरू सानै उमेरमा छोरीको विवाह गर्दछन् भने गरीबहरू सानै उमेरमा छोरा छोरीको विवाह गर्नु पाएमा आफूलाई सघाउने व्यक्ति पाउने र चाँडै बाजे बज्यै हुन पाउने आसा राख्दछन् । विवाह गर्दा पहिले तिलकको कार्यक्रम हुन्छ सो कार्यक्रम एक किसिमले कुरा छिन्ने कार्यक्रम हो । त्यो चलन प्राय: धनीहरूमा देखिन्छ । त्यस पछि कन्यादान, यज्ञ, गौरी पुजा र अन्त:मा केही वर्ष पछि छोरीलाई ज्वाईं कहाँ सदाको लागि पठाउने (गौना) कार्यक्रम हुन्छ । विवाहमा दुलाहाले दिएको रातो सिन्दुर र चुरा नै मैथिलो विवाहित नारीको चिन्ह हो जुन विधुवा नारीले लगाउन सक्दिनन् । विवाहमा दुवै तर्फबाट दुलाहा - दुलहीलाई मालसामान आदि दिने चलन छ । सानैमा विवाह हुने हुनाले विवाह पछि छोरीहरू माइत मै बस्दछन् र रजस्वला भै युवावस्था भएपछि छोरीहरूलाई दुलाहाको घरमा पठाउने चलन छ ।

गौना पछि विवाहित नारीहरू सधैंको लागि दुलहीको रूपमा अर्काको घरमा जीवन बिताउनु पर्दछ । परिवार भित्रको नयाँ सदस्यको रूपमा उस्लाई त्यस घरमा संलग्न हुन ठूलो प्रयास र कष्ट उठाउनु पर्ने हुन्छ । उनले खाना पकाउनु देखि लिएर सबै काम गर्नु पर्ने हुन्छ । त्यस माथि पनि तिलक कम लिएर आएको महिलाले दुलाहाको घरमा ठूलो कष्ट भोग्न पर्ने

हुन्छ । तर गरीव परिवारमा तिलक मन्दा काम्लाई वढी महत्व दिइन्छ । नयाँ विवाहित महिलाले ठूलो पर्दा भित्र रहनु पर्दछ र यस्ता विवाहिता महिलाहरु आफ्ना वावु आमाको घर कम जाने गर्दछन् । माइतवाट फर्कदा घर तर्फका सवै सदस्यहरुलाई कोसेली ल्याउनु पर्ने हुन्छ । मैथिली महिलाले वच्चा जन्माउँदा अक्सर माइतमा गएर जन्माउँदछन् ।

लोग्नेसंग वसेर ५ वर्ष सम्म पनि वच्चा जन्माउन सकिनन् भने स्वास्नी मानिसको पुरा घरजम भएको मानिंदैन । त्यसैले छोरा जन्माउनको लागि कुनै स्वास्नी मानिसले धेरै पटक बच्चा जन्माउनु पर्ने हुन्छ । ती महिला माथि सौता ल्याउने प्रचलन छ । लोग्ने मानिसले एक मन्दा वढी स्वास्नी विवाह गर्ने अधिकार समाजले उस्लाई दिएको छ । छोराछोरी ठूलो भएपछि र आफ्नो लोग्ने नै घरको सर्वेसर्वा भएपछि मात्र उसको श्रीमतीको पक्का घरजम हुन्छ र उनले परिवारमा राम्रो हक प्राप्त गर्न सक्दछिन् । लोग्नेको मृत्यु पछि कोही स्वास्नी मानिस छोरा वुहारीवाट तिरस्कृत भएर दु:ख पाउँदछन् भने कोही घरको मुख्य संरक्षक भई रहेको पनि पाइन्छ । लोग्ने मानिसको मुख्य काम वाहिर खेतीपाती हेर्ने नै हुन्छ । घरमा कान्छी वुहारीलाई वढी काम गर्नु पर्ने र आफु मन्दा जेठो सवैलाई मान पु-याउनु पर्ने हुन्छ। वावुको शेषपछि घरको जेठो छोराले घरको सवै रेखदेख पु-याउनु पर्ने हुन्छ र घरकी आमाको स्थान पनि छोराहरुको मन्दा कम हुन्छ । उनीहरुले लोग्ने मानिसहरुलाई मान्ने पर्ने वाध्यता छ । कुनै महिलाको त्यस घरमा सम्मानीत स्थान प्राप्त गर्न लोग्ने र छोराको ठूलो हात हुन्छ । तर लोग्ने मानिसको दाँजोमा प्राय स्वास्नी मानिसहरुको सामाजिक जीवनमा कम महत्व नै देखिन्छ । यस्ले गर्दा स्वास्नी मानिसको सम्पूर्ण जोवन अवधि वढो कष्टदायी र पिछडिएको छ ।

आर्थिक स्तर (अवस्था)

तारापति सिर्सिया गाउँ पंचायतमा हाट वजार लाग्दछ र वरपरका गाउँले जनता हरुले आफुसंग भएको माल वेच्ने र नभएको माल किन्ने गर्दछन् । उक्त हाट वजारमा मुख्यतया महिलाहरुले आफुले उब्जाएका तरकारी, दाल, अन्नपात आदि वेच्ने गर्दछन् । उक्त गाउँमा केही धनी जमिन्दार र केही मध्यम वर्गीय व्यक्तिहरु वाहेक अरु धेरै गरीव व्यक्तिहरुको वसोवास छ । भूमि सुधार कार्यक्रमले त्यस गाउँलाई त्यती असर पार्न सकेको देखिंदैनन् । त्यहाँ अझै पनि केही जमिन्दारहरुको खेतमा मोहियानी हक कायम भएको छैन । त्यस गाउँको मुख्य आर्थिक श्रोत जमीनको स्वामीत्वमा नै निर्भर गरेको छ । त्यस गाउँको नजोक सडक निर्माणको कार्य र कारखानाको संचालन भएता पनि प्राय: सवै मानिसहरु खेतीमा नै काम गर्दछन् । त्यस गाउँमा हजाम, कामी, लोहार आदि व्यक्तिहरु तोकिएका केही मालिक हरुका घरहरुमा आवश्यकता अनुसार आफ्नो सेवा प्रदान गर्दछन् र उनीहरुले वार्षिक तोकिएको अनुसार खान्की (अन्न) लिने गर्दछन् । यसैगरी खेतीपातोको लागि स्थायी रुपमा कामदारको व्यवस्था हुन्छ । ती कामदारले आफ्नो जमिन्दारको काम छोडेर अरुको काम गर्न पाउँदैनन्। सो गरे वापत उनोहरुले केही जग्गाहरु उपभोग गर्न पाएका हुन्छन् । तर साना किसानहरुको हकमा पर्मको चलन छ । खेतीको वेला अर्को परिवारले जती जवान आएर आफ्नो काम गर्दछन्

त्यती नै जवान गएर पंचा तिर्ने चलन छ । त्यस्तै गाईहरूको पनि लेनदेन हुन्छ । प्राय: काम हरूमा नजीकका नातेदारहरूका स्वास्नी मानिस तथा लाग्ने मानिसहरू सबै आएर काम सघाउँदछन् । खास गरी रोपाईंको बेलामा ज्याला दिएर काम लगाउने पनि प्रचलन छ । धान काट्ने बेलामा पनि ज्यालादारीको रूपमा सबै परिवारहरूलाई काममा लगाइन्छ । तर महिलाहरूले मिहेनत गरेर कमाएको ज्याला उनीहरूको लाग्नेले नै लिने गर्दछन् । अन्न भित्र्याए पछि घर धनीले ज्यामीहरूलाई एक अंगालो धान जस्लाई अन्टोया भन्दछन् दिने प्रचलन छ । तर यो प्रचलन विस्तारै हट्दै गएको छ जस्ले गर्दा त्यहाँका जनताहरूले आफ्ना केही मागहरू राखेर हडताल पनि गरेका थिए ।

प्रत्येक घर गृहस्थीले आफ्नो लागि खानेकुरा उब्जाउने र खपत गर्ने काम गर्दछ । तर सबै भन्दा बढी काम र मिहेनत महिलाहरूले नै गरेका हुन्छन् । महिलाहरूले परिवारको लागि खाने कुरा उत्पादन गर्ने काम देखि लिएर लाग्ने मानिसले बिल्कुलै नगर्ने घर भित्रको खाना पकाउने, केटाकेटीको हेरचाह गर्ने, लुगा धुने आदि काम समेत बढी गर्नु पर्ने हुंदा उनीहरूले आफ्नो हेरविचार गर्ने समय नै पाउँदैनन् । यसै गरी १४ वर्ष भित्रका केटाकेटीहरूले पनि धेरै मेहनत गर्नु पर्ने हुन्छ । तर त्यस भन्दा साना उमेरका केटाकेटीहरूमा केटाले भन्दा केटीले बढी काम गरेका हुन्छन् । मध्यम वर्गीय घरकी आइमाईले भन्दा धनी घरका आइमाई र गरीब घरका आइमाईहरूले उत्पादनशिल काममा बढी खट्नु पर्ने हुन्छ । धनी घरको उत्पादन बढी हुने हुनाले त्यसको सुकाई पकाई आदि काम पनि धेरै हुनु स्वभाविकै हो । मध्यम वर्गीय परिवारकी आइमाईले धेरै समय घर धन्दा र बच्चाहरूको रेखदेख लालनपालनमा बिताएका हुन्छन् । आइमाईहरूको कामको बोझको लेखाजोखामा जातले कुनै असर पारेको छैन । कामको प्रकृति मात्र फरक हुन्छ । सानो जातका आइमाइले भन्दा ठूलो जातका आइमाईले धेरै समय घर धन्दा र केटाकेटीको लालनपालनमा बिताउँछन् । यसै गरी ठूलो परिवारका आइमाई भन्दा सानो परिवार भएका आइमाईले थोरै समय फुर्सद पाउँदछन् ।

मैथिली समाजमा आइमाईहरूले घर बाहिर गएर काम गर्दा आफुलाई हिनता महसुस गर्दछन् । १० वर्ष देखि १४ वर्षका बाल बालिकाहरू मात्र गाई वस्तु हेर्ने काम गर्दछन्। यसै गरी खेतोपातोको काम गरीब आइमाईहरूले भन्दा धनी आइमाईहरूले कम गर्दछन् । तर खेतोपातोको लागि खास गरी तल्लो आर्थिक स्थिति भएका आइमाईको प्रमुख भूमिका रहन्छ। यसै गरी दाउरा, घाँस, पात खोज्ने काम पनि मुख्यतया आइमाईहरू नै गर्दछन् । गोबरबाट बाल्ने गुइठा बनाउने काम पनि उनीहरू नै गर्दछन् । यस्ले गाउँलेहरूको मुख्य इन्धनको काम गर्दछ । डोरो, सुकुल, दालो, ढकी आदि आफुलाई चाहिने चीज घर मै प्राय लाग्ने मानिस हरूले बनाउँदछन् । प्राय सबै स्वास्नी मानिसहरू अन्नपात सुकाउने, पकाउने, सफा गर्ने आदि काम गर्दछन् र धेरै अन्नपात हुनेहरू सो काम कहिले काहीं ज्यालाबाट पनि गराउँदछन् । यसरी कुट्ने, चुट्ने र सफा गर्ने काम सकेपछि अन्नलाई घर आगनमा रहेको कोठीमा राखिन्छ। यस बाहेक आइमाईहरूले ढिको जातो गरेर खाने सामान तयार गर्नु पर्दछ ।

यस गाउँका आइमाईहरूको लागि वाहिरीया कमाई सिर्फ खेतमा काम गरेर कमाएको ज्याला वाहेक अरु देखिँदैन । नगन्य आइमाईहरूले मात्र चिया र किराना सामानको पसल राखी आम्दानो गरेको पाइन्छ । धनी गरीव सवै आइमाईहरूको मुख्य काम घर गृहस्थीको संचालन अर्थात पकाउने, खुवाउने, सरसफाई गर्ने केटाकेटी तथा वुढावुढीको हेरचाह गर्नु नै हुन्छ । प्रत्येक व्यक्तिले नुहाउंदा आफैले लुगा धोइ पखाली गर्ने हुनाले लुगा धुने काम कम पर्दछ । पानी ल्याउने काम आइमाईहरूको लागि अर्को प्रमुख काम हो । कहीं कहीं खानेपानीको इनार पनि हुन्छ । तर प्राय: धनी परिवारको घर अगाडि पानीको पोखरी वनाउने चलन छ, जहाँ सवैले नुहाउने, लुगा धुने, माँडा माझ्ने आदि काम गर्दछन् । पानीको लागि यस गाउँमा त्यती समस्या देखिँदैन । वास्तवमा परिवारको कल्याण र आय श्रोत वढाउने काममा महिलाहरूको ठूलो देन छ । परिवारको आय श्रोतमा परिवारको आय श्रोतमा कस्ले के कति आम्दानी गऱ्यो भन्ने लेखाजोखा गर्न गाह्रो छ तापनि परिवारमा कस्ले के कति समय काम गर्दछ त्यसवाट कुन काममा के कति कसको देन वढी छ भन्ने वुझ्न सकिन्छ । अध्ययन अनुसार पुरुषहरूले भन्दा आइमाईहरूले प्रतिदिन करीव ३ घण्टा वढी काम गरेको देखिन्छ ।

## कानूनी प्रकृया, अधिकार र शक्ति संरचना

नेपालमा महिलाहरूको स्थान वारे कानूनी व्यवस्था वेग्लै छ । जस्तै नेपाली वावु वाट जन्मेको वच्चाले सजिलैसंग नेपाली नागरिकता पाउंछ भने नेपाली आमा र विदेशी वावु वाट जन्मेको वच्चाले नागरिकता प्राप्त गर्न ठूलो कठिनाई पर्दछ । यसैगरी महिलाहरूलाई जायज्यथा र सम्पती माथि सिमित हक प्राप्त छ । घरायसी कारोवारमा पनि महिलाहरूको हक पुरूषको भन्दा कम र सिमित छ । मैथिली समाजमा पैतृक अधिकार धेरै छ । कानून अनुसार स्वास्नी मान्छेलाई लोग्ने मानिस सरह सवै कुरामा समान अधिकार प्राप्त भएता पनि व्यवहारमा उनीहरु पिछडिएकै छन् । कानूनी तथा राजनैतिक अधिकारको सही उपभोग गर्न नसक्नुको कारण मैथिली महिलाहरूमा स्थिर आर्थिक श्रोतको अभाव, शिक्षाको अभाव परम्परागत रुढीवादी आदि नै हुन् ।

भूमि नै उत्पादन तथा सवै शक्ति संरचनाको आर्थिक आधार मानिन्छ । कृषि उत्पादनको लागि महिलाको भन्दा पुरुषको वढी आवश्यकता महसूस गरिन्छ । यस मैथिली गाउँमा परिवारको जग्गा जमिन र चल अचल संपत्तिमा वंशको नाताले पुरूषको हक हुन्छ । वावु आमा वुढा वुढी भई खेतो पाती र आर्जन गर्न नसक्ने भएपछि आफ्नो जिउनी भाग राखेर अरु सवै छोराहरूमा अंश वण्डा गर्दछन् र सो जिउनी भागको खेती पाती छोरा नातोले संम्हाल्दछन् । कानूनमा जे जस्तो उल्लेख भएता पनि यस गाउंका महिलाहरूको सम्पत्तीमा कुनै अधिकार छैन । विवाहिता महिलाले पनि लोग्ने तर्फको आफ्नो अंश मात्र पाउंछन् भने विधवा र अविवाहिता महिलाहरूले खान लाउन मात्र पाउंदछन् । छोरा नाती नभएमा वुढावुढोको सम्पत्तिको हक्दार नजोकको नाताका पुरूषले पाउंदछ । वावु आमाको जीवित छँदै छोरीलाई केही लेखो दिएको भए सो सम्पत्ति छोरीले पाउँछे अन्यथा जस्ले काज कृया

गर्दछ उसैले पाउंदछ । यसरी सम्पत्ति दिने कुरामा पनि आमाको भन्दा बाबु कै अधिकार बढी हुन्छ । तर विवाहमा पाएका र बाबु आमाले दिएको गहना गुरियाहरूमा भने महिला हरू कै हक बढी हुन्छ । यस्ता गर गहना गरीब घरका आइमाइको भन्दा धनी वर्गका आइमाइहरू संग धेरै मात्रामा हुन्छन् । आइमाइहरूले खेतो भित्र्याउने बेलामा जम्मा गरेको अन्न बेचेर आएको पैसाबाट र गाइ बस्तु पाली सो बेचेर बनाएको पैसाबाट गहना बनाउंदछन् । साथै उनीहरूको माइतबाट र लोग्नेबाट विवाहको बेलामा पाएको गहना समेत उनीहरूकै हुन्छ । तर यस्ता सम्पत्तिमा पनि स्वास्नी मानिसले लोग्नेको सल्लाह बेगर आफुखुसी केही गर्न पाउंदैनन् । लोग्नेको स्वास्नी माथि पुरा अधिकार भएको मानिन्छ । उस्ले स्वास्नीलाई जे जस्तो यातना दिए पनि स्वास्नीले सहनु पर्दछ भन्ने धारणा यस समाजमा व्याप्त छ । आर्थिक स्थिति कमजोर भएका महिलाहरूको मुख्य पेशा नै ज्यालादारी काम गरी पैसा कमाउनु हो र यसरी कमाएको पैसामा पनि उसको लोग्नेको अधिकार हुन्छ । खाना पकाउने कुरामा चाहिं महिलाहरूको निर्णय नै लागु हुन्छ तर खर्च वर्च र अन्य महत्वपूर्ण र ठूला कुराहरूमा चाहिं लोग्ने मानिसको निर्णय नै बढी लागु हुन्छ र कुनै कुनै कुरामा दुवै जनाले सल्लाह गरेर निर्णय गर्दछन् । आर्थिक स्थिति कमजोर भएका वर्गहरूमा घरायसी किनमेल, बेचबिखनमा महिलाहरू संग बढी राय सल्लाह लिइन्छ ।

त्यस गाउंमा राजनैतिक चेतना र राजनैतिक गतिविधिको ज्ञान भएका महिलाहरू सिर्फ २४ प्रतिशत मात्र भेटीयो तर गाउंको राजनैतिक विषय भने धेरैलाई थाहा छ । ब्राह्मण महिलाहरूलाई राजनीति विषयमा धेरै कम जानकारी भएको पाइन्छ । त्यस्मा पनि आर्थिक स्तर राम्रो र नराम्रो हुने दुवै वर्गका महिलाहरूमा धेरैले भोट खसालेका रहेछन्। हाल आएर सिर्सिया गाउं बहुत राजनैतिकरण हुन गएको छ । एक पटक त्यस गाउंमा ज्याला र मजदूरीलाई लिएर ठूलो संघर्ष भएको थियो । जस्मा आर्थिक स्तर कम भएका महिलाहरूले पनि सकृय भाग लिएका रहेछन् । यसै गरी अन्य राजनैतिक वाद विवादमा पनि यहांको महिलाहरूले सकृय भाग लिएको देखियो । तर राजनीतिमा भाग लिन भने समाजको रुढीवादी प्रकृतिले गर्दा अधिकांश मैथिली महिलाहरू मान्दैनन् र समाजले पनि दिंदैन । त्यस समाजमा प्रगन्ना सभामा गाउंको प्रतिनिधित्व गर्ने नेता (देवान) र जातिय नेता (मैजन्स) ले सामाजिक कृयाकलाप र सामाजिक बहिस्कार गर्ने काममा ठूलो भूमिका खेल्दछन् । यस गाउंमा यादव, सुर्दी, तेली र मेरीहरूको बेग्लो बेग्लै चार प्रकार सभा थियो र त्यो सभाको नेता (जस्लाई मैजान भनिन्छ) मरेपछि उसैको छोरा फेरी नेता बन्दछ । यसै गरी देवानको पनि चलन छ । यसरी प्रत्येक क्षेत्रमा आइमाईको सहभागिता अनौपचारिक किसिमको हुन्छ र मुख्यतया पुरुषको इच्छा र अधिकार प्राप्त गर्न सहायकको रूपमा प्रयोग गरिन्छ ।

उपसंहार र सुझावहरु

संक्षेपमा मैथिली आइमाईहरुको पारिवारिक जीवनमा महत्वपूर्ण भूमिका भएता पनि उनीहरुलाई समाजमा निम्न स्तरको महत्व दिइन्छ । वास्तवमा आइमाईहरु र केटीहरुले समेत पुरुष तथा लाग्ने केटाहरु भन्दा ज्यादै वढी काम गर्दछन् । धनी र गरीव वर्गका आइमाईहरुको काम गर्ने समय त्यती फरक छैन तर भित्री काम र वाहिरी काम मात्र फरक छ । गरीव घरकी आइमाईले ज्यालादारी गरेर परिवारको आयश्रोतलाई टेवा दिन्छन् भने धनी घरकी आइमाईले खाना पकाउने, अन्न कुट्ने, केलाउने, गाई वस्तुको हेरचाह गर्ने आदि काम गर्दछन् । तर केटाकेटीहरुको रेखदेख, लालनपालन महिलाहरुमा नै पूर्णरुपले निर्भर गर्दछ । महिलाको मुख्य कृयाकलाप घरायसी काम र खेतीपातीमा हुन्छ । घरायसी काम र बच्चाहरुको लालनपालनमा आमाको ठूलो हात हुन्छ जुन कामलाई कुनै मूल्यांकन र सामाजिक मान्यता प्राप्त हुंदैन । आमाको स्थान परिवारमा प्राय: मान्य र उच्च नै छ। जन्म दिने आमालाई घरकी माता (देवता) को रुपमा मान्ने पनि चलन देखिन्छ । तर राष्ट्रिय स्तर र परिवार स्तरमा पनि महिलाको पारिवारिक देनको मूल्यांकन भएको देखिंदैन र महिलाहरुलाई पुरुष वर्ग कै आश्रीतको रुपमा लिइएको छ ।

कानूनी हिसावले महिलाहरु आफ्नो लाग्नेको सम्पत्तिको हकदार हुन्छन् तर वास्तवमा सो सम्पत्तिमा आफ्नो निजी सम्पत्तीमा पनि महिलाहरुको हक र नियन्त्रण छैन । सन्तान जन्माउन र आफ्नो जीविकोपार्जनको लागि एउटी महिलाले दिनको १० घण्टा भन्दा वढी काम गर्नु पर्दछ तर तीनै सन्तान र सम्पत्ति प्रति उनको अधिकार सिमित नै हुन्छ । परिवारमा आइमाईको स्थान झण्डै नोकरकै सरह हुन्छ । आइमाईहरु ज्यादै कमजोर अनुत्तरदायी र अशक्त हुन्छन् भन्ने भावनाले व्याप्त यस समाजमा आइमाईले आफ्ना इच्छाहरुलाई दवाएर पनि जति सक्यो आफ्नो पतिव्रता धर्म र सतित्व जोगाउनु पर्दछ ।

मैथिली आइमाईहरु सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, धार्मिक दृष्टिले पिछडिएका हुनाले उनीहरुको आयश्रोत वढाउन विभिन्न किसिमका रोजगारीको व्यवस्था गरिनु आवश्यक छ । विभिन्न अध्ययनवाट यो सिद्ध भएको छ कि आइमाईहरुको जात आम्दानी वढ्यो उत्तिनै अधिकार प्राप्त हुने भएकोले सोही अनुसार उनको घरायसी कुरामा पनि अधिकार वढ्नुको साथै स्वास्थ्यमा मात्र वृद्धि नभई यसवाट केटाकेटीहरुको पनि कल्याण हुन्छ । कृषि उत्पादनको वृद्धिले पनि मैथिली समाजमा आइमाईको मर्यादा स्तरमा सुधार आउन सकेको छैन किनभने कृषि उत्पादनमा सवै लाग्ने मानिस कै अधिकार छ । आइमाईको धेरै समय घर धन्दा, पानी वोक्ने, अन्नपात सुकाउने, पकाउने, केलाउने आदीकाममा वढी खर्च हुन्छ जुन गरे वापत आइमाईले त्यसको कुनै आम्दानी उपभोग गर्न नपाउने भएकोले आइमाई हरुलाई कृषिको साथै अन्य आम्दानी मूलक कार्यमा लगाउनु पर्दछ जुन काम गरेपछि तुरुन्त त्यसको फाइदा पाउने व्यवस्था गर्न सकिएमा मात्र यी महिलाहरुको जीवन स्तर उठ्न सक्दछ । यसको लागि खाना वनाउने सानो उद्योग संचालन गर्न सकेमा महिलाहरुले केही समय त्यसवाट वचाइ सो समय अन्य आम्दानी हुने काममा लगाउन सक्ने छन् । महिलाको अर्को

धेरै समय अन्नपात सुकाउने पकाउने, केलाउने आदिमा लाग्दछ यसको लागि सबै किसिमको अन्न तयार गर्न एउटा साझा कार्यक्रम संचालन गराउन सकिन्छ ।

त्यस गाउँमा सस्तो र साधारण लुगा तयार गर्न सानो खालको उद्योग संचालन गर्न सकिन्छ । मैथिली आइमाईहरूको परम्परागत सीप र शैलीलाई आधुनिक तरिकावाट सदुपयोग गर्न सकेमा त्यसवाट पनि महिलाहरूले ठूलो आम्दानी गर्न सक्दछन् । तरकारी खेती र त्यसको वजार व्यवस्थाको पनि त्यहाँ ठूलो संभावना छ । घरायसी काममा महिलाहरूको प्रमुख भूमिका रहेता पनि उनीहरूको आम्दानी र सम्पत्तिमा समेत कुनै अधिकार छैन । मैथिली आइमाईहरूले खानपिन, वालीचाली, वानो वेहोरा, विवाह, हिंडडुल, व्यवसाय र रोजगारी आदिमा समेत उनीहरूको स्वेच्छा वमोजिम गर्न पाउँदैनन् । यो चलन गरीव वर्गमा भन्दा धनी र उच्च वर्गमा वढी पाइन्छ । तसर्थ मैथिली आइमाईहरूको स्थान पुरुषको भन्दा ज्यादै तल छ । लिंग अनुसार आइमाईलाई भेदभाव गरिन्छ । जुन प्रचलित कानून विपरित छ । यसरी मैथिली महिलाको सामाजिक मर्यादा कम हुनुमा धेरै कारणहरू छन् । यो हटाउनको लागि घरायसी व्यवहारमा समानता र माथि तल दुवै तहमा आइमाईहरूको लागि समान अवसर प्रदान गर्न आवश्यक छ । एकातिर मैथिली सामाजिक, धार्मिक र अन्य सवै प्रकारले मैथिली आइमाईको स्तर ज्यादै तल छ भन्ने महसूस गरिएको छ भने अर्को तर्फ विकास कार्यक्रममा उनीहरूलाई सक्रिय रूपले समावेश गर्नु पर्ने कुरा पनि महशुस गरिएको छ । उनीहरूको जीवन स्तर उठाउन उनीहरूको आयश्रोत, स्वास्थ्य र शैक्षिक स्तर वढाउनु आवश्यक छ । त्यस गाउँमा आइमाईको रोजगारीको मौका ज्यादै नै सिमित छ । धेरै आइमाईहरू खेती नै गर्दछन्, खेती वाहेक अन्य क्षेत्रमा काम गर्ने व्यक्तिहरू प्राय: देखिँदैनन् । धेरै महिलाहरूसंग प्रश्न गर्दा घर भित्रको काम वढी भएकाले वाहिर काम गर्न उनीहरूलाई फुर्सत नै हुँदैन । यसै गरी सामाजिक मर्यादा र रीतिरिवाजको कारणवाट पनि महिलाहरू वाहिर गएर रोजगारी प्राप्त गर्न सकेका छैनन्।

विकास प्रकृयामा महिलाहरूको सहभागिता वढाउनको लागि उनीहरूलाई जति सक्यो वढी शिक्षित वनाउनु पर्दछ । उनीहरू प्रति गरिने व्यवहार र धारणाले गर्दा केटीहरूले गर्नु पर्ने घर धन्दा केटाकेटी हेर्ने, गाई वाख्रा चराउने आदि कामले गर्दा पनि पढ्ने मौका पाएका छैनन्। यसै गरी माछा पनि केटीहरूको शिक्षाको लागि अर्को वाधाको रूपमा रहेको छ । कसैले छोरीहरूलाई पढाउन स्कूल पठाए पनि विभिन्न कारणले पछि उनीहरूलाई वीचैमा छोडेका पाइन्छ । त्यसै गरी केटीहरू ठूला भएपछि पर पुरुषहरूसँग सम्पर्कमा आउन नहुने परम्परागत संस्कारले गर्दा पनि केटीहरूले पुरा पढ्न नपाउँदै स्कूलवाट छुटाइन्छ । त्यसैले सह शिक्षालय भन्दा केटाकेटीको लागि वेग्ला वेग्ले स्कूलको पनि व्यवस्था गर्न सकिन्छ । सिर्सिया गाउँका मैथिली आइमाइहरूको स्वास्थ्य र सरसफाई तर्फ त्यती गहिरिएर अध्ययन गरिएको छैन । सर्वप्रथम त्यस गाउँमा रहेका सार्वजनिक पोखरीहरू जहाँ गाउँलेहरू नुहाउने, लुगा, भाँडाकुडा धुने आदि सवै गर्दछन् । यस प्रकारको फोहर पानीवाट के कस्तो रोग लाग्दछ भन्ने कुरामा गाउँलेहरू अनभिज्ञ छन् । तसर्थ स्वास्थ्य शिक्षा त्यस गाउँको लागि अति आवश्यक छ । यी सव काम वाहिरीया व्यक्ति भन्दा गाउँले अगुवा कै सहायतावाट

गर्न सकिन्छ । साथै यस्मा गाउँले सुडीनीहरूवाट पनि मद्दत लिन सकिन्छ । गाउँ घरमा धन, जात, लीङ्ग र उमेरको वढी प्रभाव पर्दछ । धनी, ठूलो जात र पाको उमेरका मानिसहरूले मने गरेको काममा गाउँलेहरूको त्यती विरोध हुँदैन । शिक्षा दिक्षा र तालिम दिने काम अगुवाहरू को मद्दत नलिई हुँदैन । तालिम दिंदा स्थानीय भाषा र स्थानीय व्यक्तिहरूले बुझ्न सक्ने माध्यमवाट दिनु पर्दछ ।

मैथिली आइमाई ज्यादै नै परिश्रमि भएता पनि उनीहरूको जीवनस्तर ज्यादै गिरेको छ । उनीहरू वाहिरीया संसारवाट विल्कुलै अलग छन् । यसकारण उनीहरूको जीवनस्तर उठाउनको लागि विभिन्न विकाश कार्यक्रमहरू संचालन गरी समानुपातिकरूपले सहभागि गराउनु पर्दछ ।

सिर्सिया गाउंको मैथिली महिलाहरुको सारांश

उमेर समूह तथा लिंग अनुसारको उत्पादन कार्यमा दैनिक समय विभाजन (घण्टामा)

| उमेर समूह । लिंग | ५ - ९ | | १० - १४ | | १५ + | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क्रियाकलाप | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १. पशुपालन | ०.५७ | ०.७६ | २.०८ | २.६७ | १.११ | ०.६८ | |
| २. कृषि | ०.१२ | ०.१६ | १.०५ | ०.८३ | ३.२० | ०.९८ | |
| ३. शिकार र जम्मा गर्ने | ०.०८ | ०.०४ | ०.०६ | ०.३० | ०.१६ | ०.२८ | |
| ४. उद्योग | - | - | - | - | ०.२२ | ०.१८ | |
| ५. खाद्य प्रशोधन | - | ०.०१ | ०.०६ | ०.४१ | ०.१३ | १.१३ | |
| ६. वाहिर आर्जन गर्ने कार्य (गाउंमा) | ०.३० | ०.१५ | ०.३५ | ०.३३ | १.३६ | ०.५२ | |
| ७. निर्माण | ०.०३ | - | ०.०६ | ०.०६ | ०.१७ | ०.१० | |
| जम्मा समय उत्पादन कार्यमा | १.१० | १.१५ | ३.७२ | ४.६० | ६.४१ | ३.८७ | |

सिर्सिया गाउँको मैथिली महिलाहरूको सारांश

तालिका नं. ३.८

उमेर तथा लिंग अनुसारको विभिन्न क्रियाकलापको दैनिक समय विभाजन (घण्टामा)

| उमेर समूह । लिंग | ५ - ९ | | १० - १४ | | १५ + | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क्रियाकलाप | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | |
| १. कार्यभार (क + ख + ग) | १.२४ | २.०५ | ४.८१ | ७.६० | ६.९५ | ९.९८ | |
| (क) उत्पादन | (१.१०) | (१.१५) | (३.७२) | (४.९०) | (६.४१) | (३.८७) | |
| (ख) घरायसी | (०.१०) | (०.४२) | (०.४७) | (२.३१) | (०.४६) | (४.८६) | |
| (ग) शिशु स्याहार | (०.०४) | (०.४८) | (०.६२) | (०.३९) | (०.०८) | (१.२५) | |
| २. शिक्षा | १.३८ | ०.३५ | २.०८ | ०.६६ | ०.०४ | - | |
| ३. व्यक्तिगत सर सफाई | १.५४ | २.०२ | १.७५ | २.१५ | १.८९ | १.७६ | |
| ४. सामाजिक | ०.०३ | ०.१७ | ०.०६ | ०.२२ | ०.११ | ०.१० | |
| ५. फुर्सत | ११.८१ | ११.४१ | ७.३० | ५.३७ | ७.०१ | ४.१६ | |
| जम्मा काम गर्ने गरेको घण्टा | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | |

## थवाङ्गका खाम मगर महिलाहरु: सारांश +

१. परिचय

खाम मगरहरु तिब्बती - वर्मा भाषा बोल्ने समूहमा पर्दछन् । उनीहरुको वस्ती धौलागिरी र डोल्पा पर्वतमाला देखि दक्षिणी भागमा पर्ने रुकुम, रोल्पा र वाग्लुंग जिल्लाको विभिन्न क्षेत्रहरुमा वस्तछन् । ६००० देखि १३००० फिट सम्मको उचाईमा उनीहरुको वसोवास हुन्छ । खेतोपातो र पशुपालन नै उनीहरुको मुख्य पेशा हो । २०० देखि ५०० सम्म परिवारहरुको एउटा गाउं हुन्छ र त्यसै गाउं भित्र नै धेरै जसो वैवाहिक सम्वन्ध हुन्छ । थवाङ्गमा कुनै ठूलो वजार छैन । केही परिवारले भारतवाट ल्याएका औद्योगिक सामानहरु जस्तै वेट्री, धागो, सावुन र नेपाली चुरोट, तेल वेच विखन गर्दछन् । तान्सेन, भैरह्वा, घोराई र नेपालगंज नै सवै भन्दा नजिक पर्ने वजारहरु हुन् तर ती वजारहरुमा पुग्न करीव १० दिन सम्म हिड्नु पर्दछ । सम्वत् २०३४ मा एउटा स्वास्थ्य चौकी स्थापना गरिएको थियो तर दुर्गम क्षेत्र भएकोले कुनै पनि स्वास्थ्य सहायक वस्तैनथे । सम्वत् २०३६ मा मात्र नयां माध्यमिक विद्यालय खुल्यो त्यस भन्दा पहिले विद्यार्थीहरुलाई प्यूठान जिल्लामा पठाउनु पर्दथ्यो । खाम जातिका महिलाहरु खेतीपातीको काम र वुनाइमा निक्कै परिश्रमी छन् ।

---

+ अगस्त मोलनारद्वारा लिखित "The Kham Magar Women of Thabang", "The Status of Women in Nepal Vol.II, Part 2, CEDA 1981" वाट गोविन्द प्रसाद रेग्मीले सारांश अनुवाद गर्नु भएको ।



मगर महिला

## आर्थिक स्तर

आर्थिक दृष्टिले खाम मगर महिलाहरू खेती, आर्थिक साधनको विभाजन र गार्हस्थ्य उत्पादन वारे पुरूष सरह नै कतिपय महत्वपूर्ण विषयमा निर्णयहरू लिने गर्दछन् । परिवार भित्र महिलाहरूको भूमिका, ग्रामीण अर्थ तन्त्रमा उनीहरूको सक्रियता, आर्थिक साधन उपलब्ध नगद उत्पादन र वचतमा महिलाको नियन्त्रण वारे जानकारी लिने यस अध्ययनको लक्ष्य रहेको छ ।

### अर्थ व्यवस्था

धेरै जसो जमिन पाखो वारी भएको हुंदा यहाँको मुख्य उत्पादन मकै, जौ, गहुं, फापर हुन् । भटमास, सिमी, आलु, मूला, पालुंगो र काँक्रो पनि उत्पादन भएको देखिन्छ । जमिन साना साना टुक्राहरूमा विभाजित छन् । जमिनको अभावमा जंगल फडानी गर्ने प्रचलन प्रशस्त छ । औसत नेपालीको तुलनामा यहाँका मगरहरू गरीव देखिन्छन्। अन्तरवार्ता लिइएका ३५ परिवार मध्ये एक चौथाईलाई मात्र खान पुग्ने देखिएको छ । खान नपुग्ने कतिपय मगरहरू भारतको सिम्लामा गै काम गर्ने र केही भारतीय सैनामा भर्ती हुने गरेको देखिएको छ । नमुना परिवारहरूको कुल आम्दानी मध्ये ४८.८ प्रतिशत कृषि उत्पादन (खेतीपाती) वाट र तरकारी खेती र पशुपालनवाट १६.६ प्रतिशत हुन्छ । त्यस्तै प्रशोधित खानावाट १२.५ प्रतिशत आम्दानी हुन्छ । यसरी कृषि अन्य कामहरूवाट कुल ८१.३ प्रतिशत आम्दानी हुन्छ । वाँकी १८.७ प्रतिशत आम्दानी तलव, पेन्सन, पूंजीगत सम्पत्ति र ज्यालादारीवाट प्राप्त हुन्छ ।

आर्थिक दुरावस्थाको कारणमा प्राकृतिक दुर्भिक्ष प्रमुख देखिएको छ । हिउं र असिनाले वर्षेनी खेतीलाई क्षति पु-याएको कुरा गाउंलेहरू भन्दछन् । उपलब्ध तथ्यांकवाट के स्पष्ट हुन्छ भने १४.२ प्रतिशत परिवारले मात्र उत्पादनको केही अंश वचत गर्न सक्ने र १७ प्रतिशतले निर्वाहको लागि खाद्यान्न उत्पादन गर्छन् तर वाँकी ६८.८ प्रतिशतलाई खान नपुग्ने अवस्था देखिएको छ । पशुपालन उनीहरूको दोश्रो प्रमुख पेशाको रूपमा देखा परेको छ । ८३ प्रतिशत घर परिवारले गाई वस्तु र करीव ३५ प्रतिशतले भेंडा वाख्रा पालने गरेको देखिन्छ । गाइ वस्तु नपालने व्यक्तिहरू भूमिहीन वा ज्यादै गरीव छन् ।

गाइ वस्तु, घोडा र भेंडाहरू भएका अधिकांश परिवारका पुरूषहरू धेरै जसो समय भर वाहिर नै विताउने गर्दछन् । पुरूषहरूको ५० प्रतिशत भन्दा वढी समय गाउं देखि वाहिर वित्ने भएको हुंदा महिलाहरूमा वढी कार्यको वोझ पर्ने स्वभाविकै हो । उत्पादन शील कार्यमा पुरूषहरू ५.५२ घण्टा र महिलाहरू ६.४० घण्टा प्रतिदिन कार्यरत भएको देखिन्छ । घरको कृयाकलापमा उपलब्ध समयको ६ प्रतिशत पुरूषले र १६.५ प्रतिशत समय महिलाले व्यतित गर्दछन् ।

पशुपालनको सन्दर्भमा जाडोको मौसममा मधेश आराल्ने र गर्मीको मौसममा लेक तर्फ (गोठ बनाई) लाने चलन छ । मगर समुदायमा पशुपालन पुरुषाहरुको कार्य क्षेत्र भित्र पर्दछ खेतीको समयमा कुन किसिमको बीजको प्रयोग गर्ने भन्ने निर्णय सामुहिक रुपमा गाउँले हरुले गर्दछन् । मल हाल्ने कार्य पुरुषा र महिला दुवैले गरेको देखिन्छ । वाली काट्ने र बाँक्ने काम सामुहिकरुपमा गरिएता पनि सुकाउने र सफा गर्ने कार्य प्राय: महिलाहरुले गर्दछन् । महिलाहरुको कूल उपलब्ध कार्य समय मध्ये १.६ प्रतिशत समय पिठो पिस्ने कार्यमा व्यतित हुन्छ । समय विभाजन सम्बन्धी तथ्यांक अनुसार पुरुषाले ४.१३ प्रतिशत समय खाद्य प्रशोधन र १६.५७ प्रतिशत समय गार्हस्थ कार्यमा व्यतित गरेको देखिन्छ । जबकि कृषि सम्बन्धी कार्यमा १६.४ प्रतिशत समय पुरुषाले र २१.७६ प्रतिशत समय महिलाले प्रयोगको हिसावले समानरुपमा काम गरेको देखिन्छ ।

वाल बच्चा हुर्काउने काममा महिला-पुरुषा दुवैको सकृय सहभागिता हुन्छ । महिला काममा गएको समयमा पुरुषाले बच्चाको रेखदेख गर्दछन् । महिलाहरु धेरै समय माइत गएर बस्ने गरेको पनि देखिएको छ । सानै उमेर देखि वालक वालिकालाई आमा बाबुले गर्नु पर्ने काम बारे तालिम दिएको देखिन्छ । केटीहरुले प्राय: घर भित्रको र केटाहरुले घर बाहिरको काम गरेको दखिन्छन् । प्राय: केटीहरुलाई मगर समाजले पूंजीको रुपमा हेर्दछन्। किन कि केटीहरु केटाहरु भन्दा बढी समय काम गर्ने गर्दछन् ।

गार्हस्थ निर्णय प्रकृया र घर परिवारको श्रोत र साधनको विभाजनमा धेर कारण हरुले महिलाको भूमिकालाई प्रभाव पार्दछ । परिवारको बनावट, उमेर र घरमा पुरुषाहरुको अनुपस्थिति जस्ता प्रमुख कारणहरुले महिलाले लिने निर्णयलाई प्रभावित पारेको देखिन्छ । साना परिवारहरुमा महिला र पुरुषा दुवैले सामुहिक रुपमा निर्णय लिएता पनि पशुपालन जस्ता आर्थिक कार्यहरुमा पुरुषाले मात्र निर्णय लिने र कृषि सम्बन्धी निर्णयहरु महिला-हरुले मात्र लिने गरेको देखिएको छ । यो पनि पुरुषाहरुको उपस्थितिमा निर्भर गर्दछ । यदि पुरुषा धेरै जसो गोठमै बसेमा घर परिवारको धेरै जसो निर्णयहरु महिलाहरुले नै लिने गर्दछन् । सामान्य घर परिवार सम्बन्धी निर्णयहरुमा एक अर्कोले विरलै हस्तक्षेप गर्दछन् । यदि लामो अवधिको लागि पुरुषा विदेश गएको छ भने पशुपालन सम्बन्धी निर्णयहरु पनि महिलाहरुले नै गर्दछन् र त्यसमा पुरुषाहरुले आपत्ति जनाएको देखिंदैन । ऋण लिने जस्ता विषयहरुमा महिला पुरुषा दुवैले सल्लाह गरी टुंगो लगाएको देखिन्छ । कानूनी रुपमा ऋण लिने दिने बारे जे सुकै व्यवस्था भएता पनि थवाङ्गका मगर समुदायमा महिलाले लिएको ऋण पनि घर परिवारवाट नै तिर्ने परम्परा छ ।

खास मगर समुदायमा ठूलो परिवारलाई पूंजीको रुपमा हेरिन्छ । खेती, पशुपालन, कपडा उत्पादन (परिवारको प्रयोग र विक्रीको लागि), घर निर्माण एवं मरम्मतको लागि श्रम को आवश्यकता पर्ने हुंदा सात वर्षको उमेर देखि नै काम गर्ने गर्दछन् । सिंचाई सुविधा नभएका साना टुक्रा जमिनमा काम गर्नु, मल राख्नु र अन्न कटानी र घर भित्र्याउने

जस्ता कार्यहरुमा श्रमको ज्याद उपयोग हुने हुँदा यसको महत्व अपरिहार्य भएको हो । सम्पन्न परिवारहरुले ज्यालादारीमा पनि काम लगाउन सक्ने हुँदा उनीहरुको लागि श्रमको खास महत्व नहोला अपितु निम्न वर्गमा यसको सारै ठूलो महत्व छ । सामान्यतया नेपालका अन्य समुदायहरुमा बुहारीले वढी समय काम गर्नु पर्ने देखिन्छ, तर खास मगर समुदायमा यसको उल्टा स्थिति देखा परेको छ । यसो हुनुको मुख्य कारण सायद लामो अवधि सम्म माइत वस्ने परम्पराले होला सबैले ठूलो परिवारको इच्छा गरेता पनि धेरै पारिवारिक इकाईहरु साना साना छन् । औसत परिवारमा ५.२ सदस्य छन् । विवाह भएपछि छोराहरु भिन्दै वस्ने र प्रजनन दर कम भएको कारणले गर्दा यसो भएको देखिन्छ । यसो हुनुको कारण शिशु मृत्यु दर वढी वहु विवाह र लामो अवधि सम्म पुरुषहरु गाउँ देखि वाहिर वस्नाले हो । श्रम प्रयोग विभिन्न किसिमवाट हुन्छ जस्तै ज्यालादारी र श्रमको आदान प्रदान निम्न आय वर्गका परिवारहरु वाहेक अरुले खेतीको समयमा ज्यामी राख्ने चलन छ । ज्यालादारीमा काम गर्ने जातिहरुमा कामी र दमाई प्रमुख देखिएकाछन् । ज्यालाको रुपमा वार्षिक करीव १२ पाथी अन्न दिने चलन पनि छ । खेत जोत्ने कार्य वाहेक अरु सव कृषि सम्वन्धी कार्य महिलाहरुले नै गरेको देखिन्छ । महिला ज्यामीहरु दिनको रु.३।- र दुई छाक खाना ज्यालाको रुपमा पाउँछन् । ज्याला नगद वा जिन्सिका रुपमा पनि दिने चलन छ ।

कामी र दमाइहरुलाई घर वा गोठ वनाउने कार्यमा पनि प्रयोग गरिन्छ । ढुंगा वोक्ने, काठ काट्ने र माटो मुछ्ने जस्ता कठिन कार्यहरु गर्ने ज्यामीहरुलाई काम हेरि रु.६ देखि रु.८ सम्म ज्याला दिने चलन छ । संधै यसरी रुपियाँ तिरेर ज्यामीहरु राख्न नसक्ने हुँदा पालो पैचोको चलन पनि छ । यस किसिमको पर्मको चलन निम्न आय वर्गका समुदायमा वढी प्रचलित भएको देखिन्छ । सामान्यतया आपसमा र नाता सम्वन्धीमा श्रमको आदान प्रदान गर्ने प्रचलन देखिएको छ ।

विभिन्न किसिमको अन्नवाट रक्सी वनाउने चलन छ । रक्सी वनाउनका लागि धेरै अनाज किन्नेहरुलाई नै उद्यमी मानिन्छ । रक्सी विक्रीवाट महिलाहरुले धेर आम्दानी गर्दछन् । धेरै महिलाहरुले आपसमा पैसा संकलन गरेर अन्न खरिद गरी रक्सी वनाई वेच्ने गर्दछन् । रक्सी वनाई वेच्नु महिलाहरुको स्वतन्त्र जिविकोपार्जनको मुख्य आधार मानिन्छ। खास गरी विधवा, अविवाहित तथा सम्वन्ध विच्छेद गरेका महिलाहरु रक्सी वेच्ने व्यवसाय वाट जीविकोपार्जन गर्दछन् ।

चाहे विवाहित परिवारमा लाग्ने संगै वस्ने वा एक्लै वस्ने महिला हुन् उनीहरुको उत्पादन र निर्णय प्रकृयामा महत्वपूर्ण भूमिका हुन्छ । औद्योगिक व्यवसाय जस्तो कपडा वुन्ने, राडी पाखी वुन्ने र गाजा र पुजा उत्पादन जस्ता कार्यमा महिलाहरुको सकृय सहभागिता भएको देखिएको छ । त्यस्तै कृषि विकास सम्वन्धी कार्यहरुमा पनि महिलाहरुकै प्रमुख भूमिका हुने हुँदा विकास प्रकृयामा उनीहरुलाई सहभागि वनाउन अनिवार्य देखिन्छ । कृषि सम्वन्धी तालिमहरुमा प्राय: पुरुषहरु मात्र समावेश गरिने हुँदा भविष्यमा महिलाहरुको

सहभागिता महत्वपूर्ण देखिन्छ । किनभने बीज छनौट र मल प्रयोग जस्ता आधारभूत कुराहरुको निर्णयहरु महिलाहरुले गर्दछन् । उपयुक्त प्रविधिको अभावमा महिलाहरुले प्रशस्त समय खाद्य प्रशोधनमा व्यतित गर्नु पर्ने हुंदा महिलाहरु अन्य व्यवसायमा लाग्न नसकेका हुन् । त्यस्तै किसिमले खानेपानीको अभावमा महिलाहरुको प्रशस्त समय पानी बोक्नामा खर्च हुन्छ । यदि गाउंमै खानेपानीको व्यवस्था भएमा सुविधाको साथै समयको बचत हुन्छ । खाद्य परिकार र पौष्टिक आहारको लागि तरकारी खेती जस्ता व्यवसायहरुमा प्राथमिकता दिइ उत्पादन बढाउन सकिने सम्भावना छ ।

महिलाहरुले साना घरेलु उद्योगमा रूची राख्ने हुंदा तिनीहरुको तालिम व्यवस्था भएमा उत्पादन वृद्धि भै अतिरिक्त आय सिर्जना हुन सक्ने प्रशस्त सम्भावना देखिन्छ ।

## सामाजिक संगठन

मगर समुदाय दुई किसिमले संगठित छ : (१) परम्परा अनुसार वंशजको नाता र (२) विवाहद्वारा सिर्जना गरिएको नाताको आधारमा संगठित समुह वंशजको आधारमा थरको निर्माण हुन्छ, जस्तो बुढा, रोकाधर्ती र पुन । थरलाई विभाजन गरी उपथरहरु बनाइएका छन् । मगर समुदायमा प्राय: मामाको छोरी विवाह गर्ने परम्परा छ । यसो गर्नाले मामा भान्जा तर्फबाट सिर्जना भएको सम्बन्ध बढी प्रभावशाली होस् भन्ने हेतुले यसो गरिएको हो । थवाङ० गाउंमा ६० प्रतिशत विवाह गाउं भित्र नै गर्ने चलन छ । यस प्रचलनले पुरा गाउं नै एक आपसमा नाताले जेलिएको छ । मगर समुदायमा प्राय: आफ्नै विवाह गर्ने परम्परा छ । थवाङ्०गका ४६ प्रतिशत विवाहहरु मामाको छोरीसंग र २५ प्रतिशत विवाहहरु सालीहरुसंग भएको देखिएको छ ।

विवाह तीन किसिमले गरिन्छ (१) बाबु आमाले व्यवस्था गरेको विवाह (२) केटा वा केटीले छनौट गरेर गरिने विवाह र (३) भगाई लगेर गरिने विवाह । यसका अतिरिक्त जवर्जस्ती भगाई लगेर विवाह गर्ने परम्परा पनि छ । विवाह गर्दाको उमेर विभिन्न किसिमको देखिएको छ । केटीहरुले प्राय: बीस वर्ष पुगे पछि विवाह गर्दछन् । अरु हिन्दु समुदाय जस्तो सानै उमेरमा विवाह गर्ने प्रचलन भने मगर समुदायमा छैन । मगरहरुमा छोटी बस्ने चलन छ । विवाह गर्नु भन्दा पहिले मगर युवतीहरु रक्सी बेचेर प्रशस्त आम्दानी गर्दछन् । सामान्यतया यस आम्दानीबाट घरमा आर्थिक सहयोगको अपेक्षा गरिन्छ । विवाह पछि बाल बच्चा र जन्मन्दा सम्म दुलही कहिले माइत र कहिले घरमा बस्ने चलन छ । सन्तान जन्मेपछि मात्र उनीहरुको बास स्थानको निर्णय हुन्छ र उत्तरदायित्व पनि बढेर जान्छ ।

विवाह पछि श्रीमान श्रीमती दुवैको जीवन सुखपूर्वक अगाडि वढ्न नसकेमा वा एउटाले पुन: अर्को केटा र केटीसंग प्रेम गर्न थालेमा वा घरमा सासुसंग मिलन नसकी सँधै भै झगडा भएमा परित्याग गर्ने गरिन्छ । सामान्यतया सन्तान जन्मनु अगावै परित्याग गर्ने प्रचलन छ । अन्तरवार्ता लिइएका १४.३ प्रतिशत महिला र २६.५ प्रतिशत पुरुषहरूले एक पटक मन्दा वढी विवाह गरेको देखिन्छ । २२.५ प्रतिशत विवाहित महिला र ३०.२ प्रतिशत पुरुषहरूले एक पटक मन्दा वढी विवाह गरेको देखिएको छ । यी मध्ये २०.४ प्रतिशत महिला र २०.६ प्रतिशत पुरुषहरूले कम्तीमा एक पटक परित्याग गरेको देखिएको छ । परित्याग नगरी एकै साथ दुई दुलही राख्ने परम्परा पनि छ ।

सामान्यतया सासु वुहारीमा झगडा हुने प्रचलन मगर समुदायमा पनि पाइन्छ । घरमा अमेल वा सुमधुर वातावरण नभएमा वुहारीलाई दोष लगाउने प्रचलन छ । नव विवाहित पुरुषले श्रीमतीलाई वढी प्रसन्न राख्ने प्रयाश गर्दछ र वुहारिने पनि वढी स्वतन्त्रता खोज्न थाल्दछन् तर वावु आमाले रूचाउँदैनन् । त्यसैले पारिवारिक कलहको शुरूवात हुन्छ । यस्तो हुनु छोरा वुहारी भिन्दै वस्न जाँदा घरको सम्पत्ति अंश वण्डा हुने कारणले हो । वृद्धावस्थामा कान्छो छोराको साथ वावु आमा वस्ने भएको कारणले उनीहरू सम्पूर्ण घरको सम्पत्ति समान आधारमा वितरण गर्न नचाहेको कारणवाट पनि कलहको शुरूवात हुन्छ ।

सम्वन्ध विच्छेद सम्वन्धी विवादको टुंगो गाउँका वृद्ध र सम्मानीत व्यक्तिहरू वा पंचायतले लगाउने गर्दछ । महिलाले भिन्न हुने कुराको शुरूवात गरेमा १००० रूपियाँ र पुरुषले शुरूवात गरेमा ५०० रूपियाँ फिसको रूपमा वुझाउनु पर्ने चलन छ । सम्वन्ध विच्छेदले महिलाको धार्मिक वा सामाजिक मर्यादामा कुनै असर पर्दैन र पुनर्विवाह गर्ने पूर्ण स्वतन्त्रता छ । त्यस्तै छोरा भएका विधवा महिलाहरू भने सम्पत्तिको लोभले अर्को विवाह नगरी वस्तछन् । तर छोराहरू नभएमा सामान्यतया विधवाले अर्को विवाह गर्ने धेरै सम्भावना हुन्छ ।

सन्तान जन्माउने महिलाको समाजमा ठूलो कदर गरिन्छ । वृद्धावस्थामा छोराहरू वाट प्राप्त हुने सहयोग नै यसको प्रमुख कारण हुन सक्तछ । श्रम शक्तिको दृष्टिले छोरीहरू पनि त्यत्तिनै महत्वपूर्ण संझिन्छन् । छोराहरूले मात्र अंश पाउने र वावु आमा वृद्धावस्थामा कान्छो छोरासंग वस्ने भएको हुंदा केही वढी सम्पत्ति आफ राख्ने गरेको देखिन्छ । सकभर सम्पत्तिको वितरण वंशजको आधारमा गरिन्छ । छोराहरू नभएका परिवारहरूमा सम्पत्तिको अंशवन्डा दाजु भाईहरूका छोराहरूका वीच वितरण हुने गरेको देखिएको छ ।

विवाहित महिलाहरूवाट विशेषत: छोरा जन्मनु नै उत्तम संझिन्छ । सन्तान नभएका महिलाहरू वढी मात्रामा माइतीमा निर्भर रहनु पर्दछ । सोही किसिमले विधवा महिला पनि माइतमा नै वस्नु पर्ने वाध्यता छ । धेरै अवधि सम्म सन्तान नजन्मेमा पुरुषले अर्को विवाह गर्ने प्रचलन पनि छ । वहु विवाहलाई मगर समुदायले स्वीकारेको देखिन्छ ।

छोरा भएका महिलाहरूले पारिवारिक निर्णय प्रक्रियामा महत्वपूर्ण भूमिका निभाएको देखिन्छ । कतिपय कारणहरूले वहु विवाह गर्ने अवस्था सिर्जना हुन्छ । ती मध्ये छोरा नजन्मनु, जन्मेका छोरा छोरी मर्नु, विवाह असफल हुनु र अर्को युवक वा युवतीसंग प्रेम गर्नु प्रमुख कारणको रूपमा देखा परेका छन् । सम्पन्न वा पेन्सनवाला व्यक्तिले एक भन्दा वढी विवाह गरेका छन् । वढी विवाह गर्नुको निहित स्वार्थ खेतीको समयमा चाहिने श्रमको आवश्यकताको कारणले गर्दा हो । परिवारमा वढी सदस्य भएमा विभिन्न काम गर्न सकिने भएकोले पनि एक भन्दा वढी विवाह गर्ने प्रचलन छ ।

## कानूनी अधिकार

मगर महिलाहरूको सम्पत्ति सम्वन्धी अधिकार केही हदसम्म सामाजिक परम्परामा आधारित छ । पुरूष प्रधान समाज भएकोले सम्पत्ति विभाजनमा वंशज अनुसार पुरूषहरूकै बीच हुन्छ । चल वा अचल सम्पत्ति दाजु भाईमा मात्र अंशवण्डा गरिन्छ भने दिदी वहिनी हरूलाई विवाहको समयमा दाइजो दिने चलन छ । वृद्ध वावु आमाको लागि छुट्याइने सम्पत्तिलाई जीउनी भनिन्छ । जुन छोराले वावु आमालाई वृद्धावस्थामा रेखदेख गर्दछ सामान्यतया उसैले जीउनी पाउंछ ।

छोरा साने उमेरमा हुँदा वावुको मृत्यु भएमा सम्पूर्ण सम्पत्तिको अधिकार उसको काकाहरूमा निहित हुन्छ । सम्पत्तिको किन वेचमा विधवा महिलासंग सरसल्लाह गर्ने प्रचलन छैन । यदि विधवाले आफ्नो हिस्साको सम्पत्ति वेच विखन गर्न चाहेमा स्वीकृति लिनु पर्ने हुन्छ । छोरा नभएका विधवालाई " तीजरा " भनेर केही सम्पत्ति जीवन निर्वाहको लागि दिइएको हुन्छ जो उसले विक्री गर्न सक्तिनन् । विधवाको मृत्यु भएमा सो तीजरा भाइहरूका वीच विभाजन गरिन्छ । यदि उक्त विधवाका छोरीहरू भएको खण्डमा उसले भान्जालाई घर मै ल्याई छोरीसंग विवाह गराउन सक्छिन् र तीनैका सन्तानले सम्पत्तिको भोग चलन पनि गर्ने व्यवस्था मगर समुदायमा देखिएको छ । विधवा हरूलाई सम्पत्ति दिने सम्वन्धमा कुनै ठोस सामाजिक नियम छैन र परिस्थिति अनुसार वदलिने गर्दछ ।

सामान्यतया छोरा भएका महिलाहरूमा सम्पत्तिको भोग चलन सम्वन्धी हक सुरक्षित देखिन्छ । दोश्रो विवाह गरेको लोग्नेसंग प्राय: महिलाहरू वस्न चाहंदैनन्, किनकी परिवारमा उनको कुनै अस्तित्व नै हुंदैन । अत: वाध्य भएर उनीहरू माइतमा वस्ने गर्दछन्। माइतमा पनि सम्पत्ति सम्वन्धी उनको कुनै हक हुंदैन । ३५ वर्ष पुगेका अविवाहित महिला हरूले समानरूपमा सम्पत्ति सम्वन्धी हक पाउने कानूनी व्यवस्था वारे मगर महिलाहरूलाई जानकारी भएको देखिन्छ ।

दाइजोमा प्राप्त र अविवाहित रहँदा आर्जन गरेको सम्पत्ति महिलाको व्यक्तिगत सम्पत्ति मानिन्छ । सन्तान नभएको अवस्थामा निज महिलाले ल्याएको दाइजो मृत्यु पश्चात माइतीलाई फिर्ता गर्ने चलन छ । छोरी भएमा यसको पूर्ण हक जेठी छोरीको हुन्छ । छोरीहरू नभएमा मात्र छोराहरू यसको उपभोग गर्न पाउँदछन् । दाइजो सम्पत्तिको विक्री वितरण गर्ने पूर्ण अधिकार महिलाहरूकै हुन्छ । महिलाको व्यक्तिगत सम्पत्तिको हक कानूनी व्यवस्थाले पनि संरक्षण गरेको छ । यस कानूनी व्यवस्था बारे मगर महिला हरू सचेत छन् ।

## राजनैतिक सहभागिता

सामान्यतया मगर महिलाहरू औपचारिक रूपमा पदाशीन नभएता पनि घर बाहिरको राजनैतिक निर्णय प्रकृयाहरूमा उनीहरूले अप्रत्यक्ष रूपमा प्रभाव पारीरहेका हुन्छन् । वर्तमान प्रसंगमा राजनैतिक शक्ति भन्नाले आफ्नो समुदायलाई नियन्त्रण गर्न सक्ने क्षमतालाई लिइएको छ । महिलाले परम्पराको आधारमा आफ्नो योग्यता र क्षमताले अनौपचारिक रूपमा हासिल गरेको र अन्य व्यक्तिहरूको बारेमा महिलाहरूले दिएको निर्णयलाई समाजले दिने मान्यताले महिलाहरूको राजनैतिक शक्ति निर्धारण गर्दछ । राजनैतिक शक्ति आर्थिक अवस्थासँग यदाकदा गाँसिएको पनि पाउँछौं । वर्तमान मगर समुदायको सामाजिक बनावट र आर्थिक क्षेत्रमा महिलाहरूलाई प्रदान गरिएको उच्च सम्मानको आधारमा के भन्न सकिन्छ भने उपयुक्त अवसरहरू प्रदान गरिएको खण्डमा उनीहरू सक्रीयरूपले राजनीतिमा भाग लिन सक्छन् ।

मगर महिलाहरू गार्हस्थ सम्बन्धी दैनिक कार्यमा ज्यादै सक्रिय र ग्रामीण महिलाहरू संगको दैनिक पारस्परीक सम्बन्धले गर्दा उनीहरूले महत्वपूर्ण राजनैतिक खबर प्रशस्तरूपमा आदान प्रदान गर्न सक्ने सम्भावना देखिएको छ । महिलाहरू टाढाका नातेदार हरू कहाँ पनि धार्मिक वा सांस्कृतिक अवसरहरूमा भाग लिन जाने, फुर्सद भएको वखत गाउँ घरमा घुम्ने, कुराकानी गर्ने आदिले समाचार संचारमा मद्दत पु-याउँछ । सामाजिक एवं पारिवारिक उत्तरदायित्वले गर्दा पुरूषहरूले केही हद सम्म वंशमा चलेका केही परम्परागत कार्यहरू सम्पादन गर्नु पर्ने हुन्छ तर महिलाहरूलाई यो अनिवार्यता नभएकोले उनीहरू बढी स्वतन्त्र हुन्छन् र छलफलमा सहजरूपमा भाग लिन सक्छन् ।

मगर समुदायका महिलाहरूले कतिपय विवादहरूको समाधान गरेको देखियो । महिलाहरूले देउतीनोको रूपमा खेलेको भूमिका, पंचायतले रक्सी उत्पादन र विक्री माथि रोक लगाउन गरेको प्रभावमा महिलाहरूको विरोध आदिले महिलाहरूको सक्रियतालाई

स्पष्ट पार्दछ । यदाकदा मगर महिलाहरूले आफ्नो समूह बनाई पंचायतमा गएर आफ्नो पक्षमा निर्णय गराएको पनि देखियो । एउटा मगर गाउँमा एक जना शिक्षित मगर महिला गाउं पंचायतको सदस्य र अर्को नगीचैको गाउँमा महिला उप-प्रधान पंच भएको पनि पाइयो ।

## स्वास्थ्य र शिक्षा

धार्मिक र सांस्कृतिक चाड पर्वहरूमा महिलाले आफ्नो परिवारको प्रतिनिधित्व गर्दछन् । मगर समाजमा महिलाहरूको भूमिकालाई सहायकको रूपमा नहेरि परिपुरकको रूपमा हेरिन्छ । जसले गर्दा कतिपय महिलालाई शिक्षा हासिल गर्नमा मद्दत पु-याएको छ । महिलाहरूको पढ्ने रूची बिस्तारै बढेको देखिन्छ । तथापी कूल नमूना जनसंख्याको ६३.६ प्रतिशत पुरूषहरू साक्षर छन् भने बाँकी १७.१ प्रतिशत महिलाहरू मात्र साक्षर छन् । समाजमा परिपुरक भूमिका भएता पनि शिक्षा क्षेत्रमा उनीहरू निकै पछाडि परेका छन् । यसो हुनु कारण महिलाहरूको सानै उमेर देखि नै घरको काममा व्यस्त रहनु हो ।

विवाह पश्चात पाँच छ वर्षसम्म पनि सन्तान नजन्मेमा बराह भगवानको भाकल गर्ने प्रचलन छ । दुई तीन बच्चाहरू एकै पल्ट जन्मनुलाई देवताको उपहार संम्भिइन्छ । सुँडेनीको सहायताले महिलाहरू घरमै सुत्केरी हुन्छन् । केही कठिनाई आई परेमा झाक्री बोलाउने चलन छ । बाल बच्चा सानो हुँदा सम्म भूत प्रेत वा बोक्सीले बढी दु:ख दिने गर्छ भन्ने विश्वास लिन्छन् । यसबाट बचावटको लागि चाँदि वा फलामका गहनाहरू बच्चाहरूलाई लगाई दिने प्रचलन छ । एक दुई पटक बच्चा मरे परिवारमा नयाँ जन्मेको बच्चाको एक वर्ष सम्म पनि नाम नराख्ने प्रथा देखिएको छ । यसो गरेमा भूत वा बोक्सीले दु:ख नदिने कुरा यिनीहरू बताउँछन् ।

महिलाहरू पाश्चात्य औषधोपचारमा विश्वास गरेता पनि अस्पताल वा हेल्थ पोष्टको अभावमा उनीहरूको लागि झाँक्री सिवाय अर्को विकल्प छैन । जिल्ला स्तरीय हेल्थ पोष्ट। अस्पतालहरूमा उपयुक्त किसिमको सेवा र सुविधाहरू अपर्याप्त छन् । थवाङ० गाउँमा हेल्थ पोष्ट खोलिएको छ तर दक्ष डाक्टर र औषधीहरूको ज्यादै अभाव छ । परिवार नियोजन कार्यकर्ता थवाङ० गाउँमै बस्ने भएता पनि महिलाहरू यसमा विश्वास गर्दैनन् ।

## उप - संहार

उपरोक्त अध्ययनको आधारमा खास मगर समुदायका महिलाहरूको आर्थिक, सामाजिक एवं राजनैतिक सहभागिता र तिनीहरूले खेलेको भूमिका बारे संक्षिप्त रूपमा निम्न निश्कर्षहरू प्रस्तुत गरिएको छ ।

### महिलाहरूको मर्यादा स्तरको मूल्यांकन

महिला र पुरूष बीचको परिपुरक सम्बन्धले उनीहरूको शक्ति र अधिकारलाई निर्दिष्ट गर्दछ । परम्परागत रूपमा पुरूष र महिलाहरू बीचको श्रम विभाजनले यसै तथ्य को पुष्ट्याई गर्दछ । पुरूषहरूले पशुपालन, ज्यामी र जोत्ने काम गर्दछन् भने महिलाहरूले बाल बच्चाको रेखदेख, खाना **बनाउने र घर भित्रको कार्य गर्ने गर्दछन्** । दुवैले आ-आफ्ना क्षेत्र भित्र श्रम विभाजन सम्बन्धी निर्णयहरू आफैं गर्दछन् महिलाहरूले कृषि सम्बन्धी विषयमा लिएको निर्णयमा पुरूषहरू कुनै प्रकारको हस्तक्षेप गर्दैनन्, अपितु सहयोग गर्दछन् । पुरूषहरूको अनुपस्थितिमा महत्वपूर्ण कुराहरूमा महिलाहरूले नै निर्णय गर्दछन् । महिलाहरूको उमेर, वैवाहिक स्तर, आवास र मातृत्वले पारिवारिक कार्यहरूमा प्रशस्त प्रभाव परेको देखिन्छ । परिवारमा अपेक्षित भूमिका निभाउन नसक्ने महिलाहरू लाई मगर समाजले सम्बन्ध विच्छेद र पुनर्विवाहको विकल्प दिएको छ । एक्लै बस्न चाहने महिलाहरूलाई व्यक्तिगत सम्पत्तिको हक र व्यापारमा लाग्ने स्वतन्त्रता प्रदान गर्नु पनि मगर समाजको विशेषता हो ।

सौहार्द र परिपूरक सम्बन्धलाई कायमै राखी महिलाहरूलाई विकास प्रकृयामा सहभागि बनाउन सकिन्छ । महिलाहरूसंग सम्बन्धित विकास कार्यक्रम संचालन गर्दा निम्न बूँदाहरूमा विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

### सुझावहरू

(१) महिला र पुरूष दुवैलाई कृषि सम्बन्धी तालिममा सहभागी बनाउनु पर्दछ ।

(२) कृषि सम्बन्धी विभिन्न तरीका, प्रविधि, बीज र मल प्रयोग बारे महिला र पुरूष दुवैलाई तालिम दिनु पर्दछ ।

(३) महिलाहरूले बढी समय लगाउन पर्ने खाने पानी ओसार्ने जस्ता वर्तमान परिपाटी मा सुधार गर्नु पर्दछ ।

(४) ग्रामीण जनताको आय वृद्धि हुने खालका घरेलु उद्योगहरूको विकास गर्नु पर्ने देखिन्छ ।

(५) जुन किसिमले महिलाहरूले ऋण लिने र दिने गर्दै आइरहेका छन् त्यसै किसिमले उनीहरूले विभिन्न संस्थाहरूवाट पनि ऋण लिन पाउने सुविधा दिनु पर्दछ ।

(६) महिलाहरूलाई संगठित गर्दा उनीहरूको कार्य समूह र नाता सम्बन्धमा आधारित वर्तमान संगठनलाई विर्सनु हुंदैन ।

(७) गाउंले महिलाहरूसंग सम्पर्क राखेर महिला अधिकृतहरूले महिलाहरूको मर्यादा वढाउनका लागि महत्वपूर्ण भूमिका खेल्न सक्तछन् ।

(८) वाल वालिकाको स्वास्थ्य सम्वन्धी हेरविचार महिलाहरूले गर्ने हुंदा उनीहरूलाई स्वास्थ्य सम्वन्धी आधुनिक औषधोपचार वारे जानकारी दिनु आवश्यक देखिन्छ।

(९) शिशु मृत्यु दर वढी भएको ठाउंमा परिवार नियोजन सम्वन्धी कार्यक्रम त्यति प्रभावकारी नहुने भएकोले शिशुहरूलाई लाग्ने रोगहरूको उपचार आवश्यक छ ।

(१०) परिवार नियोजन सम्वन्धी कार्यमा पुरूष र महिला दुवैलाई सरिक वनाउन अनिवार्य छ ।

(११) इच्छा हुंदा हुंदै पनि आर्थिक अवस्था र श्रमको आवश्यकताले गर्दा महिलाहरूको शैक्षिक सहभागितालाई वाधा पारेको छ । तसर्थ श्रमका लागि आवश्यकता पर्ने पारिवारिक र आर्थिक स्थितिमा सुधार गरिनु पर्दछ ।

## ब्याङ्गिग खाम मगर महिलाहरू : सारांश

### आर्थिक समूह र लिंग अनुसारको समयको उपयोगिताको ढाँचा
### (१५ वर्ष मन्दा माथिका जनसंख्या)

(घण्टा प्रति दिन)

| | आर्थिक समूह । लिंग | उच्च | | | मध्यम | | | निम्न | | | सबै | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गतिविधि | | पुरुष | महिला | दुवै | पुरुष | महिला | दुवै | पुरुष | महिला | दुवै | पुरुष | महिला | दुवै |
| | पशुपालन | ०.४२ | ०.२६ | ०.३१ | ०.३५ | ०.१८ | ०.२५ | ०.६५ | ०.२१ | ०.३५ | ०.५० | ०.२२ | ०.३२ |
| उ | कृषि | ०.७५ | २.५६ | २.३० | २.४७ | ३.५६ | ३.०७ | ३.१९ | ३.५२ | ३.४१ | २.६२ | ३.२६ | ३.०४ |
| का | बाउरा संकलन | ०.४० | ०.७० | ०.६० | ०.६४ | ०.५५ | ०.५९ | ०.६२ | ०.५१ | ०.५५ | ०.५८ | ०.५७ | ०.५७ |
| त्पा | शिकार र जम्मा गर्ने | ०.०७ | ०.१२ | ०.१० | ०.०७ | ०.०५ | ०.०६ | ०.१७ | ०.०८ | ०.११ | ०.११ | ०.०८ | ०.०९ |
| दं • | उद्योग | ०.२२ | ०.५७ | ०.४६ | ०.५८ | १.९७ | १.३४ | ०.४७ | १.२२ | ०.९८ | ०.४४ | १.२० | ०.९३ |
| द | खाद्य प्रशोधन | ०.२४ | ०.७८ | ०.६१ | ०.१३ | ०.७२ | ०.४५ | ०.२६ | ०.७३ | ०.५८ | ०.२२ | ०.७४ | ०.५६ |
| | बाहिर आर्जन गर्ने गतिविधि (गाउँमा) | ०.८० | ०.७० | ०.७३ | १.३८ | ०.०५ | ०.६५ | ०.३५ | ०.०८ | ०.१७ | ०.७९ | ०.२५ | ०.४४ |
| न | निर्माण | ०.०७ | ०.०२ | ०.०४ | ०.२५ | ०.१८ | ०.२१ | ०.४१ | ०.०४ | ०.१६ | ०.२८ | ०.०६ | ०.१४ |
| १. | जम्मा (उत्पादन गतिविधिको) | ३.९६ | ५.७२ | ५.१५ | ५.८७ | ७.२५ | ६.६३ | ६.१२ | ६.४० | ६.३१ | ५.५२ | ६.४० | ६.०९ |
| मा | पकाउने र खुवाउने | ०.२९ | ०.८८ | ०.६९ | ०.२३ | १.०० | ०.६५ | ०.४८ | ०.८५ | ०.७३ | ०.३४ | ०.८९ | ०.७० |
| घ | माँझा कुँडा सफा गर्ने | ०.०२ | ०.४३ | ०.३० | ०.०७ | ०.४३ | ०.२७ | ०.०६ | ०.२५ | ०.१९ | ०.०५ | ०.३४ | ०.२४ |
| | घरमा लिप पोत र सफा गर्ने | ०.०७ | ०.१८ | ०.१४ | ०.०५ | ०.२३ | ०.१५ | ०.०५ | ०.२३ | ०.१७ | ०.०५ | ०.२१ | ०.१६ |
| रा | लुगा धुने | ०.०४ | ०.१२ | ०.१० | – | ०.१२ | ०.०७ | ०.०४ | ०.१२ | ०.०९ | ०.०३ | ०.१२ | ०.०९ |
| र | पानी ल्याउने | ०.२४ | ०.४१ | ०.३६ | ०.०८ | ०.१९ | ०.१४ | ०.२९ | ०.२५ | ०.२६ | ०.२१ | ०.२८ | ०.२६ |
| य | किनमेल | – | ०.०१ | ०.०१ | ०.०२ | – | ०.०१ | ०.०१ | ०.०२ | ०.०२ | ०.०१ | ०.०१ | ०.०१ |
| | अरू घरायसी गतिविधि | ०.०२ | ०.०१ | ०.०१ | ०.०३ | ०.०१ | ०.०२ | ०.०४ | ०.०२ | ०.०३ | ०.०३ | ०.०२ | ०.०२ |
| सी | बाल बच्चा हेर्ने र स्याहार्ने | ०.३८ | ०.६१ | ०.५३ | ०.०३ | ०.८६ | ०.४९ | ०.२६ | ०.८५ | ०.६६ | ०.२२ | ०.७८ | ०.५८ |
| २. | जम्मा (घरायसी गतिविधिको) | १.०६ | २.६४ | २.१४ | ०.५१ | २.८४ | १.८० | १.२२ | २.५८ | २.१४ | ०.९६ | २.६५ | २.०५ |
| (क) | कार्य भार (१ + २) | ५.०२ | ८.३६ | ७.२९ | ६.३८ | १०.१० | ८.४२ | ७.३५ | ८.९८ | ८.४६ | ६.४८ | ९.०५ | ८.१४ |
| ३. | शिक्षा | – | ०.०५ | ०.०४ | – | – | – | ०.०१ | – | – | ०.०१ | ०.०१ | ०.०१ |
| ४. | व्यक्तिगत सरसफाई | १.२४ | १.०६ | १.१२ | २.०६ | १.४६ | १.७३ | १.४३ | १.३१ | १.३५ | १.५९ | १.२७ | १.३८ |
| ५. | सामाजिक गतिविधि | ०.७७ | ०.१७ | ०.३६ | ०.१० | ०.०३ | ०.०६ | ०.२६ | ०.०९ | ०.१५ | ०.३३ | ०.१० | ०.१८ |
| ६. | फुर्सत | ८.९६ | ६.३६ | ७.२० | ७.४६ | ४.४२ | ५.७९ | ४.५५ | ५.६२ | ६.०४ | ७.६० | ५.५७ | ६.२८ |
| (ख) | जम्मा (३ + ४ + ५ + ६) | १०.९८ | ७.६४ | ४.७१ | ९.६२ | ५.९० | ७.५८ | ८.६५ | ७.०२ | ७.५४ | ९.५२ | ६.९५ | ७.८६ |
| (ग) | जम्मा (गाउँको गतिविधिको (क + ख) | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | २६.०० | १६.०० |

## शुक्रवारे गाउँका थारू महिलाहरू +

### परिचय

शुक्रवारे गाउँ दाङ देउखुरी जिल्लाको सोदियार गाउँ पंचायतको वडा नं.७ मा पर्दछ । यहाँका ग्रामवासीहरूको भनाई अनुसार पहिले यो ठाउँ ज्यादै सुख्खा भएकोले यस ठाउँलाई सुख्खाको वस्ती भन्ने गरेको र पछि नजिकका गाउँहरूबाट नहर खनेर पानी ल्याए पछि यसै ठाउँलाई सुखको वस्ती भन्ने गरेका हुन् ।

दाङदेउखुरी जिल्लाको सदर मुकाम घोराहीबाट साढे एक घण्टाको पैदल यात्रा पछि शुक्रवारे गाउँमा पुगिन्छ । यस गाउँबाट आधा दिनको हिंडाईमा पूर्व पश्चिम राजमार्ग पुगिन्छ । यो गाउँलाई जीप चल्ने कच्ची सडकले लामाही - घोराही - तुल्सीपुरको मूल सडकमा जोडेको छ । मोटरबाट यात्रा गर्न गाउँलेहरूलाई महंगो पर्ने र मोटर सेवा भरपर्दो नभएकोले बयलगाडा नै यातायातको मुख्य साधन भएको छ । वर्षको एक दुई पटक गाउँको अन्नपात ओसार्ने र स्थानीय भण्डारमा नून, चीनी, देशीमल आदि ल्याउन मोटरहरू ल्याउने लैजाने गर्दछन् । खेतीपातीको काम कम भएको वेलामा यस गाउँका मानिसहरू किनमेल र वेच बिखन गर्न घोराही र कोहलावास शहरमा जाने गर्दछन् ।

यो गाउँ माटाका छाप्राहरू, रूखहरू र बाँसको झ्याँग गुचमुच्च परेको छ । यस गाउँमा एक दुई मिल बाहेक खेतीपातीको काममा आधुनिक मेशिनहरू प्रयोग गर्ने चलन अफ आइसकेको छैन । गाउँलेहरू खेतीको काममा व्यस्त भएका र केटाकेटीहरू खेलकूदमा रमाइरहेका देखिन्छन् ।

गाउँमा दुइवटा पसल छन् जहाँबाट गाउँलेहरू नून, तेल, मट्टितेल, चुरोट, सलाई, पोते, चुरा, धागो, शैक्षिक सामग्री र औषधी जस्ता दैनिक आवश्यकताका वस्तुहरू किन्ने गर्दछन् । यी पसलहरूमा वयस्क पुरुषहरू भेला भै कुराकानी गर्ने, तास खेल्ने, रेडियो सुन्ने गरेतापनि महिलाहरू यी क्रियाकलापमा भाग लिंदैनन् ।

यस गाउँको कूल जनसंख्या ३६६ छ जसमध्ये १६८ जना पुरुष र २०१ जना महिला छन् । यी मध्ये वहुसंख्यक थारू जातिका छन् । गाउँमा रहेको ३६ घर धुरी मध्ये २६ घर थारू परिवारको छ । यस गाउँमा थारू वस्तीको अलिपर ब्राह्मण र क्षेत्री र मुसलमानको घरहरू छन् । यस गाउँमा ब्राह्मण र क्षेत्री जाति जग्गा धनी हुने भएकाले सम्पन्न छन् । थारू समुदायको अरू जाति प्रतिको मनोभावना मिश्रित किसिमको छ । जग्गा धनी र मोही दुवैले आफ्नो गाउँको मानिसलाई विश्वास गर्ने र संकटको वेलामा आपसमा सहयोग गर्नु पर्ने कुरामा विश्वास गर्दछन् ।

---

+ (द्रोण रजौरेद्वारा लिखित "The Tharu Women of Sukraware", The Status of Women in Nepal, VII, बाट विष्णु देवी मानन्धरले सारांश अनुवाद गर्नु भएको) Part 3, CEDA, 1981.

थारु जातिको वंशावली बारे समाज शास्त्रीहरुको मत बेग्ला बेग्लै छन् । कोही विद्वानहरुले थारु जातिलाई भारतको उत्तर पश्चिमको राजस्थानको थार मरुभूमी बाट उत्पत्ति भएको मान्दछन् भने कोही दक्षिण भारत तिर लक्ष्य गर्दछन् । यसरी नै थारु जाति लाई उत्तर बंगालबाट नेपालको तराई भागमा निर्वासित भै बसोबास गर्न आएका जाति हुन् भन्ने चलन पनि छ ।

यस गाउँको थारु जाति पारिवारिक, आर्थिक र सामाजिक नाताले सम्बन्धित भएका छन् । आफ्नो जातिको अलावा शुक्रवारे थारुहरु अर्को गाउँका विभिन्न जाति समुदायमा पनि सामाजिक आर्थिक र व्यापारिक सम्बन्ध राख्दछन् ।

परिवार र वैवाहिक संस्कार

यस गाउँमा २२.६ प्रतिशत परिवार सानो परिवार छ भने ७४.३ प्रतिशत ठूलो परिवार छन् । घरायसी भैं–भगडाको कारणले छुट्टै बस्न गएका परिवारको पनि मूल परिवारसँग परम्परागत उत्तरदायित्व र सहभागिताको आधारमा सम्बन्ध कायम नै रहेको हुन्छ । थारु महिलाहरु आफ्नो घर जाँदा वा माइत आउँदा आफूसंग ल्याएको कोसेली सम्बन्धित परिवारमा बाँड्ने चलनले छुट्टा छुट्टै बसेका घर परिवार बीच सम्बन्ध र एकताको भावना कायम गर्नमा मद्दत पु-याएको छ ।

आपसमा टाढाको पैतृक वंश सम्बन्ध देखिएका थारुहरु गोतयार परिवारमा पर्न आउँछन् । गोतयार परिवारका बीच अंश सम्पत्तिको दावी हुँदैन तर उनीहरु भर्दा पर्दा आपसमा सहयोग गर्दछन् । यस बाहेक यस गाउँका थारुहरु विभिन्न थरहरुमा विभाजित छन् र एउटै थरमा वैवाहिक सम्बन्ध गर्दैनन् ।

धेरजसो विवाह सम्बन्धि काम कुराको बन्दोवस्त आफ्ना छोरा छोरीको स्वीकृति अनुरुप अभिभावकहरुले नै मिलाउँछन् । चार पाँच पुस्ता सम्मको टाढा नाता भएका सन्तान हरुको बीच वैवाहिक सम्बन्ध जोड्ने चलन छ ।

थारु परिवारमा सकेसम्म छोरा र छोरीको विवाह एउटै लगनमा गर्ने चलन छ । कहिले काहीँ दुई परिवारको बीच छोरीलाई लिएर बुहारी भित्र्याउने पनि गर्ने गर्दछन् । सट्टा भर्ना किसिमले विवाह हुन नसकेमा केटी पक्षाका परिवारलाई केटा पक्षाका परिवारले दुलहीलाई केही रकम (भागा) बुझाउनु पर्ने हुन्छ ।

यो थारु समुदायमा तीन किसिमले विवाह गर्ने चलन छ । सरसल्लाहबाट प्रेम गरेर भगाएर । थारु समाजमा परिवारलाई पालन सक्ने, पढे लेखेको, सुन्दर अनुहार भएको व्यक्तिलाई आदर्श पति ठान्दछन् । यसैगरी धरान परिवारको परिश्रमी र बुन्ने, घरकाममा सिपालु महिलालाई आदर्श पत्नी ठान्दछन् । खास गरी प्रेम विवाह भएका परिवारमा

मगाएर विवाह गर्ने चलन छ । किन भने यस्तो किसिमको विवाहमा दुलहीको खर्च लिने दिने आवश्यक पर्दैन । यस समुदायमा पक्का पक्की विवाह सम्बन्धको प्रधान्यता पाइन्छ । जस मध्ये ५६.४ प्रतिशत सट्टा पट्टि र ३७.५ प्रतिशत फागा बुझाएर विवाह सम्पन्न भएको पाइन्छ । उमेर पुगेका महिलाहरु विवाह पछि छ देखि नौ महिना भित्र नै पतिको घरमा बस्न थाल्दछन् । यसपछि समय समयमा माइत आउँदा र घर फर्कदा जाँदा हातले बुनेका ढकी जस्ता सामानहरुमा खानेकुरा कोसेली ल्याउने र लैजाने गर्दछन् ।

विवाहमा दुलहीलाई फागाको रुपमा एक हजार नगद, पचास पाथी चामल, एक धार्नी नुन र तोरीको तेल र वाइस हात खश्रो कपडा दिने चलन छ । यदि दुलही हुने महिलाको पहिले पनि दुई तीन पटक विवाह भै सकेको भए उनलाई दिने फागा घटेर दुई सय सम्म हुन सक्छ । पाँचौ पटक विवाह गर्ने महिलाको फागा हुँदैन । तर तीनले समाजमा वैवाहिक र सामाजिक मान्यता पाउँछीन । केटा पट्टिको परिवारले दुलहीको फागाको साथ साथै केटीका आमा बाबु, दाजु भाई र अरु नातेदारहरुलाई बस्ने कुर्सी, दाउरा, खुवरा आदि कोसेलीहरु दिने गर्दछन् । यी चीजहरुको उपहार दिएर केटी पट्टिको परिवारका सदस्यहरुलाई केटा पट्टिको परिवारले सुस्वास्थ्य र सुखको कामना व्यक्त गर्दछन् ।

परिश्रमी सिपालु छोरीहरुको विवाहमा उनका आमा बुवा मानसिक रुपमा खिन्न हुन्छन् । खास गरेर आमाले " मेरो काम गर्ने हात काटियो अब मेरो दु:ख म कसलाई पोखुँ" भनेर रुने गर्दछन् । छोरी अरुलाई दिएर पठाए तापनि बुहारी भित्र्याएपछि नाति नातिनी पाउने भए पनि छोरीसँग जस्तै उनीसंग आमाको आत्मीय सम्बन्ध गहिरो रहँदैन ।

यो गाउँको थारु समाजमा पारपाचुकेको केही विशेष विधि छैन । पारपाचुके चाहने महिलाले पतिको घर छोडेर माइत बस्न वा अर्को पुरुषको पत्नी हुन जान्छन् । यस्तो अवस्थामा पहिलो पतिले पत्नीको माइतीबाट वा नयाँ पतिको परिवारसँग विवाह खर्च लिन पाउँछ । छोरा छोरीको आमा भैसकेका महिलाहरुले विवाह सम्बन्ध विच्छेद गर्दैनन् । यदि सम्बन्ध विच्छेद भैहाल्यो भने बाबुले छोरा र आमाले छोरी लिने गर्दछन् ।

कानून अनुसार विशेष स्थितिमा मात्र एक भन्दा बढी पत्नी विवाह गर्न हुने भएतापनि यो समुदायमा बहुविवाह प्रथाले सामाजिक स्वीकृति पाएको छ । थारु समाजमा विधवा विवाह सामान्य रुपमा गरिन्छ । उमेर भएका विधवा थारुनीलाई माइती र लोग्नेको परिवारबाट आवश्यक व्यवस्था मिलाई पुन: विवाह गर्न प्रोत्साहित गरिन्छ । परम्परागत चलन अनुसार दाजुको श्रीमती तरुनी अवस्थामै विधवा भएन भने उसको अविवाहित भाइसँग विधवा भाउजूको विधिवत पुन: विवाह गरि दिने गर्दछन् । एउटै परिवारमा पुन: विवाह गर्दा विधवा महिलाले पतिको भाइ संग र विधुर पुरुषले पत्नीको बहिनीसँग मात्र वैवाहिक सम्बन्ध जोड्न सक्दछन् । तर विधवा थारुनीले पतीको दाजुसँग विधुर थारुले पत्नीको दिदीसँग र दाजुले भाइको विधवा पत्नीसँग वैवाहिक सम्बन्ध जोड्न सक्दैनन् । थारु समाजमा थरुनीहरु सधवा या विधवा अवस्थामा पुन: विवाह सजिलैसित गर्न सक्दछन् । यसबाट उनीहरुको सामाजिक प्रतिष्ठामा कुनै प्रतिकूल असर पर्न हुँदैन ।

परिवारमा सवमन्दा बढी उमेर भएको अनुभवी र सवै काममा कुशल पुरुष नै घरमूली हुने गर्दछन् । वावुको शेषपछि घरमुलीको भिमभारा अनुभवी वाठो ठूलो छोराले वहन गर्दछ । महिला घरमूली भएको कुरा नगन्य पाइन्छ । गाउँ घरमा परिवारको प्रतिनिधित्व पुरुष वर्गवाट नै गर्ने गरिन्छ । परिवार वुहारी भएर रहने महिलाहरुको मर्यादाक्रम उनीहरुको पतिको परिवारमा कायम भएको मान्यतामा भरपर्ने हुन्छ । घरमुलीको पत्निको मान्यता परिवारमा अरु महिलाहरुको मन्दा उच्च स्तरको हुन्छ । उसले परिवारमा रहेका अरु वुहारी र छोरीहरुलाई काम खटाउने गर्दछे तर आफ्नो सासू र जेठानीलाई भने उसले आदर गर्नु पर्दछ ।

संयुक्त र छुट्टिएको परिवार मध्ये कुन किसिमको परिवार श्रेष्ठ छ भन्ने कुरामा थारुहरुको विचार फरक फरक पाइएको छ । संयुक्त परिवारलाई कायमनै राख्न बुढा पाकाहरुले परिवारमा आइपरेका समस्याहरु सुल्भाउने प्रयत्न गर्दछन् । तर यस परिवारमा आर्थिक र पारिवारिक मान्यताका कारणहरुले भै भगडा भै रहने हुनाले नयाँ पिढीले छुट्टिएको परिवारनै मन पराउँछन् । हाल यस गाउँमा वहुसंख्यक थारु परिवार संयुक्त परिवारमा वस्तछन् ।

गाउँ घरको औपचारीक सभा (खेल) मा पुरुषहरु मात्र उपस्थित हुने गर्दछन् । यी वाहेक महिलाहरु पनि नाचगान, चाडपर्व, शिशु स्याहार आदि विषयलाई लिएर भेटघाट र छलफल गर्ने गर्दछन् ।

सट्टापट्टि विवाह भएको दुई परिवारको वीच निकै घनिष्ठ सम्वन्ध हुन्छ । यिनीहरुका वीच कोसेली पातको आदान प्रदान गर्ने चलन छ । यसवाट उनीहरुको पारिवारिक सम्वन्ध गहिरो हुने वताएका छन् । सालो र भिनाजु, देवर र भाउजु वीच ख्याल ठट्टा गर्ने चलन यो समाजमा पनि पाइन्छ ।

## महिलाको कानूनी अधिकार र पेवा

विवाहित छोरीहरुले पैतृक सम्पत्तिको अंश पाउँदैनन् । आफ्नो पति वा छोरावाट प्राप्त सम्पत्तिको मात्र उपभोग गर्न पाउँछन् । यसैले छोरा नपाएका विधवा थरुनीले लोग्नेको परिवारवाट कुनै सम्पत्ति प्राप्त गर्न सक्दैनन । ३५ वर्ष मन्दा वढी उमेर सम्म अविवाहित र एक्लै वस्न चाहने विधवा महिलाहरु वाहेक अरु पैतृक सम्पत्तिको भागी हुन सक्दैनन् । तर विवाह गर्नु मन्दा अघि र पछि आफ्नो आमा वावु, दाजु र पतिले पेवा अथवा दाइजो दिने गर्दछन् । थारु समाज पुरुष प्रधान भएकोले वावु आमाको शेषपछि पैतृक सम्पत्ति पाउने हक छोराहरुको मात्र हुन्छ । अरु धनहरु जस्तै वस्तु भाउ रुपैया, गहना, लुगाफाटा, भाँडा वर्तन आदि भने वावु आमाले छोरीहरुलाई विवाह गरिदिदा दाइजोको रुपमा दिन सक्दछन्।

थारु महिलाहरुको अंश पाउने हक नभए पनि अंश वण्डा गर्ने वेलामा आफ्नो लोग्ने वा छोरा अथवा गाउँको प्रधान पन्च जस्ता अधिकार प्राप्त व्यक्तिहरु मार्फत अंश छुट्याउने काममा अन्याय वा चित्त नबुझेका कुराहरु उठाउन सक्छन् । घरका पुरुषहरुले गरेका निर्णय हरु चित्त बुझ्दो नभएमा थारु महिलाहरुले आफ्नो लोग्नेलाई परित्याग गर्ने धम्की दिन सक्छन् । फेरी पहिलो पत्नी मरेको वा परित्याग गरेको पुरुषलाई पुन: एउटी असल गृहिणी पाउन गाह्रो पर्दछ । यस्ता पुरुषहरुलाई थारु समाजमा निम्न दृष्टिले हेरिनुको साथै पूजा गर्ने तथा साइत सार्ने जस्ता शुभ कार्यहरुमा समेत सामेल गराउँदैनन् । यसैले परिवारमा महत्वपूर्ण निर्णयहरु गर्दा पुरुषहरुले आफ्नो पत्नीसंग सरसल्लाह गरी तीनको इच्छा अनुसार काम गर्ने गर्दछन् । यस्तो चलन्ले गर्दा थारु महिलाहरुले कानूनी रुपमा अधिकार नपाएता पनि पुरुषहरुले गरेका निर्णयहरुलाई हेरफेर गर्नमा प्रभावकारी भूमिका खेलन सक्दछन् । तर विवाहयोग्य उमेर ढल्दै गएपछि उनीहरुको पति त्याग गर्ने धम्कीको प्रभाव पनि क्रमश घट्दै जान्छ ।

विधवाले नावालक छोराको संरक्षिका भएर छोरा वालिग नभए सम्म पारिवारिक सम्पत्तिको माग चलन गर्न पाउँछिन् । पछि छोरा ठूलो भएपछि सम्पत्तिको कानूनी हक्दार भएतापनि घरायसी माम्लाहरु उपर निर्णय गर्ने कार्यमा विधवा आमाकै हात हुन्छ । उमेर भएका विधवा थारु स्त्रीहरु बिरलै पाइन्छन् । पति वा छोरा नै थारु महिलाहरुको जीवनको आधार हुने र आफ्नो शक्ति प्रयोग गर्ने माध्यम भएकोले विधवा स्त्रीहरु छोरा नपाए सम्म पुनर्विवाह गर्ने गर्दछन् ।

थारु समुदायले घर थ जग्गा जस्ता अचल सम्पत्ति तीन - चार पुस्ता सम्म पनि नटुक्र्याएर राख्ने गर्दछन् । आफ्नो लोग्ने वा लोग्नेको परिवारका सदस्यहरुसंग मिलेर वस्न नसकेको खण्डमा घरकी वुहारीले कुनै किसिमको सम्पत्तिको हक दावी गर्न सक्दैनन् । आफ्नो लोग्ने मननपरेमा अरु पुरुषसंग भागेर जान सक्छन् । यदि छोराले आफ्नो पत्नीको पछा लिएर वाहिर वस्न गयो भने उसले पनि पारिवारिक सम्पत्ती उपरको हक छाड्नु पर्दछ ।

मुलुकी ऐन अनुसार ३५ वर्ष मन्दा माथिका अविवाहित छोरीहरुले छोराहरुकै सरह अंश पाउने अधिकार भएता पनि यस व्यवस्थाले थारु समुदायमा केही प्रभाव पारेको देखिंदैन । विवाहको सन्दर्भमा मानसिक रुपमा असन्तुलित भएका महिलाहरु मात्र त्यस उमेर सम्म अविवाहित भइ रहन सक्दछन् भन्ने थारु महिलाहरुको धारणा रहेको पाइन्छ ।

थारु महिलाहरुको रुपैया, लुगाफाटा, गहना गुरिया, माला फुलीजस्ता व्यक्तिगत पेवा थोरै मात्र हुन्छ । वावु आमाले विवाहमा दुधालु गाई, भैंसी, भाँडा वर्तन, गहना रुपैया आदि छोरीलाई दाइजो दिएता पनि ती वस्तुहरु परिवारका सवै सदस्यहरुले समान रुपमा उपभोग गर्दछन् । यदि एउटा परिवार वेग्लै वस्न चाहेमा एकजोर भाँडा वर्तन र केही पाल्तु वस्तु दिइन्छ र वाँकी सम्पत्तिको अंश छोराहरुको वीचमा वाँडिन्छ । पहिले पत्नीको

स्वीकृति लिएर मात्र उनको दाइजो बेचबिखन गर्न सक्छन् । थारु महिलाहरु पतिको घरबाट दिएको गहना लगाउन पाउँछन् तर बेचन भने पाउँदैनन् । परिवारमा आर्थिक संकट परेको बेलामा ती गहनाहरु फिर्ता दिनु पर्ने हुन्छ ।

केही अविवाहित महिलाहरुले आफूले संचय गरेको रुपैयाले भेडा, बाख्रा, सुँगुर, कुखुरा किन्ने गर्दछन् । ती वस्तुहरु घरमै पालिने हुँदा त्यसबाट आएको आम्दानीको केही अंश मात्र पाउँछन् । यस बाहेक केही महिलाहरु ढक्की, डालो बुनेर वा शरिरको छालामा बुट्टा खोपेर (गोदना) वा प्रसूती सेवा गरेर केही नगद जम्मा गर्दछन् । यसबाट डुरीट, धागो, चुरा जस्ता आफ्ना दैनिक आवश्यकता पूर्ति गर्दछन् ।

शिक्षा स्वास्थ्य र मातृत्व

शिक्षा सम्पन्न थारु परिवारले आफ्ना छोरा छोरीहरुलाई करीब ५ दशक अघि देखि शिक्षा दिन थालेका भएतापनि छोरीहरुलाई शिक्षित पार्न रुचाउँदैन । किनभने थारु समुदायको सामाजिक र आर्थिक विचारधारा अनुसार सुखी र आनन्दी जीवनको लागि शिक्षित हुनु पर्ने आवश्यकता हुँदैन । शिक्षित थारुहरुले पात्रो हेरी तिथि पर्व बताउने, जग्गा खरिद बिक्री गर्दा प्रयोग गरिने कागजपत्रहरु वा सरकारी कागतपत्रहरु पढ्ने काम गर्दछन् र तीनै काम गर्न मात्र शिक्षालाई महत्व दिन्छन् । बहुसंख्यक थारुहरु जग्गा धनी नभएकाले आफ्ना छोरा छोरीहरुलाई पढाउन उत्सुक भएको पाइदैन । तर गाउँ घरमा फैलिएको आर्थिक, सामाजिक तथा शैक्षिक विकासको लहरहरुले गर्दा थारु समाजको नयाँ पीढीलाई शिक्षा क्षेत्रमा आकर्षित पारेको छ । बहुसंख्यक थारुहरु छोराहरुलाई मात्र पढाउने पक्षमा छन् । छोरी जातिलाई विवाह गरि दिएपछि उनीहरुकै लोग्नेहरुले पाल्ने भएको, शिक्षित छोरीलाई वर पाउन गाह्रो हुने र छोरीको धेरै कामहरु घर र खेतमा पनि आदि कारणहरु ओल्याई थारु अभिभावकहरुले नारी शिक्षालाई अनावश्यक सोखको चीज हो भनी बताउँछन् । तथ्यांक अनुसार उच्च आम्दानी हुने थारु वर्गमा ६२.५ प्रतिशत पुरुष हरु साक्षार छन् भने कुनै पनि महिला साक्षार छैनन् । त्यसतै मध्य र निम्न आय हुने थारु वर्गमा क्रमश: ३८.६ र ३१.१ प्रतिशत पुरुषहरु साक्षार छन् । तर मध्ये आय वर्गमा १२.८ प्रतिशत महिला साक्षार छन् । तर निम्न वर्गका कुनै पनि महिला साक्षार छैनन् । धेरै थारु विद्यार्थीहरु उच्च शिक्षामा पछाडि परेका छन् । यसको मुख्य कारण अंग्रेजी र नेपाली भाषामा यी विद्यार्थीहरु अरु नेपाली विद्यार्थीहरुको तुलनामा कमजोर रहनु हो । यस समुदायमा प्रौढ शिक्षाको प्रबन्ध भएमा भविष्यमा शैक्षिक स्तर छिटो उठाउन सकिन्छ ।

स्वास्थ्य

थारु जातिले सुँगुर, कुखुरा, भेडा, बाख्रा आदि घरपालुवा जनावरहरुको अलावा वन बिरालो, स्याल, मैना, ववकुला जस्ता जंगली पशुपक्षीको पनि मासु खाने गर्दछन् । हरियो सागपात, गेडागुडी र अन्न अनाज आफ्नै खेतबारीमा उमारेर खान्छन् । थारुको

भोजन सामान्य नेपाली भोजन भन्दा वढी विविध हुने भएकोले उनीहरूको आहारलाई वढी सन्तुलित र पोसिलो भन्न सकिन्छ । तर स्वास्थ्य सम्वन्धी ज्ञानको कमी र फोहोरी वानीले गर्दा यस जातिमा विभिन्न स्वास्थ्य सम्वन्धी समस्याहरू भएको पाइन्छ ।

फोहर पानी रोगहरूको मुलकारण हो भन्ने कुरावाट वहुसंख्यक थारूहरू अनभिज्ञ छन् । इनार वा खोलाको पानी खाने गर्दछन् । प्राय: केटाकेटीहरू ढलको पानी खाने गर्दछन् र यही पानीमा सागपात अन्न पखाल्ने भाँडाहरू सफा गर्ने गर्दछन् । सुन्तला, गाईको दूध, भेडाको मासु धेरै खाया भने वान्ता हुने र फाडा पखाला रोग लाग्छ भन्ने ठान्दछन् ।

नवजात शिशुलाई छ महिनासम्म दिनको दुई पटक तेल लगाई चार पाँच दिन विराएर नुहाइ दिएर स्याहार गर्ने गरेतापनि आमाहरूले केटाकेटीहरूको नंग काटि दिने हात मुख धोइदिने काम गर्दैनन् । दश एघार वर्षका केटाकेटीहरूले चुरोट खान सिके पनि नराम्रो गरेकाले उनीहरू छातीको रोगले पीडित भएको देखिन्छन् । केही व्यक्तिहरू स्वास्थ्य सम्वन्धी ज्ञान भए पनि वहुसंख्यक गाउँलेहरूको फोहोरी वानीले गर्दा यी जातिको जनस्वास्थ्य दूषित नै रहेको छ । रोग सम्वन्धी पुराना धारणाहरूको निराकरण र स्वास्थ्य शिक्षाको प्रभावकारी प्रचार र प्रसारवाट भविष्यमा यस समुदायको जन स्वास्थ्यमा सुधार ल्याउन सकिन्छ ।

## मातृत्व

थारू समुदायमा शिशु जन्म दर वढी भएता पनि धेरै शिशुहरू वाल्य अवस्थामा नै मर्दछन् । कूल जन्मको २७.३ प्रतिशत शिशुहरूको वाल्य अवस्थामा नै मृत्यु हुन्छ । वावु आमाहरू छोरा या छोरीलाई वरावर चाहना गर्दछन् किन भने छोराले वुवाको काम र छोरीले आमाको घरको काममा सघाउने गर्दछन् । फेरि छोरा छोरी वरावर भया भने पछि सट्टा पट्टा विवाह गर्न सजिलो हुन्छ ।

केटाकेटी नपाएको थारू महिलाको भविष्य अनिश्चित हुन्छ । खास गरी लोग्नेले त्यागेको थरुनीको समाजमा कुनै किसिमको मान्यता र स्थान हुँदैन । यदि कुनै पति पत्नी पुत्रहीन भएमा धर्मपुत्र पाल्ने गर्दछन् र पछि वूढेसकालमा उही हकवाला भै उनीहरूको स्याहार गर्ने गर्दछ । छोरी मात्र भएको परिवारमा पछि ज्वाईले सासु ससुराको शेषपछि सम्पत्ति लिन पाउने भएकोले उनीहरूको वृद्धा अवस्थामा ज्वाइले नै हेरविचार गर्ने गर्दछ ।

विवाह भएको एक दुई वर्ष पछि थारू महिलाहरूको गर्भ रहनु पर्छ भन्ने धारणा छ । यदि भएन भने सराप परेको वा पति पत्नी मध्ये कुनै एकजनामा शारीरिक विकृति भएको भन्ने ठान्दछन् । सन्तान प्राप्तीको सुखवाट वन्चित हुन्छ भनेर कुनै पनि थारू दम्पत्ति परिवार नियोजनका उपायहरू अपनाउँदैनन् । गर्भवती महिलालाई उसले मन पराएको खाने

कुरा खान दिइन्छ । गह्रौं भारी बोक्ने जस्ता कडा शारीरिक परिश्रम गर्ने काम गर्न दिंदैनन् । प्रसूतिको दिन नजीक आईपुग्दा घरबाट टाढा जान दिंदैनन् । प्रसूति हुंदा सरसफाई तथा सुत्केरीलाई तेल लगाउने काम स्थानीय सुडेनीबाट गराइन्छ । आठ देखि बाह्र दिन पछि सुत्केरी चोख्याउने काम गरिन्छ । शिशुलाई छ सात महिना सम्म आमाको दूध मात्र ख्वाइन्छ। आमाको दूध बढाउन ज्वानोको झोल ख्वाउने चलन पनि छ । बच्चालाई दूध ख्वाउने आमा लाईअरु बाहुन, क्षेत्री जातिमा झैं कुनै विशेष खुराक ख्वाउने गर्दैनन् । माइतीबाट पनि सुत्केरीलाई खानेकुरा पठाउने चलन छैन । आफ्नै घरमा संधै सागपात, गेडागुडी र फलफूलको रस र कहिले काहीं कुखुरा, परेवाको मासु ख्वाउने गर्दछन् ।

आर्थिक अवस्था

थारु समुदायको प्रमुख आय श्रोत खेतीपाती र पशुपालन हो । कूल आम्दानीको ६४ प्रतिशत कृषि मूलक (खेती, पशुपालन, खाद्यान्न उत्पादन) उत्पादनबाट प्राप्त हुन्छ । यो बाहेक शिकार खेल्नु, ढक्की बुन्नु, करेसा बारीमा तरकारी लगाउनु, कृषि उपजहरु केलाउनु बसार पसार गर्नु र बजारमा लगी बेच्नु आदि व्यवसायहरु पनि गर्दछन् । उच्च वर्गका थारुहरु बढी कृषि उत्पादनमा लागेका छन् भने मध्यम तथा गरीब वर्गको लागि करेसा बारीबाट हुने पैदावार नै महत्वपूर्ण रहेको छ । १५ वर्ष मन्दा बढी उमेर भएका महिला तथा पुरुषहरुको बढ्ता समय कृषि कार्यमा बित्छ । त्यसपछि पुरुषहरु पशुपालनमा समय बिताउंछन् र महिलाहरु घरको काममा बिताउंछन् । १० देखि १४ वर्ष सम्म उमेरका किशोरहरु कृषि कार्यमा मन्दा बढी ज्यालादारी काममा या पढाइमा समय बिताउंछन् र केटीहरु कृषि काम र पशुपालनमा बिताउंछन् । ५ देखि ९ वर्ष सम्म उमेर भएका केटाकेटीहरु प्राय: वस्तु माउको गोठाला लाग्ने काम गर्दछन् ।

एक दुई धनी थारु परिवार बाहेक मध्यम र गरीब परिवारका थारुको आफ्नै जग्गा ज्यादैनै कम छ । किन भने यस गाउंको अधिकांश जग्गा धनीहरु ब्राह्मण र क्षेत्री छन् । साधारणतया थारु वर्गको आफ्नो जग्गाबाट न्यूनतम आवश्यकताहरुको पूर्ति हुन नसक्ने भएकोले जग्गा धनीलाई कूत बुझाउने शर्तमा मोहि भएर खेती गर्दछन् । धनी थारु परिवारले पनि गरीब परिवारले भन्दा बढी जग्गा मोही भै कमाएको देखिन्छ । भूमि सुधार लागू भएपछि जग्गा धनीले अधियामा खेत कमाउन दिने चलन घट्दै गएको पाइएको छ । यस गाउंमा सिंचाई सुविधाको आधारमा जग्गालाई बारी र खेत भनी छुट्याउने गरिन्छ । बारीको क्षेत्रफल खेतको भन्दा कम हुन्छ तर यसको उत्पादन क्षमता भने बढी हुन्छ । बारीमा लगाइने अनाजहरु मध्ये मकै, तोरी, गहुं, आलु, मुसुरी, चना, केराउ, सागपात, सूर्ति आदि हुन् । खेतमा मुख्य खेती धान र गहुं हुन्छ ।

पशुपालन

पशुपालनमा सबै उमेरका महिला तथा पुरुषहरु लाग्ने गरेता पनि १५ वर्ष सम्म उमेर भएकाहरुले बढी समय व्यतित गर्दछन् ।

पालतु पशुहरु मध्ये गाई, राँगो, भैंसी, घोडा, सुँगुर, भेंडा, बाख्रा, कुखुरा र परेवा मुख्य हुन् । ती पशुहरुबाट कृषि उत्पादनको लागि आवश्यक मल, दुध, मासु जस्ता खाद्य पदार्थ र सर-सामानको बसार पसारको लागि ढुवानी पनि गरिन्छ । पशु चरण स्थलको व्यवस्था हुनेहरुले पशु व्यापारको लागि धेरै संख्यामा पाल्ने गर्दछन् । मध्यम वर्गका थारुहरुका लागि पशु-पालन अर्थोपार्जनको प्रमुख्य श्रोत बनेको छ ।

कृषि उपजको वार्षिक तालिका र श्रम विभाजन

चैत्र सम्ममा हिउँदबाली जस्तै : गहुँ, जौ, चना, मुसुरो भित्र्याउने काममा महिला तथा पुरुषहरु व्यस्त रहन्छन् । त्यसपछि बारीमा पुरुष वर्गले माटो खन्ने काम गर्दछन् । र केटाकेटीहरुले मकै बारीमा गोडमेल गर्ने गर्दछन् र पुरुषहरु भने धान रोप्नका लागि खेतको तयारी तर्फ लागेका हुन्छन् । असार-साउनमा धान रोप्ने काम हुन्छ । यसबेला जोत्ने काम पुरुष वर्गले र माटो सम्याउने काम महिला वर्गले गर्दछन् । यता करेसा बारीमा खुर्सानी रोप्ने काम भने परिवारका सबै सदस्यहरुले गर्दछन् । भदौमा मकै भाँच्ने र धानबारीमा गोडमेल गर्ने काम हुन्छ । भाँचेर ल्याएका मकै सुकाएर कुप्पापारी काठको मचानमा भण्डार गर्दछन् । असोजमा मकै खेती गरिसकेको बारीमा तीनवार पल्ट जोतेर माटो पल्टाउने काम गर्दछन् र महिलाहरुले मल ओसारेर खेतमा हाल्ने काम गर्दछन् । यसरी गहुँ, तोरी, आलु, केराउ आदिको खेती गर्ने ठाउँको तयारी गरिन्छ । करेसा बारीबाट हुने उब्जनी घरको आवश्यकता मात्र पुरा गर्ने हो भने प्राय: महिलाहरुले मात्र काम गर्ने गर्दछन् । बजारमा लगी बक्री गर्ने भएमा पुरुषहरु पनि करेसाबारीको काम गर्ने गर्दछन् ।

कार्तिक र मंसिरमा महिला र पुरुष दुवैले धान काटेर थुपार्छन् र मंसिर र पुषमा पुरुषहरुले दाई गर्दछन् । महिलाहरुले धान बचाउने र सफा गर्ने काम गर्दछन् । त्यसपछि पहिलेको शर्त अनुसार जग्गा धनी र मोहीको बीचमा धानको भाग बाँडेर आ-आफ्नो घरमा धन्क्याउन लैजान्छन् । धान भित्रिए पछि धान कुट्ने, पकाउने, तुल्याउने सबै काम महिलाहरुले मात्र गर्दछन् । माघ महिनामा थारु जातिले चाड पर्व मनाउने गर्दछन् ।

बुढापाका र केटाकेटीहरु बाहेक थारु परिवारका सबै सदस्यहरु बिहान सबेरै उठेर काम धन्दामा लाग्दछन् । महिलाहरु घरमा सफा गर्ने, खाना पकाउने र पुरुषहरु घर बाहिर खेतबारीमा काम गर्दछन् । युवा अवस्थाका केटा र केटीहरु वस्तु भाउलाई घाँस पराल ल्याउने ठूलाहरुले गरेको काममा सघाउने गर्दछन् ।

सवै किसिमको अन्न कुट्ने, पिंध्ने, पेल्ने, केलाउने काम महिला वर्गले हातैले गर्ने भएकोले यी कामहरु ज्यादेनै कठिन र धेरै समय लाग्ने हुन्छन् । यी कामहरुले उनीहरुको जीविका चलाउने कूल उत्पादनको १४.६ प्रतिशत र घरायसी उत्पादनवाट हुने १३ प्रतिशत अर्थोपार्जनको अंश ओगटेको छ । यी कामहरुवाट हुने कूल आम्दानीको ६७.६ प्रतिशत घर खर्चमानै लगाइन्छ र वाँकी २.१ प्रतिशत विक्री गरिन्छ । सम्पन्न परिवारले यसवाट केही मात्रामा आम्दानी लिने गरेता पनि गरीव परिवारको लागि यस किसिमको आम्दानी घर खर्चको लागि मात्र पुग्दछ ।

थारु जातिमा वसाई सर्ने चलन प्राय: छैन । उनीहरुले आफ्ना समुदायमा श्रमदान तथा आलो पालो गरी काम काज चलाउंदछन् । गाउंका नेता, पुरोहित र औषधी उपचार गर्ने (धामी) अनुभवी मान्यजनहरुको लागि खेतीपातीको काममा श्रमदान वा कम ज्याला लिएर काम गरी दिने चलन छ । खेतीपातीको काममा वा घर वनाउने काममा आपसमा आलो पालो वा पर्म लगाउने चलन पनि छ ।

## पारिवारिक निर्णय

परिवारको श्रम विभाजन वारे पुरुषहरुले नै अधिकांश निर्णय गर्दछन् (८८.३ प्रतिशत) तर खेती सम्वन्धी निर्णयमा महिलाहरुले पनि ४७.५ प्रतिशत निर्णय गर्दछन् । खेतमा कुन अनाजको खेती गर्ने, मल कति हाल्ने भन्ने कुरामा महिलाहरुको भन्दा पुरुषहरुको निर्णय महत्वपूर्ण हुन्छ । करेसावारीमा कुन वीउ छर्ने कति मल हाल्ने भन्ने धेरै निर्णयहरु महिलाहरुले गर्दछन् । घरको खाना र अरु दैनिक आवश्यकताहरुको खर्च वारे पुरुषहरुले निर्णय गर्ने गरेता पनि यस विषयमा घरका महिलाहरुले उचित सरसल्लाह र सुझाव दिने गर्दछन् । स्वास्थ्य, शिक्षा, धनमाल जोड्न, धर्मकार्य, उपहार दिने आदि निर्णयहरु परम्पराअनुसार पुरुष वर्गले नै गर्ने गर्दछन् । यसवाट थारु समुदायमा निर्णय लिने कार्यमा पुरुषहरु वाट परम्परागत रुपमा चलि आएको रीति अनुसार गर्ने गरिन्छ । खास गरी घरको अन्नपात उधारो लिने दिने निर्णयहरुमा महिलाहरुको प्रमुख भूमिका रहेको हुन्छ ।

## थरुनीहरुको हस्तकला

थारु समुदायमा हस्तकलाको सिप सिकाउने कुनै संस्था नभए तापनि ढककी, डालो, मान्द्री, माटाका भाँडा वनाउने, काठमा बुट्टा कुंदने, कपडामा बुट्टा भर्ने, माला उन्ने, भित्तामा चित्रहरु वनाउने जस्ता कामहरुमा थारु समुदायको विशेषता देखिन्छ । काठको काम वाहेक अरु किसिमका हस्तकलामा प्राय: महिला वर्गको सौन्दर्यात्मक अभिव्यक्तिहरु पाइन्छन् । ती शिपहरु आफ्नै परिवारवाट ठूलाले सानालाई सिकाउने गर्दछन् । हस्तकलामा निपुर्ण थरुनीहरु वढी आदरणीय हुने भएकोले अभिभावकहरुले आफ्ना छोरीहरुलाई ती कला-कौशल सिक्न निकै हौसला दिने गर्दछन् ।

सिपालु छोरीलाई सुयोग्य वर पाउन सकिने, साथै सिपालु बुहारी भए घरमा सबै लाई रिझाउन सक्ने हुन्छ । यहि सिप सिकाउने क्रममा महिला वर्गको आपसमा राम्रो सम्बन्ध हुन जान्छ । सिप सिकाए वापत सिकाउने व्यक्तिलाई गुरु भेटीको रुपमा सानेकुरा पैसा दिने वा घर काजमा सहयोग गर्दछन् यस बाहेक आफूले तयार पारेका सामानहरु विक्री पनि गर्दछन् ।

खेतीपाती कामवाट फूर्सत भएको समयमा थरुनीहरुले बुनाई सम्बन्धी काम गर्दछन् । डालो र ढक्कीहरु विभिन्न कामको लागि बेग्ला बेग्लै आकार प्रकारमा वनाउँछन् । खासगरी अन्नपात, लुगाफाटो र गहनापात राख्न ती सामानहरुको प्रयोग गरिन्छ ।

घरमा प्रयोग गरिने भाँडाहरुको खाँचो टार्न महिलाहरु माटाका भाँडाहरु वनाउने गर्दछन् । ती भाँडाहरु कुनै यन्त्र बिना भुइमै वनाइने भएकाले मुख ठूलो हुन्छ । अन्नपात वीउ वीजन आदि भण्डार गर्न माटो, भुस र पराल मिसाएर ध्याम्पो जस्तो ठूला ठूला भाँडाहरु (घेरी, कुठी) वनाउँछन् । यी वाहेक माटोको भित्ता र परखालहरुमा हात्ती,घोडा, मयूर आदि पशुपंक्षीको आकृति वनाई सिंगार्दछन् ।

हात, खुट्टा, कुमको छालामा सियोले घोचेर किसिम किसिमका बुट्टाहरु भर्न थारुनी हरु निकै सिपालु हुन्छन् । बिवाह हुन लागेकी युवतीले अनिवार्य रुपमा यस्ता बुट्टाहरु खोपाउँछिन्। आफूखुसी साना तिना बुट्टाहरु खोप्न सक्दछन् । यो काममा सिपालु थरुनी शिशु-स्याहार, जडी बूटीवाट औषधी उपचार आदि कामहरुमा समेत अनुभवी भै अरुलाई सिकाउन सक्ने भएकोले ज्यादैनै लोकप्रिय हुन्छिन् । भैपरि आएको वेलामा यी महिलालाई अरु सबैले अन्न, श्रमदान आदि दिएर मद्दत गर्ने गर्दछन् ।

## उपसंहार

शुक्रवारे थारुहरुको सामाजिक तथा पारिवारिक जीवनको बिभिन्न पक्षहरुमा महिलाको मान्यता स्तर वेग्ला वेग्लै पाइएता पनि पुरुष जातिले महिला वर्गलाई सहभागीको रुपमा मान्यता दिन्छन् । थारुहरुले महिला वर्गलाई एक अर्काको पूरक मान्दै आर्थिक विकास तथा जीवन ज्ञापनको लागि सहयोगी संगिनी भनी स्वीकार गर्दछन् । परम्परा अनुसार पुरुष वर्गले घर वनाउने, हलो जोत्ने, शिकार खेल्ने आदि काम र महिला वर्गले घरमा अन्नपात केलाउने, खाना पकाउने, बच्चाहरुको स्याहार गर्ने, सुघर सफा गर्ने काम गर्दछन् । परिवारमा आम्दानी, खर्च, श्रम विभाजन, सम्वन्धी निर्णयहरु घरमुलीले गर्ने गरेता पनि उसले आफ्ना निर्णयलाई महिलाहरुले जर्वजस्ती स्वीकार गर्न वाध्य गराउँदैन । वास्तवमा पुरुषहरुले अन्तिम निर्णय गर्नु भन्दा अगाडि महिलाहरुको राय बुझेर सरसल्लाह मिलाई सकेपछि मात्र निर्णय गर्ने गर्दछन् । घरको पुरुषहरु असमर्थ वा निष्कृय भए मात्र महिलाले अन्तिम निर्णय लिने गर्दछन् । थारु जातिको प्राय: संयुक्त परिवार हुने भएकोले परिवारका सबै सदस्यहरुको एक मतनै हुन्छ । मत भिन्नताभै दिएमा परिवार फुट्ने संभावना भएकोले परिवारका सदस्यहरु महिला तथा पुरुषहरु वीच समझदारी र सहिष्णुतानै पाइन्छ ।

परम्परागत चलन अनुसार महिला र पुरुष वर्गको कार्यविभाजन पाइता पनि हलो जोत्ने काम बाहेक अरु सबै कामहरु आवश्यकता अनुसार दुवै वर्ग मिलेर गर्ने गर्दछन् ।

वैवाहिक जीवनमा असफल भएका थारुनीहरुलाई आफ्नो जीवन सहजरुपले बिताउन केही बिकल्पहरु छन् । बिधवा भएकी छोरी माइत आएर घरको कामकाज गरि जीवन ज्ञापन गरेमा केही धन खुराउनी (खर्च) को रुपमा दिइन्छ । विधवा महिलाले पुनर्विवाह गर्न चाहेमा सबैबाट सहयोग तथा सामाजिक मान्यता पाउँछन् । यस प्रकारको सहुलियत नेपालका अरु सबै जातिका महिला वर्गलाई उपलब्ध छैन ।

सुझावहरु :

शुक्रवार थारु समुदायको विकासको लागि कार्यक्रम तर्जुमा गर्दा निम्न बुंदाहरु समावेश हुनु पर्ने देखिन्छ ।

(१) स्वास्थ्य, शिक्षा तथा कृषि सम्बन्धी कार्यमूलक तालिममा थरुनीहरुलाई पनि समावेश गर्ने प्राथमिकता दिने ।

(२) सिप प्रशिक्षण तालिम कार्यक्रममा थारुहरुको मौलिक हस्तकला: ढक्की, डालो बुन्ने जस्तो काम पनि समावेश गरिनु पर्दछ । यसबाट उनीहरुको आम्दानी बढ्दछ ।

(३) अन्न कुट्ने, पिंधने, केलाउने आदि घरायसी काम धन्दामा सुधारिएको प्रविधि समावेश गरी महिलाहरुको समय बचाई अन्य आम्दानी हुने काममा लगाउने ।

(४) थारु महिलाहरुको लागि गाउँको वरिपरि आंशिक रोजगारीको व्यवस्था हुनु पर्दछ।

(५) वयष्क थारु महिलाहरुको लागि कार्यमुख अनौपचारिक प्रौढ शिक्षा संचालन गर्नु अत्यावश्यक देखिन्छ । यसको अलावा पशुपंछी पालन, मौरी पालन, करेसाबारी, आदि कार्यमा तालिम दिन सकिन्छ ।

(६) गाउँमा स्वास्थ्य सेवा उपलब्ध नभएकोले थारु महिलाहरु स्वास्थ्य र सरसफाइमा उचित ध्यान दिँदैनन् । यस समुदायको स्वस्थ जीवन स्तर कायम गर्न गाउँमा स्वास्थ्य सेवा उपलब्ध हुनु पर्दछ ।

(७) परिवार नियोजन प्रभावकारी रुपमा संचालन गर्न र लोकप्रीय बनाउन बाल-मृत्युदर घटाउने र यसै समुदायबाट महिला स्वास्थ्य कार्यकर्ताको व्यवस्था हुनु पर्दछ ।

(८) यस समुदायमा चलि आएको पुत्रहिन आमा बाबुले धर्मपुत्र पाल्ने रीतिलाई प्रोत्साहन दिनु पर्दछ । यसबाट छोराको जन्म नभए सम्म दुई तीन पटक विवाह गर्ने बानी घट्न सक्छ ।

(९) थारु महिला वर्गमा कानुनी अधिकारको चेतना जगाउन आवश्यक छ ।

शुक्र वारे गाउँका थारु महिलाहरु : सारांश

उमेर समूह र लिंग अनुसारको समयको उपयोगिताको ढाँचा

(घण्टा प्रति दिन)

| गतिविधि | उमेर समूह । लिंग | १५ वर्ष र माथिका पुरुष | १५ वर्ष र माथिका महिला | १५ वर्ष र माथिका दुवै | १० - १४ वर्ष पुरुष | १० - १४ वर्ष महिला | १० - १४ वर्ष दुवै | ५ - ९ वर्ष पुरुष | ५ - ९ वर्ष महिला | ५ - ९ वर्ष दुवै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्य उत्पादन | पशुपालन | १.९१ | ०.६१ | १.२० | २.५७ | २.९९ | २.७८ | ४.०३ | १.०५ | १.६० |
| | कृषि | ३.६२ | १.८५ | २.६५ | १.७२ | १.६६ | १.६९ | १.२८ | ०.७६ | ०.८६ |
| | दाउरा संकलन | ०.२४ | ०.५५ | ०.४१ | ०.०३ | ०.५३ | ०.२७ | ०.१४ | ०.१३ | ०.१२ |
| | सिकार र जम्मा गर्ने | ०.६३ | ०.२८ | ०.४४ | ०.१२ | ०.२१ | ०.१७ | ०.१८ | ०.२१ | ०.२१ |
| | उद्योग | ०.८० | ०.६३ | ०.७१ | ०.३४ | ०.३० | ०.३२ | ०.२० | ०.११ | ०.१३ |
| | खाद्य प्रशोधन | ०.०७ | १.२१ | ०.६९ | ०.०८ | ०.६३ | ०.३५ | ०.२० | ०.०९ | ०.११ |
| | बाहिर आर्जन गर्ने कार्य (गाउँमा) | १.५१ | ०.३० | ०.८५ | २.४६ | ०.१२ | १.३० | ०.०४ | ०.०५ | ०.०५ |
| | निर्माण | ०.७९ | ०.१२ | ०.४२ | ०.५२ | ०.०४ | ०.२८ | ०.४९ | ०.०८ | ०.१५ |
| १. | जम्मा (उत्पादन गतिविधिको मात्र) | ९.५६ | ५.५५ | ७.३७ | ७.८४ | ६.४९ | ७.१७ | ६.५५ | २.४९ | ३.२३ |
| भार घरायसी | पकाउने र खुवाउने | ०.२१ | २.११ | १.२५ | ०.४२ | ०.५१ | ०.४७ | ०.१५ | ०.१५ | ०.१५ |
| | भाँडा कुडा सफा गर्ने | ०.०१ | ०.२५ | ०.१४ | ०.०० | ०.०८ | ०.०४ | ०.०३ | ०.०३ | ०.०३ |
| | घरमा लिपपोत गर्ने र सफा गर्ने | ०.०४ | ०.३९ | ०.२३ | ०.०१ | ०.११ | ०.०६ | ०.०६ | ०.०५ | ०.०५ |
| | लुगा धुने | ०.०१ | ०.०५ | ०.०३ | ०.०१ | ०.०३ | ०.०२ | ०.०३ | ०.०४ | ०.०४ |
| | पानी ल्याउने | ०.०२ | ०.३५ | ०.२० | ०.०४ | ०.४१ | ०.२३ | ०.१४ | ०.१० | ०.११ |
| | किनमेल गर्ने | ०.०१ | ०.०१ | ०.०१ | ०.०० | ०.०० | ०.०० | ०.०१ | ०.०० | ०.०० |
| | अरु घरायसी कार्य | ०.०० | ०.०२ | ०.०१ | ०.०० | ०.०१ | ०.०१ | ०.०१ | ०.०० | ०.०० |
| | बच्चा हेर्ने र स्याहार्ने | ०.१८ | १.८८ | १.११ | ०.०७ | ०.८४ | ०.४५ | ०.२३ | ०.९१ | ०.७८ |
| २. | जम्मा (घरायसी गतिविधिको मात्र) | ०.४८ | ५.०६ | २.९९ | ०.५६ | २.०० | १.२८ | ०.६६ | १.२९ | १.१८ |
| (क) | कार्य भार (१ + २) | १०.०४ | १०.६१ | १०.३५ | ८.४० | ८.४९ | ८.४४ | ७.२१ | ३.७८ | ४.४१ |
| ३. | शिक्षा | ०.०७ | ०.०२ | ०.०५ | १.६४ | ०.०७ | ०.८६ | १.२६ | ०.१० | ०.३१ |
| ४. | व्यक्तिगत सर सफाई | ०.६५ | ०.६९ | ०.६७ | ०.६० | ०.८१ | ०.७१ | ०.७४ | १.२५ | १.१६ |
| ५. | सामाजिक गतिविधि | ०.४१ | ०.०४ | ०.२० | ०.१२ | ०.०० | ०.०६ | ०.११ | ०.०१ | ०.०३ |
| ६. | फुर्सत | ३.८३ | ३.६४ | ३.७२ | ४.२३ | ५.६३ | ४.९३ | ५.६७ | ९.८६ | ९.०९ |
| (ख) | जम्मा (३ + ४ + ५ + ६) | ४.९६ | ४.३९ | ४.६५ | ६.५९ | ६.१५ | ६.५६ | ७.७९ | ११.२२ | १०.५९ |
| (ग) | जम्मा गाउँ भित्रको गतिविधिको (क +ख) | १५.०० | १५.०० | १५.०० | १५.०० | १५.०० | १५.०० | १५.०० | १५.०० | १५.०० |

## वरगाउंका महिलाहरू +

## १. परिचय

यो अध्ययन मुस्ताङ्ग जिल्लाको कागवेनी र मुक्तिनाथ गाउं पंचायतमा पर्ने वरगाउंका महिलाहरू वारे गरिएको हो । अनुसन्धानकर्ताले १२ गाउंहरूको समूह लाई वरगाउं भनी उल्लेख गर्नु भएको छ । यो गाउं समुद्रको सतह देखि १०,००० देखि १२,५०० फिट उचाईमा पर्दछ । सम्वत् २०३५ मा यसको जनसंख्या करिव २,२०० थियो ।

वरगाउंमा जान सात दिन सम्म कष्टसाथ हिड्नु पर्दछ । यो गाउं यातायात चल्ने सडकवाट १२० किलो मिटर टाढा पर्दछ । यो गाउं पोखरा र वागलुंगवाट मुस्तांग र तिव्वतसंग हुने पुरानो व्यापारिक वाटोमा पर्दछ । अरू हिमाली क्षेत्र मन्दा यो गाउंमा जाने आउने वाटो चलन चलितमा भएको हुंदा सुविधायुक्त मन्नु पर्ने हुन्छ । सम्वत् २०३३ देखि पर्यटकहरूको लागि यो गाउंमा जाने अनुमति दिइएको थियो । केही घण्टाको हिंडाई पछि जोमसोम विमान स्थल पुग्न सकिन्छ । सिताष्णा हावा पानी छ र जो, गहुं तथा फापर नै पानी लाग्ने ठांउमा हुने प्रमुख वाली हुन् ।

## २. निर्वाह गर्ने क्रम ( The Cycle of Subsistence)

मुक्तिनाथ क्षेत्रमा वस्ने गाउंलेहरूको जीवन ज्यादै कष्टप्रद देखिन्छ । सितोष्ण हावा पानी, निर्वाहको लागि अपर्याप्त उत्पादन, दाउरा पातको अभावले गर्दा त्यहांका मानिसहरू अस्थाई रूपमा वसाई सर्दछन् । अपर्याप्त खाद्यान्न को कारण गर्दा सम्वत २०३३।३४ मा करीव २८ प्रतिशत र २०३४।३५ मा करीव ३२ प्रतिशत जनसंख्या अस्थायी रूपमा वसाई सरेको देखिन्छ । २० देखि ४४ वर्ष उमेरका ७३ प्रतिशत पुरूष र ३५ प्रतिशत महिलाहरू २०३३।३४ र २०३४।३५ मा वसाई सरेको देखिएको छ । को वसाई, वसाई सर्ने, साथमा कति रूपैया लैजाने वा कति रूपैया ऋण लिने जस्ता विषयहरूमा सामुहिक रूपले परिवारमा निर्णय लिने परम्परा देखिएको छ । सामान्यतया जाडोको मौसममा वसाई सर्ने प्रचलन वढी देखिएको छ । उनी र तयारी कपडाको व्यापारमा संलग्न महिला पुरूष दुवै भारत को उत्तर प्रदेश, प.वंगाल र आसाममा वढी जाने गरेको देखिन्छ । प्रत्येक वर्ष परिवारको आवश्यकता व्यापारवाट परिपूर्ति गरेको देखिन्छ ।

---

\+ सिडने शुलरद्वारा लिखित "The Women of Baragaon", The Status of Women in Nepal, Vol II, Part 5-वाट गोविन्द प्रसाद रेग्मीले सारांश अनुवाद गर्नु भएको । -CEDA, 1981.

जाडोको मौसममा घरमा वस्ने व्यक्तिहरूले उन बुन्ने र अन्य स–साना काम गर्ने गर्दछन् । दाउराको अभाव भएतापनि विहान वेलुको प्रसस्त मात्रामा आगो वाल्ने र गाउं घरमा जम्मा भै गफ सफ गर्ने प्रचलन देखिन्छ । यस किसिमका औपचारिक वार्ताहरूमा नून राखिएको चियाले स्वागत गर्ने प्रचलन छ ।

वारगाउंमा प्राय: खेती सम्वन्धी काम गर्मीको मौसममा गरिन्छ । सवै गाउंहरूमा खेतीको समयमा काम गर्ने श्रमिकहरूको अभाव हुन्छ । फागुन र चैत्र महिना सम्म धेरै जस्तो व्यापारमा गएका महिला वा पुरूष फिर्ता भै व्यापारवाट भएको नाफा नोक्सानीको लेखा जोखा गर्दछन् । व्यापारवाट भएको फाइदाले साहुको ऋण तिर्ने र परिवारलाई आवश्यक सामानहरू किन्ने गर्दछन् । महिलाहरूको आर्जनवाट वाल बच्चाको लत्ता कपडा घरको प्रयोगको लागि सामानहरू किन्ने प्रचलन छ । अविवाहित महिलाहरूले आफुले आर्जन गरेको रूपैया वावु आमालाई दिने प्रचलन पनि भएको पाइन्छ ।

आषाढ महिनामा वाली भित्र्याउने कार्य शुरू हुन्छ । सिंचाई र खेती भित्र्याउने कार्यमा महिला पुरूष दुवैले समान रूपमा काम गरेको देखिन्छ । आफ्नो खेत वारीवाट घांस काटि गाई वस्तुलाई खुवाउने गर्दछन् । प्राय: नौ वर्ष देखि वाह्र वर्ष सम्मका केटीहरूले नगीचैको वनमा गाई वस्तु चराउने गर्दछन् । साना परिवारहरूमा पुरूषहरूले घर भित्रको काम गर्ने र महिलाहरू घांस पातको काममा वाहिर जाने गरेको देखिन्छ । ठूलो परिवारमा भने खाना आदि वनाउने काम घरको सवै भन्दा वृद्ध महिलाले गर्ने गरेको देखिन्छ ।

उच्च भू–भागमा अवस्थित गाउंहरूमा एक पटक मैं दुई वाली ( Double Crop ) लगाउने प्रचालन छ । खेती गरिने मुख्य वालीहरूमा गहुं र फापर हुन् । वाली स्याहार्ने समयमा ज्यालादारीमा काम गराउन पर्ने भएको हुंदा प्रशस्त रक्सी वनाउने चलन छ । विभिन्न कारणले अन्नवाली घर भित्र्याउने समय निर्धारित गर्दछ । खेती गरिएको जमिनको क्षेत्रफल, जग्गाका टुक्राहरू र घरवाट तिनीहरूको दूरी, काम गर्न सक्ने परिवारका सदस्य र ज्यालादारीमा काम गर्नेहरूको सुपरिवेक्षण जस्ता प्रमुख कारणहरूले वाली स्याहार्ने समयमा प्रभाव पार्दछन् । अन्नवाली काट्ने र वोक्ने कार्य महिला र पुरूष दुवैले समानरूपमा गर्दछन् । खेतीको समयमा विहान वेलुकीको खाना घरमा र खाजा रक्सी आदि पिउने कार्य खेतमै गर्दछन् । चुट्ने कार्य पुरूषले र फटकिने (Winnowing ) कार्य प्राय: महिलाहरूले गर्दछन् ।

खेतीको काम ज्यादै कठिन भएता पनि वडो उल्लासपूर्वक सम्पन्न गरिन्छ । ज्यालादारीमा काम गर्ने ज्यामीहरूको साथै घर परिवारका सदस्यहरूले पनि काम गर्दछन् । परिवारका सदस्य र ज्यामीहरू साथै वेलुकिको खाना खाने चलन छ र राती

अबेर सम्म रमाइलो गरी बस्ने गर्दछन् । मुस्ताङ्गमा मानिसहरू (महिला पुरूष दुवै) बढी काम गर्न सक्ने, रमाइलो गर्न सक्ने र धेरै खन्चुवा भएको मनिन्छ ।

सामान्य परिवारले ४० देखि ६० दिन सम्म ज्यालादारीमा काम गरेको देखिन्छ । ज्यालादारी काम लगाउने कार्यमा प्राय: महिलाहरू सक्रिय भएको र ज्यालादारी गर्नमा पुरूषहरूको बाहुल्यता हुन्छ । सम्पन्न परिवारले श्रमको आदान प्रदान भन्दा ज्यालादारीमा काम लगाएको देखिन्छ । २०३४ मा खेतीमा काम गर्ने ज्यामीहरूले दिनको रू.८।- वा त्यस बराबरको अन्न ज्याला पाउँथे । उनीहरूलाई खान-पिउन दिएको समेत जोड्दा रू.२०।- देखि रू.२५।- सम्म पर्दो रहेछ । पुरूष, महिला र युवकलाई ज्यालादारी गरेबापत समान रूपमा ज्याला दिने चलन रहेछ ।

यस नमूना अध्ययनमा छानिएको ३१ परिवार मध्ये सबैले आफ्नो खेतीको काम आफै गर्ने र ती मध्ये २८ परिवारले ज्यामी राखी काम गराएको देखिन्छ । २१ परिवारमा श्रम आदान-प्रदान गर्ने परम्परा पनि देखिएको छ । आवश्यकता परेको समयमा आपसी सहयोगका लागी श्रम आदान-प्रदान गरेको देखिन्छ । श्रम आदान प्रदानको व्यवस्थापन र संचालन महिलाहरूले गर्ने र आवश्यक परेको अवस्थामा केटीहरूको समूहले हप्तौं सम्म खेतमा काम गरेको देखिन्छ । खेतीको काम समाप्त हुने समयमा गर्मीको चाड (याहुङ०) आउँछ र त्यसमा प्रशस्त रक्सी र मासु खाने चलन छ । यस चाडमा गीत गाउने, नाच्ने, घोडा दौडाउने गरिन्छ । यो चाड सकिएपछि गाउँलेहरू मुक्तिनाथबाट फर्कन्छन् र कैयौं दिन सम्म गाउँमा नै रमाइलो गर्दछन् । अनि विहाबारी गर्ने समय हुन्छ ।

वर्षाको मौसममा प्रशस्त घाँस पात खाई जनावरहरू मोटाएको हुँदा कार्तिक र मंसिर महिनामा मासुको लागि धेरै जनावरहरू काट्ने चलन छ । जाडो शुरू हुनु भन्दा अगावै प्राय: सबै घरका मानिसहरू टाढा टाढा दाउरा संकलन गर्न संगै जाने परम्परा छ ।

सामाजिक स्तर र प्रतिष्ठामा नै प्रत्येक समाजको कार्यविभाजन आधारित हुन्छ । सो अनुरूप कतिपय कार्यहरू लिंगको आधारमा पनि विभाजित भएको पाउँछौं। यस क्षेत्रमा तल्लो स्तरका कामी समुदाय जजमानी (बाली उठाउने) गर्ने वर्ग र सिमा क्षेत्रबाट आएको फिरन्ते समूह भएको पाइन्छ । यी समूहका व्यक्तिले सेवा उपलब्ध गराए बापत ज्यालादारीको रूपमा अन्न लिने गरेको देखिन्छ । पेशागत ज्यामीहरूले ज्यालादारी नगदको रूपमा लिने गरेको पनि देखिन्छ ।

लिंग भेद अनुसार महिलाहरूले जोत्ने र जनावरहरू काट्ने काम गरेको देखिंदैन । धागो काट्ने, कपडा बुन्ने, अन्न कुट्ने, पिस्ने, सरसफाई र खानाको

तयारी गर्ने कार्य महिलाहरूके कार्य क्षेत्र भित्र पर्दछ । यी कार्यहरूमा पुरूष भन्दा महिला वढी सिपालु मानिन्छन् र पुरूषको तुलनामा महिलाहरूले धेरै वढी समय काम गर्दछन् । तर परिवारको वनौट सानो भएको हुंदा धेरै जसो कार्य महिला - पुरूष दुवै मिलेर गर्ने गर्दछन् ।

३. आवाश र स्वामित्व : पारिवारिक समूहको वनावट

परम्परागत विचारधारा भएको वारगाउंको समुदायले आपसी आर्थिक सहयोग र सामुहिक रूपमा एकै परिवार साथै वस्न रूचाउंछन् । ठूलो परिवारमा रहंदा जमीन नटुक्रने, कामको आवश्यकता भएको अवस्थामा आफ्नै परिवारके सदस्यहरूले भरपर्दो किसिमले काम पूरा गर्न सक्दछन् । ठूलो परिवार भएमा खेती, रक्सी उत्पादन र विक्री, पशुपालन, स्थानीय वजारमा जनावरहरूको किन वेच र व्यापार जस्ता कार्यहरू सजिलै गर्न सकिने कुरा त्यहांका वासिन्दाहरूको धारणा छ । छोरा - छोरी, दाजुभाई सवै मिलेर आपसमा सहयोग गर्ने प्रचलन पनि पाइन्छ। तर वारगाउंलेहरू ठूलो परिवार ( Joint Faimly ) मा वस्ने गरेको भने देखिंदैन ।

परिवारहरूको वनावट र विभाजनमा जन्म, मृत्यु, विवाह, घरमा हुने झैं झगडा र धर्मपुत्र राख्ने जस्ता कारणहरूले प्रमुख भूमिका खेलेको देखिन्छ । व्यक्तिवादि र भौतिकवादी भएको वारगाउंले समुदायमा धेरै जसो व्यक्तिहरू आत्म निर्भर हुन खोज्ने, परिश्रमि र उद्योग र व्यापारमा संलग्न हुने कारणले गर्दा पनि परिवर्तनशिल परिवार भएको हुन सक्छ ।

वारगाउं ४.५ देखि ४.७ व्यक्ति प्रति औसत परिवारमा देखिन्छ । केही परिवारको संख्या एक देखि १७ जना सम्म भएको देखिएता पनि ६.५ प्रतिशत परिवारमा मात्र आठजना भन्दा वढी सदस्य भएको देखिन्छ । खेतीको समयमा साना परिवारका सदस्यहरू घरमै वस्ने गरेको देखिन्छ । जाडोको समयमा बुढा बुढी र केटाकेटीहरू मात्र घरमा वस्ने र अरू सवै व्यापारको लागि तल ओर्लने गर्दछन् । विवाहित महिलाहरू पनि जाडोको समयमा पुरूषहरू व्यापारको लागि वाहिर गएपछि माइत गएर वस्ने चलन छ ।

वारगाउंमा परम्परा देखिने चरन, वन, पानो पंधेरो र सिंचाईको लागि निर्मित कुलो र पैनहरू सामूहिक रूपमा गाउंके सम्पत्ति मानिन्छ । श्रोत कहां छ, त्यसको प्रयोग पहिले देखिने कसले गरि आएको छ आदि कारणहरूले स्वामित्व निर्धारण हुन्छ । घर र खेतीको लागि प्रयोग गरिने जमिनमा व्यक्तिगत स्वामित्व भएको पाइन्छ । सम्पत्तिको मालिक घरमूली वा परिवारको सव भन्दा जेठो भाई हुने परम्परा छ । यस समुदायमा आर्थिक सम्पन्नताको आधारमा समाजको वर्गीकरण भएको पाइदैन । राणाकालिन समयमा प्रशस्त आर्थिक असमानता थियो तर अव

त्यो अवस्था विद्यमान छैन । यहाँको आर्थिक व्यवस्था कृषिमा मात्र आधारित नभएको हुँदा समाज वढी समानता देखिन्छ । प्राय: सवै घरका मानिसहरू व्यापार गर्ने हुँदा आर्थिक असमानता कम देखिन्छ । भूमि र जनावरहरू परिवारको मुख्य पूँजीको रूपमा देखिन्छन् । रूख विरूवा, कृषि औजारको साथै व्यक्तिगत कपडा र गहनाहरू नै परिवारको मुख्य सम्पत्ति हुन् ।

सम्पन्न परिवारहरूसंग वढी जमीन र जनावरहरू भएको देखिन्छ । वढी गाई वस्तु पाल्नु मलको लागि पनि हो । सम्पन्नवर्गले यदाकदा गाउँका अन्य परिवारहरूलाई अधियामा आफ्नो जमीन खेती गर्न दिने गर्दछन् । अध्ययनको लागि छानिएका ३५ नमूना परिवार मध्ये सामूहिक विवाह एउटै महिलासंग धेरै जनाले गर्ने विवाह गरेका पाँच परिवार र ती मध्ये ४ परिवार आर्थिक सम्पन्नता को दृष्टिले सवै भन्दा धनी वर्गमा पर्दछन् । ठूला ५ परिवार मध्ये ३ सवै भन्दा धनी र २ परिवार मध्यम वर्गमा पर्दछन् । धेरै जसो साना परिवारहरू सामान्यतया मध्यम वर्गमा नै पर्दछ ।

वारगाउँले महिलाहरू पुरूषको माध्यमवाटनै सम्पत्तिका हकदार हुन्छन् । व्यक्तिगत लत्ता कपडा वाहेक अन्य सवै पैतृक सम्पत्तिको हकदार पुरूषनै हुन्छन् । छोराहरूको वीचमा पैतृक सम्पत्ति कसरी वितरण हुन्छ भन्ने कुनै खास नियम छैन । यो सव परम्पराकै आधारमा गरिन्छ । सामूहिक विवाह गर्ने परिवारमा जेठो छोरा नै सम्पत्तिको हकदार र छोरा नभै छोरी भएको परिवारमा सम्पूर्ण सम्पत्ति उनैको हुने र उनको विवाह गरी लोग्नेलाई घरमै राख्ने परम्परा पनि छ । यस्ता परिवारहरूको निर्णय प्रकृयामा यी महिलाहरूको नै प्रधानता हुन्छ । महिलाहरूलाई विवाहमा दाईजो दिने प्रचलन यस समुदायमा पनि छ । दाईजोमा प्राय कपडा र गहनाहरू दिइन्छ ।

उपलव्ध तथ्यांकवाट के स्पष्ट हुन्छ भने परिवारको संयुक्त सम्पत्तिलाई निश्चित रूपमा विभाजन गर्ने स्पष्ट परिपाटी छैन तथापी हकदारको क्रम यस प्रकार छ : पहिलो प्राथमिकता परिवारको जेठो छोराले पाउँछ, तीन भई छोरा भएको परिवारमा एकजना भिक्षु हुने परम्परा छ । उसले एक टुक्रा जमिन मात्र हिस्सा पाउँछ । त्यसपछि छोराहरू नभएमा मात्र छोरी सम्पत्तिको हिस्सेदार हुन सक्तछन् । परिवारमा भएको सम्पत्तिको अधिकारले प्राय: महिलाहरूको प्रतिष्ठा निर्धारित गर्दछ । पैतृक सम्पत्तिको असमान वितरणमा खास कुनै नियम छैन तापनि सामान्यतया पैतृक सम्पत्तिका हकदार पुरूष मात्र हुन्छन् । वारगाउँले समुदायमा पैतृक सम्पत्ति भएका महिलाको गार्हस्थ निर्णय प्रकृयामा ठूलो भूमिका भएको पाइन्छ। साथै माइतीवाट ल्याएको दाईजोले पनि उनको सामाजिक मर्यादा कायम गर्न मद्दत गर्दछ ।

४. विवाह गर्दाको उमेर र अविवाहित महिलाहरूको अनुपात

कानूनी रूपमा महिलाहरूको विवाह गर्ने समयको न्यूनतम उमेर १६ वर्ष तोकिएको छ । सानै उमेरमा विवाह गर्ने प्रचलनलाई हिन्दू समुदाय विद्यमान छ । महिलाको सानै उमेरमा विवाह गर्दा घरमा उसको कुनै भूमिका नै हुँदैन । तर वारगाउँमा महिलाहरूले सामान्यतया २१ देखि २२ वर्षको उमेरमा विवाह गरेको देखिन्छ । अन्तरवार्ता लिइएका कतिपय महिलाहरूले पहिले छोरी जन्मेको मन पराउँछन् । रूचाउनुको कतिपय कारणहरू मध्ये आमालाई सहयोग गर्ने प्रमुख देखिएको छ । छोरीवाट हुने आर्थिक सहयोग नै छोरीको विवाह ढीलो गर्ने अर्को प्रमुख कारणको रूपमा देखिएको छ ।

वारगाउँका ३५ वर्ष र सो मन्दा वढी उमेरका अविवाहित महिलाको प्रतिशत २०.६ देखिएको छ जवकि यो प्रतिशत राष्ट्रिय स्तरमा केवल ०.८ रहेको छ । हिन्दू परम्परा अनुसार माथिल्लो जातिका परिवारमा आमा र पत्नीको मात्र प्रमुख भूमिका हुन्छ । वारगाउँका समुदायमा धार्मिक कारणवाट विवाह नगर्ने महिलाहरूको ठूलो सम्मान हुन्छ । महिला जनसंख्याको ६ प्रतिशत र १५ वर्ष र सो मन्दा वढी उमेरका ८ प्रतिशत महिलाहरू अविवाहित रहेको देखिन्छ । ट्राँडOवा परिवार जहाँ तीन छोरा वा छोरीको जन्म हुन्छ त्यो परिवारले एउटा पुरूष वा महिलालाई भिक्षु वनाउने परम्परा छ ।

अविवाहित महिलाहरूसँग एक टुक्रा पनि जमीन नभएकोले ज्यादै गरीव हुन्छन् विवाहको अवसर कम हुनुमा गरीवी प्रमुख कारणको रूपमा देखिन्छ । अविवाहित रहनुमा अर्को सामाजिक पक्ष अनैतिक तरीकावाट जन्मनु हो । यस किसिमवाट जन्मेका युवक र युवतिहरूले कानूनी रूपले सम्पत्ति नपाउनाको कारणले गरीव हुनु र अविवाहित रहन परेको छ । वारगाउँले समुदायमा व्यक्ति विशेषको सामाजिक प्रतिष्ठाले आर्थिक सम्पन्नता र आर्थिक सम्पन्नताले सामाजिक प्रतिष्ठा वढाउने गरेको देखिन्छ । विवाह गर्ने सम्वन्धमा आर्थिक सम्पन्नता एउटा प्रमुख आधार मानिन्छ ।

नेपालमा ४५ देखि ४६ वर्ष सम्मका विवाहित महिलाहरूको प्रजनन् दर ५.७ छ तर वारगाउँमा सोही उमेरका विवाहित महिलाहरूको प्रजनन् दर ४.७ मात्र छ । यसरी प्रजनन् दर कम हुनुको प्रमुख कारण ढिलो विवाह गर्नु नै देखिएको छ । तर यो दर पछि वढ्ने सम्भावना छ किन भने अविवाहित हुने दर घट्दै छ, धार्मिक कारणले अविवाहित रहने प्रचलन पनि कम हुँदै जाने देखिन्छ । अविवाहित महिलाको सामाजिक र आर्थिक मर्यादा स्तर खास राम्रो छैन । ट्राँडOवा जस्ता सम्पन्न

परिवार वाहेक अन्य भूमिहिन परिवार, अनैतिक किसिमवाट जन्मेका व्यक्तिहरू मानिन्छन् र धार्मिक कारणवाट अविवाहित रहेका व्यक्तिहरू पनि गरीव अवस्थामा रहेको पाइयो । कतिपयको आफ्नो घर र जमीन नभै वावु आमा र भाइहरूसंग वसेको पनि देखिन्छ । जाडोको समयमा व्यापारमा जाने व्यक्तिहरूले परिवार र गाई वस्तुको संरक्षणका लागि घर हेर्ने व्यक्तिहरू राख्ने गर्दछन् ।

जीविकोपार्जनको माध्यम श्रम भएको हुंदा जस्तो सुकै काम पाए पनि गर्दछन् । अविवाहित महिलाहरू प्राय: खेतीको समय वाहेक अन्य अवस्थामा वेरोजगार हुन्छन् । खेतीको समयमा सहयोग गर्ने ज्यामीहरूलाई काम नभएको वखत घरमा उनको धागो वुन्ने जस्तो काममा लगाउने गरेको देखिन्छ । सो कार्य सम्पादन गरे वापत उनीहरू विहान वेलुकीको खाना र केही उपहारहरू मात्र पाउने गर्दछन् ।

## ५. विवाह र सम्वन्ध विच्छेद

वारगाउँले समुदायमा तीन किसिमले विवाह गर्ने चलन छ । कूल विवाह संख्या मध्ये ४४ प्रतिशत वावु आमाले व्यवस्था गरे वमोजिम विवाह हुन्छ ।प्राय: भतीजा भतीजीको विवाह हुने परम्परा भएको समुदायमा एक किसिमले सल्लाह विना नै सानै उमेरमा विवाहको टुंगो लगाइन्छ । करीव ३० प्रतिशत विवाह केटी भगाई गरिन्छ । यसरी हुने विवाहमा पुरूष-महिला छनोट प्रकृयामा सक्रिय रहन्छन् । यस किसिमको विवाहको प्रचलन प्राय: आर्थिक दृष्टिले कमजोर वर्गमा हुने गर्दछ । करीव २७ प्रतिशत विवाह जवर्जस्ती भगाई लग्ने परम्परामा आधारित छ । केटी तर्फका वावु आमाले स्वीकृति नदिएको कारणवाट भगाउने गर्दछन् । विवाहित महिलाहरू लामो अवधि सम्म माइत वस्ने गरेको देखिन्छ र जाडोको समयमा गरिने व्यापारमा वहिनी वा आमाहरूसंग साझेदारीमा काम गर्दछन् । विवाहित महिलाहरू पटक पटक आमालाई भेट्न माइत जाने परम्परा छ । त्यसो नगरेमा गाउँलेहरूले आलोचना पनि गर्दछन् । आर्थिक अवस्था खराव भएको अवस्थामा माइतीवाट सहयोग लिने र घरका परिवारलाई दवाव दिने गरेको पनि देखिन्छ ।

सम्वन्ध विच्छेद गर्ने महिलाले माइतीवाट ल्याएको दाइजो वाहेक अन्य केही लाभ पाउँदैनन् । यदि स्वास्नीले आफ्नो इच्छाले लोग्नेलाई परित्याग गरी अरू संग विवाह गरेमा विवाह गर्नेले एक हजार रूपियां तिर्नु पर्ने हुन्छ, त्यस्तै लोग्नेले कुट पिट गरी स्वास्नीसंग सम्वन्ध विच्छेद गरेमा उसले स्वास्नीलाई पनि एक हजार रूपयां दिनु पर्दछ । विधवा महिलाले वाचुन्जेल खान लगाउन सम्म पाउने चलन छ तर सम्पत्ति विक्री गर्न भने पाउँदैनन् । तर विधवाको छोराहरू भने पैतृक सम्पत्तिको पूर्ण हकदार हुन्छन् । सम्वन्ध विच्छेद गरेपछि सम्पत्ति सम्वन्धी हक त्यस

समुदायमा प्रचलित व्यवस्थाको आधारमा हुन्छ । सम्वन्ध विच्छेद र सम्पत्ति सम्वन्धमा विवाद उठेमा गाउँका भद्रभलादमी वा स्थानीय पंचायतले टुंगो लगाउने गर्दछ । यदि कसैले जवर्जस्ती पत्नी घरवाट निस्कासन गरेमा जीविकोपार्जनको लागि केही सम्पत्ति दिनु पर्ने हुन्छ ।

विवाहको समयमै स्वास्नी मान्छेले ल्याको दाइजोको सूचि वनाइएको हुन्छ । सम्वन्धविच्छेद भएमा महिलाले आफ्नो सम्पत्ति माथि दावि गर्न पाउँछन्। विवाहकै दिनमा कान्जा (संझौता पत्र) मा दुवैले सही गर्ने प्रचलन पनि छ । कान्जामा सही गर्दा मद्यपान, तास र दुलहीलाई नपिट्ने प्रतिज्ञा गर्ने चलन छ । साथै जसले (पति । पत्नी) परित्याग गर्दछ उसले रू.१,०००।- तिर्नु पर्ने वाध्यता देखिन्छ । कान्जा संझौता पत्र अव केवल श्रृंगारको रूपमा मात्र घरमा राखिन्छ । किनकि यसमा गरिएको प्रतिज्ञा वास्तविक व्यवहारमा लागु भएको पाइदैन ।

## ६. शिक्षा, स्वास्थ र राजनैतिक सहभागिता

सामान्यतया वारगाउँका व्यक्तिहरूको स्वास्थ्य राम्रो देखिन्छ । उनिहरूले घीउ, दूध र मासु प्रशस्त खाने गर्दछन् । साग सब्जीमा मूला र आलु प्रमुख देखिन्छ। फलफुल नपाइए तापनि आरू वखँडा प्रशस्त पाइन्छ । दाल, कैराउ, रोटी, भात प्रमुख खाना हुन । कतिपय परिवारले करेसावारीमा तरकारी खेती गरेको पनि पाइयो । प्रमुख रोगहरूमा खास सम्वन्धी जस्तो दायरोग, निमोनिया र व्रोंकाइटीस आदि छन् । चीसो भएको कारणले गर्दा स्वास्थ्यकर घरहरूको अभावमा धुँवामा वढी काम गर्नु परेवाट त्यसो भएको हुन सक्तछ । आंखा, कान र पेट सम्वन्धी रोग पनि प्रचुर मात्रामा देखिन्छ । रोगको निदान तर्फ भन्दा रोकथाम तर्फ वढी ध्यान दिनु पर्ने स्थिति वारगाउँमा देखा परेको छ । स्वास्थ्य सम्वन्धी विषयमा स्थानीय व्यक्तिहरूलाई तालिम दिने गरेको पनि देखिएको छ ।

धर्म सम्वन्धी अध्ययन वाहेक कम मात्रामा व्यक्तिहरू साक्षार छन् । यस अध्ययन समयमा तीन कक्षा सम्मको पढाई हुने र सो भन्दा माथिल्लो कक्षाको अध्ययनको लागि जोमसोम जानु पर्थ्यो । कतिपय सम्पन्न परिवारले पोखरा, काठमाडौं र भारतमा अध्ययनको लागि पठाउने गरेका पनि देखियो । अध्ययनको लागि कागवेनीका ३५ घर परिवारका ६६ व्यक्तिहरू मध्ये २१ प्रतिशत (३३ प्रतिशत पुरूष र ८ प्रतिशत महिला) साक्षार छन् । स्थानीय शिक्षकहरूलाई तालिम दिइ त्यहाँका अविभावकहरूलाई प्रेरित गराई महिला एवं पुरूष विद्यार्थीहरूलाई स्कूल अध्ययनार्थ पठाउन सकिने सम्भावना देखिन्छ ।

अध्ययनवाट के स्पष्ट हुन्छ भने त्यहाँका पुरूष एव महिलाको समाजमा समान स्थान छैन । यद्यपि पुरूष सरहनै महिलाहरू पनि एक ठाउँवाट अर्को ठाउँमा

प्रशस्त घुम्ने गर्दछन् र समान रूपमा आर्थिक कारोवारमा हिस्सेदार हुन्छन् । तर महिलाहरू संगठित राजनीतिमा भने सहभागी भएको देखिएन । महिलाहरूलाई सहभागी वनाउने प्रयासको अभावमा उनीहरू कहित्यै पनि पंचायतको कुनै सभा वा गोष्ठीमा उपस्थित भएको देखिएन ।

७. योजनावद्ध विकासको लागि सुझाव

वारगाउँले समुदाय आर्थिक दृष्टिले विभाजित भएता पनि जातको आधार मा विभाजित भएको देखिँदैन । वर्तमान आर्थिक विभाजन पनि संकीर्ण नभै ज्यादै विस्तृत देखिन्छ । त्यहाँ अविवाहित महिलाहरूको संख्या वढी भएको र ती महिला हरूनै ज्यादै गरीव देखिन्छ । उपलब्ध कुनै पनि कार्य गर्न नहिच्किचाउने यी महिला हरूलाई वास्तवमा अतिरिक्त आय सिर्जना गर्ने खालको आर्थिक क्रियाकलापमा संलग्न गराउन सकिन्छ ।

त्यस क्षेत्रका जनताको खास गरी अविवाहित महिलाहरूको आर्थिक अवस्था मा सुधार ल्याउन गरिने योजनावद्ध विकाश कार्यक्रममा निम्न बुँदाहरूलाई ध्यान दिनु पर्ने देखिन्छ :

(१) कृषि उत्पादनमा गरेको वृद्धिवाट त्यहाँका मानिसहरू अप्रत्यक्ष रूपमा लाभान्वित होलान तर भूमिहिन गरीवहरूको जीवनमा त्यसले प्रत्यक्ष रूपमा केही फाइदा पु-याउन सक्दैन । जाडोको मौसम लामो र कृषि व्यवशायको खास विस्तारको सम्भावना पनि कम भएको त्यस क्षेत्रमा कृषि विकाशले अतिरिक्त रोजगारको अवसरहरूको सिर्जना गर्न सक्ने सम्भावना देखिँदैन ।

(२) पूँजीको अभावमा गरीव व्यक्तिहरू व्यापार व्यवसायमा लाग्न नसकेको देखिन्छ । कम व्याज दरमा त्यहाँका मानिसहरूलाई ऋण उपलब्ध गराउन सकेमा तिनीहरू व्यापारवाट राम्रो आम्दानी गर्न सक्षम छन् ।

(३) साना घरेलु उद्योग संचालन गर्न सकेमा त्यस भेगका जनता वढी लाभान्वित हुने सम्भावना देखिन्छ । काम नभएको समयमा त्यहाँका महिलाहरू पारम्परिक रूपमा उन वुन्ने काम गर्दछन् । उनीहरूलाई नयाँ प्रविधि र रंगाउने कार्य सम्वन्धी तालिम दिन सकेमा त्यसले प्रत्यक्ष फाइदा पुराउन सक्ने सम्भावना देखिन्छ । व्यक्तिगत वा सहकारीताको आधारमा ऋण उपलब्ध गराउन सके घरेलु उद्योग वढी सक्षमता साथ अगाडि वढ्न सक्ने देखिन्छ ।

(४) पर्यटनवाट त्यहाँका स्थानीय वासिन्दाहरू प्रत्यक्ष रूपमा लाभान्वित भएको देखिँदैन । यातायातको विकास र विभिन्न संगठित इकाईहरूवाट पर्यटन संचालन गरिने हुँदा यसले समस्याहरू सिर्जना मात्र गरेको देखिन्छ । हुनत वारगाउँ क्षेत्र २०३३ मा पर्यटकहरूका लागि खुला गरिएको हुँदा यस भेगका जनताहरू केही लाभान्वित भएको छन् । विकल्पको रूपमा अतिरिक्त आम्दानी सिर्जना गर्नको लागि सामुदायिक रूपमा स्थानीय व्यक्तिहरूवाट नै साना होटल या पालको व्यवस्था हुन सकेमा वढी लाभान्वित हुने संभावना देखिन्छ । यसको लागि पुन: सरकारी आर्थिक सहयोगको आवश्यकता पर्दछ ।

उपरोक्त सुझावहरूको अतिरिक्त यस क्षेत्रको आर्थिक विकासको लागि वृहद रूपमा त्यस क्षेत्रमा उपलब्ध साधन र सम्भाव्यताहरूको अध्ययन हुनु पर्दछ । कृषि विस्तार सम्वन्धी सम्भाव्यता, मौसमी स्थानान्तरणवाट हुने फाइदा अतिरिक्त आय सिर्जना गर्न मद्दत पु-याउने खालका साना घरेलु उद्योगहरू, व्यापार व्यवसाय जस्ता विषयहरूमा विस्तृत अध्ययन हुनु जरूरी छ । त्यस क्षेत्रका वासिन्दाहरूको आय वृद्धि गराउने खालका जुनसुकै सम्पूरक कार्यक्रम संचालन गर्दा पनि मौसमी रूपमा मात्र त्यस क्षेत्रमा श्रमिकहरू उपलब्ध हुन्छन् भन्ने तथ्य विर्सनु हुँदैन ।

बारगाउँका महिलाहरू

गाउँका क्रियाकलापमा समयको उपयोगिता
(पन्ध्र वर्ष मन्दा माथिका जन संख्या )

(घण्टा प्रति दिन)

| गतिबिधि | लिंग | पुरुष | महिला | कैफियत |
|---|---|---|---|---|
| उ | (क) पशुपालन | ०.६१ | ०.३६ | |
| | (ख) कृषि | १.७१ | १.२५ | |
| | (ग) दाउरा संकलन | ०.५६ | ०.०७ | |
| का त्पा | (घ) शिकार र जम्मा गर्ने | ०.०३ | ०.०१ | |
| | (ङ) उद्योग | ०.४७ | ०.८० | |
| द | (च) खाद्य प्रशोधन | ०.१७ | ०.७४ | |
| | (छ) बाहिर आर्जन गर्ने गतिविधि (गाउँमा) | १.६८ | १.२३ | |
| र्य न | | | | |
| | (ज) निर्माण | ०.७३ | ०.३० | |
| १. | जम्मा (उत्पादन गतिविधिको मात्र) | ५.६६ | ४.७४ | |
| घ | (क) पकाउने र पस्कने | ०.३१ | २.१७ | |
| | (ख) भाँडाकुँडा सफा गर्ने | ०.०५ | ०.४२ | |
| मा रा | (ग) घरमा लिपपोत गर्ने र सफा गर्ने | ०.०३ | ०.२५ | |
| य | (घ) लुगा धुने | ०.०२ | ०.१३ | |
| र | (ङ) पानी ल्याउने | ०.०६ | ०.२६ | |
| सी | (च) किनमेल गर्ने | ०.०६ | ०.०६ | |
| | (छ) अरू घरायसी क्रियाकलाप | ०.१३ | ०.१६ | |
| | (ज) वाल बच्चा हेर्ने र स्याहार्ने | ०.१५ | ०.५६ | |
| २. | जम्मा (घरायसी गतिविधिको मात्र) | ०.८१ | ४.०४ | |
| क | कार्य भार (१ + २) | ६.८० | ८.७८ | |
| ख | सामाजिक । मर्मत । फुर्सत संभार | ७.२० | ५.२२ | |
| ग | जम्मा (गाउँ भित्रको गतिविधिको (क + ख) | १४.०० | १४.०० | |

## बुलुका नेवार महिलाहरू +

१. परिचय

यो अध्ययन ललितपुर जिल्लाको चापा गाउं नजिक रहेको बुलु गाउंका नेवार महिलाहरू बारे गरिएको हो । गाउंलेहरू तथ्य कुराहरू बताउन पहिले त असजिलो मानेका थिए महिनौको सहवास पछि मात्र खोलेर कुरा गर्न थाले ।

चापा गाउं पंचायत सम्मको बस सेवा नै गाउंमा पुग्ने एक मात्र स्थानीय यातायात हो । यहाँको हावापानी काठमाडौं उपत्यकाको जस्तै हो । नेवार गाउं भएकोले घरहरू सबै गुजमुच्च एकै ठाउंमा छन् र ढुंगाले छापेका गल्लिहरू छन् । गणेश भैरवका मन्दिरहरू समेत गरी जम्मा ३ मन्दिरहरू छन्, घरहरू ४ तल्ले छन् । वज्रवाराहिको एक सरकारी आयुर्वेदिय औषधालय र शान्त भवन अस्पतालवाट संचालित एक परिवार नियोजन क्लिनिक पनि छन् त्यसका अलावा केही स्थानीय औषधालयहरू छन् तर गाउंलेहरू मध्ये प्रायजसो सबै अंध विश्वासी भएकोले अन्तिम अवस्था नभैकन उक्त औषधालयहरूमा आउंदैनन् ।

वज्रवाराहिमा एक माध्यमिक विद्यालय, च्यंगाउंमा एक प्राथमिक विद्यालय र थैसोमा एक माध्यमिक विद्यालय छ, तर विद्यालय जाने केटाकेटीको संख्या निकै कम छ निःशुल्क प्राथमिक शिक्षा दिने सरकारी नीति भए पनि स्थानीय वासिन्दाहरूले शिक्षामा त्यतिको ध्यान दिएको देखिंदैन ।

खेती गर्ने तरिका पनि पुरानै छ । मलको हकमा देशी र आफैले तयार पारेको दुवै प्रयोग गर्छन् मलखाद र उन्नत वीउ उपलब्ध गराउन नजिकै चापा गाउंमा एक साभा कार्यालय भएता पनि चाहिएको वेला पाइदैन भनी स्थानीय मानिसहरू गुनासो गर्दछन् । कुलोको हकमा पुरानो राज कुलो र अर्को एक नयां सानो कुलो पनि छ । चापा गाउंमा शाखा वैंक पनि छ ।

बुलुलाई महादेव अथवा पशुपतिको शहर - शिवपुर पनि भनिन्छ । बुलु निवासी हरूको भनाई अनुसार त्यहां रहेको शिवको मन्दिर पशुपति नाथलाई समर्पित गरिएको छ र रोजै दूध र फूलहरू लगेर काठमाडौंको पशुपतिनाथमा चढाउने चलन अफ पनि प्रचलित छ । यो बुलु शहर राजा सिद्धिनर्सिंह मल्लले स्थापना गराएको भनिन्छ र बुलुको नेवारी भाषे " ढिलो " हो । बुलुका ९६ घरहरू सबै नेवारहरूकै हुन जस मध्ये ८१.३ प्रतिशत ज्यापुहरूको, १३.५ प्रतिशत श्रेष्ठहरूको र ५.२ देसार तथा २.१ नाउहरूको छ ।

---

+ वीना प्रधानद्वारा लिखित "The Newar Women of Bulu" The Status of Women in Nepal Vol. II, Part 6, CEDA, 1981.



नेवार महिला

गाउँलेहरू सबै वर्ष भरि कडा परिश्रम गर्छन् महिला र पुरुष खेतमा नै काम गर्छन् । यसरी कडा परिश्रम गरेर उनीहरू खाद्यान्नको आफ्नो खाँचो पुरा गर्छन् । कृषिको कामबाट फुर्सद पाएको बेला आइमाइहरू कमडा उन इत्यादि बुन्ने काम गर्छन् । उपत्यकाका ज्यापुनीहरूले आफूले बुनेको राती किनारा भएको कालो बाक्लो सारी लगाउँछन् र पछ्यौरा पनि आफै बुनेर ओढ्छन् ।

कामबाट फुर्सद पाएपछि टोलका सबै एकै ठाउँमा मेला भै गफ, कुरा कानी तथा रमाइलो गर्छन, कुनै न कुनै देव तथा देवीको पूजामा आधारित निकै चाड पर्वहरू पनि मनाउँछन् - जुनबेला उनीहरू खुबसाई पिइ मजा गर्छन् ।

२०३१।३२ सालमा कूल जनसंख्या ४०० भएकोमा २०३८ मा ५३८ पुगेको थियो, जसबाट वार्षिक जनसंख्या वृद्धि दर ६.१ देखिन्छ । यो वृद्धि दरको दुई कारणहरू छन्- अरू गाउँका आइमाइहरू विहे गरेर ल्याउनु र पिउने पानीको बन्दोबस्त भएबाट खाने पानीबाट हुने रोगहरू कम भै बाल मृत्यु दरमा कमि हुनु हो ।

तथ्यांक संकलन तथा अध्ययन गरिएका ३५ नमुना घर मध्ये पारिवारिक आम्दानीको आधारमा ३ किसिममा विभाजित छन् - जस अनुसार ६ परिवारहरू माथिल्लो श्रेणीमा १३ परिवारहरू मझौला श्रेणीमा तथा १२ परिवार तल्लो श्रेणीमा छन् । नमुना परिवारहरूको सदस्यहरूमा लिंगको आधारमा हेर्दा प्रति १०० महिलामा ६८.६ पुरुषको अनुपात देखिन्छ । यसरी पुरुष भन्दा महिलाको संख्या बढ्नुको कारण पुरुषहरूको मृत्यु दर केही बढी हुनु र अरू गाउँका महिलाहरू विवाह गरेर ल्याउनु हो ।

शहरी नेवार परिवारको बनोट भन्दा एकदम भिन्न किसिमको परिवारीक बनोट बुलुमा पाइन्छ । यहाँका मानिसहरू सहपरिवार भन्दा छुट्टिएर सानु परिवारमा बस्न रुचाउँछन् । अध्ययन गरिएका परिवारहरू मध्ये ५७.२ प्रतिशत सानो परिवारका छन् र महिलाहरूको सरदर प्रजनन दर ४.४३ प्रति महिला छ । १५-१९ वर्षका महिलाहरूमा जन्म दर शुन्य छ भने २०-२४ वर्षका महिलाहरूमा प्रति महिला १.५० र ३०-४९ वर्षको महिलाहरूमा प्रति महिला ६.५२ र त्यसपछि सो दर घटेर गएको देखिन्छ । १५-२४ वर्षका महिलाहरूमा सम्बन्ध विच्छेद र पुनर्विवाह निकै हुने गर्दछ । सम्बन्ध विच्छेदको प्रमुख कारण बच्चा नहुनु नै हो । जन्मेका बच्चाहरू मध्ये प्रति महिला २.६३ मात्र छ जुन ललितपुर जिल्लाको सालाखाला प्रजनन् दर सित मिल्दो जुल्दो छ ।

## साक्षरता र शिक्षा

केटाकेटीहरूको भविष्य उज्वल पार्नमा शिक्षाको महत्व बारे गाउँलेहरूमा सामान्य जन चेतना भएको हुँदा शिक्षा हासिल गर्नु मर्यादित सम्फिन्छन् । नमूना परिवारका ५-१४ वर्षका केटाकेटीहरूमा विद्यालय जाने सबै केटा नै भएकोले केटीहरू निरक्षर नै देखिए । १५ वर्ष र माथिका समूहमा जम्मा ५ जना केटीहरू मात्र साक्षर पाइयो जसमध्ये २ जनाले औपचारिक शिक्षा पाएको देखियो । ५ वर्षभन्दा माथिका केटाहरूमा साक्षर दर ४६.१ र केटीहरूमा ३.१ प्रतिशत मात्र देखियो जस मध्ये २१.४ प्रतिशत केटा र १.२ प्रतिशत केटीले औपचारिक शिक्षा पाएका थिए । केटा र केटीहरूको साक्षरतामा देखिएको यो ठूलो औसत अन्तरको कारण पारिवारिक आर्थिक गतिविधिमा महिलाको ठूलो भूमिका नै हो ।

## परिवार र समुदाय

बुलुका नेवारहरू परिवार र सामुदायिक स्तर दुवैमा निकै राम्रोसित संगठित छन् । समाजमा महिला वर्गको कुनै कानूनी अधिकार नभएता पनि उनीहरूको प्रभाव सर्वमान्य छ, पुरूषको कार्य क्षेत्रमा पनि प्रभाव पार्दछन् । कानूनी तवरले किटान नगरिएकोले उनीहरूले कहाँ र कसरी प्रभाव पार्दछन् भन्ने कुरा बुझ्न गाह्रो भएतापनि अति आवश्यक हुन्छ ।

सामुदायिक स्तरमा गुठी जस्ता परोपकारी संस्थाहरू नै उनीहरूको संगठनको आधार मानिएका छन् । प्रत्येक परिवार एक न एक गुठीमा सम्मिलित हुन्छ । पारिवारिक स्तरमा वंशजनै उनीहरूको संगठनात्मक आधार हुन्छ । संगठनमा उमेर र जेष्ठतालाई मान्यता दिइन्छ । यी गुठीहरूको उद्देश्य सबै सदस्यहरूलाई धार्मिक र सामाजिक सेवा पु-याउनुको साथै आफ्नो समुदाय र मान्यताहरूको जगेर्ना गर्नु हो । यस्तो नियम र मान्यता उलंघन गर्ने सदस्यलाई यात सामाजबाट बहिष्कार गरिन्छ या गुठीको मूलिले ताँके बमोजिम दण्ड गराइन्छ । हरेक जातका मानिसहरूको आ-आफ्नै गुठी हुन्छ बुलुमा ४ किसिमका गुठीहरू छन् - सनागुठी, सालहन गुठी, मरअष्ठा गुठी र महादेव गुठी । हरेक परिवार आफ्नो इच्छा अनुसारको गुठीमा सम्मिलित हुन पाउँछ तापनि हरेक परिवारले अक्सर गरेर आफ्ना पुर्खाले संगठन गरेको वा छानेका गुठीहरू मै सम्मिलित हुन्छन् । कुनै महिलाले आफ्नो पहिलेको लोग्नेबाट गर्भधारण गरि पाएका बच्चालाई ठ्याक भन्ना भनिन्छ र यी ठ्याक भनाहरू गुठीहरू को सदस्य भै धार्मिक र अरू सामुदायिक समारोहमा भाग लिन पाए पनि पाँच पाथी धान बुझाएमा यी गुठीहरूबाट पाइने सबै सेवा सुविधाबाट भने वन्चित हुँदैनन् । सामान्यतया एकै गुठीका सदस्यहरू बीच विहावारी चल्छ । यी गुठीहरूको संगठनात्मक प्रकृया देवालीको जस्तो हुन्छ । पारिवारिक संगठनमा जस्तै यसमा पनि जेष्ठता को क्रम हुन्छ । हरेक गुठीको आफ्नै नियमहरू हुन्छन् जुन सबै सदस्यले मान्नै पर्छ ।

कुनै पनि व्यक्ति मरेपछि निजको लास मसान घाटसम्म विधिपूर्वक लग्ने सेवा प्रदान गर्नु नै सनागुठीको मुख्य काम हो । सबै मिलेर वर्षको एक पटक यो गुठी मनाउँछन् गुठीको देउताको पूजा गरेपछि भोज खान्छन् । प्रत्येक वर्षमा एक पटक आयोजना गर्ने जिम्मा एकजना सदस्यको हुन्छ । यसरी प्रत्येक वर्ष एक एक जनाको पालो आउँछ, जस्को पालो पर्छ त्यसलाई पाला भनिन्छ । उक्त वर्षभरि गुठीको देउता र मुर्दा माथि ओढाउने कात्रो निज पालाकै घरमा रहन्छ । यो गुठीको खर्च गुठीकै नाममा रहेको जग्गाको उब्जनी र सदस्यहरूले दिनु पर्ने चन्दा रकमबाट चलाइन्छ । सबै सदस्यहरूबाट लाग्ने खर्चको दामासाहिले उठाइएका रकम सबै पाला लाई दिइन्छ । निज पालासित वर्ष दिन सम्म त्यसै रहने रकमबाट व्याज तिरेर अरु सदस्यहरूले सापट लिन पाउने व्यवस्था छ, तर पालालाई सबभन्दा पहिलो प्राथमिकता दिइन्छ । यो बडो अनौठो छ कि यी गुठीहरूमा महिला वर्ग सिधै सहभागी हुँदैनन् र उनीहरूले खाली गुठीको लागि जाँड बनाइ दिन्छन् , पहिले पहिले आइमाइहरूले पनि भाग लिने गरेका थिएरे तर आज भोलि गर्भधारण र केटाकेटीहरूको कारणले उनीहरू वंचित भएका छन् ।

करुणामय (रातो मच्छीन्द्रनाथ) लाई प्राथना अर्पण गर्ने उद्देश्यले (संल्हनु गुठी) हालसालै मात्र गठन भएको हो । हरेक महिनाको संक्रान्तिको दिन सबै सदस्य परिवारबाट मानिसहरू जम्मा भै बुङ्गमति गै रातो मच्छीन्द्रनाथको पुजा गर्छन अनि भोज खाएर अपरान्ह घर फर्किन्छन् । पूजाको सामग्री र भोज पनि पालो पर्ने परिवारले तयार पार्छन र यसमा आइमाइहरूले पनि भाग लिन पाउँछन् । यो गुठीको संचालन पनि सदस्यहरूबाट उठाइने जिन्सि र नगद चन्दाबाट हुन्छ ।

परअष्ठा गुठीको आफ्नै जग्गा हुन्छ र पालाले यो जग्गाबाट बालि लिन्छ। बुलुका सबै ज्यापुहरू सदस्य भएकोले यो गुठी निकै ठूलो छ र तीन तीन जना मिलेर पालो लिन्छन् । यो गुठी हरेक साल चैत्र शुक्ल अष्टमीका दिन देखि दुई दिन सम्म मनाइन्छ । किं वदन्ति अनुसार यहि दिनमा बुलुका मानिसहरूलाई भिठाइ दिएर चापा गाउँका मानिसहरूले वज्रवाराहि देउता चोरेर लगेका थिएरे । पहिले दिनमा प्रत्येक ज्यापु परिवारबाट कमसेकम एकजना वज्रवाराही गएर भात खान्छन् र वज्रवाराहिको हेरचाह गर्ने सबै च्यामेहरूलाई ख्वाउनु पर्छ । दोश्रो दिन गाउँकै सतलमा प्रत्येक परिवारबाट मुख्य गुठीयार गै भोज खाएर मनाउँछन् । जात्रा पछि देउता चापागाउँमै लान्छन् । यो एक सामुदायिक विकास सम्बन्धी गुठी हो । नहर अथवा सतल बनाउने अथवा मरम्मत काममा यस गुठीका सबै सदस्यहरूले श्रमदान गर्दछन् । वि.सं.२०२४।२५ सालमा गुठीयारहरूको निर्णय अनुसार सबैले मिलेर ४००० फिट लामो नहर खनेर बनाए ।त्यसपछि हरेक साल उक्त नहर सफा पनि गर्छन् । उक्त काममा सहयोग नगर्ने व्यक्तिले बजार दरमा एक दिनको ज्याला रकम तिर्नु पर्छ ।

महादेव गुठी जम्मा एक श्रेष्ठ परिवार समेत जम्मा ५।६ घर परिवार सदस्य छन् । गाउँमा रहेको महादेवको मन्दिरमा ग वर्षको १ पटक माघे संक्रान्तिको दिन शिवजीको पूजा गर्नु यसको उद्देश्य हो । यस गुठीको खर्च चलाउनको लागि पनि जग्गाको व्यवस्था गरिएको छ र हरेक साल पाले पालो हुन्छ । यो पूजाको दिन ज्यापूहरूले चढाएको चाँदिको बालपत्र र श्रेष्ठले चढाएको चाँदीको जनै पालाले पशुपतिनाथको दक्षिण ढोकाबाट चढाउँछन् । किन भने बुलु पशुपतिनाथको मन्दिरबाट दक्षिणमा पर्दछ ।

वंशानुसार गठन

नेवारहरू पैत्रिक वंशानुसार विभिन्न समूहहरूमा विभाजित छन् र सोही अनुरूप बुलुका नेवारहरू सबै देवाली समूहहरूमा विभाजित छन् । यी देवालीहरू वर्षको एक पटक मनाइन्छ जसमा आफ्नो देवाली देउताको पूजा गरी भोज खाएर रमाइलो गर्दछन् । ज्यापूहरूको ५, श्रेष्ठहरूको १ र देसारको १ देवाली समूहहरू छन् । आइमाइहरूको विवाह भएपछि माइतिको देवाली स्वत: छाडेर लाग्ने तर्फको देवालीमा सम्मिलित हुन्छन् । देवालीमा पनि मूली वा न्वकु इत्यादि जेष्ठतानुसार हुन्छ र लिखित नभए पनि नियमको चलन सबैले पूरा तवरले गर्दछन् । देवाली समूह भित्र विहेवारी चल्दैन । एक देवालीका सदस्यहरू सबै एक अर्काको फुकी कहलिन्छ । जन्म, मृत्यु, विवाह र यस्तै अरू धेरै सामाजिक उत्सव वा पर्वमा प्रत्येक फुकीले पूरा गर्नु पर्ने काम कर्तव्यहरू सुनियोजित हुन्छन् । त्यस्तै जन्म मरणको कारणले बार्ने पर्ने आशौच सबै सदस्यहरूलाई लागु हुन्छ । कुनै केटीको विवाहको बेला दुलही हुनेले सबै मुख्य फुकीहरूलाई दश दश वटा सुपारीहरू दिनु पर्छ जसलाई आफ्नो वंशजको समूह बाट अलग्गिएको सूचक मानिन्छ । त्यस्तै दुलाहाको घरमा सोही अनुसार फुकीहरूलाई १०।१० वटा सुपारीहरू दिएपछि दुलही दुलाहाको परिवार फुकीहरूसित सम्बन्धित भएको मानिन्छ । बलि दिइएको बोकाको टाउको महत्वपूर्ण हुन्छ र देवाली समूहका परिवारहरू मध्येका सदस्यहरूले उमेर र नाताको जेष्ठताको आधारमा निश्चित गरिएको क्रमानुसारको अंग प्राप्त गर्दछन् । यो क्रममा पहिले सबै लाग्ने मानिसहरूको स्थान सकिएपछि आइमाइहरूको क्रमिक स्थान शुरू हुन्छ । कुनै महिलाले अघिल्लो लोग्नेबाट पाएको बच्चा लाई ठ्याक मचाको रूपमा ५ पाथी धान बुझाएर सदस्य गराइन्छ समयको परिवर्तित माँग अनुसार बुलुका नेवारहरूले आफ्नो नियममा केही संशोधन गरी ती ठ्याक मचाहरूलाई पनि पूजा आजा उत्सवमा भागलिन लगाउन थालेका छन् । देवाली सदस्यहरू मध्ये कुनै कारणवस कुनै परिवार आफ्नो देवालीबाट फुटेर गई अर्को देवाली समूहमा सम्मिलित हुन पनि जान्छ । यसरी देवालीबाट फुटेर गएको परिवारले उक्त देवाली सदस्यहरू सितको सामाजिक सम्बन्ध विच्छेद गर्दछ । उनीहरू मध्ये कुनै मर्दा वा जन्मँदा निजहरूले बार्नु पर्दैन ।

विवाह भएपछि छोरी बेटीले माइतिमा बस्दा उपभोग गरिरहेको सबै हक परित्याग गर्छन र पतिको घरमा हकदार हुन पुग्छन् । माइतीमा कोही जन्मंदा मर्दा पनि उनलाई सुतक वा जुठो लाग्दैन । यी सबै कुराको बावजुद पनि आफ्नो माइती सित भने आत्मीय सम्बन्ध कायमै रहन्छ । विवाहित छोरीले आमा बाबुबाट हरेक कुरामा नैतिक, आर्थिक र अरु जुनसुकै किसिमको सहयोग पाइ रहन्छै । त्यसैले विहेको लगतै केही वर्ष सम्म माइतीमा जाने र बस्ने अवधि पनि निकै हुन्छ । आफ्नो उमेर बढ्दै गएपछि छोरा छोरी र परिवारको कामले गर्दा माइती जाने र बस्ने क्रम घट्दै जान्छ ।

सहोदर समूहहरु छुट्टीनु पर्ने प्रमुख कारणहरु हुन् : (१) परिवार संख्या बढेर सम्हाली नसक्नु (२) परिवार सदस्यहरु बीच भै भगडा हुनु (३) ठ्याकमचा भएको आइमाइ हुनु । कहिले काहिं ठ्याक मचालाई परिवारका अरु सदस्यले स्विकार नगर्दा ठ्याक मचा भएको आइमाइ विहे गर्ने व्यक्ति नै परिवारबाट छुट्टिएर बेग्लै देवालीमा सम्मिलित हुन जान्छ । तर परिवारहरुका आइमाइहरु राम्रो शिल स्वभाव र चरित्रका भए भने भगडा हुंदैन र एउटै ठूलो समूह भएर एउटै देवाली मानेर बस्छन् ।

अध्ययन गरिएका मध्ये १०७ मानिसहरु सानु परिवारमा बसेका ७० जना संयुक्त परिवारमा र १० जना आफ्ना केटाकेटीहरु सित अथवा एक्लै बसेका विधवा आइमाइ हरु थिए । संयुक्त परिवारमा पनि आमा बाबु तथा विवाह भएका छोरा बुहारीहरु मात्र थिए तर काका काकी फूफुहरु भने थिएनन् । सबै भन्दा ठूलो परिवार ११ जना को थियो भने सालाखाला ५ जनाको थियो । सानो मतभेदले गर्दा विवाहित छोराहरु चाँडै नै आमा बाबु बाट भिन्न भै सानो परिवारमा बस्छन् । यसको मुख्य कारण स्वास्नीहरुको कुरा सुन्नु हो । सासुहरुको आधिपत्य बुहारीलाई स्वीकार नहुनु अथवा बुहारीहरु बिच भैभगडा हुनु नै परिवार छुट्टिनुको प्रमुख कारण मानिएको छ ।

<u>बिहावरी</u>

बुलुका नेवारहरुको लागि पनि विवाह गर्नु आफ्नो अंश अवछिन्न राख्ने प्रक्रिया हो । विवाह गरी सकेको पुरुष आफ्नो पारिवारिक र सामाजिक कर्तव्य प्रति सजग हुन्छ । विवाह गर्नुको आर्थिक कारण घरको कामकाज सघाउने व्यक्ति थप्नु हो । सम्पूर्ण गाउंमा ३५ वर्ष पुग्दा पनि विवाह नगरी बस्ने दुइजना मात्र महिला भेटियो । यसैले विवाह गर्नु एक सर्वमान्य कुरा देखियो । पुरुष वा महिलाले धेरै पटक विहे गर्नु स्वीकार्य चलन थियो । अरु ठाउंहरुमा खेतिको विभिन्न काम हुने हुंदा ती कामहरु सम्हाल्न एक भन्दा बढि महिला विवाह गर्ने चलन छ । बुलुका नेवार हरुमा पनि कृषि सम्बन्धी विभिन्न कामहरुको बाँडफाँट अवश्य हुन्छ, तर त्यसको लागि बहु विवाह गर्ने चलन छैन ।

विवाहित महिलाले विवाह पछि माइती तर्फको संपत्तिमा कानूनी हक परित्याग गर्छे जन्म मरण सम्बन्धि सामाजिक कर्तव्यहरूबाट पनि मुक्त हुन्छ । तर लोग्नेको परिवार प्रति तिनै सामाजिक कर्तव्यहरूमा आवद्ध हुन्छ । यसो भए पनि आफ्नो माइती प्रति निकै गहिरो मोह र निकटतम सम्बन्ध कायमै रहन्छ । यीनको फलस्वरूप लोग्नेको घर परिवार तर्फबाट ठूलो सानु कुनै समस्या वा प्रतिकुल अवस्थाको सामना गर्नु पर्दा माइतीबाट तिनलाई आर्थिक लगायत सबै किसिमको सहयोग प्राप्त हुन्छ । विवाह पछिको केही वर्षहरूमा माइत पनि वरावर गएर धेरै समय सम्म वस्ने गर्दछन् । बुलुका धेरै जसो महिलाहरू (७४ प्रतिशत) आसपासका (थेचो, चापा गाउं र सुनागुठी) गाउं घरहरूबाट विहे गरेर ल्याइएका हुन्छन् ।

विवाहको किसिम

बुलु निवासिहरूमा ४ किसिमबाट विवाह गर्ने चलन छ । (१) लमिद्वारा निश्चित गरिएको विवाह दुलाहा दुलहि दुवैको परिवारले लमीलाई एउटा ब्लाउज अथवा सारी र केही रूपैया दिन्छन् । दुलहाको तर्फबाट दुलहीलाई आधा देखि तीन तोला सम्मको सुनको गहना र मनलागे केही लुगाहरू पनि दिन्छन् । एक सुनिश्चित दिन रातीको समयमा दुलहा पट्टिका मानिसहरू दुलहीको घर जान्छन् । उनीहरूलाई केही सानेकुरा ख्वाइन्छ र ती दुलहाका मानिसहरू दुलहीलाई दुलाहाको घर लिएर जान्छन् । दुलहीले दुलाहाको घरमा चार दिन बिताउने पर्छ र पछि विवाहित स्त्रीको रूपमा माइती जान्छे । चार दिन भन्दा कम समयमा नै माइत फर्कमा सो विवाह रद्द भएको मानिन्छ । यदि यसरी लोग्ने छाडेर माइत गएमा वा अर्के मानिससित पोइला गएमा तीनले लोग्नेलाई आफुले पाएको गहना फर्काउनु पर्छ ।

पोइला जाने केटा र केटीको बीच प्रेम हुन्छ र आफ्ना आमा बाबुको स्वीकृति लिएर वा नलिएर उनीहरू विवाह गर्छन् । आमा वावुलाई थाहै नदिएको भए केटी केटा सित पोइला गएर चार दिन सम्म लुकेर बसि दिन्छे । उक्त चार दिन बिते पछि केटीलाई आमा वावुले फकाएर लान सक्दैनन् । चित्त नबुझ्ने आमा वावुले चार दिन भित्र आफ्नो छोरी लुकाई राखेको ठाउं पत्ता लगाई पकाउन सफल भए उक्त विवाह रद्द हुन्छ र केटी अझ कन्या मानिन्छे ।

मोहनीद्वारा गरिने विवाह - यसमा केटाले लमी लगाई केटीलाई मोहनी गर्न लगाएर आफ्नो प्रेममा फसाउँछ र सफल भएमा केटी केटासित भागेर जान्छे र पछि विहे गर्छे ।

परम्परागत विवाह - यसमा पनि निपाखु अथवा न्हफाकु दुई किसिमको छ कुन किसिमको चलन अपनाउने वारे लमी मार्फत दुवै परिवारले सल्लाह गरी निश्चित गर्दछन् । न्हफाकु चलन अनुसार बुहै निम्त्याउनु पर्ने नजिकको परिवारमा लाखामरि

पठाएर निम्ता गर्छन् र निम्त्याइएका परिवारले पनि कांस अथवा तामाको ठूलो भाँडा दाइजो दिनु पर्ने हुन्छ । यो बाहेक अरु सबै कुरा दुबैमा उस्तै हो ।

यस किसिमको बिहेमा दुलाहाको परिवारले दुलहीलाई २ देखि ५ तोला सम्मको सुनको गहना र लुगाहरु दिनु पर्छ र दुलहीको परिवारले दुलाहा दुलही दुबै लाई एक एक जोर लुगा र नयां घरको लागी चाहिने सबै भाँडा बर्तनहरु दिनु पर्छ । भोजको हकमा दुबै परिवारले आफ्ना दाजु भाइ र दुबै तिरबाट सम्बन्धित सबै र फुकी परिवारहरुका नजिकको नातेदारहरु समेत बोलाउनु पर्छ । दाइजो दिंदा - चुलहे निम्तावालाले सब भन्दा धेरै माल पर्ने र अरुले कति जनालाई निम्ता गरिएको छ सो अनुसारको माल पर्ने दाइजो दिन्छन् । यस्तो विवाह खर्चिलो भएकोले आज भोलि कसैले पनि अपनाएको छैन । बुलुमा पोइला जाने अथवा केटी भगाएर विवाह गर्ने चलन निकै प्रचलित हुनुको मुख्य कारण आर्थिक अवस्था बलियो नभएका बुलु निवासीहरुले परम्परागत चलन अनुसार एक दम खर्चिलो चलन धान्न मुश्किल हुनु नै हो।

आइमाइहरुको विवाह हुने उमेर उनीहरुको सामाजिक मर्यादा तथा स्वतन्त्रता सित सम्बन्धित छ । तुलनात्मक दृष्टिले कम स्वतन्त्र तथा निम्न स्तरका आइमाइहरुको विवाह कमै उमेरमा हुन्छ । बुलुका नयां पिंढीका आइमाइहरु बढी उमेर पुगेपछि विवाह गर्छन् अर्थात १७ देखि २० वर्ष भित्रमा जबकि पुरानो पिंढीका आइमाइहरुको विवाह १० देखि १३ वर्षको उमेरमानै भएको थियो । यसबाट विवाह गर्ने उमेरको हद बढ्दै गएको स्पष्ट छ । आमा बाबुले विवाह छिन्नु भन्दा अघि केटा केटीलाई मन पर्छ पर्दैन भनी छनौट गर्ने अथवा स्वीकृति दिने स्वतन्त्रता महिला र पुरुषमा फण्डै समान स्तरमा पाइएको छ ।

पारपाचुके र सम्बन्ध विच्छेद

महिला र पुरुष दुबैले आफ्नो सामाजिक मर्यादामा कुनै असर नपारीकन जति पटक विवाह गरे पनि हुन्छ । ज्यापु महिला र पुरुष दुबैको लागि पारपाचुके गर्नु एकदमै सजिलो छ । पहिले पहिले दुलाहाले दुलहीलाई विवाहको सम्बन्ध सूचक दशवटा गोल सुपारीहरु दिने चलन हुंदा सोही सुपारीहरु दुलहीले फर्काए पछि सम्बन्ध विच्छेद भएको मानिन्थ्यो । तर आज भोलि सुपारी दिने चलन हराइ सकेकोले सम्बन्ध विच्छेद गर्नु झनै सजिलो भएको छ । लोग्नेले आफ्नो स्त्रीलाई नफर्कने गरी माइत पठाइ दिए नै सम्बन्ध विच्छेद हुन्छ । त्यस्तै केटीलाई सम्बन्ध विच्छेद गर्ने मन लागे माइतमा गइ अनिश्चित कालसम्म बसि दिए पुग्छ । सानै निहुंमा पनि आइमाइहरुले सम्बन्ध विच्छेद गर्ने खोज्छन् । यसका प्रमुख कारणहरु हुन: सासुसंग मिलेर बस्न नसके पछि घरबाट माइत गएर बसिदिन्छन् र लोग्नेले स्वास्नीको कुरा अनुसार छुट्टिएर बस्ने भएमा फर्कन्छन् अन्यथा फर्किन्दैनन् । वरु सम्बन्धै विच्छेद गरी अन्य केटासित विवाह

गर्छन । यसका साथै घरका बुहारीहरु बीच मा झगडा हुनु र कुनै वखत लोग्नेले आफ्ना भौतिक आवश्यक्ताहरु पुरा गर्न नसके पनि लोग्ने छाडी माइत गएर वस्छन्। कहिले काहीं लोग्नेको स्वभाव र व्यवहार देखि असन्तुष्ट भएर पनि लोग्ने छाडेर माइतमा वस्न जान्छन् । जे जसो भएर सम्वन्ध विच्छेद गरे पनि महिलाको सामाजिक मर्यादामा केही आँच नआउने भएकोले फेरी विवाह गर्नु हुन्छ र गर्छन् पनि ।आफ्ना लोग्नेले छाडेका वा विधवा भएका आइमाइहरुमा प्राय: सवैले फेरि विवाह गर्छन् । यसरी वुलुका आइमाइहरुलाई पारपाचुके गर्न, सम्वन्ध विच्छेद गर्न र फेरि विवाह गर्न तथा पहिलेको लोग्नेवाट पाएको छोरा छोरी नयाँ विवाहित लोग्नेको घर लान समेत केही वाधा छैन । यस हिसावले ती आइमाइहरुले अरु समुदायको तुलनामा निकै स्वतन्त्रता उपभोग गर्छन् । किन भने उनीहरु स्वतन्त्र, आत्मविश्वासी र स्पष्ट वक्ता छन् । यसो हुनुको मुख्य कारणहरु हुन् : माइतीवाट हरवखत पाइने सहयोग, मेल्हा वारीको वेला पनि काम गर्न जान पाइने र आफ्ना आमा वावु र लोग्नेलाई समेत आर्थिक वोझ नपर्ने गरी पोइला गएर विहा गर्न पनि पाउने र पारपाचुके अथवा सम्वन्ध विच्छेदलाई पूरा सामाजिक मान्यता प्राप्त आइमाइहरुले कुनै सानो निहुंमा पनि आफ्ना लोग्नेलाई फकाई फुल्याई संयुक्त परिवारवाट छुट्टिएर अलग्ग सानो परिवारमा वस्न लगाउंछन् । त्यसैले वुलुमा संयुक्त भन्दा सानो परिवार धेरै छन् ।

## आर्थिक पक्ष

वुलु गाउंको आर्थिक अवस्था त्यहाँका निवासीहरुलाई जीवन धान्न सम्म पुग्ने स्तरको छ । जीवनोपार्जनको मुख्य श्रोत कृषि नै हो । नमुना अध्ययन गरिएका परिवार मध्ये ८० प्रतिशतले आफ्नो जीवन धान्न खेति पाती मै निर्भर छन् । गाउंले हरुले घर र खेतमा गरी आफ्ना आवश्यक सवै वस्तु उत्पादन गर्दछन्, जस्तै खाना, वस्ने घर र लगाउने कपडा सवै आफै उत्पादन गर्दछन् । यो मध्ये कोहीले आफ्नो उत्पादनवाट आफ्नो खाँचो पुरा गरि वाँकी रहेका केही अन्नपात वेच्छन् भने वसैले आफ्नो उत्पादनवाट नपुग भएर अन्य श्रोतवाट आर्जन गरि व्यवहार चलाउंछन् । आर्जनको मुख्य श्रोत खेती नै हो र खेतीको वेला ज्यालादारीमा काम गर्नु, कपडा वुन्नु, ईंटा वनाइ पोल्नु र सिकर्मीको काम गर्नु अन्य पूरक श्रोत हुन् । कपडा वुन्ने काम आइमाइले मात्र गर्छन् । कोही आइमाइले ज्यालामा कपडा वुनेर सालको रु.४,०००।- सम्म पनि कमाउंछन् । तसर्थ यो पनि धेरै परिवारको लागि एक महत्वपूर्ण अर्थोपार्जनको श्रोत हो । गाई, भैंसी, वाख्रा, कुखुरा तथा हाँस पालेर पनि केही औशत आम्दानी गर्छन् । त्यस्तै ज्यालादारीमा काम गरेर जागीर खाएर पनि केही कमाउंछन् तर यो नगन्य छ ।

गार्हस्थ्य अर्थ व्यवस्थामा महिलाहरूको देन निकै ठूलो हुन्छ । वाहिर खेतमा काम गर्नुको अलावा घरको सवै हेरचाह (वन्दोवस्त) देखि करेसा वारीमा काम गर्नु, कपडा वुन्नु, जाड रक्सी वनाउनु इत्यादि गतिविधिमा पूर्णतया कार्यरत ती महिला वर्गको देन निकै महत्वको र निर्णयात्मक हुन्छ । अलिक सम्पन्न परिवारले आफ्नो खपतको लागि मात्र दाउरा जंगलवाट वटुलेर ल्याउंछ भने गरीव परिवारले वेच्नलाई समेत पुग्ने गरी ल्याउंछन् । यो काठ दाउरा वटुल्ने तथा गाई वस्तु चराउने काम प्राय वेटाहरू नै गर्छन् ।

घर जेथाको हकमा: खेत, घर, गाई, भैंसी वस्तुहरू, कृषि उपकरणहरू, ढुवानी साधनहरू र सुन चांदी नै मुख्य हुन् । प्राय: सवैको पानी पट्ने र पानी न पट्ने दुई किसिमको जग्गा र घरमा करेसा वारी हुन्छ ।

खेती गर्ने तरिका

खेती गर्ने तरिका उहि परम्परागतकै छ । उपकरणहरू पनि कुनै आधुनिक प्रयोगमा ल्याएको छैन । मलखादको हकमा केही मात्रा देशी मल प्रयोग गर्छन् र वांकी सवै आफैले घरमा वनाएका मल र कालो माटो नै चलाउंछन् । खेतमा जसले मेहनतसंग वालो लगाएर हेर्चाह गर्छन् उनीहरू नै सर्वश्रेष्ठ कृषक मानिन्छन् । एक रोपनीमा साला साला ५ मुरी भन्दा वढी फलाउंछन् । धेरै जमिन हुने भन्दा कम हुनेले वढी उब्जाउंछन् किनभने आफ्नो भएको खेत वारीको उब्जनी वाट परिवारको निर्वाह गर्नु पर्ने भएकोले नेवार ज्यापुले आफ्नो खेतवारी त्यसै वांझो राख्दैनन् एक पछि अर्को वाली लगाई हाल्छन् र कहिले काहिं त एकै पटक दुई वाली लगाउंछन् (मकैको साथ भटमास) त्यस्तै गहुंको साथ तोरिको वीउ छरेर वाली लगाउंछन् । कुनै आधुनिक प्रविधिको प्रयोग विना उनीहरूको कृषि उत्पादन वढाउन सम्भव छैन ।

खेतीको वेला परिवारवाट नपुग भएमा अरू ४ किसिमवाट मद्दत लिने गर्छन् : (१) आफूलाई चाहिएको वेला अरूलाई वोलाई मद्दत लिने र त्यसको वदला अरूलाई चाहिएको वेला आफू गएर सघाउने । (२) कुनै व्यक्ति वा परिवारलाई आफ्ना नजिकका नातेदार र छिमेकीहरूले सघाउने । (३) ज्यालादारीमा ल्याइने मानिसहरू वाट काम लिने । (४) कसैलाई तोकिएका समय भित्र कुनै काम पूरा गर्ने शर्तमा लगाउने र काम सकिएपछि शर्त वमोजिम केही नगद रू. दिने । (५) सवैको भलो हुने सामुदायिक कार्यमा गुठीले व्यवस्था गरे अनुसार काम गर्ने वा काम गर्न नाएमा व्यवहारमा चलेको ज्याला दरमा नगद तिर्ने ।

कामको बाँड फाँट

सुरुमा लिङ्ग र उमेर अनुसार कामको बाँड फाँट हुन्छ । धेरै समय लाग्ने कामहरु र उराठ लाग्दो घरका कामहरु सबै आइमाइले गर्छन् भने कठिन र तुरुन्त आम्दानी हुने काम लोग्ने मानिसहरु गर्छन् । गाई वस्तु चराउने, जंगलबाट दाउरा र घाँसपात ल्याउने काम ५-१४ वर्षका केटीहरुले गर्छन र लोग्ने मानिसहरुले दुध दुहुने र काटमार गरी मासु बेच्ने काम गर्छन् । खेत जोत्ने, मल बोक्ने खन्ने र पानी पठाउने काम लोग्ने मानिसले र डल्ला फोर्ने र मल खाद बनाई जम्मा गर्ने काम आइमाइले गर्दछन् । त्यस्तै धानको बीउ छर्ने, धान रोप्ने धान गोडमेल गर्ने काम पनि आइमाइ र केटीहरुले नै गर्छन । कपडा बुन्ने, सुकुल बुन्ने, अन्न सुकाउने, छोडाउने, मुट्ने, कुट्ने पिन्ने च्यूरा बनाउने, पकाउने, ख्वाउने, लुगाधुने, घाँडाकुंडा माझ्ने र दाउरा पानी बोकेर ल्याउने काम पनि प्राय: आइमाइले नै गर्छन् ।

लिंग अनुसार ज्याला दिने हुंदा ज्यालादारीमा काम गरे धेरै ज्याला पाउने हुनाले लोग्ने मानिसहरु जान्छन् । लोग्ने मान्छेको तुलनामा एक तिहाइ मात्र स्वास्नी मानिसले ज्याला पाउने भएकोले त्यतिको आइमाइहरु ज्यालादारीमा काम गर्न जाँदैनन् त्यस्तै व्यापारिक काममा पसलमा माल बेच्ने काम बाहेक अरु सबै काम लोग्ने मानिसले नै गर्छन् ।

यसरी हरेक उत्पादन शिल कार्यहरुमा लोग्ने मानिस सरह आइमाइहरुले पनि निकै योगदान गर्छन् । तर घरको काममा उनीहरुले बिताएको समयको केही कदर गरिन्न । अध्ययन अनुसार समयको बाँडफाँट हेर्दा खेतीपाती र अन्य बाह्य काममा लोग्ने मान्छेले स्वास्नी मान्छेले भन्दा दोब्बर समय लगाउंछन् भने घरको काममा स्वास्नी मान्छेले तेब्बर समय उपयोग गर्दछन् । त्यस्तै केटीहरुले पनि केटाहरुको तुलनामा दोब्बर समय बढी काम गर्दछन् । स्वास्नी मान्छेले बाहिरको काममा कम समय लगाउनु पर्ने मुख्य कारण (१) स्वास्नी मान्छेलाई निकै कम ज्याला दिइ भेदभाव गर्ने, (२) आम्दानी हुने काममा स्वास्नी मान्छेलाई कम अवसर मिल्ने (३) घरमा काम गर्ने अरु कोही नहुने (४) जन समदा स्वास्नी मानिसलाई कम स्तरको मान्ने परिपाटी । यदि ग्रामीण विकास साँच्चैनै गर्ने हो भने आइमाई गृहिणी मात्र हुन र उनीहरुलाई संधै फुर्सद छ भन्ने गलत धारणालाई परित्याग गरेर उनीहरुको योगदानको उचित कदर गरी हरेक विकास परियोजनामा तिनीहरुलाई सक्रिय सहभागी बनाउने नयाँ प्रक्र्याको श्रृजना गर्नु पर्दछ ।

सैद्धान्तिक तथा धार्मिक पक्ष

कुनै पनि समाजको सैद्धान्तिक मान्यता र धार्मिक विश्वासले त्यस समाजको प्रत्येक सदस्यको वालक काल देखि उनको व्यवहार र चारित्रिक निर्माणमा असर पर्छ। आदर्श हिन्दू नारीले पालन गर्नु पर्ने नियम र मान्यता अनुसार महिलाहरू घर मै रहनु पर्छ र वाहिरका मानिस सित हेलमेल गरेर जनजीवनमा सहभागी हुनु हुन्न । उनीहरू कम वोल्ने र सुशील भै वाहिर जन समक्ष घुम्नु र मदिरा पान गर्न हुन्न । यी मान्यताको ठीक विपरित वुङ्का आइमाइहरूको जीवन शैली छ । धेरै जसो समय उनीहरू घर वाहिर खेतमा काम गरिरहेको हुन्छन् । सामुदायिक चोक वा आफ्नो घर आंगनमा अन्न सुकाउने, कपडा वुन्ने जस्ता काम गरिरहेका हुन्छन् । जाडो महिनामा आफ्नो फुर्सतको बेला लाग्ने मानिस, आइमाइ, केटाकेटी सवै वसि कुनै सामुदायिक विषयमा छलफल र टिका टिप्पणी गरिरहेका वा परस्परमा हाल खवरको आदान प्रदान गरि रहेका हुन्छन् । लाग्ने मानिससंग सँगै धुम्रपान तथा मदिरा पान पनि निश्चिन्त भएर गर्छन् ।

शहरी आइमाइहरूले जसरी लक्ष्मी र सीतालाई आदर्श नारीको रूपमा मान्छन्, वुङ्का आइमाइहरूले त्यसरी मानेको देखिएन । वरु उनीहरू पानी तथा वाली राम्रो दिने भनी विश्वास गरिएको ' करूणामय ' देउताको पूजा आजा गर्छन् । त्यस्तै केटाकेटीको संरक्षक सम्भिएको ' अजिमा ' देउता पनि खुव मान्दछन् । व्रत वस्न र पूजा गर्न पनि उनीहरू त्यतिको इच्छुक देखिएनन् । पूजा गर्दा पनि व्राह्मण - क्षेत्री आइमाइहरूले जस्तै धेरै विधि विधानमा ध्यान दिंदैनन् ।

नेवार जातिमा प्रचलित ' इहि ' (बेल विवाह) गर्ने चलन त्यहांको श्रेष्ठ जाति वाहेक अरू ज्यापू समुदायमा छैन । गुफा राख्ने चलन भने छ । त्यस्तै केटाहरूको व्रतवन्ध गर्ने चलन पनि छ । त्यस्तै आइमाइ ' रजस्वला ' हुंदा अरू जातको जस्तो त्यति राम्ररी वार्दैनन् । यसरी पर सरेको आइमाहले छुवा छुतमा वास्तै नगरि साविक भैं घरको काम काज गरि रहन्छन् ।

आदर्श पति त्यस्तो व्यक्ति मानिन्छ जो कडा मेहनत गर्ने केही पढे लेखेको र राम्रो प्रतिष्ठा भएको । राम्रो प्रतिष्ठा भन्नाले जाड्याह, जुवाडे, स्वास्नीलाई पिट्ने जस्तो खराव आदत नभएको मानिन्छ । धनी र ठूलो खान्दानवाट आउनु पर्छ भन्ने छैन । त्यस्तै परिवारका सदस्यहरू सित आदरका साथ व्यवहार गर्ने मिहेनती आइमाइलाई आदर्श पत्नी मनिन्छ र राम्री पनि भए भनै वेस मानिन्छ ।

हिन्दु धार्मिक परम्परानुसार छोरा पाउनु अति महत्वको विषय मानिन्छ। कारण यसवाट पैत्रिक वंशको क्रम अटूट रहि रहन्छ र मर्दा दागवत्ति हाल्न र मृत व्यक्तिको आत्मालाई शान्ति र मोक्ष दिलाउन श्राद्ध गर्ने व्यक्तिको पूर्ति हुन्छ ।

तर वुलुका नेवारहरूमा यो धारणा त्यति प्रवल छैन । आइमाइहरूले छोरा छोरी नै नपाए पनि उनीहरूको पारिवारिक अथवा सामाजिक प्रतिष्ठामा केही प्रतिकूल प्रभाव पर्दैन । अझ विवाह गरेको ५।६ वर्ष पछि मात्र छोरा छोरी पाए हुन्छ भन्ने धारणा छ । किन भने ५।६ वर्ष भित्र लोग्ने सित सम्वन्ध राम्रो नभएमा उनलाई परित्याग गरेर अर्कैसंग विवाह गर्न सजिलो हुन्छ ।

गाउँलेहरू धेरैजसो समय घर वाहिरै विताउँछन् र केटाकेटीहरू पनि आफ्नै दाज्यू भाइहरू तथा छर छिमेकका अरू केटाकेटीहरू सित खेल्छन् । वयस्क व्यक्तिहरूले आफ्ना छोरा छोरीकै अगाडि लिङ्ग सम्वन्धी विषय देखि सवै विषय वारे निशंकोच भै कुरा कानी गर्छन् । ५।६ वर्ष देखि केटीहरू आफ्ना परिवारका वा छरछिमेकका केटाकेटी सित गाई वस्तु चराउन जान्छन् र यसरी स्वतन्त्र सहवासले गर्दा केटा देखेर केटी लजाउने अथवा आफूलाई सानो ठान्ने प्रवृत्ति वुलुका आइमाइहरूमा देखिन्न । शिक्षा दिनेमा भने केटीलाई भन्दा केटालाई वढी प्राथमिकता दिइन्छ । केटीलाई पढाउनु केही लाभदायक सम्झिदैनन् ।

राजनैतिक तथा कानूनी पक्ष

संसारको धेरै जसो समाजमा स्वास्नी मान्छे पारिवारिक तथा गार्हस्थ्य जीवनसंग र लोग्ने मानिस सामाजिक तथा राजनैतिक जीवनसंग आवद्ध भएको कुरा विभिन्न अध्ययनले पुष्टी गर्दछन् । वुलुमा पनि सामाजिक र राजनैतिक गतिविधिमा महिलाहरूले सामै चासो राख्दैनन् । २२ ।.प्रतिशत महिलाहरूलाई आफ्नो गाउँ र गाउँ पंचायत राजनीति वारे ज्ञान छ । तर जिल्ला स्तरीय तथा राष्ट्रिय राजनीति वारे उनीहरू अनभिज्ञनै छन् । नेपाल महिला संगठन वा त्यस्तै महिला सम्वन्धी कुनै कार्यालय त्यहाँ छैनन् । त्यस गाउँवाट कुनै पनि महिलाले कुनै पन्चायतमा प्रतिनिधित्व गरेका छैनन् । चापागाउँवाट स्थानीय पन्चायतमा एक महिला प्रतिनिधि भएको र सो हुनुको कारण राजनैतिक इच्छा नभै उनका दाज्यू भाइहरूको काठमाडौंमा राम्रो सम्पर्क भएकोले " गाउँ फर्क राष्ट्रिय अभियान " वाट उनलाई मनोनयन गराइएको थियो ।

प्रशिक्षण कार्यक्रमहरू

महिला संगठनले संचालन गरेको महिला शिप विकास सम्वन्धी प्रशिक्षण सेवामा वुलुका कुनै महिलाको पहुँच भएको देखिएन । यस्तो प्रशिक्षण कहाँ दिइन्छ भन्ने सम्म पनि उनीहरूलाई केही ज्ञान छैन । काठमाडौं शहरवाट १३ किलो मिटर मात्र टाढा रहेको गाउँमा पनि शिप प्रशिक्षण वारे कुनै कार्यक्रम नहुनु ज्यादै निराशाजनक कुरा हो ।

कानूनी जनचेतना

बुलु गाउँमा प्रचलित अंश वण्डाको प्रचलन अनुसार वावुको मृत्यु पछि छोराहरुले वावुको सम्पत्ति आपसमा वरावर वण्डा गरेर लिन्छन् । आफ्नो जीवन कालमै वावुले आफ्नो छोराहरुलाई अंश दिन चाहेमा आफ्नो एक भाग राखेर वाँकि सवै आफ्नो छोराहरुलाई वरावर वाँडेर दिन्छन् । वावुको मृत्यु पछि काज कृया गर्ने छोराले वावु को भाग पाउँछन् । वावुको काज कृया जेठो छोरा र आमाको काज कृया कान्छो छोराले गर्ने चलन छ । विवाहित छोरीहरुले अंश पाउँदैनन् र अविवाहित तथा ३५ वर्ष नाघेकी छोरीले एक भाग अंश पाउँछन् भन्ने कानूनी व्यवस्थाको ज्ञान गाउँलेहरुलाई छ । गाउँमा त्यस्ता ३५ वर्ष नाघेका र अविवाहित महिला ३ छन् र उनीहरुको वावुले अंश दिन तयार छन् ।

छोरा नभएका लोग्ने स्वास्नीको सम्पत्ति नोजहरुको मृत्यु पछि काजकृया गर्ने नजिकको नातेदारले पाउँछ । यस्तो अवस्थामा छोरीहरुले उक्त अंश पाउँदैनन् किन भने उनीहरुले काजकृया गर्न हुँदैन । आमा वावुले इच्छा पत्र छाडेर गएमा छोरीले पनि अंशको हकभोग गर्न पाउँछन् ।

विवाहित महिलाको आफ्नो दाईजो र पेवा माथि पूर्ण अधिकार हुन्छ र लोग्नेको परिवारले उनको स्वीकृति विना कुनै कुरा चलन गर्न पाउँदैनन् । सम्वन्ध विच्छेद भएमा स्वास्नी मानिसले आफ्नो दाईजो फर्काएर लान पाउँछन् । त्यस्तै लोग्ने मानिसले स्वास्नीलाई दिएको सुनको गहना फिर्ता लिन पाइन्छ । प्रचलित कानून र मुलुकी ऐन अनुसारको अंश सम्वन्धी कानूनी व्यवस्था प्राय: सवै आइमाइलाई थाह छ । लोग्नेले पार पाचुके गरेको ५ वर्ष सम्म माना चावल खर्च भर्नु पर्ने कानूनी व्यवस्थाको भने उनीहरुलाई केही ज्ञान छैन ।

नीतिगत सुझावहरु

हाल सम्म विकाश सम्वन्धी नीतिहरुमा महिलाको निम्ति विशेष प्राथमिकता नदिएको भएता पनि छैठौं योजनाले अतिरिक्त कार्यक्रमहरु संचालन गरी महिलाहरुको सहभागिता वढाउने लक्ष्य राखेको छ । तर त्यस्तो लक्ष्य के कसरी प्राप्ती गर्ने हो भनी कार्यान्वयन पक्ष भने स्पष्ट उल्लेख गरेको छैन । समाजमा महिलाहरुको वास्तविक स्थिति र उनीहरुको संख्यालाई हेर्दा समाजको उत्थानमा पुरुषहरुले भन्दा कम योगदान गरेका छन् भन्न कुनै अवस्था पनि मिल्दैन तर सुविधाहरुको उपयोगलाई केलाउँदा पुरुष हरुले वढी सहुलियत पाएको देखिन्छ । यदि यथास्थितिमा परिवर्तन गरी महिलाहरुको सहभागिता वढाउने हो भने निम्न विषयमा ध्यान दिनु पर्ने सुझाव यस अध्ययनले गरेको छ :

(१) तरकारी खेतीमा वृद्धि गर्न महिलाहरूलाई तालिम, लगानी र ऋणको सुविधा दिने ।

(२) बीउको छनोट र सम्भारमा महिलाहरूलाई विशेष तालिम दिने जसले कृषि उत्पादनमा वृद्धि हुन जावस् ।

(३) मलको प्रयोग र नयाँ प्रविधि सम्बन्धित विषयमा महिलाहरूलाई प्राथमिकता दिने ।

(४) पशुपालन कार्यक्रमहरूमा महिलाहरूलाई बढी सहभागी बनाउने ।

(५) महिलाहरूको लागि लुगा तथा कार्पेट बुन्ने जस्ता घरेलु उद्योगको श्रृजना गराउने ।

(६) सरकारले लिने तथ्यांक तथा सर्वेक्षणमा महिलाहरूको कामलाई पनि समावेश गराउने जसबाट राष्ट्रिय आयको तथ्यांकमा उनीहरूको देन प्रतिबिम्बित हुन सकोस् ।

(७) महिलाहरूको आम्दानी कसरी बढाउन सकिन्छ भनी अनुसन्धान गर्ने र विकासका कार्यक्रम संचालन गर्ने संस्था वा कर्मचारीहरूले महिलाहरूलाई उपयुक्त हुने कामहरूमा प्राथमिक दिनु पर्ने मनोवृत्तिको विकाश गर्ने ।

(८) शैक्षिक क्षेत्रमा केटीहरूको पढाईको लागि स्कूल पठाउन उपयुक्त हुने समय हेरी स्कूलमा पढाउने समयमा हेरफेर हुनु पर्ने ।

## बुङ्गा नेवार महिलाहरु

### लिंग तथा आर्थिक समूह अनुसार संचय उपयोगको ढाँचा
### (१५ वर्ष र सो भन्दा माथिको जनसंख्या)

(गतिविधि प्रति घण्टा)

| | उमेर समूह । लिंग | उच्च | | | मध्य | | | निम्न | | | सबै | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गतिविधि | | पुरुष | महिला | दुवै | पुरुष | महिला | दुवै | पुरुष | महिला | दुवै | पुरुष | महिला | दुवै |
| | पशुपालन | ०.७४ | ०.१२ | ०.४३ | ०.५५ | ०.७३ | ०.६४ | ०.३९ | ०.४९ | ०.४४ | ०.५३ | ०.४६ | ०.५४ |
| | कृषि | १.३७ | १.२० | १.२८ | १.७१ | ०.९६ | १.३४ | २.१० | ०.८६ | १.४६ | १.७७ | ०.९७ | १.३७ |
| | दाउरा संकलन | ०.०० | ०.०८ | ०.०४ | ०.०७ | ०.१३ | ०.१० | ०.१२ | ०.०४ | ०.०८ | ०.०८ | ०.०९ | ०.०८ |
| | शिकार र जम्मा गर्ने | ०.३१ | ०.३५ | ०.३३ | ०.३४ | ०.६३ | ०.४८ | ०.२९ | ०.६६ | ०.४८ | ०.३२ | ०.५९ | ०.४६ |
| | उद्योग | ०.१६ | ०.९३ | ०.५४ | ०.२६ | ०.१७ | ०.२१ | ०.०४ | ०.७८ | ०.४२ | ०.१७ | ०.५८ | ०.३३ |
| | खाद्य प्रशोधन | ०.१६ | १.४७ | ०.८२ | ०.४३ | १.४२ | ०.९२ | ०.३५ | १.४६ | ०.९२ | ०.३६ | १.४४ | ०.९१ |
| | वाहिर आर्जन गर्ने गतिविधि (गाउँमा) | २.६९ | ०.२३ | १.४६ | १.४६ | ०.३७ | ०.९१ | २.६० | ०.५६ | १.५५ | २.०० | ०.४१ | १.२० |
| | निर्माण | ०.०५ | ०.०० | ०.०२ | ०.०१ | ०.०० | ०.०१ | ०.०२ | ०.०० | ०.०१ | ०.०२ | ०.०० | ०.०१ |
| १ | उत्पादन गतिविधिको जम्मा | ५.४६ | ४.३८ | ४.९२ | ४.८२ | ४.४२ | ४.६२ | ५.९२ | ४.८५ | ५.३७ | ५.२५ | ४.५५ | ४.९० |
| | खाना पकाउने । भाग लगाउने | ०.०८ | १.९८ | १.०३ | ०.४३ | २.०८ | १.२६ | ०.३९ | २.१६ | १.३० | ०.३६ | २.०९ | १.२४ |
| | भाँडाकुँडा माझ्ने | ०.०० | ०.१६ | ०.०८ | ०.०० | ०.२९ | ०.१५ | ०.०० | ०.१६ | ०.०८ | ०.०० | ०.२३ | ०.१२ |
| | घर सफा गर्ने र लिपपोत गर्ने | ०.०० | ०.४७ | ०.२३ | ०.०० | ९.६८ | ०.१० | ०.०० | ०.२३ | ०.१२ | ०.०० | ०.२५ | ०.१३ |
| | लुगा धुने | ०.०० | ०.३५ | ०.१७ | ०.०० | ०.३७ | ०.१९ | ०.०० | ०.२५ | ०.१३ | ०.०० | ०.३३ | ०.१७ |
| | पानी ल्याउने | ०.०० | ०.१६ | ०.०८ | ०.०० | ०.४२ | ०.२१ | ०.०० | ०.४३ | ०.२२ | ०.०० | ०.३८ | ०.१९ |
| | फिनमेल गर्ने | ०.१२ | ०.०४ | ०.०८ | ०.१२ | ०.२ | ०.०७ | ०.०८ | ०.०४ | ०.०६ | ०.११ | ०.०३ | ०.०७ |
| | अरु घरायसी क्रियाकलाप | ०.०८ | ०.३१ | ०.१९ | ०.१२ | ०.२० | ०.०७ | ०.०४ | ०.२० | ०.१२ | ०.०९ | ०.२१ | ०.५१ |
| | बच्चाको हेरचाह | ०.०८ | ०.६२ | ०.३५ | ०.५८ | १.५३ | १.०६ | ०.२५ | १.१५ | ०.७१ | ०.४० | १.२७ | ०.८४ |
| २ | घरायसी गतिविधिको जम्मा | ०.३५ | ४.०६ | २.२० | १.२५ | ५.११ | ३.१८ | ०.७६ | ४.६२ | २.७५ | ०.९६ | ४.७९ | २.८९ |
| क | कार्यभार (१ + २) | ५.८१ | ८.४४ | ७.१३ | ६.०७ | ९.५६ | ७.८९ | ६.६८ | ९.४७ | ४.१२ | ६.२१ | ९.३४ | ७.७९ |
| ३ | शिक्षा | १.२१ | ०.०० | ०.६० | ०.८४ | ०.६४ | ०.५० | ०.०० | ०.०० | ०.०० | ०.६४ | ०.०९ | ०.३६ |
| ४ | व्यक्तिगत सरसफाई | ०.९४ | १.८६ | १.४० | ०.७९ | १.१३ | ०.९६ | १.०५ | १.०१ | १.०३ | ०.८९ | १.२१ | १.०५ |
| ५ | सामाजिक सरसफाई | ०.२७ | ०.३१ | ०.२९ | ०.५१ | ०.५९ | ०.४० | ०.२१ | ०.१४ | ०.१७ | ०.३८ | ०.२४ | ०.३१ |
| ६ | फुर्सद | ७.७७ | ५.३१ | ६.५७ | ७.७९ | ४.८९ | ६.३४ | ४.०६ | ५.३८ | ६.६९ | ७.४७ | ५.१२ | ६.४८ |
| ख | जम्मा (३ + ४ + ५ + ६) | १०.१९ | ७.५६ | ८.८७ | ९.९३ | ६.४७ | ८.२० | ९.३२ | ६.५३ | ७.८८ | ९.७९ | ६.६६ | ८.२० |
| ग | गाउँ भित्रको गतिविधिको जम्मा (क + ख) | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० |

## बकुन्डोलका पर्वतीय महिलाहरू: सारांश +

### १. परिचय

वागमती अन्चलको काभ्रे जिल्लामा पर्ने वकुन्डोल गाउँ काठमाडौं देखि ४५ किलोमिटर टाढा पर्दछ । यस गाउँको पूर्वमा काभ्रे जिल्लाको सदर मुकाम धुलीखेल छ र पश्चिम पट्टि करिव आधा घण्टाको हिँडाइ पछि वनेपा वजार पर्दछ । यो नजिकैका वजारमा विजुली वत्ती फलैको भए पनि वकुन्डोलमा उपलब्ध छैन । गाउँ छेउवाट गएको कोदारी राजमार्ग, वत्ती तथा वरपर वनेपा जस्तो वजार भएतापनि गाउँलेहरूले विकाशवाट आफु वन्चित भएको महशुस गर्दछन् । वनेपामा २५ शैया भएको मिशिनरी अस्पताल र धुलीखेलमा स्वास्थ्य चौकी छ । नजिकै गाउँमा प्राथमिक विद्यालयहरू छन् र माध्यमिक विद्यालय भने वनेपा र धुलीखेलमा मात्र छन् । गाउँको कूल जनसंख्या मध्ये ५८ प्रतिशत क्षेत्री छन् । गाउँको कूल परिवार मध्ये माथिल्लो जाति (तागाधारी) ६२.८ प्रतिशत छन् भने नमूना समूहमा यिनीहरू कूल जनसंख्याको ७०.१ प्रतिशत छन् । अन्य जातिमा मतवालीका साथ सार्की र दमाई छन् । उमेर समूह अनुसार पुरूष र महिला दुवै गरी ०-१४ वर्ष सम्मको संख्या कूल जनसंख्याको ४०.१ प्रतिशत छ । त्यस्तै १५-६५ वर्ष सम्मको संख्या कूलको ५४.४ प्रतिशत छ । लिंगको अनुपात हेर्दा प्रति १०० महिला ८६.७ पुरूष पर्दछन् । यस्तो धेरै महिलाको संख्या देखिनुको कारण पुरूषहरू रोजगारीका लागि अन्यत्र जानु हो । यो गाउँको प्रमुख पेशा खेती पाती नै हो । धान, गहुँ र मकै प्रमुख वाली हुन् ।


### २. सामाजिक आदर्श र पारिवारिक वनोट

वकुन्डोल गाउँको समाज पनि पितृ प्रधान छ । हिन्दू आदर्शमा आधारित पारिवारिक वनोट छ र परिवारलाई सन्तान वढाउने र सामाजिककरण गराउने संगठन मात्र नठानी एउटा राजनैतिक आर्थिक तथा कानूनी पक्षमा ठूलो भूमिका राख्ने संस्था मानिन्छ । पुरूष वर्गमा नै पैत्रीक सम्पत्तिको अधिकार निहित भएको र जेष्ठताको आधारमा पारिवारिक मान्यता हुन्छ । पुरूषहरू नै घरको मूली हुन्छन् । महिलाहरूको अधिकार पुरूषहरूको आधारमा मात्र कति प्रभावकारी छ भन्न सकिन्छ ।

नमुना परिवारको वनोट हेर्दा ३९.४ प्रतिशत संयुक्त परिवार र ६० प्रतिशत सानो परिवार छन् । कम आय हुने परिवारहरू सानो परिवारमा वस्दछन् । सानो या ठूलो परिवारमा वस्ने भए पनि महिलाको स्तर एउटै देखिन्छ । उच्च जातिका

---

+ लीन वेनेटद्वारा लिखित " The Parbatiya Women of Bakundole " The Status of Women in Nepal Vol II Part 7 CEDA, 1981 बाट पदम नाथ तिवारीले अनुवाद गर्नु भएको ।



पर्वतीय महिला : घर धन्धा

परिवारमा अझ पनि श्रीमानको जल खानु पर्ने र जुठो खानु पर्ने बाध्यता छ। परिवारमा छोरी हुनु अनिवार्य मानिन्छ किन भने छोराले राम्ररी काजकृया गरेमा स्वर्ग पुगिन्छ भन्ने धारणा छ। काजकृया गर्नु पर्ने र वर्षेनी श्राद्ध समेत गर्नु पर्ने छोराको नैतिक कर्तव्य हुनाले नै पैतृक सम्पत्तिको उत्तराधिकारी मानिने प्रचलन भएको हुन सक्छ। तर छोरीको भने विवाह भै सकेपछि गोत्र परिवर्तन हुने हुनाले आफ्ना बाबु आमाको परम्परागत कार्य गर्न नपर्ने चलन छ। केटाकेटी दुवैले सानो उमेर देखि नै घरको काम गर्नु पर्ने र खास गरी छोरीले धेरै घरायसी काम गर्ने गर्दछन्। विवाह नभए सम्म छोरीलाई कन्याको रूपमा पवित्र स्थान दिइन्छ र धार्मिक कार्यहरू गर्दा पनि पुजा गरी दान दक्षिणा दिने गर्दछन्। यसरी हेर्दा उनीहरूको मर्यादा सर्व श्रेष्ठ देखिन्छ। त्यस्तै विवाहको बेला पनि कन्यादानलाई धेरै ठूलो धार्मिक महत्व दिइन्छ। तर विवाह भै आफ्नो नयाँ घर गएपछि छोरीको मर्यादावाट बुहारी हुन पुग्दछन्। माइतमा घरायसी काम गरेता पनि बढी स्वतन्त्र, आफुलाई चित्त नबुझेको कुरा भन्न पाउने र बाबु आमाको माया ममतामा हुर्केन्छन्। साथै दाजु भाइ सरह समानता नपाए पनि माउजु भएको खण्डमा कठिन कामहरू माउजुले गर्ने हुँदा हल्का काम गरे पनि पुग्दछ।

नमूना जनसंख्याको अध्ययन अनुसार ५० प्रतिशत महिलाहरूको विवाह १६ वर्ष भित्रै भै सक्दछ भने पुरूषाहरूको खाली २५ प्रतिशतले मात्र सोही उमेर भित्र विवाह गर्दछन्। २० वर्ष भित्र ८६ प्रतिशत महिलाहरूको विवाह भै सकेको थियो। ८० प्रतिशत महिलाको विवाह बाबु आमाले तय गरे अनुसार भएको तर पुरूषाहरूको भने ७८ प्रतिशत मात्र सो अनुसार विवाह भएको थियो। धनी वर्गको परिवारमा बाबु आमाले तय गरेर विवाह गर्ने चलन अझ बढी छ। यसरी तय गरिने विवाहमा पनि केटाकेटीको प्राय: राय लिने चलन छ।

संयुक्त परिवारमा नयाँ विवाहित बुहारी एउटा कामदारको रूपमा हुन्छिन् र आफ्ना सबै मान्यजनहरू प्रति पारिवारिक मर्यादा राखेर काम गर्नु पर्दछ। धेरै बुहारी भएपछि परिवारमा झै झगडा भै छुट्टि भिन्न हुनु पर्ने स्थिति सृजना हुन्छ र सो कारण बुहारीहरूलाई नै मानिन्छ। सामान्यतया छोराछोरी भैसकेपछि र धेरै दाजुभाई भएको खण्डमा परिवार धेरै ठूलो भएर पनि छुट्टिन बाध्य हुनु पर्दछ। छुट्टि भिन्न भैसकेपछि भने छोरा नै घर मूली हुने र बुहारीले आफ्नो राय सल्लाह खुलेयाम रूपले लोग्नेलाई व्यक्त गर्दछन् र पारिवारिक निर्णयमा प्रभाव पार्दछन्। महिलाहरूको अधिकार खास गरी कुरा गर्न सक्ने र जान्ने, प्रभाव पार्न सक्ने धार्मिक चेतावनी दिन सक्ने र आत्म हत्या गर्छु भनेर थर्काउने जस्ता कुराहरूमा भर पर्दछ। तर यस्ता कुराहरू उनको माइतीसंगको सम्बन्ध, छोरा छोरी पाउने क्षमता र परिवारमा श्रमिक देन दिने जस्ता कुराहरूले उनीहरूको सरसल्लाह बढी प्रभावकारी हुन्छ। आफुले भने जस्तो लोग्नेले नगरेमा महिलाहरूले माइतिको सहयोग र समर्थन प्राप्त गर्दछन्। सानो भन्दा ठूलो परिवारमा भएका महिलाहरू धेरै माइत जाने र बस्ने गर्दछन्।

महिलाहरूले आफ्नो अधिकार प्राप्त गर्ने प्रमुख आधार बाल बच्चा पाउने र आफ्नो लोग्नेलाई खुशी राख्ने हुन्। विवाह गर्नको लागि रूपरंग पनि आवश्यक मानिन्छ तर विवाह भै सकेपछि मने मेहनतले काम गर्ने र सासु ससुरासँग राम्ररी मिलन सक्ने स्वास्नी मान्छे नै आदर्श बुहारी मानिन्छन्।

पारिवारिक निर्णयलाई हेरेर पनि महिलाहरूको स्तर बुझ्न सकिन्छ। खेतीपातीको काममा लाग्ने स्वास्नी दुवैले उत्तिकै निर्णय गर्दछन्। मुख्य खाद्यान्न बाली लगाउने जस्ता निर्णयमा लोग्ने मान्छेले धेरै निर्णय गर्दछन् र स्वास्नी मान्छेले घरको करेसा बारीमा गर्ने बालीको निर्णय गर्दछन्। बीउ छनोट गर्ने र बाली स्याहार्ने काममा मने ८८.१ प्रतिशत निर्णय महिलाहरूले नै गर्दछन्। घरको कम्पोष्ट मलको प्रयोग बारे धेरै निर्णय महिलाहरूले नै गर्दछन् तर रसायनिक मलको प्रयोग सम्बन्धी निर्णय मने पुरुषहरूले नै गर्दछन्। घर खर्चको धेरैजसो निर्णय र कार्यान्वयन पुरुषहरूले गर्दछन् तर परम्परागत चलन अनुसार छोरीबेटी आदिको लागि गरिने खर्च मने महिलाले नै गर्दछन्। ऋण लिने वा दिने जस्ता निर्णय मने पुरुषहरूले नै गर्दछन् तर सानो तिनो सरसापटको लागि मने महिलाले निर्णय गर्दछन्। स्वास्थ्य शिक्षा, धार्मिक कामको खर्च घरको उत्पादन बेच बिखन पूँजीगत जग्गा, ऋण जस्ता प्रमुख विषयमा पुरुषले नै निर्णय गर्दछन्।

सम्बन्ध विच्छेद र पुनर्विवाह गर्नाले पुरुषको मर्यादामा केही असर पर्दैन तर महिलाको लागि मने सामाजिक मर्यादामा निकै आघात पुग्दछ। ब्राह्मण र क्षेत्री समुदायका महिलाहरूको सानै उमेरमा विवाह गर्ने परम्परा भएको र सम्बन्ध विच्छेद र पुनर्विवाह मने अरू जातिको तुलनामा निकै कम छ। निम्न आर्थिक अवस्था भएका परिवारमा बढी सम्बन्ध विच्छेद र पुनर्विवाह भएको देखिन्छ। यसो हुनाको कारण दोस्रो विवाह गरी आफ्नो आर्थिक अवस्था सुधार्ने महिलाहरूले चाख राखेकोले पनि हुन सक्दछ।

३. बकुन्डोलको अर्थतन्त्रमा महिलाहरूको सहभागिताको प्रारूप

पारिवारिक काममा पुरुष तथा महिलाको आपसी विशेषता देखिन्छ। काममा लागेको समयको विभाजन केलाउँदा खेतीपाती, पशुपालन, नगद आम्दानी गर्ने जस्ता काम महिलाले मन्दा पुरुषले बढी समय लगाएका छन् मने दाउरा, पानी, खाद्यान्न प्रशोधन जस्ता काममा पुरुषले मन्दा महिलाले केही बढी समय लगाउँदछन्। तर घरको पकाउने तुल्याउने जस्ता काममा मने पुरुषले करीब एक घण्टा काम गर्दछन् मने महिलाले ५$\frac{1}{2}$ घण्टा मध्ये पुरुषको ७.८४ घण्टाको समय सामाजिक भेटघाट र फुर्सतको हुन्छ तर महिलाको मने खाली ३.४८ घण्टा मात्र फुर्सतको समय देखिन्छ।

सम्पन्न परिवारहरूले भन्दा निम्न आय भएका परिवारले आफ्ना जिविकाको लागि धेरै समय काम गर्दछन् । सम्पन्न परिवारका व्यक्तिहरूले पशुपालनमा वढी समय खर्च गर्दछन् भने निम्न आय भएका परिवारले ज्यालादारीमा आफ्नो समय उपयोग गर्दछन् । धनी परिवारका महिलाहरूले घरको काममा प्रति दिन ५.४८ घण्टा खर्च गर्दछन् तर निम्न आय भएका परिवारका महिलाले पनि सोही काममा ४.७७ घण्टा मात्र लगाउँदछन् । जाति अनुसार तल्लो जातिको परिवारले प्रतिदिन वढी समय काम गरेको पाइन्छ । खास गरी माथिल्लो जातिका महिलाहरूले अरूको काम गर्न हिचकिचाउँछन् । परिवारको वनोट अनुसार ठूलो परिवारका मानिसहरूले कृषिमा कम समय काम गर्दछन् र खास गरी महिलाहरूले भने धेरैजसो समय घरको काममा नै विताउँदछन् । तर सानो परिवारका महिलाले भने कृषिमा पुरूषहरू सरह नै काम गर्दछन् । समष्टिगत रूपमा हेर्दा महिलाले प्रति दिन १२.५२ घण्टा काम गरेको पाइन्छ भने पुरूषहरूले खाली ८.१६ घण्टा मात्र काम गर्दछन् ।

(क) <u>कृषि र पशुपालन</u>

विभिन्न कार्यको वाँडफाँट अनुसार कृषिको काममा नै ८० प्रतिशत समय खर्च हुन्छ । आफ्नो परिवारको लागि खान लाउन निर्वाह गर्नु नै कृषिको प्रमुख उद्देश्य रहेको छ । यस मध्ये महिलाको सब भन्दा धेरै समय खेतीपाती स्याहार्ने र स्याहारी सकेपछि खाद्यान्न तयारीमा खर्च हुन्छ । लिंग अनुसार धान खेतीमा मात्र पुरूषहरूले महिला सरह तय गर्दछन् तर गहुं खेतीमा पुरूषहरूले एक तिहाइ समय लगाउँछन् भने कोदो र मकै खेतीमा क्रमशः १२ र ६ प्रतिशत मात्र लगाउँछन् । वाँकी सवै समय महिला हरूले नै लगाउँदछन् । कृषि श्रमलाई मुख्य तीन प्रकारमा वाड्न सकिन्छ : (१) परिवारले विना ज्याला गर्ने श्रम (२) पर्म लगाउने र (३) दैनिक ज्यालादारी । माथिल्लो आय र जातिका महिलाहरूले आफ्नै काम र पर्म लगाउने गर्दछन् तर ज्यालादारीमा भने उनीहरू अग्रसर रहँदैन किन भने ज्यालादारीमा काम गर्नु सामाजिक मर्यादामा धक्का पु-याउने मानिन्छ । तल्लो जाति र निम्न आय भएका महिलाले सवभन्दा धेरै ज्यालादारीमा काम गर्दछन् ।

दोश्रो प्रमुख पेशा पशुपालन हो । कुल आम्दानीको १२.७ प्रतिशत आम्दानी पशुपालनवाट आउँछ । पशुपालनको उत्पादन मध्ये ४७ प्रतिशत विक्री वितरण हुन्छ । वस्तुलाई चाहिने घाँस पानीको ८० प्रतिशत भाग महिलाले पुरा गर्दछन् । यस अनुपातलाई हेर्दा वेच विखनमा अलिकति मात्र महिलाको निर्णय हुन्छ र धेरै पुरूषले नै गर्दछन् जुन अलि विरोधाभाष देखिन्छ ।

परिवारको कूल उत्पादनमा महिलाको योगदान ५७ प्रतिशत र पुरूषको ३७ प्रतिशत छ र बाँकी ६ प्रतिशत मध्ये ४ प्रतिशत कलिला छोरीहरूले र २ प्रतिशत छोराहरूले गर्दछन् । तर परिवार बाहिरको आम्दानी मध्ये ८४ प्रतिशत पुरूषहरूलेरकमाउँछन् भने महिलाले १६ प्रतिशत कमाउँदछन्। दुवै आम्दानी मिलाएर हेर्दा परिवारको कूल आम्दानीमा ५१ प्रतिशत पुरूषहरूले ४५ प्रतिशत महिलाले र बाँकी ४ प्रतिशत बाल बच्चाले योगदान गर्दछन् ।

(ख) स्थानीय वजारमा नगदको रूपमा हुने काम

कूल समयको २० प्रतिशत समय नगद आम्दानीको लागि उद्योग वा अन्य काममा उपयोग गर्दछन् जसलाई स्थानीय वजारको रूपमा मानिएको छ । आर्थिक स्तर र जातिय मर्यादा नै स्थानीय वजारको काममा र परिवारको काममा लगाउने निर्णयको प्रमुख आधार हुन् । निम्न आय भएका युवाहरूले नै स्थानीय वजारमा नगद आम्दानी हुने काम गर्दछन् । यस्मा महिलाहरूको योगदान पुरूषहरूको तुलनामा निकै कम छ । निम्न आय भएका महिलाहरू भने यस्तो रोजगारीमा अग्रसर नै छन् । दैनिक समय मध्ये पुरूषले २.३१ घण्टा लगाउँछन् भने महिलाले ०.६१ घण्टा मात्र लगाउँदछन् । पुरूष र महिलाको बीचमा दैनिक ज्यालामा निकै अन्तर देखिन्छ । धान रोप्ने काममा पुरूषले रू.१४ पाएका छन् भने महिलाले रू.८.५० मात्र पाएको देखिन्छ । यसरी ज्यालामा अन्तर देखिनु पनि पुरूष प्रतिको सामाजिक परिपाटीले गर्दा हो ।

(ग) रोजगारीको लागि छोटो अवधिको वसाई सराई

रोजगारीको लागि गाउँलेहरू छोटो अवधिको लागि अन्यत्र जाने गर्दछन् । धेरै जसो मानिसहरू काँचो ईटा वनाउने काममा जान्छन् । धेरै पुरूषहरू भएता पनि महिलाहरू पनि संलग्न हुन्छन् । घरको काममा फुर्सत भएको महिनामा मात्र यसरी घर छोडी अन्य काममा जान्छन् ।

केही लोग्ने मान्छेहरू भारत र नेपालको अन्यत्र भागमा लामो अवधि सम्म काम गर्न गएका छन् । यसरी लोग्ने घरमा नहुँदा स्वास्नी मान्छेलाई धेरै काम गर्नु पर्ने मात्र नभै परिवारमा एउटा हैसियतको दृष्टि समेत हुन सक्छ ।

## ४. महिला र शिक्षा

महिलाहरूको कम सहभागिता हुनुको मुख्य कारण उनीहरूको कम शैक्षिक स्तर र साक्षरता दर हो । वकुन्डोलको महिला साक्षरता दर १८.६ प्रतिशत छ जुन राष्ट्रिय दर ३.६ प्रतिशत भन्दा निकै वढी छ तर पुरूषहरूको तुलनामा भने ज्यादै कम छ । पुरूषहरू मध्ये ७०.२ प्रतिशत साक्षर छन् । साक्षरता र स्कूल पढ्ने विद्यार्थीको वृद्धि दर हेर्दा महिलाको वढी देखिन्छ । यसो हुनु हाल महिलाकोलागि शिक्षामा परिवारले दिन थालेको सकारात्मक पक्ष हो । साक्षरता पनि खास गरी सम्पन्न परिवारमा केन्द्रीत छ तर निम्न आय भएका महिलाहरू भने अझै निरक्षर नै छन् ।

छोराहरूले भन्दा छोरीहरूले कम शिक्षा पाउनु पर्छ भन्ने धारणा अझै पनि कैही परिवारमा विद्यमान छ । नमुनामा परेका मध्ये ५५ प्रतिशतले छोरीहरूको लागि आठ कक्षा भन्दा कमै शिक्षा भए पुग्छ भने तर ८५.७ प्रतिशतले भने छोराहरूले कम से कम आठ कक्षा सम्म पढ्ने पर्दछ भन्ने राय दिए । अध्ययनमा समावेश गरीएका आठ गाउँहरू मध्ये वकुन्डोलको साक्षरता दर सवभन्दा धेरै छ तर परिवारको निर्णय प्रकृयामा भने साक्षरताले कुनै प्रभाव पारेको छैन । साक्षरताको विपरित वकुन्डोलका महिलाहरूको निर्णायक भूमिका अन्य गाउँहरूमा भन्दा कमै छ । आर्थिक र सामाजिक परिवर्तन नभए सम्म खाली साक्षरता वा शिक्षाले मात्र महिलाको सामाजिक मर्यादा मा आशातित प्रभाव पार्न सक्दैन भन्ने तथ्य वकुन्डोलको अध्ययनवाट स्पष्ट हुन्छ ।

## ५. राजनैतिक चेतना

करीव ८० प्रतिशत महिलाले आफ्नो प्रधान पन्चको नाम भन्न सके तर खाली २३.५ प्रतिशतले मात्र आफ्नो पन्चायतको नाम जाने । १४.७ प्रतिशत महिलाले मात्र आफु कुन वडामा वसेको हो सो वडा वताउन सके । जिल्ला र राष्ट्रिय स्तर को चेतना भए पनि करीव ८२ प्रतिशतले गत निर्वाचनमा मतदान भने गरे । निम्न आय भएका महिलाहरू मध्ये कसैले मतदान गरे । कुनै पनि महिलाले पंचायतको वैठकमा भाग लिएनन् ।

## ६. ऋण र तालिमको सुविधा

पुरूषहरू परम्परावाट नै घर मुली हुने हुंदा पैतृक सम्पत्तीनै कुनै ऋण लिनु पर्दा धितो जमानतमा उपयोग गर्न सक्ने हुन्छ । तसर्थ कुल ऋण मध्ये करीव ८४ प्रतिशत पुरूषले नै लिएका छन् । करीव ६६ प्रतिशत पुरूषहरूले ऋण लिएका छन् भने ४५.७ प्रतिशत महिलाहरूले पनि ऋण लिएका छन् । निम्न आय भएका पुरूष र महिलाले

कम ऋण लिएका छन् भने धनी वर्गले भने धेरै नै ऋण लिने गरेका छन् । महिलाहरुले लिएको ऋण मध्ये ८२ प्रतिशत ऋण छिमेकी र नातेदारसंग लिएका छन् । संस्थागत ऋण त्यति प्रचलनमा छैन । खासगरी पुरुषहरुले ११.५ प्रतिशत ऋण संस्थावाट लिएकाछन् । संस्थागत ऋण लिन धेरै औपचारिकता पु-याउनु पर्ने र अशिक्षित महिलाले खाँ ऋण लिन सक्ने सम्भावना नै छैन । ऋण लिंदा घर जग्गा धितो राखेर लिने चलन छ सानो तिनो सापट भने विना धितो नै गर्दछन् ।

महिलाहरुले खास गरी नयाँ विधी अनुसार खेती गर्न ऋण लिन चाहन्छन् । तर जटिल विधीले गर्दा संस्थागत लिन सक्दैनन् ।

## ७. महिलाको कानूनी चेतना

केही कानूनी विषयहरुमा वकुन्डोलिका महिलाहरु सचेत छन् । आफ्नो लोग्नेले अर्को स्वास्नी विवाह गरेमा उनीहरुले लोग्नेवाट आफ्नो अंश लिई छुट्टै वस्न सक्ने कानूनी अधिकार वारे ६६ प्रतिशत महिलाहरु सचेत छन् । तर सम्वन्ध विच्छेद गरी अर्को विवाह नगरेमा वाल बच्चाको पालन पोषण गर्ने खर्च र पाँच वर्ष सम्म आफ्नै निर्वाहको लागि पाउने खर्च सम्वन्धी कानूनी पक्षमा भने कसैलाई थाहा रहेनछ ।

दाइजो र पेवा सम्वन्धमा राख्ने वा वेच्ने सम्पूर्ण कानूनी अधिकार महिलालाई छ । खाली १६ प्रतिशतले मात्र यो अधिकार बुझेका छन् तर अझ सवै अस्पष्ट छन् । छुट्टि भिन्न भएमा आफूले राख्न पाउने भनेर केही महिलाले जानेका छन् तर अधिकाँशले दाइजो पनि लोग्नेको मातहतमा मात्र चलन चलती गर्न सकिन्छ भन्ने ठान्दछन् । वहु विवाह र सम्वन्ध विच्छेद वारे महिलाहरुलाई धेरै कम ज्ञान छ । आफ्नो मन्जुरीले मात्र लोग्नेले अर्को विवाह गर्न सक्ने कानूनी व्यवस्था वारे खाली छ प्रतिशत महिलालाई मात्र थाहा छ ।

वैवाहिक सम्वन्ध नराम्रो भएमा के गर्ने भन्ने विषयमा ६४ प्रतिशत महिला हरुलाई व्यवहारिक ज्ञान रहेछ । त्यस्तो अवस्थामा माइत गएर कैयौं वर्ष वस्ने र पछि आफ्नो अंश माग्ने तर सम्वन्ध विच्छेद भने नगर्ने उनीहरुको विचार थियो ।

## ८. सारांश र सुझाव

परिवारको कूल आम्दानीमा ४५ प्रतिशत हिस्सा महिलाले कमाउंदछन् । दैनिक कार्यभार हेर्दा पुरुषले भन्दा महिलाले ४.७५ घण्टा वढी समय काम गर्दछन् । परिवारको उत्पादनशिल कार्यमा महिलाहरुले ६० प्रतिशत समय लगाउंदछन् र परिवारको अन्य निर्वाह गर्ने जस्ता काम समावेश गर्ने हो भने उनीहरुको ७२ प्रतिशत

समय सो काममा लाग्दछ । खेतीपातीमा महिलाले विना हिसाव ६२ प्रतिशत योगदान गर्दछन् । तर त्यसरी उत्पादन गरेको वेच विखन गर्दा पनि ८१ प्रतिशत निर्णय पुरुषहरुले नै गर्दछन् । औषधी खर्च, शिक्षा, भ्रमण, किनमेल, लुगाफाटा आदि सबै खर्चमा पुरुषले नै वढी प्रभाव पार्दछन् । ठूला ठूला विषयमा पनि पुरुषले मात्र निर्णय गर्दछन् । घरको काम गरेर वाहिरवाट आम्दानी गरे जस्तो जसपाउने कुनै आधार छैन । तसर्थ महिलाहरुको प्रभाव कम हुन जानु स्वभाविकै हो । यो सैद्धान्तिक त्रुटी नै हो । परिवारको परम्परा, कानूनी मान्यता, व्यापारिक ढाँचा आदि विषय र आधुनिक विकाश प्रकृयासँग माध्यम वन्ने काम पुरुषहरुले नै गर्ने हुनाले सबै आर्थिक अवसरहरु पुरुषहरुले पाउँदछन् ।

महिलाहरुलाई विकाशमा एकीकृत गराउन दुइ वाधाहरु छन् : (१) पुरुष हरु वढी चलता पूर्जा छन्, र (२) उनीहरु वढी शिक्षित भएकाले विकाशको सिलसिलामा वढ्दै गएको रोजगारीवाट फाइदा लिन सक्षम छन् । हाल सम्म श्रृजना भएका सुविधाहरु गाउँ र महिलाहरु सम्म पुग्ने कुनै वातावरण भएको छैन र गाउँलेहरुले विकाशवाट आफु वन्चित भएको महशुस गर्दछन् । महिलाहरु र पुरुषहरु को विचमा देखिएको अन्तर घटाउनको लागि शैक्षिक, कानूनी र राजनैतिक चेतना वढाउन विशेष ध्यान दिनु पर्दछ । खास गरी परिवार भन्दा वाहिर महिलाले आम्दानी गर्न सक्ने स्वच्छ सहुलियत प्रदान गर्नु पर्दछ । गाउँ स्तरमा नै महिलाहरुको लागि रोजगारीको अवसर दिने र उनीहरुको आवश्यकता अनुसार कार्यक्रम वनाउनु पर्दछ ।

## सुझावहरु

महिलाहरुको सामाजिक र आर्थिक स्तर वढाउन निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

(१) उपयुक्त प्रविधि

(क) सर्वप्रथम सम्पूर्ण गाउँमा खाने पानीको सुविधा दिन सकेमा स्वास्थको सुधार हुनुका साथै महिलाहरुको प्रतिदिन आधा घण्टा को समय वचाउन सकिन्छ ।

(ख) कुट्ने र पिश्ने जस्ता खाद्य प्रशोधन काममा महिलाहरुको धेरै समय खर्च हुने हुँदा गाउँ स्तरमा सुहाउँदो प्रशोधन उद्योग खोलेमा उनीहरु को प्रतिदिन आधा घण्टाको समय वचाउन सकिन्छ । नजिकमा पर्ने मिलहरुले हाल पैसा वढाएकोले निम्न आय भएका महिलाहरु फेरी आफै कुट्न र पिस्न थालेका छन् ।

(ग) दाउरा खोज्ने काममा प्रतिदिन तीन घण्टा सम्म समय लाग्ने भएकोले थोरै दाउराले पुग्ने र पकाउन सुविधा हुने किसिमको प्रविधि शुरू गराएमा महिलाहरूको धेरै समय बचाउन सकिन्छ । धुवाँ नआउने चुलो र परम्पराको चुलोमा सुधार गर्ने प्रयास भएको छ । तर गाउँमा नै बनाएर गाउँले महिलाहरूले जान्ने बुझ्ने गरी प्रदर्शन गरेमा मात्र त्यसको प्रभाव पर्नेछ । यस्ता विषयमा तालिम र परिवर्तन कार्यक्रम राख्नु पर्दछ ।

(घ) खाद्यान्न सुरक्षा साथ राख्ने र सुकाउने प्रविधि तथा कम्पोष्ट मल र बीउ छनोट बारेको प्रविधिमा सुधार गर्न पनि त्यतिकै आवश्यक छ ।

(२) शिक्षा, तालिम र परिवर्तन

कानूनी, बैंकिंग, स्वास्थ्य र कृषि परिवर्धन संस्थाहरूले आफ्नो प्रकृयामा सुधार गरी गाउँलेहरूले सहजै सुविधा उपयोग गर्न सक्ने स्थितिको श्रृजना गराउनु पर्दछ । यसो गर्न स्थानिय पुरूष र महिलालाई सेवामा प्रवेश गराउने नीति अपनाउनु पर्दछ । खास गरी महिलाहरू शिक्षित नभएको हुँदा शैक्षिक योग्यताको अनिवार्यता हटाउनु पर्दछ । कृषि, स्वास्थ्य, ऋण लिने विधी तथा परिवार नियोजन जस्ता विषयमा सक्षम बनाएको खण्डमा अन्यत्रबाट आउने कर्मचारी भन्दा उनीहरू अझ बढी प्रभावकारी हुन सक्दछन् । महिलाहरूको बढ्दो स्कूल भर्नाले यस तर्फ केही योगदान गर्नेछ ।

(३) समूह गठन र आम्दानी बढाउने अवसरको श्रृजना

आफ्नो प्राथमिकता पत्ता लगाउन सक्ने र सो कार्यान्वयन समेत गरी लाभ उठाउन सक्ने किसिमको महिलाहरूको एउटा स्वतन्त्र समूह गठन गर्ने जस्ले गर्दा उनीहरूको आवश्यकता र चाहना प्रतिविम्बित गर्न स्थानिय राजनीतिमा सहभागि हुन सकून । यस्तो समूह महिलाहरूको आम्दानी बढाउने परियोजनामा गठन गरिनु पर्दछ ।

(क) सार्वजनिक चौरको सुधार गरी चाँडो बढ्ने घाँस लगाउने र छिटो बढ्ने रूख लगाएर दाउरा घाँसको सुविधा पु-याउने । यस्तो सार्वजनिक क्षेत्रको स्वामित्व पन्चायत वा महिलाहरूको समूहमा दिने ।

(ख) यस्तै जग्गामा रेशमी किराको खेती गरी महिलाहरूलाई रोजगारी दिलाउने ।

(ग) बुनाईको काममा महिलाहरूको इच्छा भएकोले कच्चा पदार्थ उपलब्ध गराई दिने, बुनाईको तालिम दिएको खण्डमा आफैं ऋण समेत लिएर तान किनी कपडा बुनेर नजिकको बजारमा बेची आम्दानी गराउन सक्छन् ।

(घ) महिलाहरूलाई ऋण उपलब्ध गराई दिएर बाख्रा पालन, कुखुरा पालन र डेरी जस्ता व्यापारिक कार्यमा लगाउन सकिन्छ । यस्तै मौरी पालन, च्याउ खेती जस्ता अतिरिक्त कामहरूको श्रृजना गरी महिलाहरूको आम्दानी बढाउन सकिन्छ । महिलाहरूद्वारा नै सन्चालित सहकारी मिल खोलेर पनि आम्दानी बढाउन सकिन्छ ।

## बकुण्डोल गाउँका पर्वतीय महिलाहरु : सारांश

### आर्थिक समूह र लिंग अनुसारको समयको उपयोगिताको ढाँचा
### (१५ वर्ष र सो भन्दा माथिका जनसंख्या)

घण्टा प्रति दिन

| गतिविधि | | आर्थिक समूह र लिंग | उच्च | | | मध्यम | | | निम्न | | | सबै | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | दुवै | पुरुष | महिला | दुवै | पुरुष | महिला | दुवै | पुरुष | महिला | दुवै |
| का | परंपरागत आर्थिक गतिविधि | पशुपालन | १.९३ | १.७७ | १.८६ | १.३२ | १.५६ | १.४६ | ०.७५ | १.४७ | १.१३ | १.३९ | १.५९ | १.५० |
| | | कृषि | २.०६ | २.८३ | २.४१ | १.८४ | २.६० | २.२५ | १.६१ | ३.२९ | २.४८ | १.८६ | २.७२ | २.३२ |
| | | उद्योग | ०.०५ | ०.०७ | ०.०६ | १.०३ | ०.३९ | ०.६८ | १.१९ | ०.१२ | ०.६३ | ०.८२ | ०.३० | ०.५४ |
| | | गाउँ बाहिरबाट आर्जन गर्ने कार्य | १.५७ | ०.६९ | १.१७ | २.५२ | ०.८६ | १.६० | २.६७ | १.४९ | २.०६ | २.३१ | ०.९२ | १.५७ |
| | १. | परंपरागतआर्थिक गतिविधिको जम्मा | ५.६१ | ५.३६ | ५.५० | ६.७१ | ५.४१ | ५.९९ | ६.२२ | ६.३७ | ६.३० | ६.३८ | ५.५२ | ५.९३ |
| र्य | थप आर्थिक गतिविधि | शिकार र जम्मा गर्ने | ०.३१ | ०.०६ | ०.२० | ०.२९ | ०.०५ | ०.१६ | ०.४० | ०.०४ | ०.२१ | ०.३१ | ०.०४ | ०.१७ |
| | | दाउरा संकलन | ०.१२ | ०.१० | ०.११ | ०.०४ | ०.१४ | ०.१० | ०.०४ | ०.५४ | ०.३० | ०.०६ | ०.१९ | ०.१२ |
| | | पानी ल्याउने | ०.०२ | ०.९८ | ०.४५ | ०.०४ | ०.८१ | ०.४७ | ०.०४ | ०.६३ | ०.३५ | ०.०३ | ०.८२ | ०.४५ |
| | | खाद्य प्रशोधन | ०.२१ | ०.३९ | ०.२९ | ०.१३ | ०.५६ | ०.३६ | ०.१५ | ०.५५ | ०.३६ | ०.१५ | ०.५३ | ०.३५ |
| | | घर निर्माण | ०.२३ | ०.०८ | ०.१६ | ०.३२ | ०.१२ | ०.२१ | ०.२१ | ०.१७ | ०.१९ | ०.२९ | ०.१२ | ०.२० |
| | २. | जम्मा थप आर्थिक गतिविधि | ०.८९ | १.६१ | १.२१ | ०.८२ | १.६८ | १.३० | ०.८४ | १.९३ | १.४१ | ०.८४ | १.७० | १.२९ |
| भा | घरायसी गतिविधि | पकाउने र खुवाउने | ०.१८ | ३.१७ | १.५३ | ०.२६ | ३.०४ | १.८० | ०.६१ | २.५८ | १.६४ | ०.२९ | ३.०० | १.७२ |
| | | माँडाकुँडा सफा गर्ने | – | ०.७० | ०.३२ | ०.०२ | ०.४५ | ०.२६ | – | ०.४२ | ०.२२ | ०.०१ | ०.४९ | ०.२७ |
| | | घरको सरसफाई | ०.०४ | ०.५३ | ०.२६ | ०.०३ | ०.५१ | ०.३० | – | ०.५२ | ०.२७ | ०.०२ | ०.५२ | ०.२९ |
| | | लुगा धुने | ०.०२ | ०.१७ | ०.०९ | ०.०१ | ०.२७ | ०.१५ | – | ०.२३ | ०.१२ | ०.०१ | ०.२५ | ०.१३ |
| | | किनमेल गर्ने | ०.४७ | ०.०६ | ०.२८ | ०.३४ | ०.१२ | ०.२२ | ०.३१ | ०.०४ | ०.१७ | ०.३७ | ०.१० | ०.२३ |
| र | | अरु घरायसी कार्य | ०.०३ | ०.०७ | ०.०५ | ०.०१ | ०.०२ | ०.०१ | ०.०२ | ०.०२ | ०.०२ | ०.०२ | ०.०३ | ०.०२ |
| | | बच्चा हेर्ने र स्याहार्ने | ०.०६ | ०.६९ | ०.३४ | ०.२८ | १.०७ | ०.७२ | ०.२३ | ०.३६ | ०.३० | ०.२२ | ०.९१ | ०.५९ |
| | ३. | जम्मा घरायसी गतिविधिको | ०.८० | ५.३९ | २.८७ | ०.९५ | ५.४८ | ३.४६ | १.१७ | ४.१७ | २.७४ | ०.९४ | ५.३० | ३.२५ |
| (क) | | जम्मा कार्यभार (१ + २ + ३) | ७.३० | १२.३६ | ९.५८ | ८.४८ | १२.५७ | १०.७५ | ८.२३ | १२.४८ | १०.४५ | ८.१६ | १२.५२ | १०.४७ |
| | ४. | शिक्षा | ०.४६ | – | ०.२५ | ०.४५ | – | ०.२० | ०.०२ | – | ०.०१ | ०.४० | – | ०.१९ |
| | ५. | व्यक्तिगत सरसफाई | १.९९ | १.८७ | १.९४ | १.७८ | १.०९ | १.३९ | १.३६ | १.०७ | १.२१ | १.७७ | १.२३ | १.४८ |
| | ६. | सामाजिक गतिविधि | ०.३७ | ०.३२ | ०.३५ | ०.३१ | ०.२७ | ०.२९ | ०.०६ | ०.१३ | ०.१० | ०.२९ | ०.२६ | ०.२७ |
| | ७. | फुर्सत | ५.८८ | १.४५ | ३.८८ | ४.९८ | २.०७ | ३.३७ | ६.३३ | २.३२ | ४.२३ | ५.३८ | १.९९ | ३.५९ |
| (ख) | | जम्मा (४ + ५ + ६ + ७) | ८.७० | ३.६४ | ६.४२ | ७.५२ | ३.४३ | ५.२५ | ७.७७ | ३.५२ | ५.५५ | ७.८४ | ३.४८ | ५.५३ |
| (ग) | | कूल गाउँ भित्रको गतिविधि(क+ख) | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० |

## पारिवारिक आम्दानीमा महिला । पुरुषको योगदान +
### (पर्वतिया गाउँको लागि)

(प्रतिशतमा)

| लिंग तथा उमेर समूह / आम्दानीको स्रोत | पुरुष (१५ +) | महिला (१५ +) | पुरुष बच्चा (१० - १४) | महिला बच्चा १० - १४) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. पशुपालन | ३७.१६ (१०६१५) | ४७.४२ (१३६१७) | ५.८२ (१७०८) | ६.५७ (१८०६) | १००.०० (२६३४६) | |
| २. कृषि | ३६.३२ (३८४३८) | ५६.७४ (६३२२५) | ०.७३ (७७३) | ३.२१ (३३६७) | १००.०० (१०५८३३) | |
| २.१ खेतीपाती | ३६.३४ (३७१६२) | ५६.७२ (६१११६) | ०.७३ (७४७) | ३.२१ (३२८५) | १००.०० (१०२३४२) | |
| २.२ करेसाबारी | + | १००.०० (३४६०) | – | – | १००.०० (३४६०) | |
| ३. शिकार तथा जम्मा गर्ने | ५५.१५ (४४८४) | ३८.६८ (३१४५) | २.८८ (२३४) | ३.२६ (२६८) | १००.०० (५६५०) | |
| ४. उद्योग | ७६.६६ (४५०३) | १८.६३ (१०५३) | ०.६१ (३४) | १.०७ (६०) | १००.०० (५६५०) | |
| ४.१ डोरी । डाला | ५६.२६ (४८३) | ३७.०४ (३०२) | – | ३.७० (३०) | १००.०० (८१५) | |
| ४.२ छालाको काम | ६७.५१ (४१५६) | १.८१ (७७) | ०.६८ (२६) | – | १००.०० (४२६५) | |
| ४.३ सिलाई | ३०.६१ (१४६) | ६७.२७ (३२३) | ०.६१ (४) | ०.६१ (४) | १००.०० (४८०) | |
| ४.४ अन्य | ५२.०० (४७) | ४०.०० (३६) | – | ८.०० (७) | १००.०० (६०) | |
| ५. खाद्यप्रशोधन | १८.६२ (३२८१) | ७३.६६ (१३००२) | १.०४ (१८३) | ६.५५ (११५४) | १००.०० (१७६२०) | |
| ५.१ सुकाई । कुटाई | १८.६७ (१६४६) | ७४.६४ (६४८८) | ०.८२ (७१) | ५.५७ (४८४) | १००.०० (८६६२) | |
| ५.२ पुद्ने । पिध्ने | १८.४६ (१३६७) | ६१.५४ (४५५५) | ३.०८ (२२८) | १६.६२ (१२५२) | १००.०० (७४०२) | |
| ५.३ खाद्य संरक्षण | ७.६६ (११२) | ६२.३१ (१३४४) | – | – | १००.०० (१४५६) | |
| ५.४ दुग्ध उत्पादन | ५०.०० (३५) | ५०.०० (३५) | – | – | १००.०० (७०) | |
| (क) घराय्सी उत्पादनहरूको जम्मा | ३६.६६ | ५६.६३ | १.७६ | ४.६२ | १००.०० (१६६५८३) | |
| (ख) ज्यालादारी, महिनावारी | ८४.१० (५२७४१) | १५.६० (६६६५३) | –<br>– | –<br>– | १००.०० (१६६५८३) | |
| (ग) व्यापार | १००.०० (२४२६) | – | – | – | १००.०० (२४२६) | |
| (घ) घराय्सी आम्दानीको जम्मा | ५०.३८ (११६६१) | ४५.०३ (१०४२६५) | १.२७ (२६३२) | ३.३२ (७६८८) | १००.०० (२३१६०६) | |

+ समय विभाजनको अध्ययन अन्तरगतका छानिएका २४ वटा घर संख्याहरूमा आधारित ।

## नेपालका ग्रामीण महिलाहरू आठ गाउँहरूको समष्टिगत विश्लेषण : सारांश +

तीन वर्षको अनवरत अनुसन्धान एवं विश्लेषणवाट नेपालीको समाजमा महिला वर्गको मर्यादा स्तर सम्वन्धी यो अध्ययन जन समक्ष ल्याउन सक्का छौं । मुख्यतया, ग्रामीण महिलाहरूको नेपाली समाजमा स्थान र तीनीहरूको भूमिकावारे लेखाजोखा गर्नु यस अध्ययनको प्रमुख उद्देश्य हो । विशेषत: ग्रामीण महिलाहरूको विकास प्रक्रियासंगको सम्वन्ध र संलग्नतावारे जानकारी गर्नु पनि यस अध्ययनको दोश्रो उद्देश्य रहेको छ ।

भौगोलिक विभिन्नताको अतिरिक्त, नेपाली महिलाहरूमा गार्हस्थ उत्पादन र निर्णय प्रक्रियामा समानता र एकरूपता नभएको कारणले यस वर्ग विशेषको अध्ययन गर्नु आजको परिप्रेक्षमा ज्यादै सान्दर्भिक देखिएकोले यो अध्ययन संचालन गरिएको हो।

विभिन्न आठ गाउँका ग्रामीण महिलाहरूको मर्यादा स्तर सम्वन्धमा अनुसन्धान कर्ताहरूद्वारा तथ्यांक संकलन र विश्लेषण गरी प्राप्त विश्लेषणको संक्षिप्त विवरण यहाँ प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

(१) ग्रामीण अर्थ व्यवस्थामा महिलाहरूको भूमिका

आठ गाउँहरूमा गरिएको अध्ययन अनुसार कुल परिवार मध्ये ८५ प्रतिशत निर्वाह मूलक ( Subsistance) उत्पादनमा लागेका छन् । कुल पारिवारिक आयमा ८० प्रतिशत कृषि र सो संग सम्वन्धित क्षेत्रवाट र वाँकि १९.६ प्रतिशत अन्य क्षेत्रवाट आम्दानी हुन्छ । औसतमा करीव ७६ प्रतिशत निर्वाह क्षेत्रवाट र केवल ३० प्रतिशत आय वजारको माध्यमवाट हुने गर्दछ । यद्यपि वजारको माध्यमवाट हुने आय वकुन्डोलका समुदायमा सबैमन्दा वढी ८.३ प्रतिशत र पवाङ्गु समुदायमा सालो १७.६ प्रतिशत छ । अत: निर्वाह क्षेत्रमा महिलाहरूले खेलेको महत्वपूर्ण भूमिकावाट नै नेपाली ग्रामीण अर्थ व्यवस्था वारे प्रशस्त जानकारी लिन सकिन्छ ।

नमूना अध्ययनको लागि छानिएको जनसंख्या आर्थिक दृष्टिले समान थियो । तथापि आर्थिक दृष्टिले उच्च वर्गका परिवारको पूंजी मध्यम वर्गका परिवारको पूंजी मन्दा दुइगुना र निम्न वर्गका परिवारको पूंजी मन्दा झण्डै चारगुना वढी थियो ।

कागवेनीमा परिवारको औषत आय रु.१८,०२५ र तमाङ० गाउँमा परिवारको औषत आय रु.५,२३० भएको हुँदा अन्तर परिवार आर्थिक विषमता स्पष्ट हुन्छ । शुक्रवारेका थाक समुदायका सवै वर्गहरूको आय अन्य वर्गका व्यक्तिहरू मन्दा वढी देखिन्छ ।

सर्वेक्षणको अवधिमा वाहिर गै रोजगार गर्नेमा ३३.९ प्रतिशत महिला छन् । व्यक्ति र दिनको कामको आधारमा महिलाहरूको सहभागिता केवल २४.८ प्रतिशत छ । औसतमा हरेक महिलाले करीव ५५ दिन र पुरुषले ८६ दिन

+ मीना आचार्य र लीन वेनेटद्वारा लिखित " The Rural Women of Nepal an Aggragrate Analysis and Summary of Right Village Studies" The The Status of Women in Nepal, Vol. II , Part - 9, CEDA, 1981



ग्रामीण महिलाहरू : कामको दाण

ज्यालादारीमा काम गर्दछन् । कृषि क्षेत्रमै महिलाहरूले रोजगार गर्ने प्रमुख क्षेत्र हो । कूल महिला रोजगार दिन मध्ये ५० प्रतिशत कृषि क्षेत्रमा र २० प्रतिशत साना उद्योगहरूमा रोजगारी गर्दछन् । परम्परागत विचारधारा अनुसार केवल ५ प्रतिशत पुरुष र महिलाहरू मात्र बेरोजगार देखिन्छ । करीब ६६ प्रतिशत महिला र ५२ प्रतिशत पुरुषहरू घरके काममा ज्यादै व्यस्त रहेका हुंदा अन्य ठाउँमा रोजगार खोज्ने समयनै पाउँदैनन् ।

राष्ट्रिय जनगणना के विभाजन अनुसार पनि पुरुषहरूले गरेको कूल कामको तुलनामा महिलाहरूले ८० प्रतिशत काम गरेको तथ्य यस अध्ययनले स्पष्ट पारेको छ (औसतमा पुरुषले ५.८१ घण्टा प्रति दिन र महिलाले ४.६२ घण्टा प्रति दिन) यदि परिवारको लागि अत्यावश्यक वस्तुहरू जस्तो पानी र दाउराको खोजीमा लगाएको समयलाई संलग्न गरेको खण्डमा प्रतिदिन पुरुषले ६.७२ घण्टा र महिलाले ६.८० घण्टा काम गरेको देखिन्छ । त्यस्तै घरको काममा लाग्ने अतिरिक्त समयलाई समावेश गरेको खण्डमा महिलाहरूको कार्यबोझ पुरुषहरूको मन्दा ४४ प्रतिशतले वढी छ (७.५१ घण्टा पुरुष र १०.८१ घण्टा महिला) परम्परागत आर्थिक क्र्याकलापमा महिलाहरूले ४६ प्रतिशत समय काम गर्नुको अतिरिक्त गार्हस्थ्य कार्यमा ८६ प्रतिशत र अन्य आर्थिक क्र्याकलापमा ७४ प्रतिशत समय काम गरेको देखिन्छ । परिवारको उत्पादनमा संकीर्ण ज्यालादारीवाट प्राप्त हुने आयवाट नमै मूल्य वृद्धि ( Value Added ) को विधिद्वारा लेखाजोखा गर्दा आठ गाउँहरूमा कूल आयको ५० प्रतिशत आय महिलाहरूले आर्जन गरेको देखिन्छ भने पुरुष र १० वर्ष देखि १४ वर्ष सम्मका वालवालिकाले क्रमश: ४४ प्रतिशत र ६ प्रतिशत आय सिर्जना गरेछन् । अत: ग्रामीण अर्थतन्त्रमा पुरुष मन्दा महिलाले ६ प्रतिशत वढी आम्दानी गरेको तथ्य स्पष्ट हुन्छ ।

धेरै जसो परिवारहरू निम्नलिखित आर्थिक व्यवसायमा संलग्न रहन्छन्: (१) पारिवारिक कृषि व्यवसाय (२) स्थानीय वजारमा आर्थिक संलग्नता (३) गाउं मन्दा वाहिरको आर्थिक व्यवसायमा रोजगार गर्न छोटो अवधिको स्थानान्तरण । पुरुष मन्दा महिलाले कृषि व्यवसायमा (प्रति दिन ४.०५ घण्टा वढी समय काम गरेको देखिन्छ । तर स्थानीय वजार सम्वन्धी कार्यमा महिलाले प्रति व्यक्ति दिन ०.६१ घण्टा र पुरुषले १.६६ घण्टा लगाउंदछन् भने गाउं वाहिर गै रोजगारी गर्नमा महिलाले५ प्रतिशत र पुरुषले २२ प्रतिशत व्यक्ति दिन काम गर्दछन् ।

खेतीपाती र वस्तु पाल्ने काममा महिलाहरू व्यस्त हुने हुंदा अन्यत्र गई काम गर्न उनीहरू प्रायश: पुरुषहरू मै आश्रित हुनु पर्दछ । आश्रित हुनु पर्ने वाध्यताले गर्दा महिलाहरूमा आज भोलिका नयाँ नयाँ संस्था र सरकारी

निकायहरूसँग कसरी व्यवहार गर्ने भन्ने कलाको विकास हुन सकेको छैन केही समुदाय र आर्थिक वर्ग बाहेक औपचारिक राजनीति र सरकारी ओहदामा महिलाहरूको ज्यादै निम्न स्तरको सहभागिता भएको देखिन्छ ।

विभिन्न समुदायका महिलाहरूले निर्वाह गर्ने उत्पादन र बजार विक्री गर्ने उत्पादनमा लगाएको समयमा ठूलो भिन्नता देखिन्छ । मैथिली, नेवार, ज्यापु र पर्वतीया (ब्राह्मण, क्षेत्री र सार्की) समुदायमा घर भित्र र घर बाहिरको द्वन्द ठूलो देखिन्छ र यी समुदायमा महिलले बाह्य अर्थ व्यवस्थामा ३ देखि १६ प्रतिशत र स्थानीय बजारको लागि २४ देखि ३३ प्रतिशत योगदान गरेको पाइन्छ । हिन्दु समुदायको प्रभाव कम परेका समुदाय का (बारगाउँले, लो लोहरू० राइ, खाम मगर) महिलाहरूको योगदान स्थानीय बजारमा ४० देखि ६८ प्रतिशत र बाह्य अर्थ व्यवस्थामा ३४ देखि ४६ प्रतिशत भएको देखिएको छ । हिन्दुहरूको कम प्रभाव परेका थारू र तामाङ० समुदायमा पनि पुरूष र महिला बीच व्यापक आर्थिक विषमता भएको पाइन्छ ।

परिमाणात्मक एवं गुणात्मक तथ्यांकबाट के स्पष्ट हुन्छ भने समानतामा आधारित समाजमा उद्यमी महिलाहरूको ठूलो सम्मान हुन्छ । द्वन्दात्मक समुदायमा महिलाहरूको व्यवहारमा नियन्त्रण र महिलाको पवित्रता लाई बढी महत्व दिएको पाइन्छ । सानो जातिका महिला बाहेक हिन्दू समुदायमा महिलाहरूले व्यापार गर्नु इज्जत प्रतिष्ठा र आदर गुमाएको ठानिन्छ । मध्यम वर्गमा पनि ज्यापु, नेवार र तमाङ० समुदायका महिलाहरू को व्यापार र अन्य बजार सम्बन्धी क्रियाकलापमा कम सहभागिता हुनु लैंगिक शुद्धता र तिनीहरू माथिको नियन्त्रण नभै श्रोत र साधनको अभाव हुनु हो । ज्यालादारीमा काम गरेको उदाहरणबाट पनि यो तथ्य प्रमाणित हुन्छ । थारू समुदायमा लैंगिक स्वतन्त्रता भए पनि पुरूष वर्गले महिला माथि गरेको नियन्त्रण प्रमुख कारणको रूपमा देखा परेको छ । विषय र समानतामा आधारित दुवै समुदायहरू प्राय: कृषि व्यवसायमा नै आश्रित छन् । जहाँसम्म बजार सम्बन्धी अर्थ व्यवस्थामा महिलाहरूको सहभागिताको प्रश्न छ त्यो विभिन्न समुदायमा विभिन्न किसिमको रहेको छ ।

सबै समुदायमा केही विशेष प्रकारका कामहरू महिलाले मात्रै गर्दछन्। उदाहरणार्थ खेतबारीको सम्भार, पानी संकलन गर्ने र खाद्य प्रशोधन । सोही किसिमले पुरूषहरूले पनि केही खास काम कार्यहरू सम्पादन गर्दछन्। ती हुन: घर निर्माण र खेत जोत्ने कार्य । यसबाट के स्पष्ट हुन्छ भने नेपाली समाजमा केही हदसम्म लिंगको आधारमा कार्य विभाजन भएको पाइन्छ । यसको

अतिरिक्त समुदाय समुदाय बीच यदाकदा लिंगमा आधारित कार्य विभाजनमा विषमता भएको पनि पाइएको छ ।

(२) निर्णय प्रकृयामा महिलाको भूमिका

थारु र मैथिली समुदायमा श्रम आदान प्रदान सम्वन्धी सबै कार्यहरुको निर्णय पुरुषहरुले गर्दछन् । तमाङ० र नेवार समुदायमा दुवैले समान रुपमा र पर्वतीया, मगर, राई र वारगाउँले समुदायमा पूर्णतया महिलाहरुलेनै यस विषयमा निर्णय दिन्छन् । ४२ प्रतिशत परिवारमा ज्यालादारीमा काम गर्ने सम्वन्धी निर्णय पुरुषहरुले र २९ प्रतिशत महिलाहरुले गर्दछन् । थारु र मैथिली समुदायमा यस सम्वन्धी निर्णयको पूर्ण उत्तरदायित्व पुरुषहरुमै निहित हुन्छ । राई र वारगाउँले समुदायमा भने महिलाहरुले नै अग्रगामी भूमिका लिएको पाइन्छ ।

समष्टिगत रुपमा परिवारको श्रम विभाजनमा समान सहभागिता देखिएता पनि वास्तवमा भिन्नता यस प्रकार छ : (१) निर्णय प्रकृयामा विषम समाजका थारु, मैथिली र पर्वतीया समुदायमा पुरुषको प्रधानता (२) तमाङ० र नेवारमा दुवैको समान सहभागिता (३) समानतामा आधारित वारगाउँले, लोहरुङ० राई र खाम मगरमा महिलाहरुको प्रधानता । अन्न कुनाट सम्वन्धी ३९ प्रतिशत निर्णयहरु " परम्परामा " आधारित भएता पनि नेवार, राई र पर्वतीया समुदायमा महिलाको प्रधानता, वारगाउँले र मैथिली समाजमा पुरुषको प्रधानता भएको पाइन्छ । थारु र तमाङ० समुदायमा अनाज कुनाट सम्वन्धमा पुरुष र महिला दुवैले समान रुपमा निर्णय लिन्छन् । कुन किसिमको बीच कुनाट गर्ने भन्ने विषयमा ६४.५ प्रतिशत महिलाले र २०.७ प्रतिशतमा पुरुषहरुले निर्णय गर्दछन् । बाँकी सबै प्रतिशत पुरुष वा महिला दुवैले सामुहिक रुपमा वा परम्पराको आधारमा निर्णय लिने गर्दछन् । रसायनिक मल र यसको प्रयोग सम्वन्धी सम्पूर्ण निर्णयहरु पुरुषले र प्राँगारिक मल सम्वन्धी सम्पूर्ण निर्णयहरु महिलाहरुले लिने गर्दछन् । मैथिली समुदायमा बाहेक अन्य सबै समुदायहरुमा कृषि उत्पादन र यसको व्यवस्थापन सम्वन्धी निर्णयहरुमा महिला वर्गको प्रमुख स्थान रहेको र महिलाहरुले बढी नगद राख्ने गर्दछन्। परिवारको लागि अत्यावश्यक वस्तुहरुको किनमेल महिलाहरुको सल्लाहमा पुरुषहरुले गर्ने गर्दछन् ।

यद्यपि औषधोपचार र शिक्षा सम्वन्धी निर्णयको शुरुवात महिलाहरु नै गर्दछन् तापनि अन्तिम निर्णय पुरुषहरु नै गर्दछन् । यस सम्वन्धमा लिइने निर्णय पनि समुदाय अनुसार फरक फरक छ । साना उपहार आदान प्रदान गर्ने र ऋण सम्वन्धमा मुख्यतया महिलाहरु नै उत्तरदायि हुन्छन् ।

गार्हस्थ उत्पादन विक्री, वितरण पनि महिला - पुरुष दुवैले समानरुपमा निर्णय लिएको पाइन्छ । थारु र मैथिली समुदाय मात्र यस्तो देखिएको छ जहाँ यस सम्वन्धी बढी निर्णयहरु महिलाहरुले गर्दा रहेछन् । तरकारी खेती र यसको विक्री सम्वन्धी निर्णयहरु महिलाहरुले नै गरेको पाइन्छ ।जनावर को विक्री बारेको निर्णय पुरुषाहरुले गर्ने गर्दछन् ।

परिवारको ऋण सम्वन्धी प्रमुख निर्णयहरु, मगर समुदायमा बाहेक महिलाको राय लिएर पुरुषाहरुले नै गर्दछन् । तापनि यस्ता निर्णयबाट महिलाहरु कहिल्यै पनि मतैक्य भएको पाइदैन । पैतृक सम्पत्तिको हक पुरुषमा स्वत: सर्ने कानूनी व्यवस्था अनुरुप भूमिको किनबेल सम्वन्धी निर्णय पुरुषाहरुले नै गर्दछन् । औद्योगिक र अन्य पूंजीगत व्यापार सम्वन्धी विषयमा महिला हरुले ५४.५ प्रतिशत र पुरुषाहरुले २४.४ प्रतिशत निर्णय गर्दछन् । निर्णय लिने प्रकृया सम्वन्धी विश्लेषण अनुसार विषम समुदाय (मैथिली, पर्वतीया र थारु) का महिलाहरु भन्दा समानतामा आधारित समुदायका (राई,वारगाउँले, मगर) महिलाहरुले घर भित्री र वाहिरी निर्णयहरु लिने गरेको देखिन्छ । नेवार र तमाङ० समुदायमा भने महिलाको भूमिका मध्यम हुन्छ ।

## (३) जनसंख्या र सामाजिक विशेषता

नमूना अध्ययनको लागि छनौट गरिएका १८०० घर परिवार मध्ये ४८.४ प्रतिशत पुरुष र ५१.६ प्रतिशत महिला छन् । उमेर अनुसार ४१.२ प्रतिशत जनसंख्या १५ वर्ष भन्दा कम र ४.७ प्रतिशत जनसंख्या ५० वर्ष भन्दा वढी उमेरका छन् । घर परिवारको औसत आकार ६.४ र सुक्रवारेमा ११.५ छ । ठूलो परिवार सुक्रवारेमा मात्र पाइएको छ । उक्त गाउँका कुल व्यक्ति हरु मध्ये ७४.२ प्रतिशत व्यक्ति ठूलो परिवारमा बस्ने गरेको देखिन्छ । सिर्सियामा ५० प्रतिशत व्यक्ति ठूलो परिवारमा र बाँकि ५० प्रतिशत साना परिवारमा बस्तछन् । समष्टिगत रुपमा कूल परिवारको ३० प्रतिशत ठूलो परिवारमा र ५६ प्रतिशत साना परिवारमा बसेको देखिन्छ । जनसंख्याको आधारमा ४८ प्रतिशत जनसंख्या ठूलो परिवारमा र ४५.५ प्रतिशत साना परिवारमा बस्ने गर्दछन् ।

नौ प्रतिशत पुरुष र २२.५ प्रतिशत महिलाहरु १४ वर्ष पुग्नु अगावै विवाह गरेको देखिएता पनि विवाहको समेत उमेर घट्दै छ । ६ वर्ष नपुग्दै विवाह गरेका ५० वर्ष र सो भन्दा वढी उमेरका ८.८ प्रतिशत महिलाहरुको तुलनामा अव १० देखि १४ वर्षको बीचमा विवाह गर्ने प्रतिशत ०.६ पुगेको छ। वकुन्डोल र सिर्सियाका कट्टर हिन्दु समुदायमा क्रमश: ७४.१ र ६५.६ प्रतिशत महिलाहरु १७ वर्ष नपुग्दै विवाह भै सकेको हुन्छ । कूल विवाहको ६.५ प्रतिशत वहु विवाह भएको देखिन्छ । १६ प्रतिशत महिला र ३०.५ पुरुषाहरुले

एक पटक मन्दा वढी विवाह गरेको पाइन्छ । राइ, मगर र वारगाउँले समुदायका १५ प्रतिशत महिलाहरूले मात्र एक पटक मन्दा वढी विवाह गरेको देखिन्छ । नेवार, ज्यापु र तामाङ० समुदायमा क्रमश: २४.४ र ३६.२ प्रतिशतले अरु समुदाय मन्दा वढी संख्यामा दोश्रो विवाह गर्दछन् ।

प्राय: सबै समुदायका महिलाहरूले माइतवाट महत्वपूर्ण समर्थन प्राप्त गर्दछन् । वृद्ध हुँदै गएमा माइत जाने क्रम पनि घट्दै जान्छ । १५ वर्ष देखि २४ वर्ष उमेर भएका ७७.४ प्रतिशत विवाहित महिलाहरू र ४५ वर्ष र सो मन्दा वढी उमेर भएका ६४.५ प्रतिशत महिलाहरू सर्वेक्षण मन्दा अघिल्लो वर्ष माइत गएको देखिन्छ । नमूना अध्ययनमा छानिएका ६० प्रतिशत महिला हरूको माइत ६ घण्टाको दूरी भित्र पर्दछ । ३१ प्रतिशत महिलाले गाउँमै विवाह गरेको पाइयो । कूल विवाहमा ५१.३ प्रतिशत पुरूष र ५६.६ प्रतिशत महिलाहरूको विवाह वावु आमाले तय गरे अनुसार भएको देखिन्छ । यो प्रचलन कट्टर हिन्दु समुदायमा वढी र मगर, वारगाउँले र राई समुदायमा आफैं छनोट गर्ने प्रचलन वढी छ ।

नमूना अध्ययनमा छानिएका १५ वर्ष र सो मन्दा वढी उमेर भएका महिलाहरू मध्ये प्रति महिला गर्भधारण दर ४.२ र यसै उमेर वीचका प्रति महिलावाट ३.६ जीवित शिशु जन्मेको देखिन्छ । विग्रने वा तुहिने औषत दर ६ प्रतिशत देखिन्छ । प्रति महिलावाट जन्मेर वाँचेका २.८ शिशुको गणना गर्दा कूल जन्मेका शिशुहरू मध्ये ७२.२ प्रतिशत शिशु वाँचेको देखिन्छ ।

वयस्क महिलाहरू मध्ये ६.४ प्रतिशत साक्षर छन् भने ५-१४ वर्ष उमेर भएका महिलाहरूको शैक्षिक दर १२ प्रतिशत छ । स्कूल भर्ना संख्या कम हुनुको मूल्य कारण हरेक परिवार खेती र घरको कार्यमा केटीको श्रममा भर पर्नु हो। यो तथ्यलाई समय विभाजन तथ्यांकले स्पष्ट पारेको छ । ५ वर्षको उमेर पुग्ने वित्तिकै केटीहरूले केटाहरू मन्दा वढी समय काम गर्ने र १० वर्ष देखि १४ वर्ष पुग्दा नपुग्दै तिनीहरूको कार्यवोझ प्रति दिन ७.३१ घण्टा पुगेको देखिन्छ जो एक किसिमले एउटा वयस्क लाग्ने मान्छे वरावरको छ । जहाँ महिलाहरू माथि कम नियन्त्रण समुदाय (कागवेनी, पङ०मा, थवाङ०) मा केटीहरूले ज्यादै पढ्न चाहेको पाइयो । माइतसँग सम्पर्क भई राख्ने र वृद्धावस्थामा छोरीवाट सहयोग प्राप्त हुने धेरै सम्भावना हुने हुँदा छोरीलाई सवैले पढाउन चाहन्छन् । यी समुदायहरूमा माइतिले छोरीलाई दायित्व मन्दा पूंजीको रूपमा हेर्दछन् जसले गर्दा उनीहरू स्कूलमा पढ्न जाने अवसर प्राप्त गर्दछन् ।

## (४) योजनावद्ध विकासको लागि सुझावहरु

योजनावद्ध विकासका लागि यस अध्ययनले हासिल गरेका उपलब्धीहरुको प्रभाव सम्बन्धी विषयमा विभिन्न ग्रामीण सारांशहरुमा विस्तृत चर्चा भै सकेको छ । महिला वर्गमा प्रत्यक्ष प्रभाव पर्ने खालका नीति, कार्यक्रम र आयोजनाहरुको संक्षिप्त विवरण यहाँ प्रस्तुत गरिन्छ ।

### (१) लक्षित एकीकरण

विकास अभियानमा महिला वर्गलाई समुचित रुपमा परिचालन गर्न र उनीहरुलाई सुरक्षित उत्पादनमूलक जीवनयापन गर्न सक्ने तुल्याउन विकास सम्बन्धी हरेक क्षेत्रमा महिलाहरुलाई विशेष किसिमले लक्षित गरिनु पर्दछ । महिलासंग सम्बन्धित विशेष किसिमका संस्था र कार्यक्रमको अतिरिक्त उनीहरुलाई नियमित क्षेत्रगत कार्यक्रममा समावेश गराउनु अत्यावश्यक छ । महिलाहरुलाई अर्थपूर्ण रुपले एकीकृत गर्न उनीहरुको लागि विशेष गरी रोजगार विस्तारित कार्यक्रम, रोजगारी का लागि तालिम र सहभागिता बारे सबै क्षेत्रमा स्पष्ट रुपले लक्ष्य निर्धारण गरिनुको साथै शुरुमा १० प्रतिशत महिलाको उक्त कार्यक्रमहरु सन्चालन हुन आवश्यक छ ।

ग्रामीण विकासमा महिलालाई लक्षित वर्गको रुपमा लिइनु पर्दछ भन्ने कुरा पटक पटक भनिएको छ । यस सन्दर्भमा उठेका दुई प्रमुख बुंदाहरु बारे यहाँ पुन: छलफल गर्न उचित होला । पहिलो, सहभागिता मा आधारित ग्रामीण विकास नीतिले स्वत: परिवारहरु लाभान्वित हुन्छन् । तर परिवार लाभान्वित हुँदैमा महिलाहरु लाभान्वित हुन सक्तैनन् । यस अध्ययनले के स्पष्ट पारेको छ भने आफ्नै परिवारको श्रोत र साधनको प्रयोगमा पनि पुरुष र महिलामा ठूलो विषमता देखिएको छ । घर बाहिरको श्रोतमा महिलाहरुको पहुंच र अवसरहरुलाई दृष्टिगत गर्ने हो भने यो विषमता अझ बढ्ने सम्भावना छ । अत: ग्रामीण विकास सम्बन्धी योजनाकारहरुले फाइदा वा लाभको वितरण लाई न्यायसंगत बनाउने प्रयासमा हस्तक्षेप गर्न सक्नु पर्दछ ।

यसको साथ साथै महिलाहरुलाई लक्षित वर्ग बनाउनुको तात्पर्य उनीहरुलाई परिवारवाट भिन्न गराउनु हैन अथवा परिवारको लागतमा उनीहरुको व्यक्तिगत समस्या समाधान गर्ने हैन । अध्ययन गरिएका समुदायमा परिवारको मुख्य केन्द्र विन्दु महिलाहरु नै भएको स्पष्ट देखिन्छ । निर्वाह उत्पादन र फार्म व्यवस्थापनमा पनि महिलाहरुको

सक्रिय भूमिका हुने हुंदा यी महिलाहरूको विकासमा हाम्रो प्रयास केन्द्रित हुनु परेको छ । साना कृषकहरूको संस्थागत लगानीमा ग्रामीण विकास नै निर्भर हुन्छ । यद्यपि यसको प्रयोगमा महिलाहरूको प्रमुख भूमिका हुन्छ । तापनि यिनीहरूमा स्वयं ऋण लिन सक्ने क्षमता नभएको हुनाले पुरूषहरूमा आश्रित हुनु पर्ने तथ्य अध्ययनले स्पष्ट पारेको छ । अत: यी सम्पूर्ण कार्यमा महिलाहरूलाई संलग्न नगराउने हो भने ग्रामीण विकासको वान्छित लक्ष हासिल गर्न सकिंदैन र यसको सफलतामा व्यवधान खडा हुन्छ । नीतिगत तहमा महिलालाई विकास अभियानमा एकीकृत गर्न लक्षित वर्गको रूपमा छैठौं योजनामा उल्लेख गरिएको थियो। तर यस नीतिलाई कार्यान्वयन स्तरसम्म विस्तृत रूपमा विवेचना भने गरिएको थिएन ।

(२) <u>उत्पादन मूलक साधन र रोजगारमा महिलाको पहुंच</u>

अध्ययन गरिएका सम्पूर्ण समुदायहरूमा पैतृक सम्पत्तिको हक र नियन्त्रणको अधिकार स्वत: पुरूषमा सर्ने व्यवस्था छ । उत्पादनको मुख्य श्रोत जमीनको स्वामित्व पुरूषमा निहित हुने र महिलाले विवाहको वखत माइतीवाट पाएको चल सम्पत्तिमा पनि संरक्षणको कुनै व्यवस्था छैन । पैतृक सम्पत्तिमा महिला पुरूष दुवैको समान अधिकार हुने दीर्घकालिन उद्देश्य हुनु पर्दछ । तुरून्तनै लागु गर्नु पर्ने नीति यस प्रकार छन् :

(क) स्त्रीधन सम्वन्धी अधिकारको संरक्षण गर्ने मौजूदा कानूनी व्यवस्था वारे महिलाहरूलाई जानकारी गराई सशक्त रूपले लागु गर्ने ।

(ख) गैह्र कृषि क्षेत्रमा आय आर्जन गर्ने खालका विषयलाई सर्वोपरि प्राथमिकता दिई महिलाहरूलाई तालिम दिने र अन्य आर्थिक साधनहरू महिलाहरूको नियन्त्रणमा दिनु पर्ने आवश्यकता देखिन्छ । उदाहरणार्थ विद्यमान रक्सी वनाउने र वितरण गर्ने अधिकार जिल्ला वा क्षेत्रको आधारमा एकाधिकार प्रदान गरिने परम्परालाई व्यक्ति वा समूह विशेषको आधारमा स्थानीय महिलाहरूलाई सरकारी इजाजत लिई सो व्यवसाय गर्न दिनु पर्दछ ।

(ग) धितो राखी मात्र ऋण पाउने व्यवस्थालाई खारेज गर्नु पर्दछ । साना किसान विकास कार्यक्रम अन्तर्गत समूहगत ऋण दिने व्यवस्थाको साथै व्यक्ति विशेषको आधारमा महिलाहरूलाई पनि ऋण उपलब्ध गराउनु पर्दछ ।

केही समुदायहरूमा महिलाहरूले आफ्नै शाहस र परिश्रममा साना घरेलु उद्योगहरू संचालन गरेको पाइयो । यी क्रियाकलापहरूबाट अतिरिक्त आय श्रृजना मै महिलाहरूले आफ्नो व्यक्तिगत खर्च र परिवारमा समेत सघाउ पु-याएका छन् । अत: यस किसिमले गैह्र कृषि क्षेत्रमा महिलाहरूलाई रोजगारका अवसरहरू उपलब्ध गराउने खालका सीप र स्थानीय साधनको परिचालन बारे जानकारी दिनु निर्विवाद छ । यसबाट भूमिमा पनि चापमा कमि हुनुको साथै समान आय वितरण मा समेत सुधार हुन सक्ने छ । यद्यपि छैठौं योजनाले पनि यसबारे उल्लेख गरेको छ तथापि साझा संस्थाले महिलाहरूलाई ऋण र तालिम प्रभावकारी रूपमा उपलब्ध गराउन सकला भन्ने कुरा शंकास्पद नै छ । कृषि विकास बैंकद्वारा संचालित साना किसान विकास कार्यक्रममा महिलाहरूलाई ग्रुप अर्गनाइजरको रूपमा नियुक्ति, तालिम र पदस्थापन जस्ता कार्यहरूलाई प्रोत्साहित गर्नु पर्दछ ।

लक्षित वर्गको दृष्टिका अतिरिक्त क्षेत्रगत लगानी गर्दा कति महिला र पुरूषले कुन क्षेत्रमा कति रोजगार पाउने हुन सो पनि स्पष्ट रूपमा किटान गरिनु पर्दछ । त्यस किसिमको लक्ष्यबाट कुन क्षेत्र वा कार्यक्रममा कति महिला वा पुरूषहरूले राष्ट्रिय स्तरमा समानुपातिक रूपमा रोजगार पाउने हुन एकिन गर्न सजिलो पर्दछ । वर्तमान अवस्थामा अधिकांश महिलाहरू परम्परागत कृषि क्षेत्रमा कार्यरत छन् । अत: ध्यान दिनु पर्ने कुरा के छ भने वैज्ञानिक प्रविधि वा संगठनात्मक पुनर्गठनले ती महिलाहरूलाई त्यस कार्यबाट विस्थापित गर्न नपाओस् । यसले महिला हरूलाई पुन: तालिम र ऋणको सुविधा तर्फ ध्यानाकर्षण गर्दछ । सो मध्यमा मात्र महिलाहरू आधुनिकीकरणको प्रकृया संगसंगै उत्पादन प्रकृयामा पनि अगाडि बढ्न सक्तछन् ।

ग्रामीण महिलाहरूको लागि रोजगारका अवशरहरूको श्रृजना सम्बन्धमा समय विभाजन र रोजगार सर्वेक्षणले कतिपय प्रश्नहरू हाम्रो सामु ल्याएको छ : (१) विद्यमान प्रविधि र उत्पादनको संगठनात्मक ढाँचा अनुसार के छैठौं योजनाले अनुमान गरेको ग्रामीण बेरोजगारको अवस्था वास्तविक हो ? (२) यदि त्यो सत्य हो भने वर्षको कुन मौसममा, दिनको कुन समयमा र कुन आर्थिक वर्ग र लिंगको हो ? हामीलाई बोध भै सकेको छ कि सबै समुदायमा पुरूषहरूको भन्दा बढी कार्य बोझ महिलाहरूमा छ । यस सन्दर्भमा उपलब्ध तथ्यांकहरू अनुसार खाली मुख्य खेतीको काम नहुने मौसममा मात्र श्रमिकहरू बेरोजगार हुन्छन् । साथै, वर्षभरी नै महिलाहरू भन्दा पुरूषहरू नै बेरोजगार श्रमको रूपमा देखिन्छन् ।

आर्थिक वर्ग अनुसार मध्यम र उच्च वर्गमा नै बढी श्रम वचत भएको देखिन्छ । आर्थिक दृष्टिले उच्च वर्गका महिला वा पुरुषहरु विशेष किसिमको काम मात्र गर्ने र उनीहरुलाई ठूलो धनरासी तलवको रुपमा दिनु पर्ने हुन्छ । निम्न वर्गका व्यक्तिको सधै जस्तो काम मै नै रहने र उनीहरुको उत्पादन वृद्धिमा सहयोग पु-याउनु पर्ने देखिएको छ। साथै उनीहरुलाई उत्पादनको उचित हिस्सा दिलाउनु पर्ने पनि आवश्यकता छ ।

यी अध्ययनहरुको आधारमा महिलालाई रोजगारी दिलाउने सन्दर्भमा दुई प्रमुख बुंदा देखिन्छन् : पहिले गार्हस्थ उत्पादनमा महिलाहरुले बढी काम गरि रहेकोले उनीहरुसंग अतिरिक्त काम गर्ने समय नै छैन । अत: महिलाहरुको उत्पादन क्षमता र आर्थिक उत्पादकत्वमा वृद्धि गर्ने खालको रोजगार नीति हुनु पर्दछ । नेपाली श्रमिकहरुको सिमान्त उत्पादकत्व (Marginal Productivity) यद्यपि शून्यमा पुगेको छैन । दोश्रो कृषि क्षेत्रमा श्रम मागको महत्वलाई हामीले विर्सनु हुँदैन र रोजगार सम्बन्धी कार्यक्रम ज्यादै नै लोचक ( Flexible) बनाइनु पर्दछ जसबाट श्रमिकहरु सहजै मौसम अनुसार चलन सकुन् ।

(३) तालिम विस्तार र कार्यमूलक प्रौढ शिक्षा

घर भित्र र घर बाहिरको द्वन्दले विभिन्न समुदायका महिलाहरुलाई विकास प्रकृयामा सहभागी बनाउन नसकेको हुँदा विशेष प्रकारका महिला तालिम र विस्तार (एक्सटेन्सन) कार्यक्रम संचालन गर्नु पर्ने आवश्यकता छ । स्थानीय समुदायका महिलाहरुलाई नै विस्तार वा नोकरी प्रवेशमा विशेष किसिमको व्यवस्था गर्नु पर्ने हुन्छ ।

अर्को महत्वपूर्ण पक्ष स्थानीय महिलाहरुलाई छनोट गर्दा समाजमा उच्च प्रतिष्ठा एवं इज्जत हासिल गरेका महिलालाई छनोट गर्नु पर्दछ । यस अध्ययनले के स्पष्ट पारेको छ भने उमेर बढी भएका परिपक्क विवाहित महिलाको छनोट गरेबाट समाजमा सकारात्मक प्रभाव पर्ने कुरा प्रमाणित भै सकेको छ । यस किसिमका महिलाहरुले समाजका पुरुष र महिला दुवै वर्गबाट आदर प्राप्त गर्दछन् । राई, मगर, बारगाउँले र तमाङ० समुदायमा अविवाहित महिलाले नयाँ प्रविधि र विचारको संचारमा मदत पुराउन सक्तछन् । किनकि उनीहरु ज्यादै घुम्न सक्ने प्रकृतिका हुन्छन् । सिर्सिया र बकुन्डाल जस्ता कट्टर गाउँहरुमा परिवर्तनको एजेन्ट परिपक्व विवाहित महिला नै हुनु पर्दछ । किनकि यस

किसिमका महिलाहरू घर देखि वाहिर नै तालिम लिन र दिन सक्ने हुन्छन् । तालिम लिने र दिने व्यक्तिहरूलाई पर्याप्त दैनिक एवं भ्रमण भत्ता, तालिम सामग्री एवं अन्य सर सुविधाहरूको समुचित व्यवस्था हुनु नितान्त जरुरी छ । वजेटमा पनि तालिम सम्वन्धी शीर्षकको भिन्नै व्यवस्था हुनु अपरिहार्य हुन्छ ।

तालिम पश्चात उपयुक्त स्थानमा पदस्थापन गर्नु पर्ने आवश्यकता महत्वपूर्ण देखिन्छ । तालिम प्राप्त महिलाहरूलाई सकभर उनीहरूको घर नगीचै पदस्थापन हुनु राम्रो कुरा हो । कृषि उत्पादनमा महिलाहरूको भूमिका ज्यादै महत्वपूर्ण भएको हुंदा हाल कृषि मन्त्रालयले महिला जे.टी.ए. नियुक्ति गर्ने लागेको कुरा प्रशंसनीय छ । महिलाहरूलाई यसरी जे.टी.ए.मा नियुक्ति गर्नु घर भित्र र घर वाहिरको द्वन्दलाई कम गराउनु हो । अर्को महत्वपूर्ण पक्ष चाहि वर्तमान सरकारी संगठन र वढ्दो प्रशासनिक जटिलता वारे महिलाहरूलाई जानकारी गराउनु हो । अत: महिला प्रौढ शिक्षा कार्यक्रम सशक्त रूपमा अगाडि वढाउनु पर्दछ।

विद्यालयहरूमा छात्राहरूको संख्यामा वृद्धि गर्ने चाहने हो भने अध्ययन समयमा केही परिवर्तन गर्नु पर्ने आवश्यकता देखिन्छ । समय विभाजन सम्वन्धी तथ्यांक अनुसार केटीहरूले घरमा काम गर्नु पर्ने भएवाट विद्यालय जान नसकेको तथ्य स्पष्ट भएको छ । यो समस्या समाधानको लागि पांच देखि ६ कक्षा सम्म पढ्ने समय ६ घण्टा देखि कम गराई दुई तीन घण्टाको गहन अध्ययन कार्यक्रम वा वाक्ला वस्तीहरूमा रात्री कक्षा संचालन गर्नु पर्ने अनिवार्यता देखिएको छ । शिक्षा एवं तालिम सम्वन्धी अर्को महत्वपूर्ण पक्ष चाहिं तालिम दिने व्यक्ति वा शिक्षकले गाउंको भाषामा वोल्ने गर्नु वान्छित देखिन्छ । हालका पाठ्यपुस्तक एवं शैक्षिक सामग्रीहरू थारू, मैथिली खाम मगर र वारगाउंले समुदाय लाई वुझ्न कठिन हुन्छ । अत: माथि उल्लेख गरे भैं शिक्षक र तालिम दिने व्यक्तिहरूलाई पनि स्थानीय भाषा सम्वन्धी थोर वहुत ज्ञान हुनु आवश्यक छ ।

(४) <u>महिला सम्वन्धी विशेष किसिमका संस्था</u>

स्थानीय तहमा आवश्यकतानुसार महिला सम्वन्धी विशेष किसिमका संस्थाहरूको स्थापनावाट महिलाहरूलाई संगठित गर्न सकिने छ । यसरी संगठित रूपमा तयार भएका महिलाहरूलाई परंपरागत कृषि कार्यको अतिरिक्त ठोस किसिमले आय श्रृजना गर्ने कार्यमा संलग्न गराउन

सकिन्छ । यो कार्य सम्पादनको लागि विद्यमान तालिम केन्द्रहरूलाई पुनर्गठन गरी ग्रामीण विकासद्वारा संचालित विभिन्न परियोजनाहरूमा विस्तार कार्यक्रम अन्तर्गत महिलाहरूलाई पदस्थापन गर्नु पर्ने हुन्छ । हाल संचालित विभिन्न ग्रामीण विकास परियोजनाहरूमा महिला सहभागिताको लागि भिन्दै कोष समेत व्यवस्था भएको देखिन्छ । तालिम प्राप्त महिलाहरूको आपूर्ति नियमित गर्न, पंचायत तालिम केन्द्र, कृषि आयोजना सेवा केन्द्र र कृषि विकास बैंक जस्ता तालिम दिने संस्थाहरू बढी ग्राहक उन्मुख र प्रभावकारी हुनु पर्ने आवश्यकताको साथै निम्न कुराहरू गर्नु पर्ने आवश्यकता देखिन्छ ।

(क) ग्रामीण विकास आयोजनाहरूको क्षेत्रगत आवश्यकता र कार्यक्रम अनुरूप विशेष लक्ष्यहरू प्राप्तीका लागि लचिक पाठ्यक्रम तर्जुमा गरिनु पर्ने भएको छ । यसबाट विभिन्न आयोजनाहरूमा भएका महिला कार्यकर्ताको मागलाई परिपूर्ति गर्न सकिने छ ।

(ख) यस्ता तालिम केन्द्रहरूको अन्य विभाग र संस्थाहरूसंगको सम्बन्धलाई सुदृढ गर्नु पर्ने आवश्यकता देखिन्छ । किनकि यस किसिमको सुदृढ सम्बन्धबाट विशेष किसिमका तालिममा आवश्यक पर्ने प्राविधिक सहयोग, तथ्यांक एवं सूचनाहरूको आदान प्रदानमा मद्दत मिल्ने छ । तालिम प्राप्त महिलाहरू लाई ऋण वा सुविधा उपलब्ध गर्ने व्यवस्था मिलाउनु पनि ज्यादै जरुरी छ । पूंजीको अभावमा तालिम प्राप्त महिलाहरूले आफ्नो सीपको प्रयोग गर्न नसक्ने हुंदा छोटो अवधिको लागि यस किसिमको ऋण सुविधा उपलब्ध गराउन आवश्यक देखिन्छ।

(ग) विद्यमान स्थानीय स्काउट, जिल्ला स्तरीय महिला संगठन, गुठी, साझा र परम्परा अनुसार चलि आएका सामाजिक संस्था (रोदी) हरूको आपसी सम्बन्ध र सहयोगले स्थानीय तालिम संचालन, स्थान र तालिमेहरूको छनोटमा मद्दत पुग्नको साथ साथै स्थानीय संस्थाहरूको मर्यादा र समतामा समेत वृद्धि हुन सक्नेछ ।

(५) उपयुक्त प्रविधि

उत्पादन र क्षमतामा वृद्धि नगरी हालको अवस्थामा महिला हरूको कार्य बोझ कम गर्न नसकेमा उनीहरू विस्तार कार्यक्रम, तालिम वा अन्य अतिरिक्त आय श्रृजना गर्न मद्दत पु-याउने खालका तालिममा सहभागी हुन नसक्ने कुरा स्पष्ट नै छ । अत: यसको लागि विकास र उपयुक्त प्रविधि स्थानीय तह सम्म पु-याउने कार्यलाई सर्वोपरि प्राथमिकता दिइनु पर्दछ । यसको अतिरिक्त विद्यमान परम्परावाट चलि आएका प्रविधिको सुधार, महिलाहरूको गृह कार्यमा विस्तार (अन्न प्रशोधन, तेल, पेल्ने, कपडा बुन्ने जस्ता कार्यक्रमहरू जसवाट महिलाहरूको अतिरिक्त आयमा वृद्धि हुन्छ) जस्ता कार्यक्रमहरू संचालन गर्नु पनै देखिन्छ । केही समुदायहरूमा नेपालको एक ठाउँमा प्रयोग गरिएको प्रविधि भन्दा अर्को ठाउँमा प्रयोग गरिएको प्रविधि ज्यादै पुरानो र अनुपयुक्त भएको देखिन्छ । उदाहरणार्थ ढिकीको वदलामा कागवेनीमा प्रयोग गरिने धान कुट्ने घट्ट खुला रूपमा आगो वाली खाना वनाउने फ्रकलनको वदला दाउरा वचत गर्ने अत्याधुनिक चुलहोहरू प्रयोगमा ल्याउन सकिन्छ । यसवाट मात्र प्रविधिको प्रचार एवं प्रसार सही र ठीक दिशामा हुन सक्को मान्न सकिनें छ ।

ग्रामीण स्तरीय अध्ययनहरूले निम्न लिखित क्षेत्रमा सुधारिएको प्रविधिको आवश्यकता भएको तथ्य इंगित गरेका छन् ।

(क) स्थानीय अन्न प्रशोधन

(ख) स्थानीय तेल पेल्ने विधि

(ग) सुधारिएका चुलहोहरू

(घ) सुधारिएका तानहरू

(ङ०) पिउने पानी

(च) सुधारिएको खाद्य भण्डार

(छ) सुधारिएको मल व्यवस्था

(ज) वीच छनौट

(झ) सुधारिएको कृषि उत्पादन प्रशोधन

विश्व विद्यालय स्तरको उच्च अनुसन्धान केन्द्रहरू र स्थानीय स्तरमा संचालन गरिएका विस्तारित कार्यक्रमहरू बीच सम्बन्ध स्थापना को अनिवार्यता ज्यादै आवश्यक देखिन्छ । केन्द्रीय स्तरमा अनुसन्धान गरी तयार गरिएका विशेष किसिमका उपयुक्त प्रविधिहरू गाउं स्तर सम्म पु-याउने व्यवस्था मिलाइनु अति जरुरी देखिन्छ ।

(६) समान पारिश्रमिक

श्री ५ को सरकारले कानूनी रूपले संगठित क्षेत्रमा एकै नासले काम गर्ने महिला वा पुरुषहरूको लागि समान पारिश्रमिकको व्यवस्था गरेको छ । असंगठित क्षेत्र जहां परम्परागत रूपमा काम गरिने प्रचलन छ त्यहां महिला वा पुरुषको पारिश्रमिक वारे श्री ५ को सरकारले खास केही गर्न सक्तैन । वारगाउँले समुदायमा पुरुष वा महिलाहरूलाई समान पारिश्रमिक दिने चलन छ । सोही किसिमले श्री ५ को सरकारले प्रत्येक जिल्लाहरूमा असंगठित क्षेत्रमा काम गर्ने महिला वा पुरुषको लागि समान पारिश्रमिकको व्यवस्था गर्न विभिन्न नीति तर्जुमा गरी हस्तक्षेप गर्न सक्तछ । श्री ५ को सरकारले समान पारिश्रमिक वारे व्यवस्था गरेको कानूनी व्यवस्थालाई कायम गर्न प्रत्येक जिल्लामा लिंग को वदला कामको प्रकृति र किसिम हेरी समान पारिश्रमिक निश्चित गर्नु पर्छ । यस व्यवस्थालाई अरू वढी सक्रियताका साथ लागु गर्न हो भने दर्ता गरिएका ठेकेदारहरू संग काम गर्ने महिलाहरूलाई पुरुष सरह पारिश्रमिक दिन वाध्य गर्नु पर्दछ । त्यसो नगरेमा उनीहरूको दर्ता (रजिष्ट्रेशन) खारेज हुने व्यवस्था हुनु पर्दछ ।

(७) परम्परा अनुसार चलि आएका कानूनी प्रचलनलाई मान्यता दिने

महिला र पुरुषलाई सम्वन्ध विच्छेद, नागरिकता, रोजगार र पैतृक सम्पत्ति सम्वन्धमा समान व्यवहार गर्ने दीर्घकालिन लक्ष्य भएता पनि परम्परामा आधारित विद्यमान कानूनी व्यवस्था जसले महिलाहरू को हकको संरक्षण गरिरहेका छन् ती कानूनलाई तत्कालनै मान्यता दिने आवश्यकता छ । धेरै जसो कानूनी व्यवस्था हिन्दू परम्परावाट प्रभावित भएको हुंदा महिलाहरू प्राय: परित्याग सम्वन्धी हक, पुनर्विवाह सम्पत्तिको हक आदिवाट वंन्चित भएको देखिन्छ । यस सन्दर्भमा महिला कानूनी व्यवस्था सेवा केन्द्रको विस्तारको आवश्यकता महसूस गरिएको छ । यस किसिमको संस्थागत सहयोग विना ग्रामीण महिलाहरू कानूनले प्रदान गरेका आफ्ना अधिकारहरू वारे अनभिज्ञ रही असुरक्षित अवस्था मा रहनु पर्ने स्थिति देखा पर्दछ ।

(८) विविध र विशेष किसिमको क्षेत्रगत कार्यक्रम

नेपालका ग्रामीण समुदायका महिलाहरूको आवश्यकता र समस्याहरूको विविधताको कारणले गर्दा यी महिलाहरूको लागि विकेन्द्रित र विशेष किसिमका क्षेत्र सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरिनु पर्दछ । यी कार्यक्रमहरू अवश्य नै स्थानीय स्तरमा उपलब्ध आर्थिक, सांस्कृतिक र स्रोत साधनमा आधारित हुनु पर्दछ । अत: यस सम्बन्धमा महिलाहरूको सहभागिता विकेन्द्रित योजना तर्जुमा प्रकृयामा आधारित केही विशेष किसिमका परियोजनाहरू सानो स्तरमा संचालन गरिनु पर्दछ ।

(९) महिलाहरूको आर्थिक योगदान र सुधारिएको तथ्यांक संकलन प्रविधि लाई मान्यता दिने

महिलाहरूको ग्रामीण अर्थतन्त्रमा सहभागिता बारे गरिएको यस अध्ययनले इंगित गरेका बुंदाहरू नेपालको योजनाहरूमा प्रतिबिम्बित गर्न सकिन्छ । यद्यपि महिलाहरूले श्रम शक्तिमा लिएको सहभागिताबारे वृहद रूपमा संकलन गरिएका तथ्यांकहरूमा केही संशोधन गर्नु पर्यो । " महिलाहरूलाई विकास प्रकृयामा बढी रूपमा सहभागि बनाउन कृषि क्षेत्रमा उनीहरूको लागि रोजगारका अवसर सृजना गर्ने " बारे छैठौं योजनामा उल्लेख भएको थियो । यसबाट के स्पष्ट हुन्छ भने " आर्थिक कृयाकलाप र श्रमशक्तिमा सहभागिता जस्ता विचारधारालाई समालोचना विना नै स्वीकार गरिएको छ । यसबाट के स्पष्ट हुन्छ भने महिलाहरूले उत्पादनशील कार्यमा बहुतनै कम योगदान गर्दा रहेछन् । यी विचारगत कुराहरूलाई अलग्गै राखी समय विभाजन तथ्यांकको आधारमा गरिएको आठ समुदायहरूको अध्ययनबाट के स्पष्ट हुन्छ भने महिलाहरू पुरूषहरू मन्दा बढी समय काम गर्दछन् । उनीहरूमा पुरूषहरूको मन्दा बढी कार्यबोझ छ । अत: महिलाहरूलाई अतिरिक्त काम गर्ने अवसरहरू उपलब्ध गराउनु मन्दा उनीहरूको उत्पादन क्षमतामा वृद्धि कसरी गर्ने र अरू बढी उत्पादनशील क्रियाकलापमा कसरी सरीक गराउने भन्ने कुरा महत्वपूर्ण छ ।

वास्तविक आर्थिक क्रियाकलापमा संलग्न दर (Actual Economic Particulation Rates ) बारे संकलन गरिएका तथ्यांक अपर्याप्त भएको विषयमा विस्तृत छलफल गरिएको छ (आचार्य: १९७९)। तथ्यांक संकलन सम्बन्धी वैचारिक समस्या र परिभाषा बारे पनि पहिले नै

छलफल गरि सकिएको छ । अन्तर्राष्ट्रिय स्तरमा पनि समान्य किसिमले संकलन गरिएको जनसंख्या तथ्यांकलाई मद्दत पु-याउन अरु किसिमका सर्वेक्षण गरिने परम्परा छ र यी सूक्ष्म सर्वेक्षण ( Micro Studies )ले प्राय औद्योगिक समाजको वास्तविक आर्थिक अवस्थाको जानकारी दिन सफल भएको पाइन्छ । तथापि जनगणनामा प्रयोग गरिएको परिभाषा र तथ्यांक संकलन प्रणालिलाई पुनर्विचार गर्नु पर्ने आवश्यकता देखिन्छ । नेपालको योजनाबद्ध विकासमा नियमित किसिमले सम्पूरक तथ्यांक संकलनको रुपमा साना तिना सर्वेक्षण अध्ययनहरु संचालन गरेको पाइदैन।

(१०) योजना, सुपरिवेक्षण र मूल्यांकन

यहाँ सिफारिश गरिएका बुंदाहरुको सफल कार्यान्वयन नियमित सुपरिवेक्षण र मूल्यांकनमा निर्भर गर्दछ । जहाँ महिला सम्बन्धी विषय लाई कल्याणकारी विषयसंग आवद्ध गरिन्छ त्यहाँ सरकारी स्तरबाट वढी अपेक्षा गर्न सकिंदैन । नेपालमा महिला सम्बन्धी विषयलाई, विकास कार्यक्रम र आयोजनाहरुमा प्राय: अनुसूचिको रुपमा समावेश गरिएको पाइन्छ । वास्तवमा महिला वर्गलाई विकास अभियानमा एकिकृत गर्ने हो भने प्रत्येक महत्वपूर्ण मन्त्रालय र योजना इकाइहरुमा महिला शाखा अनिवार्य रुपमा खोलिनु पर्दछ । विकास प्रकृयामा महिला हरुलाई समष्टिगत रुपमा एकीकरण गर्ने हो भने तर्जुमा गरिएका कार्यक्रम एवं आयोजनाहरुमा महिलाहरुलाई कुन हदसम्म सहभागि वनाइएको छ त्यसवारे सुपरिवेक्षण र मूल्यांकन सम्बन्धी अधिकार महिला शाखाहरु लाई प्रदान गरिनु पर्दछ । यो प्रशंसनीय कुरा हो कि पंचायत तथा स्थानीय विकास मन्त्रालयमा महिला शाखा स्थापना भएको छ । यदि यो शाखाले व्यवहारिक रुपमा आयोजना मूल्यांकन निर्देशन र मन्त्रालयको योजना तर्जुमा र मूल्यांकन प्रकृयामा रचनात्मक र सक्रिय भूमिका खेलन सकेमा अन्य महत्वपूर्ण मन्त्रालय लगायत राष्ट्रिय योजना आयोग जस्ता निकायहरुमा पनि यस किसिमका महिला शाखाहरु स्थापना गर्न प्रोत्साहित गर्नु पर्ने हुन्छ ।

## लिंग तथा आर्थिक समूह अनुसार समय उपयोगको ढाँचा
(१५ वर्ष र सो भन्दा माथिका जनसंख्या)
(६ गाउँहरू)

(घण्टा प्रतिदिन)

| गतिविधि | आर्थिक समूह । लिंग | उच्च | | | मध्यम | | | निम्न | | | सबै | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | दुवै | पुरुष | महिला | दुवै | पुरुष | महिला | दुवै | पुरुष | महिला | दुवै |
| परम्परागत आर्थिक गतिविधि | पशुपालन | १.६० | ०.६१ | १.२१ | १.३१ | १.१३ | १.२१ | १.४८ | ०.८१ | १.११ | १.४३ | ०.९७ | १.१७ |
| | कृषि | २.५५ | २.५१ | २.५३ | २.४५ | २.७२ | २.६० | ३.१८ | २.९० | ३.०२ | २.७३ | २.७४ | २.७३ |
| | उद्योग | ०.१५ | ०.३५ | ०.२६ | ०.५६ | ०.४३ | ०.४९ | ०.३८ | ०.५३ | ०.४६ | ०.४२ | ०.४५ | ०.४४ |
| | बाहिरबाट आर्जन गर्ने कार्य(गाउँभित्र) | १.०८ | ०.५८ | ०.८० | १.४१ | ०.४६ | ०.९० | १.११ | ०.३९ | ०.७१ | १.२४ | ०.४६ | ०.८१ |
| १. | परम्परागत आर्थिक गतिविधिको जम्मा | ५.३८ | ४.३५ | ४.८० | ५.७४ | ४.७४ | ५.२० | ६.१५ | ४.६४ | ५.३१ | ५.८१ | ४.६२ | ५.१५ |
| थप गतिविधि | शिकार र जम्मा गर्ने | ०.१९ | ०.३६ | ०.२९ | ०.२२ | ०.३४ | ०.२८ | ०.३० | ०.४४ | ०.३८ | ०.२४ | ०.३८ | ०.३२ |
| | दाउरा संकलन | ०.१९ | ०.०७ | ०.१२ | ०.१९ | ०.०५ | ०.१२ | ०.१३ | ०.०५ | ०.०८ | ०.१७ | ०.०५ | ०.११ |
| | पानी ल्याउने | ०.०७ | ०.७० | ०.४२ | ०.०६ | ०.७५ | ०.४३ | ०.०९ | ०.५६ | ०.३५ | ०.०७ | ०.६७ | ०.४० |
| | घर निर्माण | ०.२० | ०.०५ | ०.११ | ०.२५ | ०.१० | ०.१७ | ०.२८ | ०.०७ | ०.१७ | ०.२५ | ०.०८ | ०.१६ |
| | खाद्य प्रशोधन | ०.१९ | ०.९० | ०.५९ | ०.१७ | १.०० | ०.६२ | ०.१८ | ०.९८ | ०.६२ | ०.१८ | ०.९७ | ०.६२ |
| २. | जम्मा (थप गतिविधिको मात्र) | ०.८३ | २.०८ | १.५३ | ०.८९ | २.२४ | १.६२ | ०.९८ | २.११ | १.६१ | ०.९१ | २.१६ | १.६० |
| घरायसी गतिविधि | खाना पकाउने र पस्कने | ०.२४ | २.०० | १.२३ | ०.२९ | २.३५ | १.४० | ०.२५ | १.७२ | १.०६ | ०.२७ | २.०५ | १.२५ |
| | भाँडा कुँडा माझ्ने | ०.०३ | ०.५३ | ०.३१ | ०.०२ | ०.४० | ०.२३ | ०.०३ | ०.३१ | ०.१८ | ०.०३ | ०.३९ | ०.२३ |
| | घर सफा गर्ने । लिपपोत गर्ने | ०.०५ | ०.५० | ०.३१ | ०.०४ | ०.४७ | ०.२७ | ०.०४ | ०.४१ | ०.२४ | ०.०४ | ०.४६ | ०.२७ |
| | लुगा धुने | ०.०३ | ०.१४ | ०.०९ | ०.०२ | ०.२० | ०.१२ | ०.०२ | ०.१० | ०.०६ | ०.०२ | ०.१५ | ०.०९ |
| | किनमेल गर्ने | ०.३३ | ०.१४ | ०.२२ | ०.२० | ०.१५ | ०.१८ | ०.२३ | ०.२० | ०.२२ | ०.२४ | ०.१७ | ०.२० |
| | घरको अरु काम | ०.०५ | ०.१३ | ०.१० | ०.०५ | ०.१३ | ०.०९ | ०.०३ | ०.१२ | ०.०८ | ०.०४ | ०.१३ | ०.०९ |
| | बाल बच्चा हेर्ने र स्याहार्ने | ०.१३ | ०.६४ | ०.४१ | ०.२२ | ०.७८ | ०.५२ | ०.११ | ०.६० | ०.३९ | ०.१६ | ०.६९ | ०.४५ |
| ३. | जम्मा (घरको गतिविधि) | ०.८६ | ४.०८ | २.६७ | ०.८३ | ४.४९ | २.८१ | ०.७१ | ३.४६ | २.२३ | ०.७९ | ४.०३ | २.५७ |
| (क) | कुल कार्यभार (१ + २ + ३) | ७.०७ | १०.५१ | ९.०० | ७.४६ | ११.४७ | ९.६२ | ७.८४ | १०.२० | ९.१५ | ७.५१ | १०.८१ | ९.३२ |
| ४. | शिक्षा | ०.३९ | ०.०२ | ०.१८ | ०.६६ | ०.१६ | ०.३९ | ०.१६ | ०.०७ | ०.११ | ०.४३ | ०.१० | ०.२५ |
| ५. | व्यक्तिगत सुधार सफाई | १.५९ | १.३६ | १.४६ | १.५१ | १.०५ | १.२६ | १.३० | १.०७ | १.१७ | १.४५ | १.१२ | १.२७ |
| ६. | सामाजिक गतिविधि | ०.३६ | ०.२१ | ०.२८ | ०.३३ | ०.१८ | ०.२५ | ०.२५ | ०.१२ | ०.१८ | ०.३१ | ०.१६ | ०.२३ |
| ७. | फुर्सत | ६.५९ | ३.९० | ५.०८ | ६.०४ | ३.१५ | ४.४८ | ६.४५ | ४.५४ | ५.३९ | ६.३० | ३.८१ | ४.९३ |
| (ख) | जम्मा (४ + ५ + ६ + ७) | ८.९३ | ५.४९ | ७.०० | ८.५४ | ४.५३ | ६.३८ | ८.१६ | ५.८० | ६.८५ | ८.४९ | ५.१९ | ६.६८ |
| (ग) | कुल गाउँ भित्रको गतिविधि (क + ख) | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० | १६.०० |

# जेल भित्रका महिलाहरूको घटना अध्ययन: साराँश +

## परिचय

अन्तर्राष्ट्रिय महिला वर्ष सन् १९७५ को सन्दर्भमा नेपालका विभिन्न जेलहरूमा कैदी भई बसेका धेरै असहाय र पीडित महिलाहरू बारे अध्ययन गरियो । नेपाली समाजको विभिन्न सामाजिक, धार्मिक परम्परा र कानूनी व्यवधानले गर्दा नचाहँदा नचाहँदै पनि गर्भवती बन्न पुगेका कयौं महिलाहरूले बाल हत्या र गर्भपतन गर्न बाध्य हुन्छन् र सो गरे बापत उनीहरूले अपराध अनुसारको जेल सजाय भोगीरहेका छन् । यस्ता महिलाहरूले किन, कसरी र कुन अवस्थाले गर्दा सजाय भोग्नु परेको छ सो बारे अध्ययन गरी जन समक्ष प्रस्तुत गर्नु नै यो अध्ययनको मूख्य उद्देश्य रहेको छ ।

जनसंख्या घटाउने क्रममा पश्चिमी तथा एशियाको केही देशहरू खासगरी जापान र भारतले समेत गर्भपतनलाई मान्यता प्रदान गरिसकेको छन् भने नेपाली कानूनले गर्भपतनलाई निषेध गरेको हुनाले धेरै महिलाहरू जो अकस्मात गर्भवती बन्न पुगेका हुन्छन् उनीहरू समाज बाट तिरस्कृत र बहिस्कृत हुने डरले लुकीछिपी आफ्नो नवजात शिशुको हत्या गर्न बाध्य हुन्छन्, जसले गर्दा उनीहरूले शारिरीक मानसिक तथा सामाजिक यातना भोग्नु परेको छ ।

गर्भपतन अथवा बाल हत्या गर्न बाध्य भई अपराधी बन्न पुगेका केही महिला बारे अनुसन्धान गर्ने सिलसिलामा अनुसन्धानकर्ताहरूले विभिन्न अदालत र यसका प्रकृयाका साथ विभिन्न जेलहरूको समेत निरीक्षण गरी उनीहरूसंग सिधै सम्पर्क राखी सोधपुछ गर्दा नेपाली महिलाहरू खासगरी अशिक्षित र अनभिज्ञ भएको हुनाले समाजबाट बहिस्कृत र तिरस्कृत हुने डर र त्रासले गर्दा प्रहरी र अदालत समक्ष आफ्नो सफाई पेश गर्न नसकी बाध्य भएर सजायका भागी पनि बन्न पुगेका छन् । दुबै लाग्ने मानिस र आइमाईको सहमतीबाट अपराध भएको भएता पनि सो अपराधमा प्राय: लाग्ने मानिसले सजाय पाएको भेटिंदैन र यस प्रकारको सजाय भोग्ने महिलाहरू पनि प्राय: पिछडिएका समुदायबाटै बढी देखिन्छन् ।

अनुसन्धान टोलीहरूले नमूनाको रूपमा विभिन्न चार वटा जेलहरूको निरिक्षण गरी त्यहाँका सम्बन्धित व्यक्तिहरू जस्तै जेलर, चौकीदार्नी, मूल नाइकेनी र महिला कैदी हरूसंग सिधै सम्पर्क राखी सोधपुछ गरेका छन् जसमा कैदी महिलाहरूले उनीहरू माथि पुरा भरोसा राखी सोधीएका प्रश्नहरूको उत्तरसही रूपमा दिएका छन् । प्राय: सबै जेलहरूमा महिलाहरूको लागि खाने बस्ने व्यवस्थाको राम्रो प्रबन्ध भएको देखिँदैन र कुनै जेलमा महिला कैदीले पागल महिलाको समेत रेखदेख गर्नु पर्ने गराइएको छ । जेल भित्रको आन्तरिक प्रशासन चलाउन कैदीहरू मध्येबाट चौकीदार्नी, मूल नाइकेनी र नाईकेनीहरूको व्यवस्था गरिएको छ । जसको मूख्य काम कैदीहरूको रेखदेख गर्ने, आवश्यक परेमा कैदीहरूलाई सानोतिनो सजाय

---

+ Integrated Development System बाट प्रस्तुत प्रतिवेदन "Women in Prison: A Case Studies" बाट साबित्री थापाले साराँश अनुवाद गर्नु भएको ।

गर्ने, वाहिरवाट सामानहरू किनमेल गरेर ल्याई दिने र खासगरी कैदी र जेलरहरूको वीच सम्पर्क राख्ने काम गर्दछन् । प्राय: सवै जेलमा कैदीहरूलाई खान वस्नको लागि पर्याप्त ठाउँ दिइएको छैन खाना र लगाउने लुगा समेत ज्यादै नपुग छ । कुनै जेलमा कैदीहरू विरामी भएमा डाक्टरले जाँच गर्ने व्यवस्था भएता पनि औषधिहरू उपलब्ध गराउने व्यवस्था छैन तर कुनै जेलहरूमा भने सानै रूपमा भए पनि प्रौढ कक्षा र घरेलु इलम केन्द्र संचालन भएका छन् । कैदको सजाय माफी र चाँडै कैदवाट छुटकाराको लागी कोही महिला कैदीहरूले श्री ५ बडामहारानी सरकारमा विन्तीपत्र चढाएको पनि पाइन्छ ।

वाल हत्या र गर्भपतनको अभियोगमा कैद परेका महिलाहरूको संख्या क्रमश: निम्न प्रकार छ : मेची, कोशी, सगरमाथा, जनकपुर, वागमती, नारायणी, गण्डकी, धौलागिरी, लुम्विनी, राप्ती, भेरी, सेती अंचलहरूमा क्रमश: ४,५,१,७,१२,४,६,२,५,२,१ र २ छन् भने कर्णाली र महाकाली अंचलमा सो सम्वन्धी महिला कैदीहरू भएको पाइदैन । यसरी कुनै पनि अभियोगमा महिलाहरू जेल परेमा आफ्नो परिवारले प्राय: स्वीकार नगर्ने हुनाले उनीहरू जेलवाट छुटकारा पाएपछि कहाँ जाने, के गर्ने, कसको आश्रय पाउने भन्न ठूलो समस्या छ । यसको अहिले सम्म कुनै व्यवस्था भएको देखिदैन ।

## घटना विवरण

अध्ययन अवधिमा ३१ जना महिलाहरू सम्वन्धी अध्ययन गर्दा प्राय: सवैको उस्तै प्रकारको घटना भएको हुनाले यस प्रतिवेदनमा सिर्फ १० जना महिला कैदीहरू वारेको घटना विवरण पेश गरिएको छ । सो विवरण अभियुक्तहरूसंगका अन्तरवार्ता, प्रहरी रिपोर्ट, अदालती कागज पत्रको आधारमा तयार गरिएका छन् ।

(१) काठमाडौं स्थित सेन्ट्रल जेलमा रहेकी उमा उप्रेती वारेको वास्तविक घटना वारे निजसंग सोधपुछ गर्दा र प्रहरी र अदालत समेतको रिपोर्ट र निर्णय हेर्दा उमा उप्रेतीको वारे निम्न घटना घटेको देखिन्छ । उमा उप्रेती १७ वर्ष के यौवन अवस्थामा विधुवा हुन्छीन आफ्नै यौन तृष्णा मेट्न उनी राम प्रसादसंग प्रेम गर्न थाल्दछीन् । यसै सिलसिलामा उनी गर्भवती वन्न पुग्दछीन तर समाज र कानूनको डरले उनले राम प्रसादसंग विवाह गर्न सक्दीनन् साथै राम प्रसादले पनि आफ्नो ५ जना सन्तान भई सकेकोले समाज र कानूनको डरले उमालाई विवाह गर्न नसकेको कुरा स्विकार्दछ । परपुरूषवाट गर्भधारण गरी वच्चा जन्माएपछि आफ्नो लोग्ने तर्फको सम्पत्ती केही नपाउने हुनाले उनले बच्चा जन्मना साथ मारेर त्यसलाई सुटकेस भित्र राखि मिल्काउंदछीन त्यो कुरा निजको जेठाज्यूवाट प्रहरीमा उजुर गरेपछि छानविन गर्दा निजले वच्चा मारेको ठह-याइन्छ । निजले वाल हत्याको अभियोगमा २० वर्षको सजाय भोगीरहनु परेको छ ।

(२) मध्यमाञ्चलमा रहेकी शारदा देवी पनि वाल हत्याको अपराधमा २० वर्ष कैद को सजाय भोगीरहेकी छन् । उनी संगको सोधपुछ, प्रहरी रिपोर्ट र अदालती प्रमाण अनुसार उनले वाल हत्या गरेवापत कैद सजाय पाएको घटना यस प्रकार छ : काभ्रे जिल्लाकी शारदा देवीको विवाह ७ वर्षमा भएको थियो तर लोग्ने मन नपरेको कारणले उनी माइत मै वस्थीन । उनका वावु आमा सवै तराईको सर्लाही जिल्लामा वसाइ सरी जांदा संगै गइन । एक दिन शारदा देवी दाउरा काट्न जङ्गलमा जांदा उनको टाढाको नाता पर्ने एक केटोले उनलाई जवर्जस्ती हातपात ग-यो । फलस्वरूप उनी गर्भवती भइन तर डरले सो कुरा उनले आफ्ना वावु आमालाई पनि भन्न सकिनन् । ६ महिनाको गर्भधारण पछि कामको वोझले गर्दा उनले २ जना मरेको वच्चा जन्माइन । ती वच्चाहरू उनले दुई दिन सम्म त्यसै राखीन । पछि त्यसै गाउंको एकजना छिमेकीको उजुरीको आधारमा प्रहरीद्वारा उनी पक्राइन र उनलाई अदालतको समक्ष सफाई दिने मौका नै नदिई वडा अध्यक्ष भएको उनको छिमेकीको प्रभावमा परेर उनलाई अदालतले वाल हत्याको अभियोगमा सर्वस्व सहित २० वर्षको कैदको सजाय सुनायो । पछि उनले क्षेत्रीय अदालतमा पनि निवेदन दिएकी छन् । तर गरीव र अवला महिलाको लागि कहीं न्याय मिल्दैन भन्ने कुरामा उनी विस्वस्त छिन् र कैद मुक्तान पछि कहां जाने र के गर्ने भन्ने समस्याले पनि उनीलाई निकै सताएको छ ।

(३) सोलुखुम्व जिल्लाकी भिमकुमारी तामाङ काम खोज्ने सिलसिलामा काठमाडौंमा आइ कार्पेट वुन्ने काममा लागेकी रहिछन् । एक दिन दशैंको वेलामा आफ्ना आमा वावुसंग भेटघाट गरी सोलुखुम्व जिल्लावाट काठमाडौं आउंदा वाटोमा राम वहादुर गुरूङसंग उनको भेट भएछ र पछि दुवै संगै डेरा लिएर वस्न थालेछन् राम वहादुर गुरूङ पर्यटक घुमाउने कार्य गर्दथ्यो । दुवै एउटै डेरामा वस्दा भिम कुमारीले राम वहादुरवाट गर्भधारण गरिन । त्यो थाह पाएर राम वहादुर गुरूङ कामको सिलसिलामा वाहिर गयो तर फेरी फर्केर आएन । महिना पुगे पछि एक दिन उनले वच्चा जन्माइन । वच्चा जन्मना साथ उ वेहोस भई र पछि विउझेर हेर्दा वच्चाको साल नाल तानीएको र वच्चा मरेको अवस्थामा देखेर उनले वच्चालाई थाङ्नोमा वेरेर नजीकको फोहर फाल्ने ठाउंमा फ्याकिछन् । प्रहरीले सो रिपोर्ट पाएर सोधपुछ गर्दा भिम कुमारीले सो अपराध गरेको पत्ता लगाई उनीलाई अदालत समक्ष पेश गरी अदालतले प्रहरीको रिपोर्ट र अन्य साक्षी प्रमाण समेतको आधारमा भिम कुमारी जेलमा छिन तर उनले माथिल्लो अदालतमा निवेदन दिएकी छिन् तर रू.३००।- नभई वकिलले उनको मुद्दा हेर्न स्वीकार गरेको छैन । उनी असहाय भएर जेलमा रहेकी छन् ।

(४) काली मायाको लोग्ने लाहुरे भएकोले उ अक्सर घरमा हुँदैनथ्यो र कालीमाया घरमा आफ्नो ससुरा र जेठाज्यूहरूसंग बस्दथीन् । एक दिन रातको समयमा जेठाज्यूले उनलाई जर्वजस्ती करणी गरेछन् । गर्भवती भइछन् समाजको डरले कराउन सकिन सो गर्भपतन गर्न अनेकों उपाय गरिन् । तर गर्भपतन भएन र हाड नाता करणीमा सजायं पाउने डर र समाजका डरले बच्चा जन्मिए पछि उस्ले जन्मना साथ सो बच्चालाई घाटी निमोठेर मारी खेतमा लगेर गाडी छन् । पछि प्रहरीले छानवीन गरी कालीमाया गुरुंगलाई बाल हत्याको अभियोगमा अदालत समक्ष खडा गऱ्यो र जिल्ला अदालतले पनि साविति वयान र अन्य प्रमाणको आधारमा कालीमाया गुरुंगलाई बाल हत्याको अभियोगमा २० वर्षको कैद सजायं दियो । तर उनले सर्वोच्च अदालतमा पुनरावेदन दिएको हुनाले सर्वोच्च अदालतले जिल्ला तथा क्षेत्रीय अदालतको फैसलालाई रद्द गरी अभियुक्तको उमेर त्यस बेला १७ वर्ष को मात्र भएको र जेठाज्यूबाट रातको समयमा एक्लै पारेर जवर्जस्ती योन सम्पर्क कायम गरी गर्भाधान गराएकोले वाध्य भई बच्चाको हत्या गर्नु परेको हुनाले निज लाई सर्वश्व सहित २० वर्षको कैदको सजायं दिनु बढी हुने भएकोले ५ वर्षको मात्र कैदको सजायं दिने फैसला गरेछ । सोही फैसला बमोजिम निज कालीमायाले ४ वर्षको कैद सजाय भुक्तान गरि सकेकि छन् । तर उनलाई जेलबाट छुटेपनि आफ्नो घर तर्फ र माइती तर्फ समेत स्वीकार गर्छन् कि गर्दैनन् भन्ने ठूलो डर छ । त्यसैले उनले काठमाडौंमा नै बसी केही काम गरेर जीवन विताउने इच्छा प्रकट गरेकी छन्।

(५) २३ वर्षिय मीरा श्रेष्ठको आफ्नै गा.पं.को अफिसमा काम गर्ने कर्मचारी संग प्रेम भएछ र पछि गर्भाधारण गरिछन् । समाजको अपवाद र लोग्नेको डरले उनले सो गर्भपतन गर्न सिंहनाथ र कोसलाको सहयोग लिइछन् । तर उनीहरूबाट दिएको औषधीले गर्भपतन भएनछ । तर पछि एउटा फाल औषधि खाएपछि उनलाई बच्चा पाउने व्यथा लाग्यो र उनले घर पछाडिको बगैचामा गएर बच्चा जन्माइछन् र सो बच्चालाई पैसाको लोभ परी सिंहनाथले मारेर जमिनमा गाडी दियो । मीराले गर्भपतन गर्न मात्र चाहन्थिन् । तर सो सम्भव नभएकोले बच्चा मार्ने परिस्थितिको श्रृजना हुन गयो । प्रहरीको रिपोर्ट साक्षी प्रमाण र साविती वयान समेतको आधारमा अदालतले सम्पत्तिको लोभले बच्चालाई मारेको ठहरिएको हुनाले सिंहनाथलाई सर्वश्व सहित २० वर्षको कैद सजाय र मीरा श्रेष्ठलाई बच्चा मार्ने अवस्थाको श्रृजना गरे वापत ५ वर्षको कैदको सजायं र कोसिलालाई गर्भपतन गराउन औषधि दिए वापत रु.५००।- को जरिवाना गर्ने निर्णय गऱ्यो ।

(६) वाग्लुङ०की उर्मिला सुनार्नी आफ्नो लोग्नेसंग सम्बन्ध विच्छेद गरी आफ्नै आमा वाबुसंग बस्तथिन् । एक दिन घांस काट्न जादा भाक्री बल वहादुरसंग उनको भेट भएछ र उनीहरू दुईमा प्रेम भएछ । फलस्वरूप उर्मिला गर्भवती भईछिन् । बल वहादुरले गर्भ रहेको कुरालाई छिपाएर राख्ने सल्लाह दियो र बिरामीको बहाना

गरी औषधि गर्ने निहुले वल वहादुरले उमीलालाई गर्भपतन हुने औषधि दिन थाल्यो । औषधिको प्रभावले बच्चा जन्मेछ र हेर्दा मरेको देखि उसैको सल्लाह वाट वगैँचामा लगेर गाडीछन् । सो कुरा पछि गाउँलेहरूको भनाई अनुसार प्रहरीले पत्ता लगाई उमीलालाई समातेर अदालत समक्ष उभ्याइयो । साक्षी प्रमाणको आधारमा जिल्ला अदालतले उमीलालाई वाल हत्याको अभियोगमा सर्वश्व सहित २० वर्षको कैदको सजाय दियो । तर उमीलाले जिल्ला अदालतको फैसलामा चित्त नबुझी क्षेत्रीय अदालतमा पुनरावेदन दिइन् र क्षेत्रीय अदालतले अभियुक्तले ज्यान मारेको इन्कार गरेको, ज्यान मारेको वारे कुनै निश्चित साक्षी प्रमाण नभएको जन आवाज पनि वलियो नभएको, गर्भपतनको लागि दुई पटक औषधि लिंदा गर्भमा बच्चा चलन छाडेको र बच्चा मरेको अवस्थामा जन्मेको भन्ने वुझिएकोले निजलाई १ वर्ष ६ महिनाको मात्र कैद गर्नु पर्ने निर्णय गऱ्यो ।

(७) इन्द्रा कार्कीको जेठाज्यूको रिपोर्टको आधारमा प्रहरीले गाडेको ठाउँमा गएर हेर्दा बच्चालाई मारेर जमिन मुनी गाडेको भेटिएका र स्थानीय जनताको भनाई अनुसार प्रहरीले छानविन गर्दा गोर्खाकी इन्द्रा कार्कीले बच्चा जन्माई त्यसलाई मारेर गाडेको ठहर गरी अदालतमा मुद्दा सहित इन्द्रा कार्कीलाई पेश गरेछ र अदालतले पनि इन्द्रा कार्कीले बच्चा जन्माई मारेको सावित भएको र अन्य प्रहरी रिपोर्ट प्रमाणहरू समेतको आधारमा इन्द्रा कार्कीलाई सर्वश्व सहित २० वर्षको कैदको सजाय दिएकोले उनी जेलमा सो सजाय भोग्दै छिन् तर इन्द्रा कार्कीले अन्तरवार्ता लिनेहरू समक्ष आफुले बच्चा नमारेको कुरा वताउँछिन् । १२ वर्षकै उमेरमा इन्द्रा कार्की विधवा हुन्छिन् र एक दिन घरमा कोही नभएको वेला पारी उनको जेठाज्यूले उनीलाई हातपात गरी जवर्जस्ती गरेको फलस्वरूप उनले गर्भधारण गरिन् । सो कुरा जेठाज्यूलाई सुनाउँदा उस्ले कुरा वास्तानै नगरेको हुनाले उनले गर्भपतन गर्न धेरै कोशिश गरिन् । तर गर्भपतन भएन र ८ महिना पुगेपछि मरेको बच्चा जन्मेको हुनाले उनले त्यसलाई जमिनमा गाडिन् । जेठाज्यूले उनको सम्पत्ति खाने दाउले उनीलाई वाल हत्याको आरोप लगाई प्रहरीमा उजुर गऱ्यो र प्रहरी समक्ष कुटपिट गरेर उनलाई जवर्जस्ती बच्चा मारेको हो भन्न लगाए । सोही सावितिको आधारमा उनी वाल हत्याको अभियोगमा २० वर्षको कैद सजाय भोग्दैछिन् ।

(८) नवलपरासी जिल्लाको गैंडाकोट वस्ने काली दमिनी अविवाहित छँदै एक दिन उनी विरामी परिछन् र स्थानिय चलन अनुसार उनका आमा वावुले आफ्नो पुरोहित लामालाई उपचारको लागि घरमा वोलाएछन् । लामाले एकान्तमा लगेर औषधि गर्नु पर्दछ भनी कालीलाई एकान्तमा लगेर यौन सम्पर्क राखेछन् र सो कुरा अरूलाई भनेमा औषधि लाग्दन र रोग निको हुँदैन भनी सो कुरा गोप्य नै राख्न लगाएछन् । काली दमिनीको महिनावारी रोकिएछ सो कुरा उनले आमालाई भन्दा उन्की आमाले शुरूको वर्षहरूमा महिनावारी कहिले काँही रोकिन्छ भनिछन्।

आफुले गर्भाधारण गरेको कुरा कालीले लामालाई भनिछन् र उसले तिनलाई औषधिहरू खान दियो । तर गर्भपतन भएन । अनि एक दिन वच्चा जन्मेछ । उनले सो बच्चालाई त्यहीं खाल्डोमा छाडेर घर आइन र महिनावारी भएं भनी पन्छेर वसिछन् । पाछ प्रहरीले सो कुरा पत्ता लगाई उनलाई समातेर लगी जवंजस्ती कुटपिट गरी अपराध गरेको साविति गराइ वाल हत्याको अभियोगमा अदालतमा पेश गरेछ । अदालतले पनि प्रहरीको रिपोर्ट र अन्य साक्षी प्रमाणको आधारमा कालीलाई बच्चा मारेको अभियोगमा सर्वश्व सहित २० वर्षको कैद सजायं दिएछ। तर काली दमीनीले अफ्न आफुले बच्चा नमारेको कुरा वताउंदछिन् । साथ सोही अपराधमा पुरा हात हुने टण्डुप लामालाई प्रहरी तथा अदालतले समेत नसमातेकोमा आश्चर्य प्रकट गर्दछिन् । उनी वैवाहिक जीवन विताउन चाहन्छिन् तर उनको लागि सहायता गर्ने कोही देखिंदैन ।

(९) वुटवल नगर पंचायतकी उर्वसी क्षेत्रीको चिया पसलमा संधै आइरहने एक केटासंग प्रेम हुन्छ र दुवै विवाहको लागि भागेर जान्छन् । तर वावु आमाले पत्ता लगाई उर्वसी लाई उस्को प्रेमी संग छुटाएर ल्याउंदछन् । उर्वसीले गर्भधारण गरी सक्की हुन्छे र गर्भपतन गराउन उनको प्रेमीले दिएको औषधि खाए पनि उन्को गर्भपतन हुंदैन । महिना पुगेपछि बच्चा जन्माई उक्त बच्चालाई वोरा भित्र राखेर घर पछाडिको वारीमा फ्यांकीछन् । प्रहरीले सो घटना वारे छानविन गर्दा उर्वसीलाई पक्री केरकार गर्दा उनले बच्चालाई वोरामा राखी फ्याक्को कुरामा सहमती भइछन् । सोही साविती वयान र अन्य प्रमाणको आधारमा जिल्ला र क्षेत्रीय अदालतले उर्वसीलाई सर्वश्व सहित २० वर्षको कैद सजाय गरेछ । तर सर्वोच्च अदालतले भने जिल्ला र क्षेत्रीय अदालतले उर्वसीलाई सर्वश्व सहित २० वर्षको कारावासको सजायं दिएकोमा अपराधको परिवन्द हेर्दा सो सजाय वढी देखिने भएकोले निजको पहिलेको फैसलामा ५ वर्षको कारावास घटाउने निर्णय गरेछ । तर सो निर्णय वारे उर्वसीलाई कैही थाहा दिइदन । उवर्सीले आफ्नो सजायंको समय पनि समाप्त गरी सक्की छ र उ आमा वावु कहां पनि नजाने र स्वतन्त्र रूपमा पोलु इलम केन्द्र संचालन गरेर जीवन विताउने विचार गर्दछिन् ।

(१०) यो घटना प्रहरी हिरासतमा रहेकी पवन चमार्नीको हो । २ छोरा छोरीको आमा पवन चमार्नीको देवरको सहवासमा गर्भधारण गर्दछिन् । गर्भधारणको कैही महिना पछि नै उनको पाठेघर साह्रै दुखेपछि उनलाई अस्पताल लगेछन् । औषधोपचारको सिलसिलामा उनलाई लठ्याइयो र पछि विउंफोर हेर्दा उनको पाठेघरमा एउटा काठको लठ्ठी रहेको भेटिएकोले सोही लठ्ठीले उनले गर्भपतन गराएको हो भनी प्रहरी रिपोर्ट पेश हुन्छ प्रहरी रिपोर्टमा पवनले साविती गरेर हस्ताक्षर गरेको कुरा पनि पेश गरेको हुन्छ तर सो कुरा पनवले इन्कार गर्दछे । उनले गर्भपतन गर्ने कुनै औजार प्रयोग नगरेको र गर्भपतन गराउन कोशिश पनि नगरेको कुरा

वताउँछिन् र प्रहरी हिरासतमा परेकोले आश्चर्य मान्दछिन् । अदालतले निम्न प्रकार फैसला गरेछ " पवन चमारनीले गर्भपतन गर्न कुनै साधन प्रयोग गरेको कुरा साक्षी प्रमाणवाट पनि नदेखिएको, स्थलगत निरीक्षणवाट पनि त्यस्को कुनै पुष्ट्याई नभएको हुनाले निजलाई हामीले गर्भपतनको दोषी ठह-याउन नसकेको हुनाले निजलाई कुनै सजाय गर्ननमिल्ने ठहर गरी निजलाई तुरुन्त विना सजाय रिहाई गर्नु पर्छ "।

निष्कर्श

माथिका १० वटा घटनालाई केलाउंदा नेपाली समाजमा महिलाहरूको के कस्तो अवस्था रहेछ भन्ने थाहा हुन्छ । सामाजिक मर्यादा संस्कार र अन्ध विश्वासले गर्दा महिलाहरूले अन्य पुरूषहरूद्वारा आफु माथि भएका आशय वा जवर्जस्ती करणी गरेको कुरा वेलैमा समाज समक्ष स्पष्ट रूपले राख्न सक्दैनन् । यसरी नचाहंदा नचाहंदै वा आफु खुशीले अन्य पुरूषद्वारा गर्भधारण गरेपछि सो कुरालाई छिपाउनको लागि गर्भपतन गर्न अनेकौं कोशिश गर्दछन् । गर्भपतन भए पनि सो कुरा थाहा भएमा उनीहरू सजायको भागीने हुन्छन् । गर्भपतन नभएर बच्चा जन्मेमा समाजवाट वहिस्कृत वा तिरस्कृत हुने र आफ्नो लाग्नेको सम्पत्ति नपाउने डरले नवजात शिशुलाई मार्ने वा ज्यूंदै फ्याक्ने आदि काम गर्न वाध्य हुन पुग्दछन् जस्ले गर्दा उनीहरू सर्वश्व सहित वाल हत्याको अभियोगमा २० वर्षको कैद सजाय भोग्न पुग्दछन् । नेपाली समाजमा पुरूषको आधिपत्य ज्यादै वढी कायम छ । एउटै अपराधमा महिलालाई कडा सजायँ भएको छ भने पुरूषवर्ग सजायवाट वचेका पनि छन्। गर्भपतन र वाल हत्याको घटनामा दुवै पुरूष र स्त्री दोषि हुन्छन् । तर पुरूष वर्गले सो अपराधमा सजायँ पाएको प्राय: नगन्य नै छ । विधवा भाउज्यू, वुहारीको सम्पत्तिको प्रलोभनमा परी जेठाज्यू, देवरले भाउज्यू, वुहारीलाई अभियोग लगाई परिवन्दमा पारी कैद पठाएको उदाहरण पनि प्रसस्त देखिएको छ । कैद भुक्तान गरी वाहिर निस्के पछि महिलाहरूले कहीं आश्रय पाउने व्यवस्था नहुंदा धेरै महिला कैदीहरू ज्यादनै चिन्तित देखिन्छन् । भवितव्य र परिवन्दले कैदी वन्न पुगेका कयौं महिलाहरू आफ्नै आमा वावु, इष्टमित्र र लाग्नेको परिवारवाट समेत वहिस्कृत हुन्छन् । यस्ले गर्दा महिला कैदीहरूको भविष्य ज्यादैनै अन्धकार र अनिश्चित देखिएको छ ।

यस्ता घटनाहरूवाट वचाउनका लागि सामाजिक धारणामा परिवर्तन गर्नु पर्ने र कानूनी व्यवस्थामा पनि अपराध हुन नपावस् भन्ने हेतुले समाजमा त्यस्तो अपराध भएमा रचनात्मक दृष्टिवाट कम सजाय वा विकल्प देखाइ दिनु पर्ने हुन्छ ।





